CC-0.In Public Domain. Digitization by eGangotri

अनुगीता

नेपाली अनुवादसहित



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

संकलक:

गुरुशेखर राजोपाध्याय

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अनुगीता

नेपाली अनुवाद

अनुवादक :

गुरुशेखर राजोपाध्याय

प्रकाशक :

योगेश्वरलाल श्रेष्ठ

प्रकाशन सहयोगी :

राजनलाल श्रेष्ठ

काठमाडौं

२०६६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रकाशक : योगेश्वरलाल श्रेष्ठ
प्रकाशन सहयोगी : राजनलाल श्रेष्ठ

रविभवन, लामपाटी (कलङ्की), काठमाडौं

प्रकाशन मिति : २०६६ असार १४ गते आइतवार

श्रीमती शारदादेवी श्रेष्ठको भीमरथारोहणको उपलक्ष्यमा

प्रकाशित संख्या : १००० प्रति

सर्वाधिकार : प्रकाशकमा सुरक्षित

मुद्रक : छपाई घर प्रा.लि., बल्खु, काठमाडौं

फोन: २००४६१२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

श्रद्धाञ्जली

प्रातः स्मरणीय पिता स्व. महेश्वरलाल श्रेष्ठ

जन्म	:	वि. सं. १९८८ मार्गकृष्णएकादशी
स्वर्गारोहण	:	वि. सं. २०५५ श्रावणकृष्णद्वितीया

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

समर्पण

ममतामयी माता शारदादेवी श्रेष्ठ

जन्म : वि. सं. १९८८ मार्गकृष्णऔंसी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

प्रकाशकीय

CC-0.In Public Domain. Digitization by eGangotri

परमेश्वरको अनुग्रहले मलाई - हिन्दीमा अनूदित अनुगीता देख्न पाएँ र पढें पनि। यो अनुगीता पढ्दा श्रीमद्भगवद् गीता पूर्वार्द्ध र अनुगीता उत्तरार्द्ध रहेछ भन्ने जानकारी भयो। मैले मानिस भएर के-कति गर्नुपर्छ र सहनुपर्छ भन्ने अनुभूति पाएँ। श्रीकृष्ण भगवान्‌को अनुकम्पाले उपर्युक्त तथ्य सबै नेपालीले अनुभव गर्न पाउन् भन्ने सदिच्छा जागृत भयो।

तर हिन्दी अनुवादसहित अनुगीता भएकोले सर्वसाधारण नेपालीले संस्कृत र हिंन्दी वुझ्न नसकेकोले नेपाली अनुवादसहित अनुगीता सर्वसाधारण नेपालीको समक्ष राख्न पाए वुझ्ने थियो र केही न केही थोर-वहुत ज्ञान हासिल गरी उत्तरार्द्ध जीवन पनि सफल हुन्थ्यो। परोपकार गर्नू धर्मै हो यस्तो सम्झी कसलाई गराउने र यसको नेपालीमा अनुवाद भनेर सोचिरहँदा मेरा वुवा महेश्वरलाल श्रेष्ठले वि. सं. २०३५ वैशाख महिनामा शुक्लयजुर्वेद अन्तर्गत रुद्राष्टाध्यायी (रुद्री) "जलधाराप्रियः शिवः" शिवजीलाई जलधाराद्वारा रुद्रीपाठ आफ्नो कलङ्की मन्दिरको नजिकैको घरमा कलङ्की मन्दिर परिसरमा वस्ने चिरपरिचित श्रद्धेय गुरुशेखर राजोपाध्यायज्यूद्वारा रुद्रीपाठ गराउन भित्र्याए। आज २०६६ साल अर्थात् ३१ वर्ष भइसक्यो रुद्रीपाठ-निरन्तर चलिरहेकै छ। उहाँलाई नै यो अनुगीताको नेपाली भाषामा अनुवाद गराउन पाए अझ वढी साधारण नेपालीहरूले वुझ्ने थियो, यो सम्झी श्रद्धेय गुरुशेखर राजोपाध्यायज्यूलाई नेपाली भाषामा अनुवाद गर्न हिन्दी अनुवादसहितको अनुगीता सुम्पिएँ। वहाँले "यथामति, यथाशक्ति अनुवाद गर्छु" भनी स्वीकार गर्नुभयो र पछि सिद्धयाएर मलाई दिनुभयो। यसरी यो नेपाली भाषासहितको अनुगीता प्रादुर्भाव भयो।

स्व. वुवा महेश्वरलाल श्रेष्ठको स्मृतिमा र मुमा श्रद्धेय शारदादेवी श्रेष्ठको करकमलमा यो नेपाली भाषासहितको अनुगीता समर्पण गरें। मुमा शारदादेवी श्रेष्ठको ज्या जंक्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

(भीमरथारोहण) कै समयमा यो पुस्तक विमोचन गर्न पाएकोमा बुवा-मुमाप्रति कृतज्ञता व्यक्त गर्न पाएकोमा म आफूलाई भाग्यमानी मान्दछु। फेरि बुवा-मुमाको अध्यात्मविद्याको चिन्तन मनन गर्ने आशीर्वादको अभिलाषा पाउन मेरो दशाङ्गुल हस्ताञ्जलि थापिरहुँ। धन्य बुवा-मुमा जय होस् ! बुवा-मुमाको चरणकमलमा मेरो शिर सधैं झुकिरहोस्। स्व. पिता महेश्वरलाल श्रेष्ठको अजर अमर आत्मालाई सुख-शान्ति र मुक्ति मिलोस् भनी परमेश्वरको प्रार्थना गरिरहन पाउँ।

CC-0.In Public Domain. Digitization by eGangotri

जय महेश्वर ! जय परमेश्वर !! जय शारदा !!!

॥ इत्यलम् ॥

श्रद्धेय माता-पिताको चरणकमलमा अनन्य भक्तिसाथ नित्य प्रणाम !!!

प्रकाशक

योगेश्वरलाल श्रेष्ठ

सह-प्रकाशक

राजनलाल श्रेष्ठ

वि. सं. २०६६ असार

कलङ्की, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मेरो एउटा सानो मन्तव्य

मानिसको जीवन अतिरहस्यपूर्ण छ, आमाको गर्भबाट जन्म लिने बित्तिकै मानिसले विविध समस्यै समस्याहरूको सामना गर्दै-गर्दै हुर्कन बाध्य हुनुपर्छ। हुर्केर अलि जान्ने-बुझ्ने भएपछि पनि विविध कर्तव्याकर्तव्यको विचारमा रुमल्लिएर जीवनको मार्गमा होसियारी साथ अघि बढ्दै जानु पर्ने हुन्छ। अनि त्यसरी गर्दा-गर्दै नै एकदिन बाँच्ने आयु नै सकिएर नचाहँदा नचाहँदै पनि मृत्युको वशीभूत हुन पुग्छ र सदाको लागि जीवनजगत्बाट टाढा बिलाएर जान्छ। त्यसरी मर्नु पर्ने जीवन भएकोले हरेक मानिसको अगाडि एउटा प्रश्न उभिरहेको भान भइरहन्छ, 'मानिसले कसरी बाँच्नुपर्छ ?'

प्रसिद्ध बृहद्महापुराण 'महाभारत' मा बताइएअनुसार कौरव र पाण्डव बीच जुन महायुद्ध सुरु हुन लागेको थियो, त्यति बेला पाण्डव पक्षका मुख्य योद्धा अद्वितीय धनुर्धारी प्रख्यातनामा वीर अर्जुनको हृदयमा यही प्रश्न 'जीवन कसरी बाँच्नुपर्छ' भन्ने उठेपछि राज्यप्राप्तिको लागि स्वजनकै हत्या गर्न युद्धमा लाग्नु अकर्तव्य हो भन्ने सम्झेर शस्त्रत्याग गर्दै युद्ध नगर्ने निश्चय गर्न पुगेका थिए। त्यति बेला भगवान् श्रीकृष्णले 'जीवन बाँच्ने क्रममा अन्यायीहरू र तिनीहरूका सहयोगीहरू जो कोहीको पनि विरोधमा यथासम्भव लड्दै अघि बढ्नु जीवनको अत्याज्य कर्तव्य हो' भन्ने मार्गदर्शन गराउनु भएको थियो। यसै सिलसिलामा श्रीकृष्णले आध्यात्मिक पक्षका विविध रहस्यपूर्ण विचारहरू पनि अर्जुनलाई सुनाउनु भएको थियो, जसलाई हिजोआज 'श्रीमद्भगवद्गीता' को नामले पवित्र ज्ञान भण्डारको रूपमा हामीले अध्ययन-मनन गर्दै आइरहेका छौं।

यस भगवद्गीताले मानवलाई 'जीवन कसरी बाँच्नु पर्छ' भन्ने कुरामा अवश्य मार्गदर्शन गराउँछ नै, तर पनि जीवनको उत्तरार्द्धमा पुगेका मानिसलाई भने केही अप्ठ्यारो पर्न जाने सम्भावना देखिएकै पाइन्छ। मानिसको उमेर बढ्दै गएर शारीरिक शक्ति क्षीण हुँदै गएपछि 'निष्काम भावनाले काम गर' भन्ने कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुपयुक्त [illegible] अशक्त व्यक्ति त काम गर्न नै असमर्थ वनिसकेको हुन्छ। अनि त्यस्ता व्यक्तिको अगाडि 'कसरी वाँच्नु पर्छ' भन्ने प्रश्न त अनुत्तरित रूपमा उभिएकै हुनेछ।

अतएव त्यसको समाधानको लागि श्रीमद्भगवद्गीताकै उत्तराङ्को रूपमा 'अनुगीता' नामले भगवान् श्रीकृष्णकै मुखारविन्दबाट अर्जुनलाई नै सुनाइएको थियो र त्यस अनुगीताको अध्ययन-मननबाट जीवनको उत्तरार्द्धमा पुगेका मानिसलाई अमूल्य मार्गदर्शन प्राप्त हुन्छ। अनुगीताको विशेषता यही रहेको भेटिन्छ।

यस किसिमको पठनीय तथा मननीय ज्ञानपूर्ण कृति अनुगीताको सरल नेपाली भाषामा श्रीगुरुशेखर राजोपाध्यायज्यूले ठूलो परिश्रम् लगाएरअनुवाद गर्नुभएको थाहा पाउँदा मलाई अपार हर्षको अनुभूति भएको छ। श्रीगुरुशेखर राजोपाध्यायज्यू संस्कृत भाषाका विशिष्ट विद्वान् अग्रज हुनुहुन्छ र उहाँमा यस किसिमको कुशलता र क्षमता विशेषरूपले रहेको छ नै, मैले उहाँबाट सश्रम तयार पारिएको यस पाण्डुलिपि पढ्ने अवसर पाएँ र कृति अत्यन्त पठनीय र उपयोगी लाग्यो।

त्यसकारण आध्यात्मिक ज्ञानेच्छुकहरूलाई यस कृतिले अपूर्व मार्गदर्शन गराउने विश्वास लागेको महसूस गरेको छु। म आफ्नोतर्फबाट अनुवादकज्यूमा धेरै-धेरै वधाइ अर्पित गर्दछु र भावपूर्ण साधुवाद-पनि व्यक्त गर्दछु।

२०६५ श्रावण पूर्णिमा — बलदेव जुजु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

भूमिका

CC-0.In Public Domain. Digitization by eGangotri

यस पुस्तकका प्रकाशक श्रीयोगेश्वरलाल श्रेष्ठ अनुगीता लिई मेरो घरमा आउनुभयो र उक्त पुस्तकको "नेपालीमा अनुवाद गरिदिनुभएमा सर्वसाधारण नेपालीले वुझ्न सक्ने हुन्थ्यो" भन्नुभयो। मैले "यथाशक्ति, यथामति नेपालीमा अनुवाद गर्छु" भनी सो पुस्तक लिएँ। अनि आद्योपान्त हेरें। छोरो मनोजसित मिलेर नेपालीमा अनुवाद गर्न सुरु पनि गरें।

इन्द्रचोक चोखाछें गल्ली निवासी अनुज बलदेव जुजुलाई यो अनुगीता पुस्तकको "नेपालीमा अनुवाद गरेको ठीक छ वा छैन ? शैली कस्तो छ ? संशोधन गर्नुपऱ्यो" भनें। सोही अनुरूपले उनले शुद्धीकरण र शैली पनि मिलाइदियो।

अनुगीता भनेको भगवद्गीताको पूरक रहेछ। भगवद्गीता गुरु द्रोणलाई र पितामह भीष्मलाई कसरी संहार गरूँ भन्ने महसुस गरिरहेका अर्जुनलाई श्रीकृष्णले उनको मानसिक कमजोरी हटाउन र असत्यको विपक्षमा लड्न हौस्याउँदै मार्गदर्शन गराइएको हो र मूलतः यसमा अत्याचारी आततायीहरू र तिनीहरूको पृष्ठपोषकहरूलाई मार्दा पाप कहिल्यै हुँदैन भन्ने कुरा नै भगवद्गीताको मूल हो। अझ भनौं धर्मराक्षाको लागि युद्ध गर्नु रणयज्ञ हो। अर्थात् धार्मिक कर्म नै हुन्छ भन्ने कुरा गीताको निर्देशन रहेको छ। फेरि भगवद्गीतामा अर्जुनको परिचय र कृष्णको परिचय वुझ्न खोज्दा के पाइन्छ भने दुवै परस्पर मित्र हुन् भन्ने ज्ञान हुन्छ। एउटा उक्ति छ :

"असल साथी पाउन गाह्रो छ, असल साथी चिन्न अझ गाह्रो छ। असल साथीहरूको जात, धर्म, रूप, पुरुष, स्त्री र पेशाको विचार गर्दैन। मित्रता भनेको मनमा हुने सम्बन्ध हो।"

यसर्थ अर्जुन र कृष्णको परस्पर मित्रताले कार्य सम्पादन गर्न बताइएको भगवद्गीता हो। सबै उपनिषद्को सार, ध्यान, कर्म, भक्ति मार्ग बताइएको भगवद्गीतामा योगमार्ग उत्तम हो। "योगः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

कर्मसु कौशलम्" [illegible] हो। कर्मको फल सकल प्राणीका हृदयनिवासी जगदीश्वरलाई समर्पण गर्नु, सकल प्राणीको सुख र शान्ति होस् भन्नु हो। त्यसैले भगवद्गीतामा "स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः" (आ-आफ्नो कर्ममा लागिरहने मनुष्यले सिद्धि पाउँछ) भनिएको छ। कर्मको फल व्यक्तिगत नभइकन व्यापक भएर सबैलाई लाभ हुनु नै सिद्धि हो। भगवद्गीताको प्रत्येक अध्यायको अन्त्यमा "इति श्रीमद्भगवद्-गीतासु उपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे" भनिएको छ। फेरि १८ औं अध्यायको अन्त्यको श्लोकमा

यत्र योगेश्वरः कृष्णो यत्र पार्थो धनुर्धरः।
तत्र श्रीर्विजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम॥

(जहाँ योगेश्वर श्रीकृष्ण हुनुहुन्छ तथा जहाँ धनुर्धारी पार्थ छन्, त्यहीं राजलक्ष्मी, विजय, ऐश्वर्य र नीति अवश्यम्भावी छ।)
भनिएको छ।

अनुशासनमा रहने प्राणी हुन्छ। जब अर्जुन गाण्डीव धनु उठाएर सदुपयोग गर्न समर्थ हुन्छ, यो पूर्वार्द्ध जीवन हो। अतः यो पूर्वार्द्ध भगवद्गीता हो। केही समय वितेपछि अर्जुनको शरीर शिथिल हुँदै आयो, कर्म गर्ने शक्ति पनि भएन।

श्रीकृष्ण हस्तिनापुरवाट द्वारिका जान लागेको समयमा अर्जुनले रोकेर "हे कृष्ण ! लौ न ! म असमर्थ भएँ, अव के गर्ने ? हजुरले पहिले भन्नुभएको उपदेश (भगवद्गीता) फेरि सुन्न पाउँ। त्यस वेला म युयुत्सु थिएँ, हजुरकै उपदेशबाट युद्ध गरें। सफल पनि भयो। अव युद्धको कुरा छैन। मैले त्यतिखेर ध्यान, योग, समाधि, श्वास-प्रश्वास, प्राणायाम आदि पनि सुनेको थिएँ तर ध्यान पूर्वक सावधान भएर सुनिनँ। युद्ध गर्नैमा तत्पर भएँ, अव त्यो सबै बिर्सियो। त्यस समय सुन्ने अवसर पनि भएन। ध्यान आदि गर्ने कि युद्ध गर्ने ? अहिले फुर्सद छ। फेरि त्यही उपदेश दोऱ्याएर सुन्ने इच्छा छ।" तव श्रीकृष्ण भन्नुहुन्छ – "यथावत् भन्न सक्दिनँ। किनभने [illegible] वासी ४

CC-0.In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
घोडाको लगाम समात्दै रथमा बसेको तिमीतिर फर्केर युद्ध गर्नुपर्छ भनेको उपदेश कहाँ, एकान्त भएको सभामा बसेर दुवै हात बाँधेर असमर्थ तिमी अर्जुन कहाँ ? त्यसकारण त्यो वातावरण अहिले यहाँ छैन। हे अर्जुन ! सुन, फेरि अध्यात्मपरक उपदेश दिन्छु।" यही उपदेश (गीता) लाई दोस्रो गीता, उत्तरार्द्ध गीता वा अनुगीता भनिन्छ। यो अनुगीताको नेपालीमा अनुवाद मैले गर्न पाएँ। अलि-अलि थोर-वहुत मलाई ज्ञान भयो।

यो अनुगीताको नेपाली अनुवाद हेरेर शुद्धचाई सिलसिलावद्ध गरिदिएकोमा अनुज प्राध्यापक बलदेव जुजुलाई भूरी-भूरी धन्यवाद छ।

यो अनुगीताको नेपाली भाषाको अनुवादमा सहायता गरेर मदत गरिदिएकोमा छोरा मनोज राजोपाध्यायलाई धेरै-धेरै धन्यवाद छ। अध्यात्मविद्यामा पनि मन लागिरहोस् भनेर आशीर्वाद दिन्छु। नेपाली भाषामा अनुवाद गरिएको यो अनुगीताको प्रकाशन गरिदिएकोमा सपरिवार योगेश्वरलाल श्रेष्ठको सपरिवारको जय होस्। अध्यात्मविद्यामा मन लागिरहोस् भनी परमात्मा ईश्वरसँग प्रार्थना गर्दै रहुँ। जय परमात्मा, जय महेश्वर।

॥ इत्यलम् ॥

गच्छतः स्खलनं क्वापि भवत्येव प्रमादतः।
हसन्ति दुर्जनास्तत्र समादधति सज्जनाः॥

(हिंड्ने मानिस सावधान नहुँदा लड्छ, त्यो लडेकोमा दुर्जनहरू अपमानले ठट्टा गरी हाँस्छन्। सज्जनहरूले हात समाती उठाइदिन्छन्।)

गुरुशेखर राजोपाध्याय

वि. सं. २०६६ असार

कलङ्की, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उपसंहार

यत्र योगेश्वरः कृष्णो यदाऽभूद् वृद्ध अर्जुनः ।

मोक्षकामोऽभवत् पार्थो मोक्षं दत्त्वा ययौ हरिः ॥

जब अर्जुन वृद्ध भए तब योगेश्वर कृष्णसँग वृद्ध अर्जुनले भने "गाण्डीव धनु उठाउन पनि असमर्थ भएँ । हे योगेश्वर कृष्ण ! राज्य प्राप्ति भएर पनि मेरो मन शान्त भएन ।" तब योगेश्वर कृष्णले फेरि मन शान्त हुने यो अनुगीता (मुक्ति हुने उपाय) भनेर द्वारिकातिर जानुभयो ।

यसकारण भगवद्‌गीता भुक्ति प्राप्त हुने हो भने अनुगीता मुक्ति प्राप्त हुने हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

पहिलो अध्याय

जनमेजय उवाच

सभायां वसतोस्तत्र निहंत्यारीन् महात्मनोः ।
केशवार्जुनयोः का नु कथा समभवद् द्विज ॥ १ ॥

जनमेजयले भने – हे ब्राह्मण ! शत्रुहरूलाई मारिसकेपछि सभामा बसिरहेका महात्मा कृष्ण र अर्जुनको के-के कुरा भयो ?

वैशम्पायन उवाच

कृष्णेन सहितः पार्थः स्वं राज्यं प्राप्य केवलम् ।
तस्यां सभायां दिव्यायां विजहार मुदा युतः ॥ २ ॥

वैशम्पायनले भने – आफ्नो राज्य पाइसकेपछि कृष्णसहित र अर्जुन त्यस सुन्दर सभामा आनन्दले रहे ।

तत्र कंचित् सभोद्देशं स्वर्गोद्देशसमं नृप ।
यदृच्छया तौ मुदितौ जग्मतुः स्वजनावृतौ ॥ ३ ॥

हे राजन् ! स्वर्गसमान भएको त्यस सभाको कुनै एक ठाउँमा आफ्ना स्वजनले घेरिएका ती दुवै घुम्दै-फिर्दै पुगे ।

ततः प्रतीतः कृष्णेन सहितः पाण्डवोऽर्जुनः ।
निरीक्ष्य तां सभां रम्यांमिदं वचनमब्रवीत् ॥ ४ ॥

त्यसपछि कृष्णका साथमा रहेका पाण्डुका पुत्र अर्जुनले त्यस सभालाई राम्ररी हेरेर यो कुरा भन्नलागे ।

विदितं मे महाबाहो सङ्ग्रामे समुपस्थिते ।
माहात्म्यं देवकीमातस्तच्च ते रूपमैश्वरम् ॥ ५ ॥

हे महाबाहो ! हे देवकीसुत ! लडाइँको समयमा तपाईंको दिव्यरूप र माहात्म्य मैले देखेको र सुनेको थिएँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
यत् तद् भगवता प्रोक्तं पुरा केशव सौहृदात् ।
तत् सर्वं पुरुषव्याघ्र नष्टं मे भ्रष्टचेतसः ॥ ६ ॥

हे केशव ! हे पुरुषहरूमा श्रेष्ठ ! त्यसवेला तपाईंले जुन कुरा मलाई मित्रताको नाताले पहिले भन्नुभएको थियो ती सबै कुरा अहिले मेरो चेतना भ्रष्ट भएकोले बिर्सियो ।

मम कौतूहलं त्वस्ति तेष्वर्थेषु पुनः पुनः ।
भवांस्तु द्वारकां गन्ता नचिरादिव माधव ॥ ७ ॥

हे माधव ! त्यसकारण ती सबै कुरा दोहोऱ्याएर सुन्नको लागि मेरो मनमा इच्छा भइरहेको छ । फेरि, तपाईं पनि द्वारका छिटै जाँदै हुनुहुन्छ ।

वैशम्पायन उवाच

एवमुक्तस्तु तं कृष्णः फाल्गुनं प्रत्यभाषत ।
परिष्वज्य महातेजा वचनं वदतां वरः ॥ ८ ॥

यस्ता प्रकारले अर्जुनले सोधिसकेपछि बोल्नमा चतुर भएका महातेजवान् कृष्णले ती अर्जुनलाई अँगालेर भन्नुभयो ।

वासुदेव उवाच

श्रावितस्त्वं मया गुह्यं ज्ञापितश्च सनातनम् ।
धर्मं स्वरूपिणं पार्थ सर्वलोकांश्च शाश्वतान् ॥ ९ ॥

अबुद्धया नाग्रहीर्यस्त्वं तन्मे सुमहदप्रियम् ।
न च साद्य पुनर्भूयः स्मृतिर्मे सम्भविष्यति ॥ १० ॥

श्रीकृष्णले भन्नुभयो – हे अर्जुन ! त्यस वेला मैले तिमीलाई गुह्य कुरा भनेको थिएँ, सनातनको विषयमा सुनाएको थिएँ, धर्म स्वरूप र सबै नित्य वस्तुहरूको विषयमा बोलेको थिएँ । अहिले ती सबै कुरा तिमीले बिर्सियौ । यो राम्रो भएन । ती सबै कुरा अहिले आएर फेरि मैले सम्झनु असम्भव छ ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

नूनमश्रद्दधानोऽसि दुर्मेधा ह्यसि पाण्डव ।
CC-0. In Public Domain. Digitization by eGangotri
न च शक्यं पुनर्वक्तुमशेषेण धनञ्जय ॥ ११ ॥

हे पाण्डुपुत्र ! साँच्चै तिमी श्रद्धारहित छौ र तिम्रो वुद्धि पनि मन्द छ। हे धनञ्जय ! अब ती सबै जस्ताको तस्तै फेरि म भन्न सक्दिन ।

स हि धर्मः सुपर्याप्तो ब्रह्मणः पदवेदने ।
न च शक्यं तन्मया भूयस्तथा वक्तुमशेषतः ॥ १२ ॥

त्यो नै धर्म ब्रह्मपद प्राप्त गर्नको लागि पर्याप्त थियो तर फेरि म दोहोऱ्याएर भन्न सक्दिन ।

परं हि ब्रह्म कथितं योगयुक्तेन तन्मया ।
इतिहासं तु वक्ष्यामि तस्मिन्नर्थे पुरातनम् ॥ १३ ॥

त्यस वेला मैले योगले सहित भएर ब्रह्मको कुरा भनें। अहिले त्यसैलाई बुझाउनको लागि पुरानो इतिहासको कुरा भन्नेछु ।

यथा तां वुद्धिमास्थाय गतिमग्र्यां गमिष्यसि ।
शृणु धर्मभृतां श्रेष्ठ गदितं सर्वमेव मे ॥ १४ ॥

हे धर्मात्माहरूमा श्रेष्ठ अर्जुन ! अब मैले भनेको सबै कुरा ध्यान दिएर सुन, जुन कुराले तिमी त्यस वुद्धिलाई लिएर अग्र गतिमा जानेछौ ।

आगच्छद् ब्राह्मणः कश्चिद् स्वर्गलोकादरिंदम ।
ब्रह्मलोकाच्च दुर्धर्षः सोऽस्माभिः पूजितोऽभवत् ॥ १५ ॥

अस्माभिः परिपृष्टश्च यदाह भरतर्षभ ।
दिव्येन विधिना पार्थ तच्छृणुष्वाविचारयन् ॥ १६ ॥

हे अरिंदम ! कुनै दिन स्वर्गलोकबाट दुर्धर्ष नाम गरेका ब्राह्मण ब्रह्मलोकबाट स्वर्गलोक हुँदै मकहाँ आए। मैले उनलाई पूजा गरी मोक्षधर्मको विषयमा प्रश्न गरें। हे भरतर्षभ ! मैले सोधेको प्रश्नको उत्तर उनले दिव्य ढङ्गले दिए। हे पार्थ ! केही पनि विचार नगरिकन त्यो कुरा सुन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

ब्राह्मण उवाच

CC-0.In Public Domain. Digitization by eGangotri

मोक्षधर्मं समाश्रित्य कृष्ण यन्मामपृच्छथाः ।
भूतानामनुकम्पार्थं यन्मोहच्छेदनं विभो ॥ १७ ॥

तत् तेऽहं सम्प्रवक्ष्यामि यथावन्मधुसूदन ।
शृणुष्वावहितो भूत्वा गदतो मम माधव ॥ १८ ॥

ब्राह्मणले भने – हे कृष्ण ! सबै प्राणीको अनुकम्पाको लागि र मोह नाश गर्नको लागि जुन मोक्षधर्मसम्बन्धी प्रश्न छ, त्यसको म आफूले सकेजति उत्तर दिन्छु । हे विभो ! हे मधुसूदन ! हे माधव ! सावधान भएर मैले भनेका कुराहरू सुन्नुहोस् ।

कश्चिद् विप्रस्तपोयुक्तः काश्यपो धर्मवित्तमः ।
आससाद द्विजं कंचिद् धर्माणामागतागमम् ॥ १९ ॥

गतागते सुबहुशो ज्ञानविज्ञानपारगम् ।
लोकतत्त्वार्थकुशलं ज्ञातार्थं सुखदुःखयोः ॥ २० ॥

जातीमरणतत्त्वज्ञं कोविदं पापपुण्ययोः ।
द्रष्टारमुच्चनीचानां कर्मभिर्देहिनां गतिम् ॥ २१ ॥

कुनै तपस्वी, धर्मवेत्ता काश्यप ब्राह्मण धर्मको विषयमा जानेका, भूत र भविष्यको विषयमा र धेरै ज्ञान-विज्ञानका कुराहरू जान्ने, लोकतत्त्वको ज्ञानमा निपुण, सुख-दुःखका ज्ञाता, जन्म-मृत्युको तत्त्वज्ञ, पाप-पुण्यका वेत्ता, उच्च-नीच प्राणीहरूलाई कर्मअनुसार गतिका द्रष्टा कुनै ब्राह्मणकहाँ गए ।

चरन्तं मुक्तवत्सिद्धं प्रशान्तं संयतेन्द्रियम् ।
दीप्यमानं श्रिया ब्राह्म्या क्रममाणं च सर्वशः ॥ २२ ॥

अन्तर्धानगतिज्ञं च श्रुत्वा तत्त्वेन काश्यपः ।
तथैवान्तर्हितैः सिद्धैर्यान्तं चक्रधरैः सह ॥ २३ ॥

सम्भाषमाणमेकान्ते समासीनं च तैः सह ।
यदृच्छया च गच्छन्तमसक्तं पवनं यथा ॥ २४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

ती स्वतन्त्र [illegible] सिद्धजस्तै घुम्ने शान्त इन्द्रियहरूलाई जितेका ब्रह्मतेजस्वी, सबैतिर घुम्ने, अन्तर्धानका गति जानेका थिए। त्यस्तै अन्तर्धान रहने चक्रधर सिद्धहरूसँग हिँड्थे र तिनीहरूसँगै कुराकानी गरेर एकान्तमा बस्थे। जसरी आफ्नो इच्छाले हावा जतातत्तै जान्थे त्यस्तै यी ऋषिको महिमा सुनेर काश्यप उनैका साथमा गएका थिए।

CC-0.In Public Domain. Digitization by eGangotri

तं समासाद्य मेधावी स तदा द्विजसत्तमः।
चरणौ धर्मकामोऽस्य तपस्वी सुसमाहितः।
प्रतिपेदे यथान्यायं दृष्ट्वा तन्महदद्भुतम् ॥ २५ ॥

विस्मितश्चाद्भुतं दृष्ट्वा काश्यपस्तद् द्विजोत्तमम्।
परिचारेण महता गुरुं तं पर्यतोपयत् ॥ २६ ॥

उपपन्नं च तत्सर्वं श्रुतचारित्रसंयुतम्।
भावेनातोषयच्चैनं गुरुवृत्त्या परन्तपः ॥ २७ ॥

ती मेधावी, ब्राह्मणहरूमा श्रेष्ठ ऋषिलाई भेटेर प्रणाम गरे। ती ब्राह्मणहरूमा श्रेष्ठ र अद्भुत थिए। ती ब्राह्मणलाई भेटेर काश्यपलाई धेरै खुसी लाग्यो र आफ्नो गुरु मानेर उनको सेवामा लागे।

तस्मै तुष्टः स शिष्याय प्रसन्नो वाक्यमब्रवीत्।
सिद्धिं परामभिप्रेक्ष्य शृणु मत्तो जनार्दन ॥ २८ ॥

हे जनार्दन! ती सिद्धले यस्तो शिष्यलाई देखेर प्रसन्न भई परासिद्धिको विषयमा विचार गरेर उपदेश गरेको कुरा म भन्दछु सुन।

सिद्ध उवाच

विविधैः कर्मभिस्तात पुण्ययोगैश्च केवलैः।
गच्छन्तीह गतिं मर्त्या देवलोके च संस्थितिम् ॥ २९ ॥

सिद्धले भने – हे बाबु काश्यप! मनुष्यहरू अनेक कर्मयोग र पुण्यले यस लोकमा र देवलोकमा जान्छन्।

न क्वचित् सुखमत्यन्तं न क्वचिच्छाश्वती स्थितिः।
स्थानाच्च महतो भ्रंशो दुःखलब्धात् पुनः पुनः ॥ ३० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

कसैलाई पनि ज्यादै सुख मिल्दैन। कुनै पनि चिज स्थायी छैन। ठूलो ठाउं पाएर पनि चिप्लिएर फेरि फेरि दुःख पाई तल झर्दछ।
CC-0 In Public Domain. Digitization by eGangotri

अशुभा गतयः प्राप्ताः कष्टा मे पापसेवनात्।
काममन्युपरीतेन तृष्णया मोहितेन च ॥ ३१ ॥

मैले काम-क्रोधादिले सहित भएर मोह र तृष्णाद्वारा पाप गरेको छु। त्यसैको फलस्वरूप कष्टकर अशुभ गति पाएको छु।

पुनः पुनश्च मरणं जन्म चैव पुनः पुनः।
आहारा विविधा भुक्ताः पीता नानाविधाः स्तनाः ॥ ३२ ॥

धेरै चोटि मृत्यु र जन्मको दुःख भोगेको छु साथै अनेक प्रकारका खानेकुरा खाएको छु र अनेक स्तनका दूध चुसेको छु।

मातरो विविधा दृष्टाः पितरश्च पृथग्विधाः।
सुखानि च विचित्राणि दुःखानि च मयानघ ॥ ३३ ॥

हे अनघ ! आमा पनि धेरै देखेको छु, फरक-फरक बाबु देखेको छु। चित्र-विचित्रका सुख र दुःख पनि भोगेको छु।

प्रियैर्विवासो वहुशः संवासश्चाप्रियैः सह।
धननाशश्च सम्प्राप्तो लव्ध्वा दुःखेन तद्धनम् ॥ ३४ ॥

धेरै चोटि प्रियजनहरूसित विछोड भएको छ र अप्रियहरूसित संयोग भएको छ। दुःखले कमाएको धन पनि नाश भएको छ।

अवमानाः सुकष्टाश्च राजतः स्वजनात् तथा।
शारीरा मानसा वापि वेदना भृशदारुणाः ॥ ३५ ॥

राजा र स्वजनहरूवाट मलाई अपमान र कष्ट भोग्नु परेको छ। शारीरिक, मानसिक वेदना पनि खेप्नु परेको थियो।

प्राप्ता विमाननाश्चोग्रा वधबन्धाश्च दारुणाः।
पतनं निरये चैव यातनाश्च यमक्षये ॥ ३६ ॥
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धेरै चोटि अपमान, मृत्युदण्ड र कैदीको सजाय भोगें। मलाई नरक र यमलोकमा यातना दिइएको थियो।

जरा रोगाश्च सततं व्यसनानि च भूरिशः।
लोकेऽस्मिन्ननुभूतानि द्वन्द्वजानि भृशं मया ॥ ३७ ॥

यस लोकमा जन्मिएर वारम्वार बूढोपन, रोगी, व्यसनी, द्वन्द्वबाट भएका दुःखहरूको मैले अनुभव गरें।

ततः कदाचिन्निर्वेदान्निराकाराश्रितेन च।
लोकतन्त्रं परित्यक्तं दुःखार्तेन भृशं मया ॥ ३८ ॥

त्यसपछि मेरो मनमा खेद प्रकट भयो र निराकार परमात्माको शरणमा पुगें, अनि सवै लोकतन्त्रलाई छोडिदिएँ।

लोकेऽस्मिन्ननुभूयाहमिमं मार्गमनुष्ठितः।
ततः सिद्धिरियं प्राप्ता प्रसादादात्मनो मया ॥ ३९ ॥

यस लोकको अनुभव गरेर यो मार्ग मैले लिएँ अनि मैले परमात्माको प्रसादबाट यो सिद्धि प्राप्त गरें।

नाहं पुनरिहागन्ता लोकानालोकयाम्यहम्।
आसिद्धेराप्रजासर्गादात्मनोऽपि गताः शुभाः ॥ ४० ॥

म अब यस लोकमा फेरि आउँदिन। जबसम्म म मुक्ति हुन्न तबसम्म अरु प्राणीहरूको कल्याण गर्नेछु।

उपलब्धा द्विजश्रेष्ठ तथेयं सिद्धिरुत्तमा।
इतः परं गमिष्यामि ततः परतरं पुनः ॥ ४१ ॥

ब्रह्मणः पदमव्यक्तं मा तेऽभूदत्र संशयः।
नाहं पुनरिहागन्ता मर्त्यलोकं परन्तप ॥ ४२ ॥

हे व्राह्मणहरूमा श्रेष्ठ ! यसरी मलाई यो उत्तम सिद्धि प्राप्त भयो। यसपछि म उत्तम लोकमा जाउँला र अव्यक्त ब्रह्मपद मोक्ष प्राप्त गरुँला यसमा शङ्का छैन। हे [illegible] ! हे [illegible] फेरि म [illegible] मर्त्यलोकमा आउँदिन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रीतोऽस्मि ते महाप्राज्ञ ब्रूहि किं करवाणि ते ।
यदीप्सुरुपपन्नस्त्वं तस्य कालोऽयमागतः ॥ ४३ ॥

हे महाप्राज्ञ ! म तिमीदेखि खुसी छु । भन, तिमीलाई के गरुँ । जुन प्राप्तिको लागि तिमी यहाँ आएका छौ त्यो प्राप्त गर्ने समय आएको छ ।

अभिजाने च तदहं यदर्थं मामुपागतः ।
अचिरात् तु गमिष्यामि तेनाहं त्वामचूचुदम् ॥ ४४ ॥

मकहाँ आउनुको उद्देश्य के हो ? छिटै नै म जानेछु । त्यसकारण म तिमीलाई प्रश्न गर्दैछु ।

भृशं प्रीतोऽस्मि भवतश्चारित्रेण विचक्षण ।
परिपृच्छस्व कुशलं भाषेयं यत् तवेप्सितम् ॥ ४५ ॥

तिम्रो चरित्रले म खुसी छु । जुन तिमीलाई इच्छा लागेको छ, त्यो कुरा सोध ।

वहु मन्ये च ते वुद्धिं भृशं सम्पूजयामि च ।
येनाहं भवता वुद्धो मेधावी ह्यसि काश्यप ॥ ४६ ॥

हे काश्यप ! म तिम्रो वुद्धिको पूजा गर्दछु र आदर पनि गर्दछु । तिमीले मलाई चिन्यौ । यसकारण तिमी वुद्धिमान् छौ ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वाणि अनुगीतापर्वणि
षोडशोऽध्यायः समाप्तः ॥ १६ ॥
प्रथमोऽध्यायः ॥ १ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
सोह्रौं अध्याय समाप्त भयो ॥ १६ ॥

पहिलो अध्याय ॥ १ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो अध्याय

वासुदेव उवाच

ततस्तस्योपसंगृह्य पादौ प्रश्नान् सुदुर्वचान् ।
पप्रच्छ तांश्च धर्मान् स प्राह धर्मभृतां वरः ॥ १ ॥

श्रीकृष्णले भन्नुभयो – त्यसपछि काश्यपले ती सिद्धका दुवै पाउ समातेर कठिनभन्दा पनि कठिन प्रश्नहरू सोध्न थाले ।

काश्यप उवाच

कथं शरीरं च्यवते कथं चैवोपपद्यते ।
कथं कष्टाच्च संसारात् संसरन् परिमुच्यते ॥ २ ॥

काश्यपले भने – शरीर कसरी पतन हुन्छ ? फेरि कसरी प्राप्त हुन्छ ? सांसारिक कष्टवाट कसरी मुक्त होइन्छ ?

आत्मा च प्रकृतिं मुक्त्वा तच्छरीरं विमुञ्चति ।
शरीरतश्च निर्मुक्तः कथमन्यत् प्रपद्यते ॥ ३ ॥

प्रकृति र त्यसवाट उत्पन्न हुने शरीरलाई आत्माले कसरी त्याग गर्दछ र शरीरवाट मुक्त भइसकेपछि कसरी अर्को शरीरमा प्रवेश गर्दछ ?

कथं शुभाशुभे चायं कर्मणी स्वकृते नरः ।
उपभुङ्क्ते क्व वा कर्म विदेहस्यावतिष्ठते ॥ ४ ॥

मानिसले आफूले गरेको शुभ-अशुभ कर्मको फल कसरी भोग गर्दछ र शरीर नरहँदा त्यो फल कहाँ रहन्छ ?

ब्राह्मण उवाच

एवं संचोदितः सिद्धः प्रश्नांस्तान् प्रत्यभाषत ।
आनुपूर्व्येण वार्ष्णेय तन्मे निगदतः शृणु ॥ ५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

ब्राह्मणले भने – हे वार्ष्णेय ! यसरी काश्यपले सोधिसकेपछि सिद्धले ती प्रश्नहरूको उत्तर दिए त्यही नै म तिमीलाई भन्दछु सुन ।

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्ध उवाच

आयु:कीर्तिकराणीह यानि कृत्यानि सेवते ।
शरीरग्रहणे यस्मिंस्तेषु क्षीणेषु सर्वश: ॥ ६ ॥

आयु:क्षयपरीतात्मा विपरीतानि सेवते ।
बुद्धिर्व्यावर्तते चास्य विनाशे प्रत्युपस्थिते ॥ ७ ॥

सिद्धले भने – यस मृत्युलोकमा जुन कर्म गरेर आयु, कीर्ति आदि हुन्छ । त्यही नै शरीर ग्रहणको कारक वन्दछ । शरीर ग्रहणपछि ती सवै आफ्नो कर्मको फल दिएर नाश हुन्छ । त्यसै वेला आयु पनि सकिन्छ । त्यस अवस्थामा उल्टो कर्म गर्न थाल्दछ र विनाश कालमा उसको बुद्धि पनि उल्टो हुन्छ ।

सत्त्वं वलं च कालं च विदित्वा चात्मनस्तथा ।
अतिवेलमुपाश्नाति स्वविरुद्धान्यनात्मवान् ॥ ८ ॥

आफ्नो सत्त्व, वल समय पनि जानेर आफ्नो प्रकृति विरुद्ध र धेरै पटक भोजन गर्दछ ।

यदायमतिकष्टानि सर्वाण्युपनिषेवते ।
अत्यर्थमपि वा भुङ्क्ते न वा भुङ्क्ते कदाचन ॥ ९ ॥

आफूलाई हानि गर्ने जति वस्तुहरू छन् ती सबै नै भोजन गर्दछ र कहिले धेरै खान्छ त कहिले खाँदै खाँदैन ।

दुष्टान्नामिषपानं च यदन्योन्यविरोधि च ।
गुरु चाप्यमितं भुङ्क्ते नातिजीर्णेऽपि वा पुन: ॥ १० ॥

कहिले दूषित अन्न खान्छ त कहिले आपसमा विरोध भएका खाना खान्छ । गरिष्ठ अन्न कहिले खान्छ त कहिले खाएको नपच्दा नपच्दै पनि फेरि अरु खान्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

व्यायाममतिमात्रं च व्यवायं चापसेवते ।
सततं कर्मलोभाद् वा प्राप्तं वेगं विधारयेत् ॥ ११ ॥

व्यायाम धेरै गर्दछ त स्त्री-सम्भोग पनि धेरै गर्दछ। कर्मको लोभले मूल-मूत्र पनि रोक्दछ।

रसाभियुक्तमन्नं वा दिवा स्वप्नं च सेवते ।
अपक्वानागते काले स्वयं दोषान् प्रकोपयेत् ॥ १२ ॥

रसिला अन्नहरू खाएर दिउँसो सुत्दछ। खाएको नपचेको समयमा आफै रोग वढाउँछ।

स्वदोषकोपनाद् रोगं लभते मरणान्तिकम् ।
अपि वोद्वन्धनादीनि परीतानि व्यवस्यति ॥ १३ ॥

रोग लागिसकेपछि प्राणघातक रोगलाई निम्त्याउँदछ र शास्त्रको विरुद्धका झुण्डिएर र पानीमा डुबेर मर्ने आदि कामहरू गर्न थाल्दछ।

तस्य तैः कारणैर्जन्तोः शरीरं च्यवते तदा ।
जीवितं प्रोच्यमानं तद् यथावदुपधारय ॥ १४ ॥

माथि भनिएका सबै कारणहरूबाट शरीर नष्टं हुन्छ र त्यस्तै नै जीवित हुनुका कारण वताइएको छ त्यो राम्ररी बुझ।

ऊष्मा प्रकुपितः काये तीव्रवायुसमीरितः ।
शरीरमनुपर्येत्य सर्वान् प्राणान् रुणद्धि वै ॥ १५ ॥

शरीरमा उब्जिएका तातोपनको प्रकोप भएर कडा वायुप्रकोप भएर पनि सबै प्राणका गतिलाई त्यसले रोक्दछ।

अत्यर्थं बलवानूष्मा शरीरे परिकोपितः ।
भिनत्ति जीवस्थानानि मर्माणि विद्धि तत्त्वतः ॥ १६ ॥

तातोपन बलियो भई कुपित भएर जीवमा रहेको मर्म स्थानमा आक्रमण गर्दछ। यो कुरा राम्री बुझ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
ततः सर्ववेदनः सद्यो जीवः प्रच्यवते क्षरात् ।
शरीरं त्यजते जन्तुश्छिद्यमानेषु मर्मसु ॥ १७ ॥

शरीरको मर्म स्थान जब छिन्न-भिन्न हुन थाल्दछ अनि त्यस छिन्न-भिन्न भएको मर्म स्थानबाट जीवले शरीर छोड्दछ ।

वेदनाभिः परीतात्मा तद् विद्धि द्विजसत्तम ।
जातीमरणसंविग्नाः सततं सर्वजन्तवः ॥ १८ ॥

हे द्विजसत्तम ! वेदनाले जीव व्यथित हुन्छ यो कुरा जान । यसै प्रकार सबै प्राणीहरू जन्म र मरणको दोसाँधमा रहन्छ ।

दृश्यन्ते संत्यजन्तश्च शरीराणि द्विजर्षभ ।
गर्भसंक्रमणे चापि मर्मणामतिसर्पणे ॥ १९ ॥

तादृशीमेव लभते वेदनां मानवः पुनः ।
भिन्नसन्धिरथ क्लेदमद्भिः स लभते नरः ॥ २० ॥

हे द्विजर्षभ ! सबै जीवले आफ्नो शरीर छोडेको देखिन्छ । गर्भमा रहँदा र गर्भवाट छुटिने वेलामा उस्तै वेदनाको अनुभव गर्दछन् । त्यो मानिस जन्मदा गर्भमा रहेको जलले भिजेर असह्य वेदना हुन्छ ।

यथा पञ्चसु भूतेषु सम्भूतत्वं नियच्छति ।
शैत्यात् प्रकुपितः काये तीव्रवायुसमीरितः ॥ २१ ॥

यः स पञ्चसु भूतेषु प्राणापाने व्यवस्थितः ।
स गच्छत्यूर्ध्वगो वायुः कृच्छ्रान्मुक्त्वा शरीरिणः ॥ २२ ॥

तीव्र वायुले उत्पन्न भएको शरीरमा चिसोवाट जुन पाँच वायु मध्ये प्राण र अपान वायु रहन्छ । त्यही पांच वायुले त्यो शरीरधारीलाई ठूलो कष्टले छोड्दछ र माथितिर जान्छ ।

शरीरं च जहात्येवं निरुच्छ्वासश्च दृश्यते ।
स निरूष्मा निरुच्छ्वासो निःश्रीको हतचेतनः ॥ २३ ॥
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
ब्रह्मणा सम्परित्यक्तो मृत इत्युच्यते नरः ।

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी जीवले शरीरलाई त्याग्दछ र उच्छ्वासहीन देखिन्छ। त्यस व्यक्तिमा तातोपन श्वासमा शोभा र चेतना केही देखिंदैन, त्यसैलाई मानिसहरू ब्रह्मले छोडेको भन्दछन् ।

स्रोतोभिर्यैर्विजानाति इन्द्रियार्थाञ्शरीरभृत् ॥ २४ ॥

तैरेव न विजानाति प्राणानाहारसम्भवान् ।
तत्रैव कुरुते काये यः स जीवः सनातनः ॥ २५ ॥

हे द्विजसत्तम ! दुःखले जीव व्यथित हुन्छ यो कुरा जान । यसै प्रकार सबै प्राणीहरू जन्म र मरणको दोसाँधमा रहन्छन् ।

तथा यद्यद् भवेद् युक्तं सन्निपाते क्वचित् क्वचित् ।
तत्तन्मर्म विजानीहि शास्त्रदृष्टं हि तत् तथा ॥ २६ ॥

जुन जुन ठाउँमा जुन अङ्गको संयोग रहन्छ त्यस ठाउँको तिमी मर्म जान । यही नै शास्त्रमा भनिएको छ ।

तेषु मर्मसु भिन्नेषु ततः स समुदीरयन् ।
आविश्य हृदयं जन्तोः सत्त्वं चाशु रुणद्धि वै ॥ २७ ॥

त्यस मर्म छुट्टिएपछि वायु माथि उठ्दछ र त्यो हृदयमा प्रवेश गरेर प्राणीको बुद्धिलाई चाँडै नै रोक्दछ ।

ततः सचेतनो जन्तुर्नाभिजानाति किञ्चन ।
तमसा संवृतज्ञानः संवृतेष्वेव मर्मसु ।
स जीवो निरधिष्ठानश्चाल्यते मातरिश्वना ॥ २८ ॥

त्यसपछि सचेतन भए तापनि प्राणीले केही पनि थाहा पाउँदैन । किनभने तमद्वारा उनको ज्ञानशक्ति आवृत्त हुन्छ र मर्मस्थलहरू पनि छोपिएकै हुन्छन् । उसको कुनै आधार हुँदैन तथा वायुले उसलाई हल्लाउँछ ।

ततः स तं महोच्छ्वासं भृशमुच्छ्वस्य दारुणम् ।
निष्क्रामन् कम्पयत्याशु तच्छरीरमचेतनम् ॥ २९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसवेला त्यो जीवात्मा वारवार लामा-लामा सास फेरेर वाहिर निस्कन्छ र शरीरलाई हल्लाउँछ ।

स जीवः प्रच्युतः कायात् कर्मभिः स्वैः समावृतः ।
अभितः स्वैः शुभैः पुण्यैः पापैर्वाप्युपपद्यते ॥ ३० ॥

त्यो शरीरवाट छुट्टिएपछि आफूले गरेको कार्यबाट आवृत्त हुन्छ र आफ्ना पुण्य अथवा पापले सबैतिर घेरिएको हुन्छ ।

ब्राह्मणा ज्ञानसम्पन्ना यथावच्छ्रुतनिश्चयाः ।
इतरं कृतपुण्यं वा तं विजानन्ति लक्षणैः ॥ ३१ ॥

श्रुतिमा लेखिएको जस्तो ज्ञानले भरिपूर्ण ब्राह्मणहरू त्यो लक्षणद्वारा आफूले गरेको पुण्य जान्दछन् र त्यसको लक्षण पनि जान्दछन् ।

यथान्धकारे खद्योतं लीयमानं ततस्ततः ।
चक्षुष्मन्तः प्रपश्यन्ति तथा च ज्ञानचक्षुषः ॥ ३२ ॥

पश्यन्त्येवंविधं सिद्धा जीवं दिव्येन चक्षुषा ।
च्यवन्तं जायमानं च योनिं चानुप्रवेशितम् ॥ ३३ ॥

जसरी अँध्यारोमा आँखा भएका मानिसले यताउता हेरेर खद्योत देख्दछ । त्यस्तै ज्ञानको आँखाले सिद्ध मानिसहरू आफ्नो दिव्य चक्षुले गर्भमा प्रवेश गरेको देख्दछ ।

तस्य स्थानानि दृष्टानि त्रिविधानीह शास्त्रतः ।
कर्मभूमिरियं भूमिर्यत्र तिष्ठन्ति जन्तवः ॥ ३४ ॥

जीवको तीन प्रकारको स्थान शास्त्रमा कहिएको छ । यो मर्त्यलोक जहाँ प्राणीहरू रहन्छन्, त्यो कर्मभूमि हो ।

ततः शुभाशुभं कृत्वा लभन्ते सर्वदेहिनः ।
इहैवोच्चावचान् भोगान् प्राप्नुवन्ति स्वकर्मभिः ॥ ३५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसकारण [illegible] अनुसार शुभ वा अशुभ फल प्राप्त गर्दछन् ।

इहैवाशुभकर्माणः कर्मभिर्निरयं गताः ।
अवारगतिरियं कष्टा यत्र पच्यन्ति मानवाः ।
तस्मात् सुदुर्लभो मोक्षो रक्ष्यश्चात्मा ततो भृशम् ॥३६॥

यही पाप गर्ने मनुष्य आफ्नो कर्मले नरकमा जान्छन् । यही नै जीवको अधोगति हो । यो अति नै कष्टकर छ र यहाँ मानिसहरू पापबाट पाक्दछन् । त्यसकारण दुर्लभ भएको मोक्ष र आत्मालाई पनि बचाउनको लागि मानिसहरूले कोसिस गर्नुपर्दछ ।

ऊर्ध्वं तु जन्तवो गत्वा येषु स्थानेष्ववस्थिताः ।
कीर्त्यमानानि तानीह तत्त्वतः सन्निबोध मे ॥ ३७ ॥

स्वर्ग आदि गरिएका ऊर्ध्वलोकमा गएर मानिसहरूले जुन स्थान पाउँदछ त्यसको सविस्तार वर्णन म भन्दछु त्यो सुन ।

तच्छ्रुत्वा नैष्ठिकीं बुद्धिं बुद्ध्येथाः कर्मनिश्चयम् ।
तारारूपाणि सर्वाणि यत्रैतच्चन्द्रमण्डलम् ॥ ३८ ॥

यत्र विभ्राजते लोके स्वभासा सूर्यमण्डलम् ।
स्थानान्येतानि जानीहि जनानां पुण्यकर्मणाम् ॥ ३९ ॥

यसलाई सुनेर तिम्रो कर्मको गति निश्चय हुन्छ र नैष्ठिकी बुद्धि प्राप्त हुन्छ । जहाँ ताराहरू छन्, जहाँ चन्द्रमण्डल र सूर्यमण्डलले यो संसार प्रकाशमान छ । यो ठाउँ नै पुण्यकर्मी मानिसहरूको स्थान हो । यो तिमीले बुझ ।

कर्मक्षयाच्च ते सर्वे च्यवन्ते वै पुनः पुनः ।
तत्रापि च विशेषोऽस्ति दिवि नीचोच्चमध्यमः ॥ ४० ॥

ती सबै जीवहरू आफ्नो कर्म नाश भएको कारणले वारम्वार तल झर्दछन् । स्वर्गमा पनि उत्तम, मध्यम र नीचको विशेष भेद छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

न च तत्रापि सन्तोषो दृष्ट्वा दीप्ततरां श्रियम् ।
CC-0.In Public Domain. Digitization by eGangotri
इत्येता गतयः सर्वाः पृथक्ते समुदीरिताः ॥ ४१ ॥

स्वर्गमा पनि आफूभन्दा तेजवान् तथा ऐश्वर्यवालालाई देखेर सन्तोष हुँदैन । यसप्रकार मैले तिमीलाई अलग-अलग यी गतिहरूको विषयमा वर्णन गरें ।

उपपत्तिं तु वक्ष्यामि गर्भस्याहमतः परम् ।
तथा तन्मे निगदतः शृणुष्वावहितो द्विज ॥ ४२ ॥

हे द्विज ! अब म तिमीलाई जीव कसरी गर्भमा आएर जन्म लिन्छ भन्ने विषयमा वर्णन गर्दछु । एकाग्र चित्त भएर सुन ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
सप्ददशोऽध्यायः समाप्तः ॥ १७ ॥

द्वितीयोऽध्यायः ॥ २ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
सत्रौं अध्याय समाप्त भयो ॥ १७ ॥

दोस्रो अध्याय ॥ २ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो अध्याय

ब्राह्मण उवाच

शुभानामशुभानां च नेह नाशोऽस्ति कर्मणाम् ।
प्राप्य प्राप्यानुपच्यन्ते क्षेत्रं क्षेत्रं तथा तथा ॥ १ ॥

सिद्धब्राह्मणले भने – यस संसारमा आफूले गरेको कर्मको फलको भोगविना नाश हुँदैन । एक-एक गरेर त्यस कर्मको फल शरीर धारण गर्दै त्यसको भोग गर्नुपर्दछ ।

यथा प्रसूयमानस्तु फली दद्यात् फलं वहु ।
तथा स्याद् विपुलं पुण्यं शुद्धेन मनसा कृतम् ॥ २ ॥

जसरी फल दिने वृक्षले समय आएपछि धेरै फल दिन्छ त्यसैगरी शुद्ध मनले गरेको पुण्यको फल पनि धेरै नै हुन्छ ।

पापं चापि तथैव स्यात् पापेन मनसा कृतम् ।
पुरोधाय मनो हीदं कर्मण्यात्मा प्रवर्तते ॥ ३ ॥

यस्तै प्रकार पापी मनले गरेको पापको फलमा पनि वृद्धि हुन्छ । किनकि मनलाई अगाडि राखेर नै आत्मा कर्ममा प्रवृत्त हुन्छ ।

यथा कर्मसमाविष्टः काममन्युसमावृतः ।
नरो गर्भं प्रविशति तच्चापि शृणु चोत्तरम् ॥ ४ ॥

काम तथा रीसद्वारा घेरिएको मनुष्य जुन कर्ममा समावेश भएर गर्भमा प्रवेश गर्दछ त्यसको उत्तर पनि सुन ।

शुक्रं शोणितसंसृष्टं स्त्रिया गर्भाशयं गतम् ।
क्षेत्रं कर्मजमाप्नोति शुभं वा यदि वाशुभम् ॥ ५ ॥

जीव पहिले पुरुषको वीर्यमा प्रवेश गर्दछ र स्त्रीको गर्भाशयमा गएर रजमा मिल्दछ । त्यसपछि त्यसको कर्मानुसार शुभ अथवा अशुभ शरीर पाउँदछ ।

सौक्ष्म्यादव्यक्तभावाच्च न च क्वचन सज्जति ।
सम्प्राप्य ब्राह्मणः कायं तस्मात्तद् ब्रह्म शाश्वतम् ॥ ६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जीव आफ्नो कर्मअनुसार त्यस शरीरमा प्रवेश गरेर सूक्ष्म र अव्यक्त भएर आसक्त हुँदैन । किनकि त्यो सनातन र परब्रह्मस्वरूप छ ।

तद् बीजं सर्वभूतानां तेन जीवन्ति जन्तवः ।
स जीवः सर्वगात्राणि गर्भस्याविश्य भागशः ॥ ७ ॥

दधाति चेतसा सद्यः प्राणस्थानेष्ववस्थितः ।
ततः स्पन्दयतेऽङ्गानि स गर्भश्चेतनान्वितः ॥ ८ ॥

त्यो नै सवै प्राणीहरूको कारण हो, उनैद्वारा सबै प्राणी बाँच्दछन् त्यो नै शरीरको प्राणस्थानमा रहेर चेतना दिन्छ, त्यसपछि अङ्गहरूलाई संचालन गरेर चेतनाले सम्पन्न गर्भ हुन्छ ।

यथा लोहस्य निःस्यन्दो निषिक्तो बिम्बविग्रहम् ।
उपैति तद् विजानीहि गर्भे जीवप्रवेशनम् ॥ ९ ॥

जसरी तातेको फलामलाई साँचोमा ढालेर अनेक प्रकारको रूप दिइन्छ । गर्भमा जीवको प्रवेश पनि त्यसैगरी जान ।

लोहपिण्डं यथा वह्निः प्रविश्य ह्यतितापयेत् ।
तथा त्वमपि जानीहि गर्भे जीवोपपादनम् ॥ १० ॥

जस्तो फलामको पिण्डमा आगो प्रवेश गरेर फलामलाई तताउँदछ । त्यसैगरी गर्भमा जीवको प्रवेश पनि तिमी आफै जान ।

यथा च दीपः शरणे दीप्यमानः प्रकाशते ।
एवमेव शरीराणि प्रकाशयति चेतना ॥ ११ ॥

जसरी वलेको बत्तीले पूरै घरलाई उज्यालो वनाउँदछ त्यस्तै चेतनाले शरीरलाई उज्यालो वनाउँदछ ।

यद् यच्च कुरुते कर्म शुभं वा यदि वाशुभम् ।
पूर्वदेहकृतं सर्वमवश्यमुपभुज्यते ॥ १२ ॥

मानिसले शुभ अथवा अशुभ जुन-जुन कर्म गर्दछ त्यो पूर्वजन्मको शरीरले गरेको कर्मको सबै फल अवश्य भोग्नु पर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

ततस्तु क्षीयते चैव पुनश्चान्यत् प्रचीयते ।
CC-0.In Public Domain. Digitization by eGangotri
यावत् तन्मोक्षयोगस्थं धर्मं नैवावबुध्यते ॥ १३ ॥

प्रयोग गर्नाले कर्म त नाश हुन्छ तर फेरि नयाँ कर्मको प्रादुर्भाव हुन्छ। जवसम्म मोक्षसम्म पुग्ने योगको ज्ञान हुँदैन तवसम्म यो सिलसिला जारी रहन्छ।

तत्र कर्म प्रवक्ष्यामि सुखी भवति येन वै ।
आवर्तमानो जातीषु यथान्योन्यासु सत्तम ॥ १४ ॥

हे साधु ! जो गर्नाले मानिसहरू सुखी हुन्छन् त्यो कर्म भन्दछु। जुन वारम्वार प्राणीहरूमा घुमिरहेको हुन्छ।

दानं व्रतं ब्रह्मचर्यं यथोक्तं ब्रह्मधारणम् ।
दमः प्रशान्तता चैव भूतानां चानुकम्पनम् ॥ १५ ॥

संयमाश्चानृशंस्यं च परस्वादानवर्जनम् ।
व्यलीकानामकरणं भूतानां मनसा भुवि ॥ १६ ॥

मातापित्रोश्च शुश्रूषा देवतातिथिपूजनम् ।
गुरुपूजा घृणा शौचं नित्यमिन्द्रियसंयमः ॥ १७ ॥

प्रवर्तनं शुभानां च तत् सतां वृत्तमुच्यते ।
ततो धर्मः प्रभवति यः प्रजाः पाति शाश्वतीः ॥ १८ ॥

दान, व्रत, शास्त्रमा भनिएको जस्तो ब्रह्मचर्य तथा वेदाध्ययन, इन्द्रिय संयम, शान्त, सबै प्राणीमा दया, मनलाई कावुमा राख्ने, नरम स्वभाव, अरुले कमाएको धनमा आँखा नलाग्नु, संसारमा रहेका प्राणीहरूको मनले पनि अहित नचिताउने, आमा-वावुको सेवामा लाग्नु, देवता अतिथि र गुरुको पूजा गर्नु, शुद्ध, सधैं इन्द्रियलाई वशमा राख्नु, शुभकर्मका प्रवर्तक यी सबै श्रेष्ठ पुरुषका लक्षण हुन्। जसले मनुष्यको रक्षा गर्दछ, त्यसको धर्म बढ्दछ।

एवं सत्सु सदापश्येत् तत्राप्येषा ध्रुवा स्थितिः ।
आचारो धर्ममाचष्टे यस्मिञ्शान्ता व्यवस्थिताः ॥ १९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

सज्जन मनुष्यमा सधैं यसप्रकारको धार्मिक आचरण देखिन्छ। उनैमा धर्मको शान्तस्थिति पनि रहन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

तेषु तत् कर्म निक्षिप्तं यः स धर्मः सनातनः ।
यस्तं समभिपद्येत न स दुर्गतिमाप्नुयात् ॥ २० ॥

त्यो मनुष्यमा कर्म निहित भएको हुन्छ र त्यसैलाई सनातन धर्म भनिन्छ। त्यही सनातन धर्मको अनुसरण जसले गर्छ, त्यसले दुर्गति भोग्नु पर्दैन।

अतो नियम्यते लोकः प्रच्यवन् धर्मवर्त्मसु ।
यश्च योगी च मुक्तश्च स एतेभ्यो विशिष्यते ॥ २१ ॥

यसकारण धर्ममार्गबाट छुटेका मानिसहरूलाई नियन्त्रण गरिन्छ। जो योगी छ र मुक्त बन्दछ। त्यो नै विशेष हो।

वर्तमानस्य धर्मेण शुभं यत्र यथा तथा ।
संसारतारणं ह्यस्य कालेन महता भवेत् ॥ २२ ॥

जसले धर्मअनुसार व्यवहार गर्दछ, त्यो जुन अवस्थामा भए पनि आफूले गरेको कर्मको फल प्राप्त गर्दछ र विस्तारै समय बित्दै गएपछि संसारबाट पार हुन्छ।

एवं पूर्वकृतं कर्म नित्यं जन्तुः प्रपद्यते ।
सर्वं तत्कारणं येन विकृतोऽयमिहागतः ॥ २३ ॥

यसरी सधैं नै जीवले आफूले पूर्वजन्ममा गरेको कर्मको फल भोग्दछ र निर्विकार ब्रह्म भएर पनि विकृत भई यस संसारमा जन्म लिएको छ त्यो नै कर्मको कारण हो।

शरीरग्रहणं चास्य केन पूर्वं प्रकल्पितम् ।
इत्येवं संशयो लोके तच्च वक्ष्याम्यतः परम् ॥ २४ ॥

आत्माले शरीर ग्रहण गर्ने प्रचलन कसले कल्पना गरेको होला ? यस्तो शंका मानिसहरूमा उठ्दछ। त्यसको उत्तर दिन्छु।

शरीरमात्मनः कृत्वा सर्वलोकपितामहः ।
त्रैलोक्यमसृजद् ब्रह्मा कृत्स्नं स्थावरजङ्गमम् ॥ २५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

सबै लोकका पितामह ब्रह्माले आफ्नो शरीरलाई पहिलो सृष्टि गरिसकेपछि मात्र यो स्थावरजङ्गम त्रिलोकको सृष्टि गरे ।

ततः प्रधानमसृजत् प्रकृतिं स शरीरिणाम् ।
यया सर्वमिदं व्याप्तं यां लोके परमां विदुः ॥ २६ ॥

त्यसपछि शरीरधारी प्रधान जीवको सृष्टि गरे जसद्वारा यो सारा संसार व्याप्त छ जसलाई यस संसारमा मूलप्रकृति भनेर जानिन्छ ।

इदं तत्क्षरमित्युक्तं परं त्वमृतमक्षरम् ।
त्रयाणां मिथुनं सर्वमेकैकस्य पृथक् पृथक् ॥ २७ ॥

यही संसार क्षर भनेर जानिन्छ । यसभन्दा वाहेकलाई अक्षर भनिन्छ । यी तीनमा जो क्षर र अक्षर छ त्यो नै सबै जीवमा अलग-अलग भएर रहन्छ ।

असृजत् सर्वभूतानि पूर्वदृष्टः प्रजापतिः ।
स्थावराणि च भूतानि इत्येषा पौर्विकी श्रुतिः ॥ २८ ॥

सृष्टिको आरम्भमा जुन ब्रह्माले स्थावर र प्राणीहरूको सृष्टि गरे त्यसलाई नै पुरातन श्रुति भनिन्छ ।

तस्य कालपरीमाणमकरोत् स पितामहः ।
भूतेषु परिवृत्तिं च पुनरावृत्तिमेव च ॥ २९ ॥

ती ब्रह्माले जीवहरूको लागि समयको पावन्दी, अन्य योनिमा जाने र फेरि-फेरि जन्म लिइरहने व्यवस्था पनि गरे ।

यथात्र कश्चिन्मेधावी दृष्टात्मा पूर्वजन्मनि ।
यत् प्रवक्ष्यामि तत् सर्वं यथावदुपपद्यते ॥ ३० ॥

पूर्वजन्ममा आत्मालाई बुझेको कुनै मेधावी पुरुपले जसरी अनित्य संसारको विषयमा वोल्दछ त्यसरी नै म पनि भन्दछु । मैले भनेका सबै कुराहरू यथार्थ छन् ।

सुखदुःखे यथा सम्यगनित्ये यः प्रपश्यति ।
कायं चामेध्यसंघातं विनाशं कर्मसंहितम् ॥ ३१ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

यच्च किञ्चित्सुखं तच्च दुःखं सर्वमिति स्मरन् ।
CC-0.In Public Domain. Digitization by eGangotri
संसारसागरं घोरं तरिष्यति सुदुस्तरम् ॥ ३२ ॥

सुख र दुःखलाई अनित्य देख्दछ, शरीरलाई अपवित्र सम्झन्छ, विनाशलाई कर्मको फल बुझ्दछ र किञ्चित् सुख भनेको केही होइन यो पनि दुःख नै हो भनेर जसले सम्झन्छ त्यो यस घोर संसाररूपी सागरबाट सजिलैसँग तर्दछ।

जातीमरणरोगैश्च समाविष्टः प्रधानवित् ।
चेतनावत्सु चैतन्यं समं भूतेषु पश्यति ॥ ३३ ॥

निर्विद्यते ततः कृत्स्नं मार्गमाणः परं पदम् ।
तस्योपदेशं वक्ष्यामि याथातथ्येन सत्तम ॥ ३४ ॥

जन्म, मृत्यु र रोगले घेरिएको मनुष्यले प्रधान प्रकृतिलाई जानेको हुन्छ र समस्त चेतना भएको प्राणीमा चैतन्य स्वरूप देख्दछ त्यो परमपदको खोजी गर्दै विरक्तिएको हुन्छ। हे साधु ! अब म त्यसैको विषयमा जस्तो तथ्य कुरा हो त्यस्तै उपदेश गर्दछु।

शाश्वतस्याव्ययस्याथ यदस्य ज्ञानमुत्तमम् ।
प्रोच्यमानं मया विप्र निबोधेदमशेषतः ॥ ३५ ॥

त्यहीं शाश्वत अविनाशी परम पुरुषको उत्तम ज्ञानको विषयमा वर्णन गर्दछु। हे ब्राह्मण ! मैले गरेको यो वर्णन ध्यान दिएर सुन ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
अष्टादशोऽध्यायः समाप्तः ॥ १८ ॥

तृतीयोऽध्यायः ॥ ३ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
अठाह्रौं अध्याय समाप्त भयो ॥ १८ ॥

तेस्रो अध्याय ॥ ३ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो अध्याय

ब्राह्मण उवाच

य: स्यादेकायने लीनस्तूष्णीं किंचिदचिन्तयन् ।
पूर्वं पूर्वं परित्यज्य स तीर्णो बन्धनाद् भवेत् ॥ १ ॥

सिद्ध ब्राह्मणले भने – जसले पहिलेको अभिमान छाडेर केही पनि चिन्तन गर्दैन र एक्लै एकान्तमा बसेर परब्रह्मको चिन्तना गरिरहन्छ त्यो नै यस संसारको बन्धनबाट मुक्त हुन्छ ।

सर्वमित्र: सर्वसह: शमे रक्तो जितेन्द्रिय: ।
व्यपेतभयमन्युश्च आत्मवान् मुच्यते नर: ॥ २ ॥

जो सबैको मित्र छ, सबै सहन्छ, मनलाई जितेको र जितेन्द्रिय छ तथा भय र क्रोध नभएको मानिस नै यस संसारबाट मुक्त हुन्छ ।

आत्मवत् सर्वभूतेषु यश्चरेन्नियत: शुचि: ।
अमानी निरभीमान: सर्वतो मुक्त एव स: ॥ ३ ॥

जो नियममा रहेर पवित्र छ, जसले प्राणीहरूलाई आफूजस्तै ठान्दछ, जसलाई सम्मानको इच्छा हुँदैन र अभिमानी पनि हुँदैन भने त्यसले नै मुक्ति पाउँदछ ।

जीवितं मरणं चोभे सुखदु:खे तथैव च ।
लाभालाभे प्रियद्वेष्ये य: सम: स च मुच्यते ॥ ४ ॥

जसले जीवन-मरण, सुख-दु:ख, लाभ-हानि, प्रिय-अप्रियमा बराबर देख्दछ त्यो नै मुक्त हुन्छ ।

न कस्यचित् स्पृहयते नावजानाति किञ्चन ।
निर्द्वन्द्वो वीतरागात्मा सर्वथा मुक्त एव स: ॥ ५ ॥

जसले कसैको धनमा आँखा लगाउँदैन, कसैको हेला गर्दैन, झगडामा मन रहँदैन, जसको मनमा सन्तोषको वास हुन्छ त्यो नै मुक्त हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अनमित्रश्च निर्बन्धुरनपत्यश्च यः क्वचित् ।
CC-0.In Public Domain. Digitization by eGangotri
त्यक्तधर्मार्थकामश्च निराकाङ्क्षी च मुच्यते ॥ ६ ॥

जसले कसैलाई मित्र र शत्रु मान्दैन, कसैलाई सन्तान मान्दैन, जसले धर्म, अर्थ र काम छोडेको हुन्छ तथा मनमा कुनै पनि इच्छा राख्दैन भने त्यो मुक्त हुन्छ।

नैव धर्मी न चाधर्मी पूर्वोपचितहायकः ।
धातुक्षयप्रशान्तात्मा निर्द्वन्द्वः स विमुच्यते ॥ ७ ॥

जो धर्ममा आसक्त छैन, अधर्ममा पनि लाग्दैन तथा पहिले कमाएको कर्मको फल पनि त्यागेको छ । वासना नाश भएकोले जसको चित्त शान्त भएको छ र द्वन्द्वबाट टाढा रहेको छ, त्यो मानिस नै मुक्त हुन्छ ।

अकर्मवान् विकाङ्क्षश्च पश्येज्जगदशाश्वतम् ।
अश्वत्थसदृशं नित्यं जन्ममृत्युजरायुतम् ॥ ८ ॥

वैराग्यबुद्धिः सततमात्मदोषव्यपेक्षकः ।
आत्मबन्धविनिर्मोक्षं स करोत्यचिरादिव ॥ ९ ॥

जो कुनै कर्मको कर्ता बन्न चाहँदैन, जसको मनमा कुनै इच्छा छैन, संसारलाई अश्वत्थजस्तै अनित्य सम्झन्छ, यसलाई जन्म, मृत्यु र बूढोपनबाट युक्त भएको सम्झन्छ, जसको बुद्धि वैराग्यमा रहन्छ र सधैं आफूले गरेको दोष मात्र देख्दछ त्यसले नै चाँडै आफ्नो बन्धनको नाश गर्दछ ।

अगन्धमरसस्पर्शमशब्दमपरिग्रहम् ।
अरूपमनभिज्ञेयं दृष्ट्वाऽऽत्मानं विमुच्यते ॥ १० ॥

जसले आत्मालाई गन्ध, रस, स्पर्श, शब्द, परिग्रहलाई अरूप र अज्ञेय मान्दछ त्यो नै मुक्त हुन्छ ।

पञ्चभूतगुणैर्हीनममूर्तिमदहेतुकम् ।
अगुणं गुणभोक्तारं यः पश्यति स मुच्यते ॥ ११ ॥

जसले आत्मालाई पञ्चभौतिक गुणहीन देख्दछ, आकार नभएको, र कारणरहित गुण नभएको भएर पनि गुणको भोक्ता देख्दछ । त्यो नै मुक्त हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

विहाय सर्वसङ्कल्पान् बुद्ध्या शारीरमानसान् ।
शनैर्निर्वाणमाप्नोति निरिन्धन इवानलः ॥ १२ ॥

जसको बुद्धिले शारीरिक र मानसिक सबै सङ्कल्पहरूलाई छोड्दछ त्यो नै इन्धन नभएको आगोझैं बिस्तारै निर्वाणतिर लाग्दछ ।

सर्वसंस्कारनिर्मुक्तो निर्द्वन्द्वो निष्परिग्रहः ।
तपसा इन्द्रियग्रामं यश्चरेन्मुक्त एव सः ॥ १३ ॥

जो सबै संस्कारबाट मुक्त छ, द्वन्द्व र परिग्रह रहित छ, तपस्याबाट इन्द्रियहरूलाई वशमा पारेर हिंडेको छ । त्यो नै मुक्त हुन्छ ।

विमुक्तः सर्वसंस्कारैस्ततो ब्रह्म सनातनम् ।
परमाप्नोति संशान्तमचलं नित्यमक्षरम् ॥ १४ ॥

जो सबै संस्कारबाट मुक्त छ, त्यो मानिसले शान्त, अचल, नित्य, अविनाशी सनातन ब्रह्मलाई पाउँदछ ।

अतः परं प्रवक्ष्यामि योगशास्त्रमनुत्तमम् ।
युञ्जन्तः सिद्धमात्मानं यथा पश्यन्ति योगिनः ॥ १५ ॥

अब म त्यस उत्तम योगशास्त्रको वर्णन गर्दछु जसद्वारा योगी पुरुषहरूले आत्माको साक्षात्कार (दर्शन) गर्दछ ।

तस्योपदेशं वक्ष्यामि यथावत् तन्निबोध मे ।
यैर्द्वारैश्चारयन्नित्यं पश्यत्यात्मानमात्मनि ॥ १६ ॥

शरीरभित्र रहेको चित्तलाई वशमा राखेर आफूले आफैलाई देख्दछ । त्यसको जस्ताको तस्तै वर्णन म गर्दछु । त्यो सुन ।

इन्द्रियाणि तु संहृत्य मन आत्मनि धारयेत् ।
तीव्रं तप्त्वा तपः पूर्वं मोक्षयोगं समाचरेत् ॥ १७ ॥

इन्द्रियलाई विषयबाट हटाएर मनलाई आफूमा स्थापित गर्नुपर्छ र पहिले तीव्र तपस्या गरेर तपलाई मोक्षयोगमा लैजानु पर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

तपस्वी सततं युक्तो योगशास्त्रमथाचरेत् ।
CC-0.In Public Domain. Digitization by eGangotri
मनीषी मनसा विप्रः पश्यन्नात्मानमात्मनि ॥ १८ ॥

सधैं तपस्या गरेर योगशास्त्रमा भनिएजस्तै बुद्धिमान् ब्राह्मणले अनुष्ठान गर्नु पर्दछ अनि मात्र आफैले आत्मालाई देख्दछ ।

स चेच्छक्नोत्ययं साधुर्योक्तुमात्मानमात्मनि ।
तत एकान्तशीलः स पश्यत्यात्मानमात्मनि ॥ १९ ॥

आफ्नो मनलाई आत्मामा लगाइ रहनुमा सफल भएको एकान्त प्रिय साधकले नै आफूमा रहेको आत्मा देख्दछ ।

संयतः सततं युक्त आत्मवान् विजितेन्द्रियः ।
तथा य आत्मनाऽऽत्मानं सम्प्रयुक्तः प्रपश्यति ॥ २० ॥

जो सधैं संयमी, मनलाई वशमा राख्ने र जितेन्द्रिय छ त्यसले नै आफूले आफैलाई राम्ररी देख्दछ ।

यथा हि पुरुषः स्वप्ने दृष्ट्वा पश्यत्यसाविति ।
तथा रूपमिवात्मानं साधुयुक्तः प्रपश्यति ॥ २१ ॥

जसले सपनामा देखेको व्यक्तिलाई पछि साक्षात् भेट्दा चिन्दछ, त्यसै गरी साधनायुक्त पुरुषले पनि आत्मा रूपलाई त्यसरी नै चिन्दछ ।

इषीकां च यथा मुञ्जात् कश्चिन्निष्कृष्य दर्शयेत् ।
योगी निष्कृष्य चात्मानं तथा पश्यति देहतः ॥ २२ ॥

जसरी वावियोलाई कसैले कुचोवाट छुटाएर देखाउँदछ त्यसै गरी योगीले पनि आत्मालाई शरीरवाट छुटाएर देखाउँदछ ।

मुञ्जं शरीरमित्याहुरिषीकामात्मनि श्रिताम् ।
एतन्निदर्शनं प्रोक्तं योगविद्भिरनुत्तमम् ॥ २३ ॥

यहाँ शरीरलाई कुचो र आत्मालाई वाबियो भनिएको छ । योग जान्नेहरूले आत्मा र शरीरलाई छुट्याएर देखाउन यो नै उत्तम उदाहरण हो ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

यदा हि युक्तमात्मानं सम्यक् पश्यति देहभृत् ।
CC-0. In Public Domain. Digitization by eGangotri
न तस्येहेश्वरः कश्चित् त्रैलोक्यस्यापि यः प्रभुः ॥ २४ ॥

शरीरवान् जीव जब योगद्वारा आत्मालाई राम्ररी देख्दछ, त्यसवेला त्रिभुवनका मालिक पनि उसलाई केही गर्न सक्दैन ।

अन्यान्याश्चैव तनवो यथेष्टं प्रतिपद्यते ।
विनिवृत्य जरां मृत्युं न शोचति न हृष्यति ॥ २५ ॥

जो आफ्नो इच्छानुसार विभिन्न प्रकारको शरीर धारण गर्न सक्दछ, बूढोपन र मृत्युलाई भगाउँदछ र शोक र हर्ष पनि मान्दैन ।

देवानामपि देवत्वं युक्तः कारयते वशी ।
ब्रह्म चाव्ययमाप्नोति हित्वा देहमशाश्वतम् ॥ २६ ॥

आफ्नो इन्द्रियलाई वशमा राखेर योगी पुरुष देवताहरूको पनि देवता बन्छ । त्यो यस शरीरलाई छोडेर ब्रह्ममा लीन हुन्छ ।

विनश्यत्सु च भूतेषु न भयं तस्य जायते ।
क्लिश्यमानेषु भूतेषु न स क्लिश्यति केनचित् ॥ २७ ॥

प्राणीहरूको नाश हुँदा पनि उसलाई डर हुँदैन । सबैको दुःख झेल्दा पनि उसलाई दुःख हुँदैन ।

दुःखशोकमयैर्घोरैः संगस्नेहसमुद्भवैः ।
न विचाल्यति युक्तात्मा निस्पृहः शान्तमानसः ॥ २८ ॥

शान्तचित्त र निःस्पृह योगी आसक्ति र स्नेहबाट प्राप्त भयंकर दुःख, शोक र भयबाट विचलित हुँदैन ।

नैनं शस्त्राणि विध्यन्ते न मृत्युश्चास्य विद्यते ।
नातः सुखतरं किञ्चिल्लोके क्वचन दृश्यते ॥ २९ ॥

त्यसलाई शस्त्रले काट्न सक्दैन, मृत्यु उसको नगिच जान सक्दैन संसारमा त्यो जस्तो सुखी पुरुष कहीं पनि देखिँदैन ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

सम्यग्युक्त्वा स आत्मानमात्मन्येव प्रतिष्ठते ।
CC-0.In Public Domain. Digitization by eGangotri
विनिवृत्तजरादुःखः सुखं स्वपिति चापि सः ॥ ३० ॥

आफूलाई आत्मामा राख्दछ र वूढोपन तथा दुःखवाट छुटकारा पाएर आनन्दको अनुभव गर्दै सुखसंग सुत्दछ ।

देहान्यथेप्टमभ्येति हित्वेमां मानुषीं तनुम् ।
निर्वेदस्तु न कर्तव्यो भुञ्जानेन कथञ्चन ॥ ३१ ॥

त्यो आत्मा मानव शरीरलाई छोडेर इच्छाअनुसार अरु धेरै शरीर धारण गर्दछ। त्यसरी भोग गर्ने व्यक्तिले दुःखानुभव गर्नुहुँदैन ।

सम्यग्युक्तो यदाऽऽत्मानमात्मन्येव प्रपश्यति ।
तदैव न स्पृहयते साक्षादपि शतक्रतोः ॥ ३२ ॥

राम्ररी योगको अभ्यास गरेर जव योगीले आफूमा नै आत्माको अनुभव गर्न थाल्दछ, तव साक्षात् इन्द्रको आसनको पनि उनलाई इच्छा हुँदैन ।

योगमेकान्तशीलस्तु यथा विन्दति तच्छृणु ।
दृष्टपूर्वां दिशं चिन्त्य यस्मिन् सन्निवसेत् पुरे ॥ ३३ ॥
पुरस्याभ्यन्तरे तस्य मनः स्थाप्यं न वाह्यतः ।

जुन प्रकारले एकान्तमा ध्यान गर्ने पुरुपलाई योग प्राप्त हुन्छ त्यो सुन । श्रुतिमा उपदेश दिएअनुसार त्यो आत्माको चिन्तन गरेर जुन भागमा जीव रहन्छ त्यसैमा मन पनि रहन्छ । त्यसलाई वाहिर जान नदेऊ ।

पुरस्याभ्यन्तरे तिष्ठन् यस्मिन्नावसथे वसेत् ।
तस्मिन्नावसथे धार्यं सवाह्याभ्यन्तरं मनः ॥ ३४ ॥

आत्मा शरीरको भित्री भागमा जुन अवस्थामा रहन्छ त्यसैमा वाह्य र आभ्यन्तर सहित मनलाई पनि राख्नू ।

प्रचिन्त्यावसथे कृत्स्नं यस्मिन् काले स पश्यति ।
तस्मिन् काले मनश्चास्य न च किञ्चन वाह्यतः ॥ ३५ ॥
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

कुनै स्थानमा रहेर कठिन चिन्तन गर्दा जुन वेला परब्रह्मको दर्शन प्राप्त गर्दछ, CC-0.In Public Domain. Digitization by eGangotri
त्यस समयमा उसको मन वाहिरतिर कहिल्यै जाँदैन ।

संनियम्येन्द्रियग्रामं निर्घोषं निर्जने वने ।
कायमभ्यन्तरं कृत्स्नमेकाग्रः परिचिन्तयेत् ॥ ३६ ॥

कोही पनि नभएको (निर्जन) वनमा सवै इन्द्रियहरूलाई वशमा पारेर एकाग्र र शान्त भएर शरीरको भित्री र वाहिरी अङ्गमा रहेको परमात्माको चिन्तना गर्नू ।

दन्तांस्तालु च जिह्वां च गलं ग्रीवां तथैव च ।
हृदयं चिन्तयेच्चापि तथा हृदयवन्धनम् ॥ ३७ ॥

दाँत, तालु, जिव्रो, गला, घाँटी, हृदय तथा हृदयवन्धनलाई पनि परमात्मरूपले चिन्तना गर्नू ।

इत्युक्तः स मया शिष्यो मेधावी मधुसूदन ।
पप्रच्छ पुनरेवेमं मोक्षधर्मं सुदुर्वचम् ॥ ३८ ॥

हे मधुसूदन ! मैले यस्तो कुरा भनिसकेपछि त्यस मेधावी शिष्यले वर्णन गर्न कठिन मोक्षधर्मको विषयमा फेरि पनि सोधे ।

भुक्तं भुक्तमिदं कोष्ठे कथमन्नं विपच्यते ।
कथं रसत्वं व्रजति शोणितत्वं कथं पुनः ॥ ३९ ॥

हामीले खाएको कुरा पेटमा पुगेर कसरी पच्दछ ? कसरी रसमा परिणत हुन्छ ? र कसरी रगत वन्दछ ?

तथा मांसञ्च मेदश्च स्नाय्वस्थीनि च योषिति ।
कथमेतानि सर्वाणि शरीराणि शरीरिणाम् ॥ ४० ॥

वर्धते वर्धमानस्य वर्धते च कथं वलम् ।
निरोधानां निर्गमनं मलानां च पृथक्-पृथक् ॥ ४१ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

त्यस्तै मासु, बोसो, नसा, हाडहरू कसरी बन्दछन् ? शरीरधारीहरूको शरीर कसरी वढ्दछ ? त्यो बढेको शरीरमा कसरी बल पनि वढ्दछ र अनेक प्रकारका मयलहरू पनि वाहिर कसरी निस्कन्छन् ?

CC-0.In Public Domain. Digitization by eGangotri

कुतो वायं प्रश्वसिति उच्छ्वसित्यपि वा पुनः ।
कं च देशमधिष्ठाय तिष्ठत्यात्मायमात्मनि ॥ ४२ ॥

यसले कसरी सास फेर्दछ ? लामो सुस्केरा कसरी लिन्छ र शरीरको कुन स्थानमा यो आत्मा रहन्छ ?

जीवः कथं वहति च चेष्टमानः कलेवरम् ।
किं वर्णं कीदृशं चैव निवेशयति वै पुनः ॥ ४३ ॥

याथातथ्येन भगवन् वक्तुमर्हसि मेऽनघ ।

गति भएको जीवले शरीरको वोझ कसरी बोक्दछ ? त्यो कस्तो आकारको हुन्छ र कुन वर्णको हुन्छ ? हे अनघ ! यो सवै मलाई यथार्थरूपमा भन्नुहोस् ।

इति सम्परिपृष्टोऽहं तेन विप्रेण माधव ॥ ४४ ॥
प्रत्यब्रुवं महावाहो यथाश्रुतमरिंदम ।

यसरी उक्त ब्राह्मणले मलाई सोधिसकेपछि हे महावाहो ! हे माधव ! हे शत्रुलाई नाश गर्ने ! मैले जस्तो सुनेको थिएँ त्यस्तै उनलाई भनें ।

यथा स्वकोष्ठे प्रक्षिप्य भाण्डं भाण्डमना भवेत् ॥ ४५ ॥

तथा स्वकाये प्रक्षिप्य मनो द्वारैरनिश्चलैः ।
आत्मानं तत्र मार्गेत प्रमादं परिवर्जयेत् ॥ ४६ ॥

जसरी आफ्नो कोठामा राखेको भाँडो यताउता खोज्दछ, त्यस्तै आफ्नै शरीरमा रहेको मनलाई पनि इन्द्रियरूपी ढोकाद्वारा आत्मालाई खोज्नू । अलमलिने काम नगर्नू ।

एवं सततमुद्युक्तः प्रीतात्मा नचिरादिव ।
आसादयति तद् ब्रह्म यद् दृष्ट्वा स्यात् प्रधानवित् ४७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
यसरी सधैं ध्यान गरिरहने पुरुप चाँडै नै खुसी हुन्छ र त्यसले परब्रह्मलाई पाउँदछ, जुन देखेर मानिस प्रकृतिलाई चिन्ने हुनेछ ।

न त्वसौ चक्षुषा ग्राह्यो न च सर्वैरपीन्द्रियैः ।
मनसैव प्रदीपेन महानात्मा प्रदृश्यते ॥ ४८ ॥

त्यो परब्रह्मलाई न त आँखाले देख्न सकिन्छ, न त सवै इन्द्रियहरूले नै अनुभव गर्न सकिन्छ । त्यो महान् आत्मालाई त मनको ज्योतिले मात्र देख्न सकिन्छ ।

सर्वतः पाणिपादान्तः सर्वतोऽक्षिशिरोमुखः ।
सर्वतः श्रुतिमाँल्लोके सर्वमावृत्य तिष्ठति ॥ ४९ ॥

त्यो आत्मा हातदेखि लिएर खुट्टासम्म, आँखादेखि टाउकोसम्म सवैतिर व्याप्त भएर रहेको छ ।

जीवो निष्क्रान्तमात्मानं शरीरात् सम्प्रपश्यति ।
स तमुत्सृज्य देहे स्वं धारयन् व्रह्म केवलम् ॥ ५० ॥

आत्मानमालोकयति मनसा प्रहसन्निव ।
तदेवमाश्रयं कृत्वा मोक्षं याति ततो मयि ॥ ५१ ॥

प्राणीले आफूलाई शरीरवाट अलग देख्दछ अनि त्यसले आफूलाई व्रह्म धारण गर्दै आनन्दमा रहन्छ र त्यसैबाट मोक्षमा पुग्दछ ।

इदं सर्वरहस्यं ते मया प्रोक्तं द्विजोत्तम ।
आपृच्छे साधयिष्यामि गच्छ विप्र यथासुखम् ॥ ५२ ॥

यस्तो सवै रहस्यको कुरा मैले तिमीलाई भनें । हे द्विजोत्तम व्राह्मण ! म पनि जान्छु र तिमी पनि सुखपूर्वक जाऊ ।

इत्युक्तः स तदा कृष्ण मया शिष्यो महातपाः ।
अगच्छत यथाकामं व्राह्मणः संशितव्रतः ॥ ५३ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri
हे कृष्ण ! यति भनेर महातपस्या गरेका मेरा शिष्य ब्राह्मण इच्छानुसार आफ्नो स्थानमा गए ।

वासुदेव उवाच

इत्युक्त्वा स तदा वाक्यं मां पार्थ द्विजसत्तमः ।
मोक्षधर्माश्रितः सम्यक् तत्रैवान्तरधीयत ॥ ५४ ॥

भगवान् श्रीकृष्णले भन्नुभयो – हे अर्जुन ! मोक्षधर्ममा आश्रय लिइरहेको उक्त सिद्ध ब्राह्मण मलाई यो कुरा भनेर त्यहीं अन्तर्धान हुनुभयो ।

कच्चिदेतत् त्वया पार्थ श्रुतमेकाग्रचेतसा ।
तदापि हि रथस्थस्त्वं श्रुतवानेतदेव हि ॥ ५५ ॥

हे अर्जुन ! मैले भनेका यी कुराहरू के तिमीले एकाग्र चित्त भएर सुन्यौ ? युद्धको वेलामा तिमी रथमा हुंदा पनि मैले यी नै उपदेशहरू तिमीलाई सुनाएको थिएं ।

नैतत् पार्थ सुविज्ञेयं व्यामिश्रेणेति मे मतिः ।
नरेणाकृतसंज्ञेन विशुद्धेनान्तरात्मना ॥ ५६ ॥

हे अर्जुन ! जो मनुष्यको मन चञ्चल छ, त्यसले यो उपदेश राम्ररी वुझ्न सक्दैन भन्ने मेरो विचार छ । जसको भित्री आत्मा शुद्ध छ त्यसले मात्र यो उपदेश वुझ्दछ ।

सुरहस्यमिदं प्रोक्तं देवानां भरतर्षभ ।
कच्चिन्नेदं श्रुतं पार्थ मनुष्येणेह कर्हिचित् ॥ ५७ ॥

हे अर्जुन ! देवताहरूको यों रहस्य उपदेश तिमीलाई भनें । हे पार्थ ! यस संसारमा यो उपदेश कसैले पनि कहीं पनि सुनेको छैन ।

न ह्येतच्छ्रोतुमर्होऽन्यो मनुष्यस्त्वामृतेऽनघ ।
नैतदद्य सुविज्ञेयं व्यामिश्रेणान्तरात्मना ॥ ५८ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हे अनघ ! तिमी बाहेक यो उपदेश सुन्न योग्य अर्को मनुष्य छैन । मन चञ्चल भएको मनुष्यले यो उपदेश अहिले बुझ्न सक्दैन ।

क्रियावद्भिर्हि कौन्तेय देवलोकः समावृतः ।
न चैतदिष्टं देवानां मर्त्यरूपनिवर्तनम् ॥ ५९ ॥

हे कुन्तीपुत्र ! क्रियावान्हरूले स्वर्ग भरिएको छ । मृत्यु रोक्ने देवताहरूको इच्छा हुँदैन ।

परा हि सा गतिः पार्थ यत् तद् ब्रह्म सनातनम् ।
यत्रामृतत्वं प्राप्नोति त्यक्त्वा देहं सदा सुखी ॥ ६० ॥

हे पार्थ ! जो सनातन परब्रह्म हुन् त्यो नै परमगति पनि हो । जहाँ अमृतत्वको प्राप्ति हुन्छ त्यहीं प्राणी सधैं सुखी हुन्छ ।

इमं धर्मं समास्थाय येऽपि स्युः पापयोनयः ।
स्त्रियो वैश्यास्तथा शूद्रास्तेऽपि यान्ति परां गतिम् ॥६१॥

यस धर्ममा रहेर जति पापयोनिमा रहेका स्त्री, वैश्य तथा शूद्रहरू छन् ती पनि सबै परमगति प्राप्त गर्दछन् ।

किं पुनर्ब्राह्मणाः पार्थ क्षत्रिया वा बहुश्रुताः ।
स्वधर्मरतयो नित्यं ब्रह्मलोकपरायणाः ॥ ६२ ॥

फेरि के भनूँ हे पार्थ ! सधैं आफ्नो धर्ममा रहेर ब्रह्मलोक प्राप्त गर्ने ब्राह्मण तथा क्षत्रियहरूका के कुरा ?

हेतुमच्चैतदुद्दिष्टमुपायाश्चास्य साधने ।
सिद्धिं फलं च मोक्षश्च दुःखस्य च विनिर्णयः ॥ ६३ ॥

यसको सधनामा तिमीलाई मैले उपदेश दिएँ । त्यसको उपायहरू पनि भनें र सिद्धि, फल, मोक्ष तथा दुःखको पनि निर्णय सुनाएँ ।

नातः परं सुखं त्वन्यत् किंचित् स्याद् भरतर्षभ ।
बुद्धिमाञ्श्रद्दधानश्च पराक्रान्तश्च पाण्डव ॥ ६४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यः परित्यजते मर्त्यो लोकतन्त्रमसारवत् ।
एतैरुपायैः स क्षिप्रं परां गतिमवाप्नुते ॥ ६५ ॥

हे पाण्डव अर्जुन ! यसभन्दा परम सुख धर्म अर्को छैन । जो बुद्धिमान् श्रद्धालु पराक्रमी पुरुष लौकिक दुःखलाई केही पनि होइन भनी छोड्दछ त्यसले चाँडै नै परमगति प्राप्त गर्दछ ।

एतावदेव वक्तव्यं नातो भूयोऽस्ति किंचन ।
षण्मासान् नित्ययुक्तस्य योगः पार्थ प्रवर्तते ॥ ६६ ॥

हे अर्जुन ! यति नै कुरा भन्नु छ । योभन्दा अरु कुरा केही छैन । जसले ६ महिनासम्म योगको अभ्यास गर्दछ त्यसको योग सिद्ध हुन्छ ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
एकोनविंशोऽध्यायः समाप्तः ॥ १९ ॥

चतुर्थोऽध्यायः ॥ ४ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
उन्नाइसौं अध्याय समाप्त भयो ॥ १९ ॥

चौथो अध्याय ॥ ४ ॥

—o—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचौं अध्याय

वासुदेव उवाच

अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।
दम्पत्योः पार्थ संवादो योऽभवद् भरतर्षभ ॥ १ ॥

श्रीकृष्णले भन्नुभयो – हे पार्थ अर्जुन ! यस विषयमा पति र पत्नीको बीचमा जुन वार्ता भयो त्यो ऐतिहासिक कुरा अहिले म भन्दछु ।

ब्राह्मणी ब्राह्मणं कञ्चिज्ज्ञानविज्ञानपारगम् ।
दृष्ट्वा विविक्त आसीनं भार्या भर्तारमब्रवीत् ॥ २ ॥

ज्ञान र विज्ञानमा पारंगत भएका आफ्ना स्वामी एकान्तमा वसेको देखेर उनकी पत्नीले आफ्ना पति ब्राह्मणलाई सोधे ।

कं नु लोकं गमिष्यामि त्वामहं पतिमाश्रिता ।
न्यस्तकर्माणमासीनं कीनाशमविचक्षणम् ॥ ३ ॥

भार्याः पतिकृताँल्लोकानाप्नुवन्तीति नः श्रुतम् ।
त्वामहं पतिमासाद्य कां गमिष्यामि वै गतिम् ॥ ४ ॥

पतिले गरेको कर्मको भागी पत्नी पनि हुन्छ भन्ने हामीहरूले सुनेका छौं । तर तपाईंले त कर्म छाड्नु भएको छ र मप्रति कठोरताको व्यवहार पनि गर्नुभएको छ । यस्तो अवस्थामा तपाईंलाई पति ठानेर वस्ने म कहाँ जानेछु । तपाईंलाई पतिको रूपमा पाएर मेरो गति के हुन्छ ?

एवमुक्तः स शान्तात्मा तामुवाच हसन्निव ।
सुभगे नाभ्यसूयामि वाक्यस्यास्य तवानघे ॥ ५ ॥

पत्नीले यस्तो भनेको सुनेर हाँस्दै उक्त ब्राह्मणले भने । हे सुभगे ! हे अनघे ! तिम्रो यस्तो कुराले मलाई नराम्रो लाग्दैन ।

ग्राह्यं दृश्यं च सत्यं वा यदिदं कर्म विद्यते ।
एतदेव व्यवस्यन्ति कर्म कर्मेति कर्मिणः ॥ ६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन लिएको देखिने र सत्य ज्ञानको कर्म यस संसारमा छ, त्यसैलाई क
गर्नेहरू कर्म भनी व्यवहार गर्दछन् ।

मोहमेव नियच्छन्ति कर्मणा ज्ञानवर्जिताः ।
नैष्कर्म्यं न च लोकेऽस्मिन् मुहूर्तमपि लभ्यते ॥ ७ ॥

जो ज्ञानदेखि वर्जित छ त्यसले कर्मद्वारा मोह लिन्छ। यस संसारमा क
नगरिकन एकछिन पनि कोही पनि बस्न सक्दैन ।

कर्मणा मनसा वाचा शुभं वा यदि वाशुभम् ।
जन्मादिमूर्तिभेदान्तं कर्म भूतेषु वर्तते ॥ ८ ॥

कर्मबाट, मनबाट बोलीबाट जो शुभ या अशुभ काम हुन्छ, जन्म, स्थि
विनाश आदि शरीरका अनेक भेद कर्म प्राणीमा रहन्छ ।

रक्षोभिर्वध्यमानेषु दृश्यद्रव्येषु वर्त्मसु ।
आत्मस्थमात्मना तेभ्यो दृष्टमायतनं मया ॥ ९ ॥

दुर्जनहरूले दृश्यद्रव्य वस्तुहरू उपयोग गर्ने ठाउँमा कर्ममार्गको नाश गर्
छ। त्यसमा मैले विरक्त भएर आफ्नो भित्रको आत्माको स्था
देखें ।

यत्र तद् ब्रह्म निर्द्वन्द्वं यत्र सोमः सहाग्निना ।
व्यवायं कुरुते नित्यं धीरो भूतानि धारयन् ॥ १० ॥

जहां द्वन्द्व नभएको परमात्मा रहन्छन्, जहां सोम र अग्नि समागम हुन्छ, ज
विद्वान्हरू भूतलाई धारण गर्दै सधैं काम गर्दछन् ।

यत्र ब्रह्मादयो युक्तास्तदक्षरमुपासते ।
विद्वांसः सुव्रता यत्र शान्तात्मानो जितेन्द्रियाः ॥ ११ ॥

जहाँ ब्रह्मा आदि गरिएका देवताहरू, विद्वान्हरू, उत्तम व्रत गर्नेहरू, शा
चित्त भएका, इन्द्रियलाई जितेकाहरूले त्यो परब्रह्मलाई उपासना गर्दछ।

घ्राणेन न तदाघ्रेयं नास्वाद्यं चैव जिह्वया ।
स्पर्शनेन तदस्पृश्यं मनसा त्ववगम्यते ॥ १२ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उक्त परब्रह्मलाई नाकले सुँघिदैन, जिब्रोले रस लिइदैन, छालाले छोइदैन मात्र मनले त्यसको अनुभव गर्न सकिन्छ ।

चक्षुषामविषह्यं च तत् किञ्चिच्छ्रवणात् परम् ।
अगन्धमरसस्पर्शमरूपाशब्दलक्षणम् ॥ १३ ॥

त्यो परब्रह्म आँखाले देख्न सकिने विषय होइन, कानले पनि सुन्न सकिँदैन । गन्ध, रस, स्पर्श, रूप, शब्द आदि लक्षण पनि उसमा हुँदैन ।

यतः प्रवर्तते तन्त्रं यत्र च प्रतितिष्ठति ।
प्राणोऽपानः समानश्च व्यानश्चोदान एव च ॥ १४ ॥

तत एव प्रवर्तन्ते तदेव प्रविशन्ति च ।

उनै ब्रह्मबाट सृष्टि सुरु हुन्छ, त्यसैमा बसेको हुन्छ । प्राण, अपान, समान, व्यान र उदान त्यसैबाट उत्पन्न भएका हुन्छन् र पछि त्यसैमा प्रवेश गर्दछन् ।

समानव्यानयोर्मध्ये प्राणापानौ विचेरतुः ॥ १५ ॥

तस्मिंल्लीने प्रलीयेत समानो व्यान एव च ।
अपानप्राणयोर्मध्ये उदानो व्याप्य तिष्ठति ।
तस्माच्छयानं पुरुषं प्राणापानौ न मुञ्चतः ॥ १६ ॥

समान र व्यानको बीचमा प्राण र अपान बसेको हुन्छ । त्यस अपान प्राण लीन भएपछि समान र व्यान पनि लय हुन्छ । अपान र प्राणको बीचमा उदान व्याप्त भएर रहेको हुन्छ । यसकारण सुतिरहेको अवस्थामा कुनै पनि पुरुषले प्राण र अपान छोड्दैन ।

प्राणानामायतत्वेन तमुदानं प्रचक्षते ।
तस्मात् तपो व्यवस्यन्ति मद्गतं ब्रह्मवादिनः ॥ १७ ॥

प्राणरूको आधार भएको हुनाले त्यसलाई उदान भनिन्छ । त्यसबाट ब्रह्मवादीहरू ममा रहेको तप निश्चय गर्छन् ।

तेषामन्योन्यभक्षाणां सर्वेषां देहचारिणाम् ।
अग्निर्वैश्वानरो मध्ये सप्तधा दीव्यतेऽन्तरा ॥ १८ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
एक आफसमा रहेर बसेका ती सबै प्राणधारीहरूको बीचमा सात प्रकारले
वैश्वानर रहेको छ।

घ्राणं जिह्वा च चक्षुश्च त्वक् च श्रोत्रं च पञ्चमम् ।
मनो वुद्धिश्च सप्तैता जिह्वा वैश्वानरार्चिषः ॥ १९ ॥

घ्रेयं दृश्यं च पेयं च स्पृश्यं श्रव्यं तथैव च ।
मन्तव्यमथ वोद्धव्यं ताः सप्त समिधो मम ॥ २० ॥

नाक, जिव्रो, आंखा, छाला र कान गरी पांच प्रकारका छन् । ती पांचसहित र वुद्धि गरी सात वटा वैश्वानरको ज्वालारूप जिव्रो हुन्छ । सुँघिने, देखि पिइने, छोइने सुनिने र त्यस्तै मनन गरिने, बुद्धिद्वारा सम्झने गरी सात प्रकार मेरा समिधा हुन् ।

घ्राता भक्षयिता द्रष्टा स्प्रष्टा श्रोता च पञ्चमः ।
मन्ता वोद्धा च सप्तैते भवन्ति परमर्त्विजः ॥ २१ ॥

सुंघ्ने, खाने, देख्ने, छुने र सुन्ने यी पांच र मनन गर्ने, वुझ्ने दुई गरी सात ऋत्विज हुन् ।

घ्रेये पेये च दृश्ये च स्पृश्ये श्रव्ये तथैव च ।
मंन्तव्येऽप्यथ वोद्धव्ये सुभगे पश्य सर्वदा ॥ २२ ॥

सुँघिने, देखिने, पिइने, छोइने सुनिने र त्यस्तै मनन गरिने, बुद्धिद्वारा सम्झ यिनीहरूमा हे सुभगे ! तिमी सधैं राम्ररी हेर ।

हवींष्यग्निषु होतारः सप्तधा सप्त सप्तसु ।
सम्यक् प्रक्षिप्य विद्वांसो जनयन्ति स्वयोनिषु ॥ २३ ॥

सात प्रकारका सात रूपमा विभाजित भएका उक्त हविष्यहरू वैश्वानरमा रा हवन गरेर विद्वान् पुरुषहरू आफ्नो योनिमा उत्पन्न गर्छन् ।

पृथिवी वायुराकाशमापो ज्योतिश्च पञ्चमम् ।
मनो वुद्धिश्च सप्तैता योनिरित्येव शब्दिताः ॥ २४ ॥

पृथिवी, वायु, आकाश, जल, ज्योति पाँच वटा र मन तथा बुद्धि गरी यी वटालाई योनि भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हविर्भूता गुणाः सर्वे प्रविशन्त्यग्निजं गुणम् ।
अन्तर्वासमुषित्वा च जायन्ते स्वासु योनिषु ॥ २५ ॥

यसका सबै गुण हविष्य हुन् । अग्निबाट उत्पन्न भएको गुणमा प्रवेश गर्दछन् । त्यही नै अन्तर्वासमा रहेर आफ्नो योनिमा जन्म लिन्छन् ।

तत्रैव च निरुध्यन्ते प्रलये भूतभावने ।
ततः सञ्जायते गन्धस्ततः सञ्जायते रसः ॥ २६ ॥

त्यहाँ प्रलयकालमा बेपत्ता हुन्छ, प्राणीहरूको सृष्टिको समयमा प्रकट हुन्छ र त्यसपछि त्यहींबाट गन्ध र रसको उत्पत्ति हुन्छ ।

ततः सञ्जायते रूपं ततः स्पर्शोऽभिजायते ।
ततः सञ्जायते शव्दः संशयस्तत्र जायते ।
ततः सञ्जायते निष्ठा जन्मैतत् सप्तधा विदुः ॥ २७ ॥

त्यसपछि रूप उत्पन्न हुन्छ, त्यसपछि स्पर्श, अनि शव्द त्यसपछि संशय उत्पन्न हुन्छ । अनि अन्तमा निष्ठाको जन्म हुन्छ । यसैलाई विद्वान्हरू सात प्रकारको जन्म भन्दछन् ।

अनेनैव प्रकारेण प्रगृहीतं पुरातनैः ।
पूर्णाहुतिभिरापूर्णास्त्रिभिः पूर्यन्ति तेजसा ॥ २८ ॥

यस्तै प्रकारले पहिलेका ऋषिहरूले भनेका छन् । यही तीन पूर्णाहुतिद्वारा अपूर्ण भएका आहुति आफ्नो तेजले पूर्ण गर्दछन् ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
विंशोऽध्यायः समाप्तः ॥ २० ॥

पञ्चमोऽध्यायः ॥ ५ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
बीसौं अध्याय समाप्त भयो ॥ २० ॥

पाँचौं अध्याय ॥ ५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

—०—

CC-0.In Public Domain. Digitization by eGangotri

छैठौं अध्याय

ब्राह्मण उवाच

अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।
निबोध दशहोतृणां विधानमथ यादृशम् ॥ १ ॥

ब्राह्मणले भने – यहाँ दस होताहरूले कसरी यज्ञ गर्दछन् भन्ने जस्ताको त
पुरानो इतिहासको उदाहरण म भन्दछु ।

श्रोत्रं त्वक् चक्षुषी जिह्वा नासिका चरणौ करौ ।
उपस्थं वायुरिति वा होतृणि दश भाविनि ॥ २ ॥

हे भाविनि ! कान, छाला, आँखा, जिब्रो (बोलिने र खाने), नाक, खुट्टा, हा
उपस्थ र वायु गरी दस होता हुन् ।

शब्दस्पर्शौ रूपरसौ गन्धो वाक्यं क्रिया गतिः ।
रेतोमूत्रपुरीषाणां त्यागो दश हवींषि च ॥ ३ ॥

शब्द, स्पर्श, रूप, रस, गन्ध, वाक्य, क्रिया, गति, वीर्य, मूत्र र मल त्याग
दस वटा हविष्य हुन् ।

दिशो वायू रविश्चन्द्रः पृथ्व्यग्नी विष्णुरेव च ।
इन्द्रः प्रजापतिर्मित्रमग्नयो दश भाविनि ॥ ४ ॥

हे भाविनि ! दिशा, वायु, सूर्य, चन्द्रमा, पृथ्वी, अग्नि, विष्णु, इन्द्र, प्रजापति, मि
यी दस वटा अग्नि हुन् ।

दशेन्द्रियाणि होतृणि हवींषि दश भाविनि ।
विषया नाम समिधो हूयन्ते तु दशाग्निषु ॥ ५ ॥

यी दस वटा इन्द्रियहरू होता, दस विषयहरू हविष्य दशाग्निमा दस वटा हव
गरिन्छन् ।

चित्तं स्रुवश्च वित्तं च पवित्रं ज्ञानमुत्तमम् ।
सुविभक्तमिदं सर्वं जगदासीदिति श्रुतम् ॥ ६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यस यज्ञमा स्रुवा चित्त हो र पवित्र ज्ञान नै धन हो। यो सारा संसार यसरी छुट्टिएको छ यस्तो मैले सुनेको छु।

सर्वमेवाथ विज्ञेयं चित्तं ज्ञानमवेक्षते ।
रेतःशरीरभृत्काये विज्ञाता तु शरीरभृत् ॥ ७ ॥

यो सारा संसार चित्तको रूप हो भन्ने कुरा जानिन्छ। वीर्यबाट जन्मेका प्राणीहरूको शरीरमा रहने जीवले यसलाई जान्दछ।

शरीरभृद् गार्हपत्यस्तस्मादन्यः प्रणीयते ।
मनश्चाहवनीयस्तु तस्मिन् प्रक्षिप्यते हविः ॥ ८ ॥

यस शरीरको जीव गार्हपत्य हो। यसैबाट अर्को अग्नि प्रकट हुन्छ। त्यसलाई मन भनिन्छ। त्यसैमा पहिले भनिएका हविष्यहरू आहुति गरिन्छन्।

ततो वाचस्पतिर्जज्ञे तं मनः पर्यवेक्षते ।
रूपं भवति वैवर्णं समनुद्रवते मनः ॥ ९ ॥

त्यसमा वाचस्पति उत्पन्न हुन्छ। त्यसलाई मनले देख्दछ। त्यो वर्ण नभएको रूप मनमा द्रवित हुन्छ।

ब्राह्मण्युवाच

कस्माद् वागभवत् पूर्वं कस्मात् पश्चान्मनोऽभवत् ।
मनसा चिन्तितं वाक्यं यदा समभिपद्यते ॥ १० ॥

ब्राह्मणीले भनिन् – मनको उत्पत्ति नभइकन बोलीको उत्पत्ति पहिले किन भयो ? मनबाट विचार गरेर नै बोली फुट्दछ।

केन विज्ञानयोगेन मतिश्चित्तं समास्थिता ।
समुन्नीता नाध्यगच्छत् को वै तां प्रतिबाधते ॥ ११ ॥

कुन योगविज्ञानको प्रभावले बुद्धि चित्तमा बसेको हुन्छ ? त्यो माथि उठाइएको विषयमा किन जाँदैन ? त्यसलाई कसले रोक्दछ ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

ब्राह्मण उवाच

CC-0.In Public Domain. Digitization by eGangotri

तामपानः पतिर्भूत्वा तस्मात् प्रेपत्यपानताम् ।
तां गतिं मनसः प्राहुर्मनस्तस्मादपेक्षते ॥ १२ ॥

ब्राह्मणले भने – अपान पतिको रूप भएर त्यसलाई अपानभावमा परिणत गर्दछ। त्यो अपानभावलाई मनको गति भनिन्छ र मनले त्यसको अपेक्षा गर्दछ।

प्रश्नं तु वाङ्मनसोर्मां यस्मात् त्वमनुपृच्छसि ।
तस्मात् ते वर्तयिष्यामि तयोरेव समाह्वयम् ॥ १३ ॥

तर तिमी भने मसित वाङ् र मनको विषयमा नै सोध्दछयौ । त्यसकारण म तिमीलाई ती दुवैको वार्तालाप वताउँदछु ।

उभे वाङ्मनसी गत्वा भूतात्मानमपृच्छताम् ।
आवयोः श्रेष्ठमाचक्ष्व च्छिन्धि नौ संशयं विभो ॥ १४ ॥

त्यहीं वाङ् र मन दुवैले भूतात्माकहाँ गएर सोधे । हे विभो ! हामी दुईमा को श्रेष्ठ छ ? हाम्रो शङ्कालाई हटाइदिनु होस् ।

मन इत्येव भगवांस्तदा प्राह सरस्वती ।
अहं वै कामधुक् तुभ्यमिति तं प्राह वागथ ॥ १५ ॥

तव भगवान्ले भन्नुभयो – मन नै श्रेष्ठ हो। यस्तो सुनेर सरस्वतीले भन्नुभयो – म नै तिम्रो लागि कामधेनु वनेर सबै कुरा दिन्छु ।

ब्राह्मण उवाच

स्थावरं जङ्गमं चैव विद्धयुभे मनसी मम ।
स्थावरं मत्सकाशे वै जङ्गमं विषये तव ॥ १६ ॥

ब्राह्मणले भने – स्थावर र जङ्गम दुवै मेरा मन हुन् । वाहिरी इन्द्रियले ग्रहण गर्ने स्थावर मसित छ र इन्द्रिय वाहेकले पाउने स्वर्ग आदि विषय तिम्रो भागमा छ।

यस्तु तं विषयं गच्छेन्मन्त्रो वर्णः स्वरोऽपि वा ।
तन्मनो जङ्गमो नाम तस्मादसि गरीयसी ॥ १७ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मन्त्र, वर्ण र स्वर यी अलौकिक विषय हुन् र यसको नाम जङ्गम हो । यसकारण मनभन्दा वाणी ठूलो छ ।

यस्मादपि समाधिस्ते स्वयमभ्येत्य शोभने ।
तस्मादुच्छ्वासमासाद्य प्रवक्ष्यामि सरस्वति ॥ १८ ॥

यसकारण हे शोभने ! हे सरस्वति ! तिमी आफै आएर यो कुरा सोध्यौ । यसैले म उच्छ्वास लिएर भन्दछु ।

प्राणापानान्तरे देवी वाग् वै नित्यं स्म तिष्ठति ।
प्रेर्यमाणा महाभागे विना प्राणमपानती ।
प्रजापतिमुपाधावत् प्रसीद भगवन्निति ॥ १९ ॥

हे महाभागे ! प्राण र अपानको वीचमा वाणी सधैं वस्दछ । त्यो विना प्राणको सहायताले तल्लो दशामा पुगे र प्रजापतिकहाँ दौडदैं हे भगवन् खुसी हुनुहोस् भनेर भने ।

ततः प्राणः प्रादुरभूद् वाचमाप्याययन् पुनः ।
तस्मादुच्छ्वासमासाद्य न वाग् वदति कर्हिचित् ॥ २० ॥

त्यसपछि प्राण फेरि प्रकट भयो र बोलीलाई प्रेरित गर्नलागे । त्यसकारण उच्छ्वास लिँदा कहिल्यै पनि वाणी उत्पन्न हुँदैन ।

घोषिणी जातनिर्घोषा नित्यमेव प्रवर्तते ।
तयोरपि च घोषिण्या निर्घोषैव गरीयसी ॥ २१ ॥

वाणी दुई प्रकारको हुन्छ । पहिलो शब्द भएको र दोस्रो शब्द नभएको । ती दुईमा पनि शब्द भएकोभन्दा शब्द नभएको वाणी ठूलो छ ।

गौरिव प्रसवत्यर्थान् रसमुत्तमशालिनी ।
सततं स्यन्दते ह्येषा शाश्वतं ब्रह्मवादिनी ॥ २२ ॥

दिव्यादिव्यप्रभावेण भारती गौः शुचिस्मिते ।
एतयोरन्तरं पश्य सूक्ष्मयोः स्यन्दमानयोः ॥ २३ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

उत्तम रस दिने गाईजस्तै शब्द भएको वाणी आफूले इच्छाएको दिने हुन्छ। शुचिस्मिते ! दिव्य र अदिव्य प्रभावले युक्त गाई हुन्छ। यी दुवैमा के सूक्ष्म फरक छ त्यो आफै बुझ।

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मण्युवाच

अनुत्पन्नेषु वाक्येषु चोद्यमाना विवक्षया ।
किन्नु पूर्वं तदा देवी व्याजहार सरस्वती ॥ २४ ॥

ब्राह्मणीले भनिन् – वाक्यको जन्म नभएको समयमा सरस्वतीले के भनेर बोलेकी थिइन् ।

ब्राह्मण उवाच

प्राणेन या सम्भवते शरीरे
प्राणादपानं प्रतिपद्यते च ।
उदानभूता च विसृज्य देहं
व्यानेन सर्वं दिवमावृणोति ॥ २५ ॥

ततः समाने प्रतितिष्ठतीह
इत्येव पूर्वं प्रजजल्प वाणी ।
तस्मान्मनः स्थावरत्वाद् विशिष्टं
तथा देवी जङ्गमत्वाद् विशिष्टाः ॥ २६ ॥

ब्राह्मणले भने – त्यो वाणी प्राणद्वारा शरीरमा सम्भव छ। प्राणबाट अपानमा परिवर्तित हुन्छ। त्यसपछि उदान भएर शरीरलाई छोडी व्यानरूपले सबै आकाशमा व्याप्त हुन्छ। तब समानमा गएर मिसिन्छ। यसरी वाणीले आफ्नो उत्पत्ति बताए। त्यसकारण मन स्थावर भएको हुनाले विशेष छ र वाणी जङ्गमको कारणले विशेष छ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
एकविंशोऽध्यायः समाप्तः ॥ २१ ॥

षष्ठोऽध्यायः ॥ ६ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
एक्काइसौं अध्याय समाप्त भयो ॥ २१ ॥

छैटौं अध्याय ॥ ६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

सातौं अध्याय

ब्राह्मण उवाच

अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।
सुभगे सप्तहोतृणां विधानमिह यादृशम् ॥ १ ॥

ब्राह्मणले भने – हे सुभगे ! सप्तहोताको यज्ञको विधान जुन पहिले इतिहासमा भएको थियो त्यो भन्दछु ।

घ्राणश्चक्षुश्च जिह्वा च त्वक् श्रोत्रं चैव पञ्चमम् ।
मनो बुद्धिश्च सप्तैते होतारः पृथगाश्रिताः ॥ २ ॥

सूक्ष्मेऽवकाशे तिष्ठन्तो न पश्यन्तीतरेतरम् ।
एतान् वै सप्तहोतृंस्त्वं स्वभावाद् विद्धि शोभने ॥ ३ ॥

नाक, आँखा, जिब्रो, छाला, कान यी पाँच र मन तथा बुद्धि गरेर सात होताहरु अलग-अलग हुन् । हे शोभने ! यी शरीरका सूक्ष्म स्थानमा वस्दछन् र एक अर्कालाई देख्दैनन् । यी सात वटालाई तिमीले स्वभावबाट नै जान ।

ब्राह्मण्युवाच

सूक्ष्मेऽवकाशे सन्तस्ते कथं नान्योन्यदर्शिनः ।
कथंस्वभावा भगवन्नेतदाचक्ष्व मे प्रभो ॥ ४ ॥

ब्राह्मणीले भनिन् – हे भगवन् ! हे प्रभो ! सूक्ष्म शरीरमा रहेर पनि एक अर्कालाई किन देख्दैनन् र त्यसको स्वभाव कस्तो छ ? त्यो पनि मलाई भन्नुहोस् ।

ब्राह्मण उवाच

गुणाज्ञानमविज्ञानं गुणज्ञानमभिज्ञता ।
परस्परं गुणानेते नाभिजानन्ति कर्हिचित् ॥ ५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

ब्राह्मणले CC-0. In Public Domain. Digitization by eGangotri गुण नजान्नु नै गुणवान्लाई नजान्नु हो। गुण जान्नु नै गुणवान्लाई जान्नु हो।

जिह्वा चक्षुस्तथा श्रोत्रं वाङ्मनो वुद्धिरेव च ।
न गन्धानधिगच्छन्ति घ्राणस्तानधिगच्छति ॥ ६ ॥

जिव्रो, आँखा, कान, वोली, मन र वुद्धिले गन्ध थाहा पाउँदैन तर नाकले त्यसको अनुभव गर्दछ ।

घ्राणं चक्षुस्तथा श्रोत्रं वाङ्मनो वुद्धिरेव च ।
न रसानधिगच्छन्ति जिह्वा तानधिगच्छति ॥ ७ ॥

नाक, आँखा, कान, वोली, मन तथा वुद्धिले रसको अनुभव गर्दैन तर जिव्रोले त्यसको अनुभव गर्दछ ।

घ्राणं जिह्वा तथा श्रोत्रं वाङ्मनो वुद्धिरेव च ।
न रूपाण्यधिगच्छन्ति चक्षुस्तान्यधिगच्छति ॥ ८ ॥

नाक, जिव्रो, कान, वोली, मन र वुद्धिले रूपको अनुभव गर्दैन तर आँखाले त्यसको अनुभव गर्दछ ।

घ्राणं जिह्वा ततश्चक्षुः श्रोत्रं वुद्धिर्मनस्तथा ।
न स्पर्शानधिगच्छन्ति त्वक् च तानधिगच्छति ॥ ९ ॥

नाक, जिव्रो, आँखा, कान, मन र वुद्धिले स्पर्शको अनुभव गर्दैन तर छालाले त्यसको अनुभव गर्दछ ।

घ्राणं जिह्वा च चक्षुश्च वाङ्मनो वुद्धिरेव च ।
न शव्दानधिगच्छन्ति श्रोत्रं तानधिगच्छति ॥ १० ॥

नाक, जिव्रो, आँखा, वोली, मन र वुद्धिले शव्दको अनुभव गर्दैन तर कानले त्यसको अनुभव गर्दछ ।

घ्राणं जिह्वा च चक्षुश्च त्वक् श्रोत्रं वुद्धिरेवं च ।
संशयं नाधिगच्छन्ति मनस्तमधिगच्छति ॥ ११ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
नाक, जिब्रो, आँखा, कान, छाला र बुद्धिले संशयको अनुभव गर्दैन तर मनले त्यसको अनुभव गर्दछ ।

घ्राणं जिह्वा च चक्षुश्च त्वक् श्रोत्रं मन एव च ।
न निष्ठामधिगच्छन्ति बुद्धिस्तामधिगच्छति ॥ १२ ॥

नाक, जिब्रो, आँखा, कान, छाला र मनले निष्ठाको अनुभव गर्दैन तर बुद्धिले त्यसको अनुभव गर्दछ ।

अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।
इन्द्रियाणां च संवादं मनसश्चैव भाविनि ॥ १३ ॥

हे भाविनि ! अव म तिमीलाई मन तथा अरु इन्द्रियहरूको वार्तालापको उदाहरण सुनाउँछु जुन पहिले इतिहासमा भएको थियो ।

मन उवाच

नाघ्राति मामृते घ्राणं रसं जिह्वा न वेत्ति च ।
रूपं चक्षुर्न गृह्णाति त्वक् स्पर्शं नाववुध्यते ॥ १४ ॥

न श्रोत्रं वुध्यते शब्दं मया हीनं कथञ्चन ।
प्रवरं सर्वभूतानामहमस्मि सनातनम् ॥ १५ ॥

मनले भने – मेरो सहायता नभइकन नाकले सुँघ्न सक्दैन । जिब्रोले रस थाहा पाउँदैन । आँखाले देख्न सक्दैन । छालाले स्पर्श थाहा पाउँदैन । कानले सुन्दैन । यसकारण म नै सबै भूतहरूमा वलियो र सनातन हुँ ।

अगाराणीव शून्यानि शान्तार्चिष इवाग्नयः ।
इन्द्रियाणि न भांसन्ते मया हीनानि नित्यशः ॥ १६ ॥

मविनाको इन्द्रियहरू सधैं केही नभएको श्रीहीन घर र ज्वाला ननिस्केको आगोजस्तै देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

काष्ठानीवार्द्रशुष्काणि यतमानैरपीन्द्रियैः ।
गुणार्थान् नाधिगच्छन्ति मामृते सर्वजन्तवः ॥ १७ ॥

काठले जसरी भिजेको र सुखापनको अनुभव गर्न सक्दैन त्यसैगरी अनुभव गर्न खोजे तापनि प्राणीहरूले मविना केही गुणहरूको पनि अनुभव गर्न सक्दैन ।

इन्द्रियाण्यूचुः

एवमेतद् भवेद् सत्यं यथैतन्मन्यते भवान् ।
ऋतेऽस्मानस्मदर्थांस्त्वं भोगान् भुङ्क्ते भवान् यदि ॥१८॥

इन्द्रियहरूले भने – हाम्रो सहायता नभइकनै यदि तपाईं यसको अनुभव गर्न सक्नुहुन्छ भने के हामी यसलाई साँचो मानौं ।

यद्यस्मासु प्रलीनेषु तर्पणं प्राणधारणम् ।
भोगान् भुङ्क्ते भवान् सत्यं यथैतन्मन्यते तथा ॥ १९ ॥

हामीहरूले काम नगरे तापनि तपाईं सन्तुष्ट हुनुहुन्छ र सवै प्रकारको भोग र प्राणधारण गर्न सक्नुहुन्छ भने के तपाईंले भनेका सवै कुराहरू हामी मानौं ।

अथवास्मासु लीनेषु तिष्ठत्सु विषयेषु च ।
यदि सङ्कल्पमात्रेण भुङ्क्ते भोगान् यथार्थवत् ॥ २० ॥

अथ चेन्मन्यसे सिद्धिमस्मदर्थेषु नित्यदा ।
घ्राणेन रूपमादस्त्व रसमादत्स्व चक्षुषा ॥ २१ ॥

श्रोत्रेण गन्धनादत्स्व स्पर्शनादत्स्व जिह्वया ।
त्वचा च शव्दमादत्स्व वुद्धया स्पर्शमथापि च ॥ २२ ॥

हामी नरहे तापनि वा विषयमा रहे तापनि तपाईंले सङ्कल्प मात्र गरेर यदि सवै भोगहरू गर्न सक्नुहुन्छ र आफ्नो सिद्धिवाट हामीलाई पाउनुहुन्छ भने नाकद्वारा रूप, आँखाले रस, कानले गन्ध, जिव्रोले स्पर्श, छालाले शव्द, र वुद्धिले स्पर्शको अनुभव गर्नुहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

वलवन्तो [illegible] ।
CC-0. In Public Domain. Digitization by eGangotri
भोगानपूर्वानादत्स्व नोच्छिष्टं भोक्तुमर्हति ॥ २३ ॥

तपाईंजस्तो वलवान् नियममा रहनुहुन्न। नियम त निर्बलियोको लागि हो। तपाईं नयाँ ढङ्गले अनुभव गर्नुहोस्। हाम्रो जुठो खाने तपाईंलाई सुहाउँदैन।

यथा हि शिष्यः शास्तारं श्रुत्यर्थमभिधावति ।
ततः श्रुतमुपादाय श्रुत्यर्थमुपतिष्ठति ॥ २४ ॥

विषयानेवमस्माभिर्दर्शितानभिमन्यसे ।
अनागतानतीतांश्च स्वप्ने जागरणे तथा ॥ २५ ॥

श्रुतिको उपदेश पाउनको लागि शिष्य गुरुकहाँ जान्छ र त्यसको उपदेश पाइसकेपछि त्यस उपदेशको अनुसरण गर्दछ त्यसैगरी तपाईं पनि हामीले देखाएको भूत र भविष्यको विपयमा सुत्दा र व्युँझिदा त्यसको उपभोग गर्नुहुन्छ।

वैमनस्यं गतानां च जन्तूनामल्पचेतसाम् ।
अस्मदर्थे कृते कार्ये दृश्यते प्राणधारणम् ॥ २६ ॥

मन नभएको प्राणीलाई मन्दवुद्धि भएको भनिन्छ। हामीले गरेको कार्यमा प्राणधारण गरेको देखिन्छ।

वहूनपि हि सङ्कल्पान् मत्वा स्वप्नानुपास्य च ।
वुभुक्षया पीड्यमानो विषयानेव धावति ॥ २७ ॥

धेरै सङ्कल्प र सपना वोकेका प्राणीहरू भोकले पीडित भएर विषयको पछि दौडन्छन्।

अगारमद्वारमिव प्रविश्य
सङ्कल्पभोगान् विषये निवद्धान् ।
प्राणक्षये शान्तिमुपैति नित्यं
दारुक्षयेऽग्निर्ज्वलितो यथैव ॥ २८ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

ढोका नभएको घरमा पसेर जसरी मनुष्य सङ्कल्प गरेको विषयमा बाँधिन्छन् त्यसरी नै प्राण क्षय भएको खण्डमा पनि दाउरा नभएको आगो निभेझैं सधैं शान्त हुन्छन् ।

CC-0.In Public Domain. Digitization by eGangotri

कामं तु नः स्वेषु गुणेषु सङ्गः
कामं च नान्योन्यगुणोपलब्धिः ।
अस्मान् विना नास्ति तवोपलब्धि-
स्तावदृते त्वां न भजेत् प्रहर्षः ॥ २९ ॥

हामी आफू-आफूमा एक अर्काको गुण बुझ्न सक्दैनौं तापनि हामीमा आ-आफ्नो गुणको आसक्ति छ । हामी तपाईंको सहायताविना कुनै विषयको अनुभव गर्न सक्दैनौं । तपाईंविना हामीलाई हर्ष हुँदैन ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
द्वाविंशोऽध्यायः समाप्तः ॥ २२ ॥

सप्तमोऽध्यायः ॥ ७ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
बाइसौं अध्याय समाप्त भयो ॥ २२ ॥

सातौं अध्याय ॥ ७ ॥

–०–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

आठौं अध्याय

CC-0.In Public Domain. Digitization by eGangotri

ब्राह्मण उवाच

अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।
सुभगे पञ्चहोतॄणां विधानमिह यादृशम् ॥ १ ॥

ब्राह्मणले भने – हे सुभगे ! पांच होताको यज्ञको विषयमा जुन विधान पहिले इतिहासमा भनिएको छ, त्यो उदाहरण म भन्दछु ।

प्राणापानावुदानश्च समानो व्यान एव च ।
पञ्चहोतृंस्तथैतान् वै परं भावं विदुर्बुधाः ॥ २ ॥

प्राण, अपान, उदान, समान र व्यान यी पाँच वटा होताहरूलाई विद्वान्हरूले उत्तम मानेका छन् ।

ब्राह्मण्युवाच

स्वभावात् सप्तहोतार इति मे पूर्विका मतिः ।
यथा वै पञ्चहोतारः परो भावस्तदुच्यताम् ॥ ३ ॥

ब्राह्मणीले भनिन् – मेरो विचारमा सात होता हुन् । फेरि अहिले पाँच वटा होता भयो । अब मलाई यसको वर्णन गर्नुस् ।

ब्राह्मण उवाच

प्राणेन सम्भृतो वायुरपानो जायते ततः ।
अपाने सम्भृतो वायुस्ततो व्यानः प्रवर्तते ॥ ४ ॥

व्यानेन सम्भृतो वायुस्ततोदानः प्रवर्तते ।
उदाने सम्भृतो वायुः समानो नाम जायते ॥ ५ ॥

तेऽपृच्छन्त पुरा सन्तः पूर्वजातं पितामहम् ।
यो नः श्रेष्ठंस्तमाचक्ष्व स नः श्रेष्ठो भविष्यति ॥ ६ ॥

ब्राह्मणले भने – वायु प्राणद्वारा सङ्कलित भएर अपान, अपानद्वारा सङ्कलित भएर व्यान, व्यानद्वारा सङ्कलित भएर उदान र उदानद्वारा सङ्कलित भएर समान हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

एकपटक यी सबै वायुहरूले सबैभन्दा जेठो ब्रह्माजीसँग प्रश्न सोधे। हामीमध्ये को सबैभन्दा श्रेष्ठ छ त्यसलाई हामी श्रेष्ठ मान्छौं।
CC-0 In Public Domain. Digitization by eGangotri

ब्रह्मोवाच

यस्मिन् प्रलीने प्रलयं व्रजन्ति
सर्वे प्राणाः प्राणभृतां शरीरे।
यस्मिन् प्रचीर्णे च पुनश्चरन्ति
स वै श्रेष्ठो गच्छत यत्र कामः ॥ ७ ॥

ब्रह्माजीले भन्नुभयो – सबै प्राणधारी प्राणीहरूको शरीरमा जुन नहुनुले सबैको प्राण नष्ट हुन्छ, जुन भएमा फेरि त्यो चल्न थाल्छ। त्यही श्रेष्ठ हो। अब तिम्रो जहाँ इच्छा छ त्यहीं जाऊ।

प्राण उवाच

मयि प्रलीने प्रलयं व्रजन्ति
सर्वे प्राणाः प्राणभृतां शरीरे।
मयि प्रचीर्णे च पुनश्चरन्ति
श्रेष्ठो ह्यहं पश्यत मां प्रलीनम् ॥ ८ ॥

प्राणले भने – म नभएको खण्डमा सबै प्राणधारी प्राणीहरू मर्दछन् र म भएमा फेरि बाँच्दछन्। यसकारण म नै सवैभन्दा श्रेष्ठ हुँ। अब म लीन भइरहेछु हेर।

ब्राह्मण उवाच

प्राणः प्रलीयत ततः पुनश्च प्रचचार ह।
समानश्चाप्युदानश्च वचोऽब्रूतां पुनः शुभे ॥ ९ ॥

ब्राह्मणले भने – हे शुभे ! यस्तो भनेर प्राण वायु लीन भए। फेरि चल्न थाले। त्यसपछि समान र उदान वायुले प्राणसँग भने।

न त्वं सर्वमिदं व्याप्य तिष्ठसीह यथा वयम्।
न त्वं श्रेष्ठो हि नः प्राण अपानो हि वशे तव।
प्रचचार पुनः प्राणस्तमपानोऽभ्यभाषत ॥ १० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
हे प्राण ! हामी यस शरीरमा व्याप्त छौं । त्यसैगरी तिमी यस शरीरमा व्याप्त भएर रहन सक्दैनौ । यसकारण तिमी हामीभन्दा श्रेष्ठ हुन सक्दैनौ । अपान मात्र तिम्रो वशमा छ । त्यसपछि अपानले भने ।

अपान उवाच

मयि प्रलीने प्रलयं व्रजन्ति
सर्वे प्राणाः प्राणभृतां शरीरे ।
मयि प्रचीर्णे च पुनश्चरन्ति
श्रेष्ठो ह्यहं पश्यत मां प्रलीनम् ॥ ११ ॥

अपानले भने – म नभएको खण्डमा सबै प्राणधारी प्राणीहरू मर्दछन् र म भएमा फेरि बाँच्दछन् । यसकारण म नै सबैभन्दा श्रेष्ठ हुँ । अब म लीन भइरहेछु, हेर ।

ब्राह्मण उवाच

व्यानश्च तमुदानश्च भाषमाणमथोचतुः ।
अपान न त्वं श्रेष्ठोऽसि प्राणो हि वशगस्तव ॥ १२ ॥

ब्राह्मणले भने – यस्तो भनेको सुनेर व्यान र उदानले अपानलाई भने, हे अपान ! तिम्रो वशमा प्राण मात्र रहेको छ । यसैले तिमी हामीभन्दा श्रेष्ठ हुन सक्दैनौ ।

अपानः प्रचचाराथ व्यानस्तं पुनरब्रवीत् ।
श्रेष्ठोऽहमस्मि सर्वेषां श्रूयतां येन हेतुना ॥ १३ ॥

यस्तो कुरा सुनेर अपान फेरि चल्न थाल्यो । तब व्यानले अपानलाई भने, म नै सबैभन्दा श्रेष्ठ हुँ । मेरो श्रेष्ठताको कारण सुन ।

मयि प्रलीने प्रलयं व्रजन्ति
सर्वे प्राणाः प्राणभृतां शरीरे ।
मयि प्रचीर्णे च पुनश्चरन्ति
श्रेष्ठो ह्यहं पश्यत मां प्रलीनम् ॥ १४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

म नभएको खण्डमा सबै प्राणधारी प्राणीहरू मर्दछन् र म भएमा फ
बाँच्दछन्। यसकारण म नै सबैभन्दा श्रेष्ठ हुँ। अब म लीन भइरहे
हेर।

ब्राह्मण उवाच

प्रालीयत ततो व्यानः पुनश्च प्रचचार ह।
प्राणापानवुदानश्च समानश्च तमब्रुवन्।
न त्वं श्रेष्ठोऽसि नो व्यान समानस्तु वशे तव॥ १५॥

ब्राह्मणले भने – त्यसपछि व्यान केही समयको लागि लीन भए र फेरि च
थाल्यो। त्यस वेला प्राण, अपान, उदान र समानले उनलाई भने, हे व्यान
तिमी हामीभन्दा श्रेष्ठ छैनौ। समान मात्र तिम्रो वशमा छ।

प्रचचार पुनर्व्यानः समानः पुनरब्रवीत्।
श्रेष्ठोऽहमस्मि सर्वेषां श्रूयतां येन हेतुना॥ १६॥

फेरि व्यान चल्न थाल्यो। अनि समानले फेरि भने, म नै सबैभन्दा श्रे
छु। मेरो श्रेष्ठताको कारण सुन।

मयि प्रलीने प्रलयं व्रजन्ति
सर्वे प्राणाः प्राणभृतां शरीरे।
मयि प्रचीर्णे च पुनश्चरन्ति
श्रेष्ठो ह्यहं पश्यत मां प्रलीनम्॥ १७॥

म नभएको खण्डमा सबै प्राणधारी प्राणीहरू मर्दछन् र म भएमा फ
बाँच्दछन्। यसकारण म नै सबैभन्दा श्रेष्ठ हुँ। अब म लीन भइरहे
हेर।

ब्राह्मण उवाच

ततः समानः प्रालिल्ये पुनश्च प्रचचार ह।
प्राणापानावुदानश्च व्यानश्चैव तमब्रुवन्।
न त्वं समान श्रेष्ठोऽसि व्यान एव वशे तव॥ १८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

ब्राह्मणले भने — त्यसपछि, समान केही समयको लागि लीन भए र फेरि चल्न थाल्यो। त्यस वेला प्राण, अपान, उदान र व्यानले उनलाई भने, हे समान ! तिमी हामीभन्दा श्रेष्ठ छैनौ। व्यान मात्र तिम्रो वशमा छ।

समानः प्रचचाराथ उदानस्तमुवाच ह।
श्रेष्ठोऽहमस्मि सर्वेषां श्रूयतां येन हेतुना ॥ १९ ॥

फेरि समान चल्न थाल्यो। अनि उदानले फेरि भने, म नै सबैभन्दा श्रेष्ठ छु। मेरो श्रेष्ठताको कारण सुन।

मयि प्रलीने प्रलयं व्रजन्ति
सर्वे प्राणाः प्राणभृतां शरीरे।
मयि प्रचीर्णे च पुनश्चरन्ति
श्रेष्ठो ह्यहं पश्यत मां प्रलीनम् ॥ २० ॥

म नभएको खण्डमा सबै प्राणधारी प्राणीहरू मर्दछन् र म भएमा फेरि बाँच्दछन्। यसकारण म नै सबैभन्दा श्रेष्ठ हुँ। अब म लीन भइरहेछु, हेर।

ततः प्रालीयतोदानः पुनश्च प्रचचार ह।
प्राणापानौ समानश्च व्यानश्चैव तमब्रुवन्।
उदान त्वं श्रेष्ठोऽसि व्यान एव वशे तव ॥ २१ ॥

त्यसपछि उदान केही समयको लागि लीन भए र फेरि चल्न थाल्यो। त्यस वेला प्राण, अपान, समान र व्यानले उनलाई भने, हे उदान ! तिमी हामीभन्दा श्रेष्ठ छैनौ। व्यान मात्र तिम्रो वशमा छ।

ब्राह्मण उवाच

ततस्तानब्रवीद् ब्रह्मा समवेतान् प्रजापतिः।
सर्वे श्रेष्ठा न वा श्रेष्ठाः सर्वे चान्योन्यधर्मिणः ॥ २२ ॥

त्यसपछि ती सबै ब्रह्माजीकहाँ एकत्र भए। ब्रह्माजीले सबैलाई भन्नुभयो, तिमीहरू सबै श्रेष्ठ छौ, अथवा कोही पनि श्रेष्ठ छैनौ। तिमीहरू सबै एकै धर्ममा रहेका छौ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

सर्वे स्वविषये श्रेष्ठाः सर्वे चान्योन्यधर्मिणः ।
CC-0.In Public Domain. Digitization by eGangotri
इति तानब्रवीत् सर्वान् समवेतान् प्रजापतिः ॥ २३ ॥

तिमीहरू सवै आ-आफ्नो विषयमा श्रेष्ठ छौ र एकै धर्ममा रहेका छौ। ती स
एकत्रित भएका वायुहरूलाई ब्रह्माजीले फेरि भने ।

एकः स्थिरश्चास्थिरश्च विशेषात् पञ्च वायवः ।
एक एव ममैवात्मा बहुधाप्युपचीयते ॥ २४ ॥

एउटै वायु स्थिर र अस्थिर दुवै रूपले बसेका छन्। त्यसैले यही फरकक
कारणले पाँच वायु भएका छौ। यसप्रकार मेरो एउटै आत्मा अनेक रूपम
विभक्त छन्।

परस्परस्य सुहृदो भावयन्तः परस्परम् ।
स्वस्ति व्रजत भद्रं वो धारयध्वं परस्परम् ॥ २५ ॥

तिमीहरू आपसमा मित्रताको भाव गरी बस। एक आपसमा कल्याण र हितै
भएर सहायताको रूपमा मिलेर बस।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
त्रयोविंशोऽध्यायः समाप्तः ॥ २३ ॥

अष्टमोऽध्यायः ॥ ८ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
तेइसौं अध्याय समाप्त भयो ॥ २३ ॥

आठौं अध्याय ॥ ८ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

नवौं अध्याय

ब्राह्मण उवाच

अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।
नारदस्य च संवादमृषेर्देवमतस्य च ॥ १ ॥

ब्राह्मणले भने – नारद र देवमतको संवाद जुन इतिहासमा भएको थियो त्यसको उदाहरण म भन्दछु ।

देवमत उवाच

जन्तोः सञ्जायमानस्य किं नु पूर्वं प्रवर्तते ।
प्राणोऽपानः समानो वा व्यानो वोदान एव च ॥ २ ॥

देवमतले भने – प्राणीको जन्म हुँदा प्राण, अपान, समान, व्यान र उदानमध्ये कुन चाहिँ सबैभन्दा पहिले प्रवेश गर्दछ ।

नारद उवाच

येनायं सृज्यते जन्तुस्ततोऽन्यः पूर्वमेति तम् ।
प्राणद्वन्द्वं हि विज्ञेयं तिर्यगूर्ध्वमधश्च यत् ॥ ३ ॥

नारदले भने – जुन कारणले यो प्राणीको सृष्टि भयो त्यसभन्दा पहिले अर्को चिजको सृष्टि पहिले नै भएको थियो । त्यही नै प्राणहरूको द्वन्द्व जान्नू । त्यो तिर्यग्, ऊर्ध्व र अधःमा व्याप्त छ ।

देवमत उवाच

केनायं सृज्यते जन्तुः कश्चान्यः पूर्वमेति तम् ।
प्राणद्वन्द्वं च मे ब्रूहि तिर्यगूर्ध्वमधश्च यत् ॥ ४ ॥

देवमतले भने – कुन कारणले यो प्राणीको सृष्टि भयो, त्यसभन्दा पहिले अर्को चिजको सृष्टि पहिले नै कसरी भयो ? त्यो प्राणहरूको द्वन्द्व भनेको के हो ? त्यो तिर्यग्, ऊर्ध्व र अधः कसरी व्याप्त छ ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
नारद उवाच

सङ्कल्पाज्जायते हर्षः शब्दादपि च जायते ।
रसात् सञ्जायते चापि रूपादपि च जायते ॥ ५ ॥

नारदले भने – सङ्कल्पवाट हर्ष उत्पन्न हुन्छ र त्यही हर्ष शव्द, रस र रूपवाट पनि उत्पन्न हुन्छ ।

शुक्राच्छोणितसंसृष्टात् पूर्वं प्राणः प्रवर्तते ।
प्राणेन विकृते शुक्रे ततोऽपानः प्रवर्तते ॥ ६ ॥

वीर्यमा मिंल्नुभन्दा पहिले नै रजमा प्राण आउँछ र त्यस प्राणले वीर्यमा विकार उत्पन्न हुन्छ । त्यसपछि अपानको त्यसमा प्रवृत्ति हुन्छ ।

शुक्रात् सञ्जायते चापि रसादपि च जायते ।
एतद् रूपमुदानस्य हर्षो मिथुनमन्तरा ॥ ७ ॥

शुक्र र रसवाट पनि हर्ष उत्पन्न हुन्छ । यही नै उदानको रूप हो । यसकारण मिथुन यी दुवैमा व्याप्त रहेको छ ।

कामात् सञ्जायते शुक्रं शुक्रात् सञ्जायते रजः ।
समानव्यानजनिते सामान्ये शुक्रशोणिते ॥ ८ ॥

कामवाट शुक्रको उत्पत्ति हुन्छ । शुक्रवाट रजको उत्पत्ति हुन्छ । यी दुवै समान र व्यानवाट उत्पन्न हुन्छ । यसकारण सामान्य भनिन्छ ।

प्राणापानाविदं द्वन्द्वमवाक् चोर्ध्वं च गच्छतः ।
व्यानः समानश्चैवोभौ तिर्यग् द्वन्द्वत्वमुच्यते ॥ ९ ॥

प्राण र अपान यी दुवै तल र माथिको द्वन्द्व हो । व्यान र समान यी दुवै मध्यम द्वन्द्व हो ।

अग्निर्वै देवताः सर्वा इति देवस्य शासनम् ।
सञ्जायते ब्राह्मणस्य ज्ञानं बुद्धिसमन्वितम् ॥ १० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अग्नि नै सबै देवता हुन् । यो नै देवताको शासन हो । यसैबाट ब्राह्मणमा
CC-0.In Public Domain. Digitization by eGangotri
बुद्धियुक्त ज्ञान उत्पन्न हुन्छ ।

तस्य धूमस्तमो रूपं रजो भस्मसु तेजसः ।
सर्वं सञ्जायते तस्य यत्र प्रक्षिप्यते हविः ॥ ११ ॥

त्यो अग्निबाट उत्पन्न भएको धुँवा तम र खरानी रज हो । यसैको लागि अग्निमा हविष्य आहुति दिइन्छ र त्यसैबाट सबै उत्पन्न हुन्छ ।

सत्त्वात् समानो व्यानश्च इति यज्ञविदो विदुः ।
प्राणापानावाज्यभागौ तयोर्मध्ये हुताशनः ॥ १२ ॥

एतद् रूपमुदानस्य परमं ब्राह्मणा विदुः ।
निर्द्वन्द्वमिति यत् त्वेतत् तन्मे निगदतः शृणु ॥ १३ ॥

सत्त्वबाट समान र व्यानको उत्पन्न हुन्छ, यो कुरा ब्राह्मणहरूले बुझेका छन् । प्राण र अपान आज्यभाग नामका दुई अग्निको बीचमा रहेको अग्निलाई ब्राह्मणहरूले जानेका छन् । त्यो निर्द्वन्द्व छ । यो ज्ञान म भन्दछु, सुन ।

अहोरात्रमिदं द्वन्द्वं तयोर्मध्ये हुताशनः ।
एतद् रूपमुदानस्य परमं ब्राह्मणा विदुः ॥ १४ ॥

दिन र रातको द्वन्द्वको बीचमा रहेको अग्निलाई ब्राह्मणहरूले जानेका छन् । यो उदानको ठूलो रूप हो ।

सच्चासच्चैव तद् द्वन्द्वं तयोर्मध्ये हुताशनः ।
एतद् रूपमुदानस्य परमं ब्राह्मणा विदुः ॥ १५ ॥

सत् र असत्को द्वन्द्वको बीचमा रहेको अग्निलाई ब्राह्मणहरूले जानेका छन् । यो उदानको ठूलो रूप हो ।

ऊर्ध्वं समानो व्यानश्च व्यस्यते कर्म तेन तत् ।
तृतीयं तु समानेन पुनरेव व्यवस्यते ॥ १६ ॥

समान र व्यानको रूप ऊर्ध्व हो । त्यसैबाट कर्मको विस्तार हुन्छ । तेस्रो चाहिं समानबाट व्यवस्थित छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

शान्त्यर्थं व्यानमेकं च शान्तिर्ब्रह्म सनातनम्
CC-0.In Public Domain. Digitization by eGangotri
एतद् रूपमुदानस्य परमं ब्राह्मणा विदुः ॥ १७ ॥

एउटै मात्र व्यान शान्तिको लागि हो र त्यो शान्ति नै ब्रह्म सनातन हो ब्राह्मणहरू यसैलाई उदानको ठूलो रूप मान्दछन् ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
चतुर्विंशोऽध्यायः समाप्तः ॥ २४ ॥

नवमोऽध्यायः ॥ ९ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
चौबीसौं अध्याय समाप्त भयो ॥ २४ ॥

नवौं अध्याय ॥ ९ ॥

–০–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मण उवाच

अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।
चातुर्होत्रविधानस्य विधानमिह यादृशम् ॥ १ ॥

ब्राह्मणले भने – चार होताले युक्त होमको विषयमा जुन इतिहासमा वर्णन गरेको थियो त्यसको उदाहरण म भन्दछु ।

तस्य सर्वस्य विधिवद् विधानमुपदिश्यते ।
शृणु मे गदतो भद्रे रहस्यमिदमद्भुतम् ॥ २ ॥

हे भद्रे ! त्यो चार होताले युक्त होमको विधान एकदम अद्भुत छ । त्यसको रहस्य सुन ।

करणं कर्म कर्ता च मोक्ष इत्येव भाविनि ।
चत्वार एते होतारो यैरिदं जगदावृतम् ॥ ३ ॥

हे भाविनि ! करण, कर्म, कर्ता र मोक्ष यी चार होता हुन् । यिनीहरूद्वारा यो संसार आवृत्त छ ।

हेतूनां साधनं चैव शृणु सर्वमशेषतः ।
घ्राणं जिह्वा च चक्षुश्च त्वक् च श्रोत्रं च पञ्चमम् ।
मनो बुद्धिश्च सप्तैते विज्ञेया गुणहेतवः ॥ ४ ॥

यसको जुन कारण छ त्यो युक्तिद्वारा सिद्ध हुन्छन् । त्यो सबै मबाट सुन । नाक, जिब्रो, आँखा, छाला र कान यी पाँचका साथै मन र बुद्धि गरी सात वटा गुणका कारण जान्नू ।

गन्धो रसश्च रूपं च शब्दः स्पर्शश्च पञ्चमः ।
मन्तव्यमथ बोद्धव्यं सप्तैते कर्महेतवः ॥ ५ ॥

गन्ध, रस, रूप, शब्द र स्पर्श यी पाँच पनि मन्तव्य तथा बोद्धव्य छन् । यी सात कर्मका कारण हुन् ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

घ्राता भक्षयिता द्रष्टा वक्ता श्रोता च पञ्चमः ।
मन्ता वोद्धा च सप्तैते विज्ञेयाः कर्तृहेतवः ॥ ६ ॥

सुँघ्ने, खाने, हेर्ने, बोल्ने र सुन्ने यी पाँच तथा मनन गर्ने र बोध प्राप्त गर्ने गरी सात वटा कर्ताका कारण जान्नू ।

स्वगुणं भक्षयन्त्येते गुणवन्तः शुभाशुभम् ।
अहं च निर्गुणोऽनन्तः सप्तैते मोक्षहेतवः ॥ ७ ॥

यी प्राण आदि गरिएका इन्द्रियहरू गुणवान् छन् । आफैमा शुभ र अशुभ तथा आफ्नो गुणअनुसार यिनीहरूले उपभोग गर्दछन् । यसकारण म निर्गुण छु भने यी सातै वटा मोक्षका कारण हुन् ।

विदुषां वुध्यमानानां स्वं स्वं स्थानं यथाविधि ।
गुणास्ते देवताभूताः सततं भुञ्जते हविः ॥ ८ ॥

विभिन्न विषयहरू जान्ने विद्वान्हरू यी इन्द्रियहरूलाई आ-आफ्नो स्थान विधिअनुसार जान्दछन् । देवताहरू हविष्यको मात्रै उपभोग गर्दछन् ।

अदन्नन्नान्यथोऽविद्वान् ममत्वेनोपपद्यते ।
आत्मार्थे पाचयन्नन्नं ममत्वेनोपहन्यते ॥ ९ ॥

अज्ञानीहरू अन्न लिने समयमा ममत्वले युक्त हुन्छन् र आफैलाई अन्न पकाउँदा त्यही ममत्वले मार्दछ ।

अभक्ष्यभक्षणं चैव मद्यपानं च हन्ति तम् ।
स चान्नं हन्ति तं चान्नं स हत्वा हन्यते पुनः ॥ १० ॥

अभक्ष्य खानाले र मद्यपान गर्नाले त्यो पुरुष मर्दछ । भक्षणद्वारा उसले अन्नलाई मार्दछ । यसरी ती वस्तुलाई मार्नाले ऊ स्वयं पनि मर्दछ ।

हन्ता ह्यन्नमिदं विद्वान् पुनर्जनयतीश्वरः ।
न चान्नाज्जायते तस्मिन् सूक्ष्मो नाम व्यतिक्रमः ॥ ११ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जो विद्वानले यी अभक्ष्यहरू खान्छ, आफैमा त्यसलाई लीन गर्दछ। त्यसले ईश्वर भएर फेरि त्यसलाई जन्माउँदछ। त्यस अभक्ष्य खानाले त्यो विद्वान्लाई केही पनि बिगार्दैन।

मनसा गम्यते यच्च यच्च वाचा निगद्यते।
श्रोत्रेण श्रूयते यच्च चक्षुषा यच्च दृश्यते ॥ १२ ॥

स्पर्शेन स्पृश्यते यच्च घ्राणेन घ्रायते च यत्।
मनःषष्ठानि संयम्य हवींष्येतानि सर्वशः ॥ १३ ॥
गुणवत्पावको मह्यं दीव्यतेऽन्तःशरीरगः।

मनले जे विचार गऱ्यो, मुखले जे भन्यो, कानले जे सुन्यो, आँखाले जे देख्यो, छालाले जे छोयो, नाकले जे सुँघ्यो मनले संयम गरेको यी छ वटा हविष्य हुन्। यही गुणरूप पावक मलाई मेरो शरीरबाट प्रकाशित गरिरहेको छ।

योगयज्ञः प्रवृत्तो मे ज्ञानवह्निप्रदोद्भवः।
प्राणस्तोत्रोऽपानशस्त्रः सर्वत्यागसुदक्षिणः ॥ १४ ॥

योगयज्ञमा म प्रवृत्त भएको छु र ज्ञानवह्निद्वारा म प्रकाशित छु। यस योगयज्ञमा स्तोत्र प्राण हो, अपान शस्त्र हो र सबै त्याग्नु नै दक्षिणा हो।

कर्तानुमन्ता ब्रह्मात्मा होताध्वर्युः कृतस्तुतिः।
ऋतं प्रशास्ता तच्छस्त्रमपवर्गोऽस्यदक्षिणा ॥ १५ ॥

कर्ता, अनुमन्ता र आत्मा यी तीन ब्रह्मरूप क्रमैले होता, अध्वर्यु र कृतस्तुति हुन्। साँचो बोल्नु प्रशास्ताको शस्त्र हो र अपवर्ग यसको दक्षिणा हो।

ऋचश्चाप्यत्र शंसन्ति नारायणविदो जनाः।
नारायणाय देवाय यदविन्दन् पशून् पुरा ॥ १६ ॥

नारायणलाई बुझ्ने प्राणीले यस यज्ञको प्रमाणमा ऋचाहरूलाई प्रयोग गर्दछन्। पहिले भगवान् नारायणलाई जान्नेहरूले इन्द्रियलाई वशमा राखेका थिए।

तत्र सामानि गायन्ति तत्र चाहुर्निदर्शनम्।
देवं नारायणं भीरु सर्वात्मानं निबोध तम् ॥ १७ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

यस योगमा सामवेदले गाउँदछ र निर्देश दिन्छन् । हे भीरु ! तिमी त्यस सबैका आत्मा भएको देवरूप नारायणलाई बुझ ।

CC-0 In Public Domain. Digitization by eGangotri

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
पञ्चविंशोऽध्यायः समाप्तः ॥ २५ ॥

दशमोऽध्यायः ॥ १० ॥

महाभारतको अंश्वमेध पर्वमा अनुगीतापर्वमा
पच्चीसौं अध्याय समाप्त भयो ॥ २५ ॥

दसौं अध्याय ॥ १० ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

एघाह्रौं अध्याय

CC-0.In Public Domain. Digitization by eGangotri

ब्राह्मण उवाच

एकः शास्ता न द्वितीयोऽस्ति शास्ता
यो हृच्छयस्तमहमनुब्रवीमि ।
तेनैव युक्तः प्रवणादिवोदकं
यथा नियुक्तोऽस्मि तथा वहामि ॥ १ ॥

ब्राह्मणले भने – यस संसारका शासक एकै छन्, दोस्रा छैनन् । त्यो शासक हृदयमा नै छन् र त्यही शासक परमात्माको विषयमा म भन्दैछु । तलतिर झर्ने पानीको वानीजस्तै म पनि आत्माद्वारा निर्देशित कार्यमा लागेको छु र त्यसैको पालना गर्दछु ।

एको गुरुर्नास्ति ततो द्वितीयो
यो हृच्छयस्तमहमनुब्रवीमि ।
तेनानुशिष्टा गुरुणा सदैव
पराभूता दानवाः सर्व एव ॥ २ ॥

यस संसारका गुरु एकै छन्, दोस्रा छैनन् । त्यो गुरु परमात्मा हृदयमा नै छन् र त्यही गुरुको विषयमा म भन्दैछु । त्यही गुरुको अनुशासनद्वारा सबै दानवहरू हारे ।

एको बन्धुर्नास्ति ततो द्वितीयो
यो हृच्छयस्तमहमनुब्रवीमि ।
तेनानुशिष्टा बान्धवा बन्धुमन्तः
सप्तर्षयश्चैव दिवि प्रभान्ति ॥ ३ ॥

यस संसारका बन्धु एकै छन्, दोस्रा छैनन् । त्यो बन्धु परमात्मा हृदयमा नै छन् । उनैद्वारा निर्देशित बान्धवहरू बन्धुमान् भएका छन् । सप्तर्षिहरू आकाशमा चम्केका छन् ।

एकः श्रोता नास्ति ततो द्वितीयो
यो हृच्छयस्तमहमनुब्रवीमि ।
तस्मिन् गुरौ गुरुवासं निरुष्य
शक्रो गतः सर्वलोकामरत्वम् ॥ ४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

यस संसारका श्रोता एकै छन्, दोस्रा छैनन् । त्यो श्रोता परमात्मा हृदयमा
छन् । त्यही गुरुलाई मानेर इन्द्रले गुरुकुलको नियम पालना गरे
थिए । यसैले उनलाई अमरत्व प्राप्त भयो ।

CC-0.In Public Domain. Digitization by eGangotri

एको द्वेष्टा नास्ति ततो द्वितीयो
यो हृच्छयस्तमहमनुब्रवीमि ।
तेनानुशिष्टा गुरुणा सदैव
लोके द्विष्टाः पन्नगाः सर्व एव ॥ ५ ॥

यस संसारका शत्रु एकै छन्, दोस्रा छैनन् । त्यो शत्रु परमात्मा हृदयमा नै छन्
त्यही शत्रु गुरुलाई मानेर सर्प आदि गरिएकाहरू सधैं द्वेष गर्छन् ।

अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।
प्रजापतौ पन्नगानां देवर्षीणां च संविदम् ॥ ६ ॥

प्रजापति, सर्प र देवर्षि नारदहरूको संवाद जुन इतिहासमा वर्णन गरिएको छ
त्यसको उदाहरण म भन्दछु ।

देवर्षयश्च नागाश्चाप्यसुराश्च प्रजापतिम् ।
पर्यपृच्छन्नुपासीनाः श्रेयो नः प्रोच्यतामिति ॥ ७ ॥

देवर्षि, नाग, दैत्यहरूले प्रजापति व्रह्मासँग सोधे – हाम्रो कल्याणको उपाय
छ ? भन्नुहोस् ।

तेषां प्रोवाच भगवाञ्छ्रेयः समनुपृच्छताम् ।
ओमित्येकाक्षरं व्रह्म ते श्रुत्वा प्राद्रवन् दिशः ॥ ८ ॥

ती देवर्षि, नाग र दैत्यहरूको प्रश्न सुनेर भगवान् व्रह्माले ॐ कारको उच्चारण
गरे । उक्त उच्चारण सुनेर सबै आ-आफ्नो दिशातिर लागे ।

तेषां प्रद्रवमाणानामुपदेशार्थमात्मनः ।
सर्पाणां दंशने भावः प्रवृत्तः पूर्वमेव तु ॥ ९ ॥

असुराणां प्रवृत्तस्तु दम्भभावः स्वभावजः ।
दानं देवा व्यवसिता दममेव महर्षयः ॥ १० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

तीं सर्प, देवता र ऋषिहरूले ब्रह्माजीको उपदेशलाई मनन गरे र फेरि पहिले जस्तै सर्पले डस्न थाले, असुरहरूको घमण्ड बढ्न थाल्यो र महर्षिहरूको दान र दममा मन जान थाल्यो ।

CC-0.In Public Domain. Digitization by eGangotri

एकं शास्तारमासाद्य शव्देनैकेन संस्कृताः ।
नाना व्यवसिताः सर्वे सर्पदेवर्षिदानवाः ॥ ११ ॥

सर्प, देवता र ऋपिहरूले एकै गुरु व्रह्माजीवाट उपदेश पाएका थिए । तर तिंनीहरूले फरक-फरक अर्थ लगाएर त्यस्तै कार्य गरे ।

शृणोत्ययं प्रोच्यमानं गृह्णाति च यथातथम् ।
पृच्छ्यातस्तदतो भूयो गुरुरन्यो न विद्यते ॥ १२ ॥

उपदेश दिनेले जे उपदेश दिएको हो त्यो लिनेले आफ्नै प्रकारले लिन्छ । त्यसकारण उपदेश लिनेको आफ्नो हृदयमा भएको परमात्मा गुरुले जस्तो सिकाउँछ त्यस्तै गर्छ अरु गुरुले भनेजस्तो हुँदैन ।

तस्य चानुमते कर्म ततः पश्चात् प्रवर्तते ।
गुरुर्वोद्धा च श्रोता च द्वेष्टा च हृदि निःसृतः ॥ १३ ॥

पहिले उसले कर्मलाई मान्दछ । त्यसपछि प्राणी त्यस कर्ममा प्रवृत्त हुन्छ । हृदयमा रहेको जुन गुरु परमात्मा हो त्यहीं नै ज्ञानी, श्रोता र द्वेष्टा हो ।

पापेन विचरँल्लोके पापचारी भवत्ययम् ।
शुभेन विचरँल्लोके शुभचारी भवत्युत ॥ १४ ॥

यस लोकमा जसले पाप गर्दछ त्यसलाई पापचारी र जसले शुभ कार्य गर्दछ त्यसलाई शुभचारी भनिन्छ ।

कामचारी तु कामेन य इन्द्रियसुखे रतः ।
व्रह्मचारी सदैवैष य इन्द्रियजये रतः ॥ १५ ॥

जो प्राणी इन्द्रियसुखमा रहन्छ त्यो कामचारी र इन्द्रियलाई संयममा राख्ने व्रह्मचारी कहिन्छ ।

अपेतव्रतकर्मा तु केवलं ब्रह्मणि स्थितः ।
ब्रह्मभूतश्चरँल्लोके ब्रह्मचारी भवत्ययम् ॥ १६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

व्रत र कर्मलाई त्यागेर ब्रह्ममा मात्र स्थित रहने जो छ त्यो नै ब्रह्मचारी हो; त्यही ब्रह्मस्वरूप भएर संसारमा घुम्दछ।

CC-0 In Public Domain, Digitization by eGangotri

ब्रह्मैव समधिस्तस्य ब्रह्माग्निर्ब्रह्मसम्भवः।
आपो ब्रह्म गुरुर्ब्रह्म स ब्रह्मणि समाहितः ॥ १७ ॥

ब्रह्म नै उसको समिधा हो, ब्रह्म नै उसको अग्नि हो, ब्रह्मवाट नै ऊ उत्पन्न भएको छ, ब्रह्म नै उसको जल हो र ब्रह्म नै उसको गुरु हो। यसकारण उनंको मन सधैं ब्रह्ममा नै लागेको हुन्छ।

एतदेवेदृशं सूक्ष्मं ब्रह्मचर्यं विदुर्बुधाः।
विदित्वा चान्वपद्यन्त क्षेत्रज्ञेनानुदर्शिताः ॥ १८ ॥

विद्वान्हरूले यसैलाई ब्रह्मचर्य मानेका छन्। ज्ञानीहरूको उपदेश पाए आत्मज्ञानी पुरुपहरू यही ब्रह्मचर्यलाई पालना गर्दछन्।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
षड्विंशोऽध्यायः समाप्तः ॥ २६ ॥

एकादशोऽध्यायः ॥ ११ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
छब्बीसौं अध्याय समाप्त भयो ॥ २६ ॥

एघारौं अध्याय ॥ ११ ॥

–०–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

बाह्रौं अध्याय

CC-0.In Public Domain. Digitization by eGangotri

ब्राह्मण उवाच

सङ्कल्पदंशमशकं शोकहर्षहिमातपम् ।
मोहान्धकारतिमिरं लोभव्याधिसरीसृपम् ॥ १ ॥

विषयैकात्ययाध्वानं कामक्रोधविरोधकम् ।
तदतीत्य महादुर्गं प्रविष्टोऽस्मि महद्वनम् ॥ २ ॥

ब्राह्मणले भने – जहाँ सङ्कल्परूपी दंश र लामखुट्टे रहेको छ, शोक र हर्षरूपी चिसो र गर्मी रहेको छ, मोहरूपी अन्धकार रहेको छ, लोभ र रोगरूपी सर्प रहेको छ, विषयरूपी मार्ग रहेको छ त्यहाँ एकलै हिँड्नु पर्दछ। जहाँ काम र क्रोधरूपी शत्रु रहेको छ त्यस ठूलो संसाररूपी व्यूहलाई मैले पार गरेर ब्रह्मरूपी महान् वनमा प्रवेश गरिसकेको छु।

ब्राह्मण्युवाच

क्व तद् वनं महाप्राज्ञ के वृक्षाः सरितश्च काः ।
गिरयः पर्वताश्चैव कियत्यध्वनि तद् वनम् ॥ ३ ॥

ब्राह्मणीले भनिन् – हे महाप्राज्ञ ! त्यो वन कहाँ छ, त्यहाँ कुन-कुन वृक्ष, खोला, पहाड, पर्वतहरू छन् र त्यो कति टाढा छ ?

ब्राह्मण उवाच

नैतदस्ति पृथग्भावः किञ्चिदन्यत् ततः सुखम् ।
नैतदस्त्यपृथग्भावः किञ्चिद् दुःखतरं ततः ॥ ४ ॥

ब्राह्मणले भने – त्यस वनमा भेदभाव छैन, त्यसभन्दा अरु सुख छैन। त्यस्तै अभेदभाव र त्यसभन्दा ठूलो दुःख पनि छैन।

तस्माद्ध्रस्वतरं नास्ति न ततोऽस्ति महत्तरम् ।
नास्ति तस्मात् सूक्ष्मतरं नास्त्यन्यत्तत्समं सुखम् ॥ ५ ॥

त्यस वनमा सानो, ठूलो, सूक्ष्म आदि कुनै वस्तु छैन। त्यसभन्दा सुखको अनुभव कहीं पनि हुँदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

न तत्राविश्य शोचन्ति न प्रहृष्यन्ति च द्विजाः ।
CC-0.In Public Domain. Digitization by eGangotri
न च बिभ्यति केषाञ्चित् तेभ्यो बिभ्यति केचन ॥ ६ ॥

त्यस वनमा प्रवेश गरिसकेपछि कुनै पनि प्राणीलाई न त सुख हुन्छ न शोक। कुनै पनि प्राणी कोहीसित डराउँदैन र कसैलाई तर्साउँदैन ।

तस्मिन् वने सप्त महाद्रुमाश्च
फलानि सप्तातिथयश्च सप्त ।
सप्ताश्रमाः सप्त समाधयश्च
दीक्षाश्च सप्तैतदरण्यरूपम् ॥ ७ ॥

त्यस वनमा सात वटा ठूला रुख छन् । सात फलहरू छन्, सात जना नै अतिथिहरू छन् । सातै वटा आश्रम र समाधि पनि छन् । दीक्षा पनि सातै वटा छन् । यही नै त्यस वनको स्वरूप हो ।

पञ्चवर्णानि दिव्यानि पुष्पाणि च फलानि च ।
सृजन्तः पादपास्तत्र व्याप्य तिष्ठन्ति तद् वनम् ॥ ८ ॥

त्यस वनको पहिलो रुखमा पाँच रङ्का दिव्य फूल र फल फल्दछन् र त्यो वन त्यहीं फल र फूलले ढाकिएको छ ।

सुवर्णानि द्विवर्णानि पुष्पाणि च फलानि च ।
सृजन्तः पादपास्तत्र व्याप्य तिष्ठन्ति तद् वनम् ॥ ९ ॥

त्यस वनको दोस्रो रुखमा दुई रङ्का दिव्य फूल र फल फल्दछन् र त्यो वन त्यहीं फल र फूलले ढाकिएको छ ।

सुरभीणि द्विवर्णानि पुष्पाणि च फलानि च ।
सृजन्तः पादपास्तत्र व्याप्य तिष्ठन्ति तद् वनम् ॥ १० ॥

त्यस वनको तेस्रो रुखमा दुई रङ्का सुगन्धित फूल र फल फल्दछन् र त्यो वन त्यहीं फल र फूलले ढाकिएको छ ।

सुरभीण्येकवर्णानि पुष्पाणि च फलानि च ।
सृजन्तः पादपास्तत्र व्याप्य तिष्ठन्ति तद् वनम् ॥ ११ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

त्यस वनको चौथो रुखमा एक रङ्का फूल र फल फल्दछन् र त्यो वन त्यही फल र फूलले ढाकिएको छ।

CC-0 In Public Domain. Digitization by eGangotri

वहून्यव्यक्तवर्णानि पुष्पाणि च फलानि च।
विसृजन्तौ महावृक्षौ तद् वनं व्याप्य तिष्ठतः ॥ १२ ॥

त्यस वनको दुई महावृक्षमा अव्यक्त रङका फूल र फल फल्दछन् र त्यो वन त्यही फल र फूलले ढाकिएको छ।

एको वह्निः सुमना ब्राह्मणोऽत्र
पञ्चेन्द्रियाणि समिधश्चात्र सन्ति।
तेभ्यो मोक्षाः सप्त फलन्ति दीक्षा
गुणाः फलान्यतिथयः फलाशाः ॥ १३ ॥

त्यस वनमा एउटै अग्नि छ, राम्रो मन भएको ब्राह्मण छ, पाँच इन्द्रियहरूका समिध छन्। त्यसबाट सात प्रकारको मोक्ष प्राप्त हुन्छ। यस यज्ञको दीक्षाबाट फलरूपी गुण मिल्दछ र त्यस फलका भोक्ता अतिथिहरू हुन्।

आतिथ्यं प्रतिगृह्णन्ति तत्र तत्र महर्षयः।
अचितेषु प्रलीनेषु तेष्वन्यद् रोचते वनम् ॥ १४ ॥

महर्षिहरू त्यस यज्ञको आतिथ्य ग्रहण गर्दछन्, पूजा गर्दछन् र लय हुन्छन्। त्यसपछि ब्रह्ममा प्रकाशित हुन्छन्।

प्रज्ञावृक्षं मोक्षफलं शान्तिच्छायासमन्वितम्।
ज्ञानाश्रयं तृप्तितोयमन्तःक्षेत्रज्ञभास्करम् ॥ १५ ॥

त्यस वनमा प्रज्ञा वृक्ष, मोक्ष फल, शान्ति छाया, ज्ञान आश्रय, तृप्ति पानी र आत्मा सूर्यको रूपमा रहेका छन्।

येऽधिगच्छन्ति तं सन्तस्तेषां नास्ति भयं पुनः।
ऊर्ध्वं चाधश्च तिर्यक् च तस्य नान्तोऽधिगम्यते। १६।

त्यस वनको जसले आश्रय लिन्छ त्यसलाई डर हुँदैन। तल-माथि तथा यता-उता जतातत्तै फैलिएको छ। त्यस वनको कतै अन्त छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

सप्त स्त्रियस्तत्र वसन्ति सद्य-
CC-0 In Public Domain. Digitization by eGangotri
स्त्ववाङ्मुखा भानुमत्यो जनित्र्यः ।
ऊर्ध्वं रसनाददते प्रजाभ्यः
सर्वान् यथा सत्यमनित्यता च ॥ १७ ॥

त्यस वनमा सात स्त्री बस्दछन् । लाजले तिनीहरूको टाउको निहुरिएको हुन्छ । ती सबैका जननी हुन् । जसरी अनित्यता सत्यलाई धारण गर्दछ त्यस्तै त्यहाँका प्रजाबाट उत्तम रस ग्रहण गर्दछन् ।

तत्रैव प्रतितिष्ठन्ति पुनस्तत्रोपयन्ति च ।
सप्त सप्तर्षयः सिद्धा वसिष्ठप्रमुखैः सह ॥ १८ ॥

वसिष्ठ आदि गरिएका सात ऋषिहरू त्यहीं लीन हुन्छन् र फेरि त्यहींबाट उत्पन्न हुन्छन् ।

यशो वर्चो भगश्चैव विजयः सिद्धतेजसः ।
एवमेवानुवर्तन्ते सप्त ज्योतींषि भास्करम् ॥ १९ ॥

यश, प्रभा, भग, विजय, सिद्धि, तेज यी सात ज्योतिहरू सूर्यको अनुसरण गर्दछन् ।

गिरयः पर्वताश्चैव सन्ति तत्र समासतः ।
नद्यश्च सरितो वारि वहन्त्यो व्रह्मसम्भवम् ॥ २० ॥

त्यस वनमा गिरि, पर्वत आदि हुन्छन् र नदी तथा खोलाले व्रह्मवाट उत्पन्न भएको पानी बहाउँछन् ।

नदीनां सङ्गमश्चैव वैताने समुपह्वरे ।
स्वात्मतृप्ता यतो यान्ति साक्षादेव पितामहम् ॥ २१ ॥

नदीहरूको सङ्गम पनि त्यही गूढ आकाशमा हुन्छ । त्यहीं नै साक्षात् पितामह बह्माजी रहन्छन् र त्यसलाई आत्मतृप्त योगीले प्राप्त गर्दछ ।

कृशाशाः सुव्रताशाश्च तपसा दग्धकिल्बिषाः ।
आत्मन्यात्मानमाविश्य व्रह्माणं समुपासते ॥ २२ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

जसको इच्छा क्षीण भएको छ, जसले उत्तम व्रतको पालना गरेको छ, जसको तपस्याले पाप नष्ट भएको छ त्यसले आफूलाई परब्रह्ममा लगाएर उनै परब्रह्मलाई उपासना गर्दछ।

CC-0.In Public Domain. Digitization by eGangotri

शममप्यत्र शंसन्ति विद्यारण्यविदो जनाः।
तदारण्यमभिप्रेत्य यथाधीरभिजायत ॥ २३ ॥

विद्याद्वारा नै उक्त ब्रह्मरूपी वन बुझिन्छ। यही जानिसकेपछि उक्त वनमा प्रवेश गरेर बुद्धि स्थिर रहन्छ।

एतदेवेदृशं पुण्यमरण्यं ब्राह्मणा विदुः।
विदित्वा चानुतिष्ठन्ति क्षेत्रज्ञेनानुदर्शिता ॥ २४ ॥

यस्तो पवित्र वनलाई बुझिसकेपछि आत्मज्ञानी पुरुष ब्रह्म वनको साधनामा लाग्दछ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
सप्तविंशोऽध्यायः समाप्तः ॥ २७ ॥

द्वादशोऽध्यायः ॥ १२ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
सत्ताइसौं अध्याय समाप्त भयो ॥ २७ ॥

बाह्रौं अध्याय ॥ १२ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

तेह्रौं अध्याय

CC-0.In Public Domain. Digitization by eGangotri

ब्राह्मण उवाच

गन्धान् न जिघ्रामि रसान् न वेद्‌मि
रूपं न पश्यामि न च स्पृशामि ।
न चापि शव्दान् विविधाञ्शृणोमि
न चापि सङ्कल्पमुपैमि कञ्चित् ॥ १ ॥

ब्राह्मणले भने – म गन्ध सुँघ्दिन, म रस थाहा पाउँदिन । रूप पनि देख्दिन, अनेक प्रकारका शव्द पनि सुन्दिन न त सङ्कल्प नै गर्दछु ।

अर्थानिष्टान् कामयते स्वभावः
सर्वान् द्वेष्यान् प्रद्विषते स्वभावः ।
कामद्वेषावुद्‌भवतः स्वभावात्
प्राणापानौ जन्तुदेहान्निवेश्य ॥ २ ॥

स्वभावको काम हो राम्रो इच्छा गर्ने, स्वभावले नै सवै द्वेष्य वस्तुलाई द्वेष गर्दछन् । प्राण र अपान शरीरमा प्रवेश गरेर त्यही स्वभावले काम र द्वेषलाई उत्पन्न गर्दछ ।

तेभ्यश्चान्यांस्तेषु नित्यांश्च भावान्
भूतात्मानं लक्षयेरञ्शरीरे ।
तस्मिंस्तिष्ठन्नास्मि सक्तः कथञ्चित्
कामक्रोधाभ्यां जरया मृत्युना च ॥ ३ ॥

वाह्य इन्द्रियभन्दा अलग रहेको जो स्वप्न र सुषुप्ति अवस्था छ त्यसको वासनाले युक्त भएको भूतात्मालाई भित्री शरीरमा रहेको योगीहरूले देख्दछन् र त्यही भूतात्मालाई काम, क्रोध, जरा र मृत्युले केही गर्न सक्दैन ।

अकामयानस्य च सर्वकामा
नविद्विषाणस्य च सर्वदोषान् ।
न मे स्वभावेषु भवन्ति लेपा-
स्तोयस्य विन्दोरिव पुष्करेषु ॥ ४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

म सबै कामनाहरूमध्ये कुनै पनि कामना गर्दिन । सबै द्वेषलाई पनि द्वेष गर्दिन । कमलको पातमा जलबिन्दु नरहेजस्तै मेरो स्वभावमा पनि राग र द्वेष रहँदैन ।

CC-0 In Public Domain. Digitization by eGangotri

नित्यस्य चैतस्य भवन्त्यनित्या
निरीक्ष्यमाणस्य वहुस्वभावान् ।
न सज्जते कर्मसु भोगजालं
दिवीव सूर्यस्य मयूखजालम् ॥ ५ ॥

इन्द्रियहरूले देखिने स्वभाव धेरै प्रकारका छन् तर ती सवै अनित्य छन् । जसरी सूर्यको किरणले आकाशको त्यो सूर्यलाई विलीन गर्न सक्दैन त्यसरी नै ती स्वभावले विद्वान्‌लाई असर गर्दैन ।

अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।
अध्वर्युयतिसंवादं तं निबोध यशस्विनि ॥ ६ ॥

हे यशस्विनि ! यसैको उदाहरणको रूपमा पहिले इतिहासमा भएको अध्वर्यु र यतिको संवाद म तिमीलाई भन्दछु ।

प्रोक्ष्यमाणं पशुं दृष्ट्वा यज्ञकर्मण्यथाव्रवीत् ।
यतिरध्वर्युमासीनो हिंसेयमिति कुत्सयन् ॥ ७ ॥

कुनै यज्ञमा मारिन लागेको पशुलाई देखेर कुनै यतिले अध्वर्युलाई निन्दा गर्दै भने "यो हिंसा हो" ।

तमध्वर्युः प्रत्युवाच नायं छागो विनश्यति ।
श्रेयसा योक्ष्यते जन्तुर्यदि श्रुतिरियं तथा ॥ ८ ॥

यस प्रश्नको जवाफमा अध्वर्युले भने यो वोका नष्ट हुँदैन । यदि कल्याणको लागि यो होमिन लागेको छ । यस्तै कुरा श्रुति आदिमा लेखिएको छ ।

यो ह्यस्य पार्थिवो भागः पृथिवीं स गमिष्यति ।
यदस्य वारिजं किञ्चिदपस्तत् सम्प्रवेक्ष्यति ॥ ९ ॥

यसको जुन पार्थिव शरीर छ त्यो पृथ्वीमा लीन हुन्छ र पानीको भाग पानीमा मिसिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

सूर्यं चक्षुर्दिशः श्रोत्रं प्राणोऽस्य दिवमेव च ।
CC-0.In Public Domain. Digitization by eGangotri
आगमे वर्तमानस्य न मे दोषोऽस्ति कश्चन ॥ १० ॥

आँखा सूर्यमा, कान दिशामा र प्राण आकाशमा विलीन हुन्छ। शास्त्रमा भनेअनुसार मैले गरेको छु। मलाई कुनै दोष लाग्दैन।

यतिरुवाच

प्राणैर्वियोगे च्छागस्य यदि श्रेयः प्रपश्यसि ।
छागार्थे वर्तते यज्ञो भवतः किं प्रयोजनम् ॥ ११ ॥

यतिले भने – प्राण छुट्टिनुमा बोकाको कल्याण देख्दछौ भने यो यज्ञ त बोकाको लागि भयो। यस यज्ञको प्रयोजन के त ?

अत्र त्वां मन्यतां भ्राता पिता माता सखेति च ।
मन्त्रयस्वैनमुन्नीय परवन्तं विशेषतः ॥ १२ ॥

श्रुतिअनुसार यस विषयमा भाइ, आमा, बाबु र साथीसँग अनुमति लिनु पर्दछ। पराधीन यस पशुलाई पनि उनको भाइ, आमा, बाबु र साथीकहाँ लग र उनीहरूसँग अनुमति लेऊ।

एवमेवानुमन्येरंस्तान् भवान् द्रष्टुमर्हति ।
तेषामनुमतं श्रुत्वा शक्या कर्तुं विचारणा ॥ १३ ॥

पहिले तिमीले यस पशुको ती सम्बन्धित नातेदारसँग अनुमति लिनुपर्‍यो। उनीहरूले अनुमति दिए भने मात्र विचार गर्न सकिन्छ।

प्राणा अप्यस्य छागस्य प्रापितास्ते स्वयोनिषु ।
शरीरं केवलं शिष्टं निश्चेष्टमिति मे मतिः ॥ १४ ॥

यस बोकाको इन्द्रियहरू माथि भनिएजस्तै कुनै दिशामा कुनै आकाशमा विलीन भए। अब त यो चेष्टा नभएको शरीर मात्र बाँकी रह्यो यस्तो मेरो विचार छ।

इन्धनस्य तु तुल्येन शरीरेण विचेतसा ।
हिंसानिर्वेष्टुकामानामिन्धनं पशुसञ्ज्ञितम् ॥ १५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

यसकारण चेष्टा नभएको यो पशुको शरीर इन्धनजस्तै भयो। हिंसाको प्रायश्चित्त [illegible] पशु नै इन्धन हो।
CC-0. In Public Domain. Digitization by eGangotri

अहिंसा सर्वधर्माणामिति वृद्धानुशासनम् ।
यदहिंस्रं भवेत् कर्म तत् कार्यमिति विद्महे ॥ १६ ॥

सबै धर्मको रहस्य अहिंसा हो यस्तो वृद्धज्ञानीहरूले भनेका छन्। जुन काम हिंसारहित गरिन्छ त्यो नै गर्न योग्य हो। यही हामी जान्दछौं।

अहिंसेति प्रतिज्ञेयं यदि वक्ष्याम्यतः परम् ।
शक्यं वहुविधं कर्तुं भवता कार्यदूषणम् ॥ १७ ॥

यसभन्दा पनि वढी केही भन्नु छ भने म यति भन्दछु कि "म हिंसा गर्दिन", होइन भने तपाईंद्वारा गरिएका अनैतिक कामजस्तै हुन सक्दछ।

अहिंसा सर्वभूतानां नित्यमस्मासु रोचते ।
प्रत्यक्षतः साधयामो न परोक्षमुपास्महे ॥ १८ ॥

कुनै पनि प्राणीहरूको हिंसा नगर्नु हामीलाई मन पर्दछ। हामी प्रत्यक्ष फलको आशा राख्दछौं। परोक्षको आशा गर्दैनौं।

अध्वर्युरुवाच

भूमेर्गन्धगुणान् भुङ्क्षे पिबस्यापोमयान् रसान् ।
ज्योतिषां पश्यसे रूपं स्पृशस्यनिलजान् गुणान् ॥ १९ ॥

शृणोष्याकाशजाञ्शब्दान् मनसा मन्यसे मतिम् ।
सर्वाण्येतानि भूतानि प्राणा इति च मन्यसे ॥ २० ॥

अध्वर्युले भने – सवै प्राणीमा प्राण छ यो तिमी जान्दछौं। तैपनि तिमी पृथ्वीको गुण गन्ध उपभोग गर्दछौ। रसमय पानी पिउँछौ। आँखाले तेजको गुण रूप हेर्दछौ। छालाले वायुको गुण स्पर्श गर्दछौ। आकाशको गुण शव्द सुन्दछौ। मनले बुद्धिलाई मनन गर्दछौ।

प्राणादाने निवृत्तोऽसि हिंसायां वर्तते भवान् ।
नास्ति चेष्टा विना हिंसां किं वा त्वं मन्यसे द्विज ॥ २१ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

कसैको प्राण बचाउने कुरा गर्दछौ तर तिमी हिंसामा निवृत्त छौ । हे द्विज ! विन हिंसा कसैको चेष्टा हुँदैन । फेरि तिमी यस्तो किन ठान्दछौ ?

CC-0. In Public Domain. Digitization by eGangotri

यतिरुवाच

अक्षरं च क्षरं चैव द्वैधीभावोऽयमात्मनः ।
अक्षरं तत्र सद्भावः स्वभावः क्षर उच्यते ॥ २२ ॥

यतिले भने – आत्माका दुई रूपं छन् अक्षर र क्षर । यस संसारमा सद्भाव भएको अक्षर अविनाशी हो र नाश हुने स्वभावको क्षर हो ।

प्राणो जिह्वा मनः सत्त्वं सद्भावो रजसा सह ।
भावैरेतैर्विमुक्तस्य निर्द्वन्द्वस्य निराशिषः ॥ २३ ॥

समस्य सर्वभूतेषु निर्ममस्य जितात्मनः ।
समन्तात् परिमुक्तस्य न भयं विद्यते क्वचित् ॥ २४ ॥

प्राण, जिब्रो, मन, रजोगुणसहितको सत्त्व यी सद्भाव हुन् । यस भावबाट अलग रहेको निर्द्वन्द्व, निष्काम, सबै प्राणीमा समत्वभाव राख्ने, ममता नभएको, जितात्मा, सबैतिरबाट मुक्त भएको ज्ञानीलाई कतैबाट पनि भय हुँदैन ।

अध्वर्युरुवाच

सद्भिरेवेह संवासः कार्यो मतिमतां वर ।
भवतो हि मतं श्रुत्वा प्रतिभाति मतिर्मम ॥ २५ ॥

भगवन् भगवद्बुद्ध्या प्रतिपन्नो ब्रवीम्यहम् ।
व्रतं मन्त्रकृतं कर्तुर्नापराधोऽस्ति मे द्विज ॥ २६ ॥

अध्वर्युले भने – हे भगवन् ! हे द्विज ! यस संसारमा तपाईंजस्तो बुद्धि र ज्ञान भएको पुरुषसँग वस्नु उचित छ । तपाईंको विचार सुनेर मेरो वुद्धिमा प्रकाश आयो । तपाईंको वौद्धिक कुरा सुनेर वेद तथा श्रुतिले भनेअनुसारको व्रत तथा कर्मको पालना गर्नेछु । मेरो कुनै अपराध छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

ब्राह्मण उवाच

CC-0.In Public Domain. Digitization by eGangotri

उपपत्त्या यतिस्तूष्णीं वर्तमानस्ततः परम् ।
अध्वर्युरपि निर्मोहः प्रचचार महामखे ॥ २७ ॥

ब्राह्मणले भने – हे महासखे ! अध्वर्युको यस्तो वचन सुनेर उक्त यति चुप लागे र अध्वर्यु पनि मोहवाट छुटकारा पाएर यज्ञ गर्न थाले ।

एवमेतादृशं मोक्षं सुसूक्ष्मं ब्राह्मणा विदुः ।
विदित्वा चानुतिष्ठन्ति क्षेत्रज्ञेनार्थदर्शिना ॥ २८ ॥

यसप्रकारले मोक्षको अत्यन्त सूक्ष्म रूप वुझेर आत्मज्ञानीद्वारा उपदेश दिएको विद्वान् ब्राह्मणहरूले अनुसरण गर्दछन् ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
अष्टाविंशोऽध्यायः समाप्तः ॥ २८ ॥

त्रयोदशोऽध्यायः ॥ १३ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
अट्ठाइसौं अध्याय समाप्त भयो ॥ २८ ॥

तेह्रौं अध्याय ॥ १३ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

चौधौं अध्याय

CC-0.In Public Domain. Digitization by eGangotri

ब्राह्मण उवाच

अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।
कार्तवीर्यस्य संवादं समुद्रस्य च भाविनि ॥ १ ॥

ब्राह्मणले भने – हे भाविनि ! अब म तिमीलाई पुरानो इतिहासमा भएको कार्तवीर्य र समुद्रको संवाद भन्दछु ।

कार्तवीर्यार्जुनो नाम राजा बाहुसहस्रवान् ।
येन सागरपर्यन्ता धनुषा निर्जिता मही ॥ २ ॥

पहिले-पहिले हजार हात भएका कार्तवीर्य नाम गरेका एक राजा थिए । उनले धनुष-वाणको सहायताले समुद्रसम्म आफ्नो राज्य विस्तार गरेका थिए ।

स कदाचित् समुद्रान्ते विचरन् बलदर्पितः ।
अवाकिरञ्शरशतैः समुद्रमिति नः श्रुतम् ॥ ३ ॥

एक दिन उनी समुद्रको किनारामा घुमिरहेका थिए । आफ्नो घमण्डले गरेर उनले समुद्रमाथि बाणको वर्षा गरे ।

तं समुद्रो नमस्कृत्य कृताञ्जलिरुवाच ह ।
मा मुञ्च वीर नाराचान् ब्रूहि किं करवाणि ते ॥ ४ ॥

मदाश्रयाणि भूतानि त्वद्विसृष्टैर्महेषुभिः ।
वध्यन्ते राजशार्दूल तेभ्यो देह्यभयं विभो ॥ ५ ॥

त्यस वेला कृताञ्जलीयुक्त समुद्रले उनलाई नमस्कार गरेर भने – हे वीर ! मलाई वाणको वर्षा नगर । मैले के गर्नुपर्‍यो ? हे राजशार्दूल ! तपाईंले छोड्नु भएको वाणले यस समुद्रभित्र बसेका प्राणीहरू मरे । तिनीहरूलाई अभयदान दिनुहोस् ।

अर्जुन उवाच

मत्समो यदि संग्रामे शरासनधरः क्वचित् ।
विद्यते तं समाचक्ष्व यः समासीत मां मृधे ॥ ६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

कार्तवीर्य अर्जुनले भने – मजस्तो वाण चलाउनमा निपुण कोही व्यक्ति छ भने मलाई बत[illegible]।

CC-0. In Public Domain. Digitization by eGangotri

समुद्र उवाच

महर्षिर्जमदग्निस्ते यदि राजन् परिश्रुतः ।
तस्य पुत्रस्तवातिथ्यं यथावत् कर्तुमर्हति ॥ ७ ॥

समुंद्रले भने – हे राजन् ! महर्षि जमदग्निको नाम सुन्नुभएको होलां । उनका छोरा परशुरामले तपाईंको राम्ररी अतिथिसत्कार गर्नुहुनेछ ।

ततः स राजा प्रययौ क्रोधेन महता वृतः ।
स तमाश्रममागम्य राममेवान्वपद्यत ॥ ८ ॥

स रामप्रतिकूलानि चकार सह वन्धुभिः ।
आयासं जनयामास रामस्य च महात्मनः ॥ ९ ॥

ततस्तेजः प्रजज्वाल रामस्यामिततेजसः ।
प्रदहन् रिपुसैन्यानि तदा कमललोचने ॥ १० ॥

ततः परशुमादाय स तं बाहुसहस्रिणम् ।
चिच्छेद सहसा रामो बहुशाखमिव द्रुमम् ॥ ११ ॥

त्यसपछि एकदमै रिसाएर ती कार्तवीर्य राजा परशुरामको आश्रममा गए र परशुरामको रिस जगाउनको लागि उनका वन्धुहरूलाई गाली गर्नथाले । त्यस वेला हे कमललोचने ! शत्रु सैन्यलाई पराजित गर्ने तेजस्वी परशुरामको रिस जाग्यो र आफ्नो वञ्चरो उठाए र रुखको हाँगा काटेजस्तै गरेर ती हजार हात भएका कार्तवीर्य राजाको पनि हात काट्न थाले ।

तं हतं पतितं दृष्ट्वा समेताः सर्वबान्धवाः ।
असीनादाय शक्तीश्च भार्गवं पर्यधावयन् ॥ १२ ॥

कार्तवीर्यलाई यसरी मारेको देखेर उनका सबै मित्रहरू एकत्रित भए र तलवार र शक्तिहरू लिएर परशुरामप्रति जाइलागे ।

रामोऽपि धनुरादाय रथमारुह्य सत्वरः ।
निकृन्तन् शरवर्षाणि व्यधमत् पार्थिवं बलम् ॥ १३ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

परशुरामले पनि उल्लिखेरै हातमा धनु लिएर रथमा चढे। अनि राजाका सेनामाथि वाणको वर्षा गर्दै तिनलाई संहार गर्नथाले।
CC-0 In Public Domain. Digitization by eGangotri

ततस्तु क्षत्रियाः केचिज्जामदग्न्यभयार्दिताः ।
विविशुर्गिरिदुर्गाणि मृगाः सिंहार्दिता इव ॥ १४ ॥

त्यस वेला सिंहद्वारा लखेटिएका मृगहरूझैं परशुरामको डरले धेरै क्षत्रियहरू पहाडका गुफामा लुक्न गए।

तेषां स्वविहितं कर्म तद्भयान्नानुतिष्ठताम् ।
प्रजा वृषलतां प्राप्ता ब्राह्मणानामदर्शनात् ॥ १५ ॥

ती भागेका क्षत्रियहरूलाई परशुरामको डरले आफ्नो क्षत्रियधर्मको खयाल भएन। धेरै दिनसम्म ब्राह्मणहरूको दर्शन नपाउनाले र आफ्नो धर्म नष्ट भएकोले तिनीहरू शूद्रको अवस्थामा पुगे।

एवं ते द्रविडाऽऽभीराः पुण्ड्राश्च शबरैः सह ।
वृषलत्वं परिगता व्युत्थानात् क्षत्रधर्मिणः ॥ १६ ॥

यस्ता प्रकारले तिनीहरू द्रविड, आभीर, पुण्ड्र तथा शबरको सङ्गतले आफ्नो क्षत्रियधर्म विर्सिएर शूद्रत्वमा गए।

ततश्च हतवीरासु क्षत्रियासु पुनः पुनः ।
द्विजैरुत्पादितं क्षत्रं जामदग्न्यो न्यकृन्तत ॥ १७ ॥

यसरी क्षत्रियहरूलाई मारिसकेपछि तिनीहरूका स्त्रीबाट ब्राह्मणहरूद्वारा जन्माइएका बच्चाहरू ठूला भइसकेपछि फेरि परशुरामले तिनीहरूलाई आफ्नो बन्चरोले मारे।

एकविंशतिमेधान्ते रामं वागशरीरिणी ।
दिव्या प्रोवाच मधुरा सर्वलोकपरिश्रुता ॥ १८ ॥

यसरी वारम्वार एक्काइस पटक क्षत्रियहरूको संहार भयो। एक दिन राम्रो आवाजमा सबैले सुन्ने गरी परशुरामलाई आकाशवाणी भयो।

राम राम निवर्तस्व कं गुणं तात पश्यसि ।
क्षत्रवन्धूनिमान् प्राणैर्विप्रयोज्य पुनः पुनः ॥ १९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे राम ! हे तात परशुराम ! यस हत्यालाई छाड। बारम्बार यसरी यी क्षत्रियहरूलाई मारेर तिमी के लाभ देख्दछौ ?

तथैव तं महात्मानमृचीकप्रमुखास्तदा ।
पितामहा महाभाग निवर्त्तस्वेत्यथाब्रुवन् ॥ २० ॥

त्यस वेला ऋचीक आदि गरेका उनका बाजेहरूले पनि उनलाई सम्झाउँदै भने - हे महाभाग ! यो काम छाड, क्षत्रियहरूलाई नमार ।

पितुर्वधममृष्यंस्तु रामः प्रोवाच तानृषीन् ।
नार्हन्तीह भवन्तो मां निवारयितुमित्युत ॥ २१ ॥

आफ्ना पिताको शोकमा डुबेका परशुरामले ती ऋषिहरूलाई भने - तपाईंहरूले मलाई यसरी रोक्नु उचित छैन ।

पितर ऊचुः

नार्हसे क्षत्रबन्धूंस्त्वं निहन्तुं जयतां वर ।
नेह युक्तं त्वया हन्तुं ब्राह्मणेन सता नृपान् ॥ २२ ॥

ऋषिहरूले भने – तिमी विजयीको पात्र छौ । यी क्षत्रियहरूलाई मार्नु योग्य छैन । किनकि तिमी ब्राह्मण हौ, तिम्रो हातले राजालाई मार्नु उचित छैन ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
एकोनत्रिंशोऽध्यायः समाप्तः ॥ २९ ॥

चतुर्दशोऽध्यायः ॥ १४ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
उनन्तीसौं अध्याय समाप्त भयो ॥ २९ ॥

चौधौं अध्याय ॥ १४ ॥

–०–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

पन्ध्रौँ अध्याय

CC-0.In Public Domain. Digitization by eGangotri

पितर ऊचुः

अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।
श्रुत्वा च तत् तथा कार्यं भवता द्विजसत्तम ॥ १ ॥

पितृहरूले भने – हे द्विजसत्तम ! अब त्यस्तो पुरानो उदाहरण दिन्छौं कि ज[illegible] सुनेर तिमीले त्यस्तै कार्य गर्नुपर्दछ ।

अलर्को नाम राजर्षिरभवत् सुमहातपाः ।
धर्मज्ञः सत्यवादी च महात्मा सुदृढव्रतः ॥ २ ॥

अलर्क नाम गरेका एक राजा थिए । उनी राजर्षि, ठूला तपस्वी, धर्म जान्ने त[illegible] सत्यवादी, महात्मा र दृढव्रत थिए ।

ससागरान्तां धनुषा विनिर्जित्य महीमिमाम् ।
कृत्वा सुदुष्करं कर्म मनः सूक्ष्मे समादधे ॥ ३ ॥

उनले आफ्नो धनुपको बलले समुद्रसम्मका राज्य जितिसकेका थिए । त्यसपछि उनी सूक्ष्मतत्त्वको खोजीमा लागे ।

स्थितस्य वृक्षमूलेषु तस्य चिन्ता बभूव ह ।
उत्सृज्य सुमहत्कर्म सूक्ष्मं प्रति महामते ॥ ४ ॥

हे महामते ! ठूल-ठूला कर्महरू छाडेर उनी एक वृक्षको छहारीमा ब[illegible] सूक्ष्मतत्त्वको विषयमा विचार गर्न लागे ।

अलर्क उवाच

मनसो मे बलं जातं मनो जित्वा ध्रुवो जयः ।
अन्यत्र बाणान् धास्यामि शत्रुभिः परिवारितः ॥ ५ ॥

अलर्कले भने – मनैदेखि मेरो वल उत्पन्न भयो । मनलाई जित्यो भने विजयको स्थायित्व हुन्छ । वाहिरी शत्रुहरूलाई नाश गर्नको लागि मेरा बाण चलाउँदि[illegible] वरु भित्री शत्रुहरूलाई नाश गर्न बाण चलाउँछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यदिदं चापलात् कर्म सर्वान् मर्त्यांश्चिकीर्षति ।
मनः प्रति सुतीक्ष्णाग्रानहं मोक्ष्यामि सायकान् ॥ ६ ॥

मनैको चञ्चलताको कारणले मानिसहरू अनेक प्रकारका कर्म गर्दछन् । त्यसकारण सबैभन्दा पहिले उनै मनलाई तीखा बाण चलाउनेछु ।

मन उवाच

नेमे बाणास्तरिष्यन्ति मामलर्क कथंचन ।
तवैव मर्म भेत्स्यन्ति भिन्नमर्मा मरिष्यसि ॥ ७ ॥
अन्यान् बाणान् समीक्षस्व यैस्त्वं मां सूदयिष्यसि ।

मनले भने – हे अलर्क ! तिम्रो त्यो बाणले मेरो केही बिगार्न सक्दैन । यो बाण चलायौ भने तिम्रै छातिमा आएर घोच्दछ र तिम्रो मृत्यु हुन्छ । त्यसकारण तिमी अरु नै बाण खोज, जसले मलाई मार्न सक्छ ।

तच्छ्रुत्वा स विचिन्त्याथ ततो वचनमब्रवीत् ॥ ८ ॥

यस्तो कुरा सुनेर अलर्कले विचार गरे र भन्नलागे –

अलर्क उवाच

आघ्राय सुबहून् गन्धांस्तानेव प्रतिगृध्यति ।
तस्माद् घ्राणं प्रति शरान् प्रतिमोक्ष्याम्यहं शितान् । ९ ।

अलर्कले भने – यो नाकले अनेक प्रकारका सुगन्धहरू सुँघेर पनि फेरि अरु सुगन्धहरूको इच्छा गर्दछ । यसकारण मेरा यी बाणहरूले नाकमा नै ताक्दछु ।

घ्राण उवाच

नेमे बाणास्तरिष्यन्ति मामलर्क कथंचन ।
तवैव मर्म भेत्स्यन्ति भिन्नमर्मा मरिष्यसि ॥ १० ॥

अन्यान् बाणान् समीक्षस्व यैस्त्वं मां सूदयिष्यसि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

नाकले भने – हे अलर्क ! यी बाणहरूले मलाई केही गर्न सक्दैन । तिम्रै मर्म भेदन गर्दछ र त्यो मर्म भेदनको कारणले तिमी मर्नेछौ । त्यसकारण अरु नै बाणको खोजीमा तिमी लाग ।

CC-0.In Public Domain. Digitization by eGangotri

तच्छ्रुत्वा स विचिन्त्याथ ततो वचनमब्रवीत् ॥ ११ ॥

यस्तो कुरा सुनेर अलर्कले विचार गरे र भन्नलागे –

अलर्क उवाच

इयं स्वादून् रसान् भुक्त्वा तानेव प्रतिगृध्यति ।
तस्माज्जिह्वां प्रति शरान् प्रतिमोक्ष्याम्यहं शितान् ॥ १२ ॥

अलर्कले भने – यो जिब्रोले मीठा-मीठा वस्तुहरू पाएर पनि फेरि अरु वस्तुको इच्छा गर्दछ । त्यसकारण मेरा यी बाणहरू जिब्रोमाथि नै प्रहार गर्दछु ।

जिह्वोवाच

नेमे वाणास्तरिष्यन्ति मामलर्क कथंचन ।
तवैव मर्म भेत्स्यन्ति भिन्नमर्मा मरिष्यसि ॥ १३ ॥

अन्यान् वाणान् समीक्षस्व यैस्त्वं मां सूदयिष्यसि ।

जिब्रोले भने – हे अलर्क ! यी बाणहरूले मलाई केही गर्न सक्दैन । तिम्रै मर्म भेदन गर्दछ र त्यो मर्म भेदनको कारणले तिमी मर्नेछौ । त्यसकारण अरु नै बाणको खोजीमा तिमी लाग ।

तच्छ्रुत्वा स विचिन्त्याथ ततो वचनमब्रवीत् ॥ १४ ॥

यस्तो कुरा सुनेर अलर्कले विचार गरे र भन्नलागे –

अलर्क उवाच

स्पृष्ट्वा त्वग्विविधान् स्पर्शांस्तानेव प्रतिगृध्यति ।
तस्मात् त्वचं पाटयिष्ये विविधैः कङ्कपत्रिभिः ॥ १५ ॥

अलर्कले भने – यो छालाले अनेक प्रकारका वस्तुहरू छोएर पनि फेरि अरु वस्तु छुने इच्छा गर्दछ । त्यसकारण मेरा यी बाणहरूले छालालाई नै पहिले मार्दछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

त्वगुवाच

नेमे वाणास्तरिष्यन्ति मामलर्क कथंचन ।
तवैव मर्म भेत्स्यन्ति भिन्नमर्मा मरिष्यसि ॥ १६ ॥

अन्यान् वाणान् समीक्षस्व यैस्त्वं मां सूदयिष्यसि ।

छालाले भने – हे अलर्क ! यी वाणहरूले मंलाई केही गर्न सक्दैन । तिम्रै मर्म भेदन गर्दछ र त्यो मर्म भेदनको कारणले तिमी मर्नेछौ । त्यसंकारण अरु नै वाणको खोजीमा तिमी लाग ।

तच्छ्रुत्वा स विचिन्त्याथ ततो वचनमब्रवीत् ॥ १७ ॥

यस्तो कुरा सुनेर अलर्कले विचार गरे र भन्नलागे –

अलर्क उवाच

श्रुत्वा तु विविधाञ्शव्दांस्तानेव प्रतिगृध्यति ।
तस्माच्छ्रोत्रं प्रति शरान् प्रतिमुञ्चाम्यहं शितान् ॥ १८ ॥

अलर्कले भने – यो कानले अनेक प्रकारका शव्द सुनेर पनि फेरि अरु शव्द सुन्ने इच्छा गर्दछ । त्यसकारण मेरा यी वाणहरूले कानलाई नै पहिले मार्दछु ।

श्रोत्रमुवाच

नेमे वाणास्तरिष्यन्ति मामलर्क कथंचन ।
तवैव मर्म भेत्स्यन्ति ततो हास्यसि जीवितम् ॥ १९ ॥

अन्यान् बाणान् समीक्षस्व यैस्त्वं मां सूदयिष्यसि ।

कानले भने – हे अलर्क ! यी वाणहरूले मलाई केही गर्न सक्दैन । तिम्रै मर्म भेदन गर्दछ र त्यो मर्म भेदनको कारणले तिमी मर्नेछौ । त्यसकारण अरु नै वाणको खोजीमा तिमी लाग ।

तच्छ्रुत्वा स विचिन्त्याथ ततो वचनमब्रवीत् ॥ २० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

यस्तो कुरा सुनेर अलर्कले विचार गरे र भन्नलागे –

CC-0 In Public Domain. Digitization by eGangotri

अलर्क उवाच

दृष्ट्वा रूपाणि बहुशस्तानेव प्रतिगृध्यति ।
तस्माच्चक्षुर्हनिष्यामि निशितैः सायकैरहम् ॥ २१ ॥

अलर्कले भने – यो आँखाले अनेक प्रकारका रूप हेरेर पनि फेरि अरु रूप हेर्ने इच्छा गर्दछ । त्यसकारण मेरा यी बाणहरूले आँखालाई नै पहिले मार्दछु ।

चक्षुरुवाच

नेमे बाणास्तरिष्यन्ति मामलर्क कथंचन ।
तवैव मर्म भेत्स्यन्ति भिन्नमर्मा मरिष्यसि ॥ २२ ॥

अन्यान् बाणान् समीक्षस्व यैस्त्वं मां सूदयिष्यसि ।

आँखाले भने – हे अलर्क ! यी बाणहरूले मलाई केही गर्न सक्दैन । तिम्रै मर्म भेदन गर्दछ र त्यो मर्म भेदनको कारणले तिमी मर्नेछौ । त्यसकारण अरु नै बाणको खोजीमा तिमी लाग ।

तच्छ्रुत्वा स विचिन्त्याथ ततो वचनमब्रवीत् ॥ २३ ॥

यस्तो कुरा सुनेर अलर्कले विचार गरे र भन्नलागे –

अलर्क उवाच

इयं निष्ठा बहुविधा प्रज्ञया त्वध्यवस्यति ।
तस्माद् बुद्धिं प्रति शरान् प्रतिमोक्ष्याम्यहं शितान् ॥ २४ ॥

अलर्कले भने – यो बुद्धिले आफ्नो ज्ञानशक्तिद्वारा अनेक प्रकारको निर्णय गर्दछ । त्यसकारण मेरा यी बाणहरूले बुद्धिलाई नै पहिले मार्दछु ।

बुद्धिरुवाच

नेमे बाणास्तरिष्यन्ति मामलर्क कथंचन ।
तवैव मर्म भेत्स्यन्ति भिन्नमर्मा मरिष्यसि ।
अन्यान् बाणान् समीक्षस्व यैस्त्वं मां सूदयिष्यसि ॥ २५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
वुद्धिले भने – हे अलर्क ! यी वाणहरूले मलाई केही गर्न सक्दैन । तिम्रै मर्म भेदन गर्दछ र त्यो मर्म भेदनको कारणले तिमी मर्नेछौ । त्यसकारण अरु नै वाणको खोजीमा तिमी लाग ।

ब्राह्मण उवाच

ततोऽलर्कस्तपो घोरं तत्रैवास्थाय दुष्करम् ।
नाध्यगच्छत् परं शक्त्या वाणमेतेषु सप्तसु ॥ २६ ॥

ब्राह्मणले भने – त्यसपछि ती अलर्कले त्यसै ठाउँमा बसेर ठूलो तपस्या गरे । तैपनि यी सात शक्तिहरूलाई मार्न उनले कुनै पनि वाण भेट्टाउन सकेनन् ।

सुसमाहितचेतास्तु स ततोऽचिन्तयत् प्रभुः ।
स विचिन्त्य चिरं कालमलर्को द्विजसत्तम ॥ २७ ॥

नाध्यगच्छत् परं श्रेयो योगान्मतिमतां वरः ।

त्यसपछि हे द्विजसत्तम ! ती अलर्कले एकाग्र चित्त भएर फेरि विचार गर्न लागे । धेरै समयसम्म विचार गरिसकेपछि उनले योगभन्दा अर्को उपाय अरु भेट्टाएनन् ।

स एकाग्रं मनः कृत्वा निश्चलो योगमास्थितः ॥ २८ ॥

इन्द्रियाणि जघानाशु बाणेनैकेन वीर्यवान् ।
योगेनात्मानमाविश्य सिद्धिं परमिकां गतः ॥ २९ ॥

एकाग्र मनले उनले आफूलाई योगमा आश्रित गराए । यही योगरूपी बाणले ती सबै इन्द्रियहरूलाई मारेर वीर अलर्कले आफूलाई योगमा नै प्रविष्ट गरी ठूलो सिद्धि प्राप्त गरे ।

विस्मितश्चापि राजर्षिरिमां गाथां जगाद ह ।
अहो कष्टं यदस्माभिः सर्वं वाह्यमनुष्ठितम् ॥ ३० ॥

भोगतृष्णासमायुक्तैः पूर्वं राज्यमुपासितम् ।
इति पश्चान्मया ज्ञातं योगान्नास्ति परं सुखम् ॥ ३१ ॥
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

यसरी राज[illegible] – अहो ! कस्तो दु:खको कुरा, म त बाहिरी संसारमा पो रहेछु । भोग र तृष्णाले घेरिएर मैले अझै पनि राज्यलाई नै ठूलो ठानेको थिएँ । ध्यानभन्दा अरु सुख केही पनि रहेनछ । मलाई पछि मात्र ज्ञान भयो ।

इति त्वमनुजानीहि राम मा क्षत्रियान् जहि ।
तपो घोरमुपातिष्ठ ततः श्रेयोऽभिपत्स्यसे ॥ ३२ ॥

हे परशुराम ! यो उपदेशलाई मनन गरं । क्षत्रियहरूलाई नमार । घोर तपस्या गर । यसैबाट तिमीलाई कल्याण हुनेछ ।

इत्युक्तः स तपो घोरं जामदग्न्यः पितामहैः ।
आस्थितः सुमहाभागो ययौ सिद्धिं च दुर्गमाम् ॥ ३३ ॥

आफ्ना पितामहले यस्तो भनेको सुनेर ती महाभाग परशुराम घोर तपस्या गर्न थाले र यसबाट उनलाई सिद्धि प्राप्त भयो ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
त्रिंशोऽध्यायः समाप्तः ॥ ३० ॥

पञ्चदशोऽध्यायः ॥ १५ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
तीसौं अध्याय समाप्त भयो ॥ ३० ॥

पन्ध्रौं अध्याय ॥ १५ ॥

–०–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सोह्रौं अध्याय

ब्राह्मण उवाच

त्रयो वै रिपवो लोके नवधा गुणतः स्मृताः ।
प्रहर्षः प्रीतिरानन्दस्त्रयस्ते सात्त्विका गुणाः ॥ १ ॥

तृष्णा क्रोधोऽभिसंरम्भो राजसास्ते गुणाः स्मृताः ।
श्रमस्तन्द्रा च मोहश्च त्रयस्ते तामसाः गुणाः ॥ २ ॥

ब्राह्मणले भने – संसारमा सत्त्व, रज र तम गरी तीन प्रकारका शत्रु छन् । हर्ष, प्रीति र आनन्द यी सात्त्विक गुण हुन् । तृष्णा, क्रोध र द्वेषभाव यी राजसिक गुण हुन् । थकान, तन्द्रा र मोह यी तामसिक गुण हुन् । यसरी यी तीन गुणलाई ९ प्रकारमा बाँडेका छन् ।

एतान् निकृत्य धृतिमान् वाणसङ्घैरतन्द्रितः ।
जेतुं परानुत्सहते प्रशान्तात्मा जितेन्द्रियः ॥ ३ ॥

चित्त शान्त भएका, जितेन्द्रिय र धैर्यवान् पुरुषले शम, दम आदि गरिएका वाणले माथि भनिएका गुणहरूलाई कावुमा राखेर अरु जित्ने प्रयत्न गर्दछ ।

अत्र गाथाः कीर्तयन्ति पुराकल्पविदो जनाः ।
अम्वरीषेण या गीता राज्ञा पूर्वं प्रशाम्यता ॥ ४ ॥

यस विषयलाई लिएर परापूर्वकालमा एक एउटा कथा भन्ने गरिन्थ्यो । कुनै समयमा महाराज अम्वरीषले यो कथा भनेका थिए ।

समुदीर्णेषु दोषेषु वाध्यमानेषु साधुषु ।
जग्राह तरसा राज्यमम्वरीषो महायशाः ॥ ५ ॥

दोषहरूको बल बढिरहेको र राम्रा गुणहरू दविरहेको अवस्थामा महायशस्वी अम्वरीषले बलपूर्वक राज्य हात पारेका थिए ।

स निगृह्यात्मनो दोषान् साधून् समभिपूज्य च ।
जगाम महतीं सिद्धिं गाथाश्चेमा जगाद ह ॥ ६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उनले आफ्न [illegible] साधु सन्तहरूलाई मान तथा पूजा गरे। यसबाट उनलाई ठूलो सिद्धि प्राप्त भयो र उनले यो गाथा गाउन थाले।

भूयिष्ठं विजिता दोषा निहताः सर्वशत्रवः।
एको दोषो वरिष्ठश्च वध्य स न हतो मया॥ ७॥

मैले धेरै दोषहरूलाई जितें, सबै शत्रुहरूलाई पनि मारें। एउटै मात्र दोष बाँकी रह्यो। त्यसलाई अहिलेसम्म पनि मैले नाश गर्न सकेको छैन।

यत्प्रयुक्तो जन्तुरयं वैतृष्ण्यं नाधिगच्छति।
तृष्णार्त इह निम्नानि धावमानो न वुध्यते॥ ८॥

यसैको कारणले मानिसमा वैराग्य उत्पन्न हुँदैन र तृष्णाको लोभमा फसेको व्यक्ति नीच कार्य गर्न अघि सर्छ। सचेत हुँदैनन्।

अकार्यमपि येनेह प्रयुक्तः सेवते नरः।
तं लोभमसिभिस्तीक्ष्णैर्निकृत्य सुखमेधते॥ ९॥

त्यसैको प्रेरणाले मानिस गर्न नहुने काम पनि गर्न थाल्छ। त्यस दोषको नाम हो लोभ। यसलाई ज्ञानरूपी तीखा तलवारहरूले काटे पछि मात्र सुख पाउँछ।

लोभाद्धि जायते तृष्णा ततश्चिन्ता प्रवर्तते।
स लिप्यमानो लभते भूयिष्ठं राजसान् गुणान्।
तदवाप्तौ तु लभते भूयिष्ठं तामसान् गुणान्॥ १०॥

लोभवाट तृष्णा जाग्दछ त्यसपछि चिन्ता हुन्छ। लोभी मनुष्यले धेरै नै राजसिक गुणहरू प्राप्त गर्दछ। त्यसपछि तामसिक गुणहरू धेरै पाउँदछ।

स तैर्गुणैः संहतदेहवन्धनः
पुनः पुनर्जायति कर्म चेहते।
जन्मक्षये भिन्नविकीर्णदेहो
मृत्युं पुनर्गच्छति जन्मनैव॥ ११॥

यही गुणहरूले गर्दा बारम्बार ऊ देहबन्धनमा बाँधिन्छ र अनेक प्रकारका कर्म गर्न थाल्दछ। मृत्युको नजिक पुग्दा उसको शरीर छिन्न-भिन्न भई मृत्यु र जन्मको बन्धनमा फस्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

तस्मादेतं सम्यगवेक्ष्य लोभं
CC-0. In Public Domain. Digitization by eGangotri

निगृह्य धृत्याऽऽत्मनि राज्यमिच्छेत् ।
एतद् राज्यं नान्यदस्तीह राज्य-
मात्मैव राजा विदितो यथावत् ॥ १२ ॥

यसकारण यो लोभलाई राम्रोसँग बुझेर धैर्यपूर्वक दबाउनु नै उचित हुन्छ। आत्मराज्य इच्छा गर्नुपर्दछ। यही नै वास्तविक राज्य हो। अरु राज्य छैन। उक्त राज्यको राजा आफू नै ठान्नुपर्दछ।

इति राज्ञाम्बरीषेण गाथा गीता यशस्विना ।
अधिराज्य पुरस्कृत्य लोभमेकं निकृन्तता ॥ १३ ॥

यसरी यशस्वी राजा अम्बरीषले लोभलाई जितिसकेपछि आत्मराज्यको व्याख्या गरेर यो गाथा गाए।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
एकत्रिंशोऽध्यायः समाप्तः ॥ ३१ ॥

षोडशोऽध्यायः ॥ १६ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
एकतिसौं अध्याय समाप्त भयो ॥ ३१ ॥

सोह्रौं अध्याय ॥ १६ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सत्रौं अध्याय

ब्राह्मण उवाच

अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।
ब्राह्मणस्य च संवादं जनकस्य च भाविनि ॥ १ ॥

ब्राह्मणले भने – हे भाविनि ! अब म तिमीलाई पुरानो इतिहासको कुरा उदाहरणको रूपमा एक ब्राह्मण र राजा जनकको संवाद भन्दछु ।

ब्राह्मणं जनको राजा सन्नं कस्मिंश्चिदागसि ।
विषये मे न वस्तव्यमिति शिष्ट्यर्थमब्रवीत् ॥ २ ॥

कुनै समयमा राजा जनकले ब्राह्मणलाई एक अपराधमा फसेको देखे र भने - हे ब्राह्मण ! तिमी मेरो सहरमा नबस ।

इत्युक्तः प्रत्युवाचाथ ब्राह्मणो राजसत्तमम् ।
आचक्ष्व विषयं राजन् यावांस्तव वशे स्थितः ॥ ३ ॥

यसको उत्तरमा ब्राह्मणले राजालाई भने – हे राजन् ! तपाईंको अधिकारमा जति देशहरू छन् तिनीहरूको सीमा भन्नुहोस् ।

सोऽन्यस्य विषये राज्ञो वस्तुमिच्छाम्यहं विभो ।
वचस्ते कर्तुमिच्छामि यथाशास्त्रं महीपते ॥ ४ ॥

हे विभो ! हे महीपते ! यति कुरा जानेर म तपाईंको अधिकारभन्दा वाहिरको राज्यमा जान्छु र शास्त्रमा भनेअनुसार आज्ञा पालना गर्दछु ।

इत्युक्तस्तु तदा राजा ब्राह्मणेन यशस्विना ।
मुहुरुष्णं विनिःश्वस्य न किञ्चित् प्रत्यभाषत ॥ ५ ॥

उक्त यशस्वी ब्राह्मणको यस्तो कुरा सुनेर राजा जनकले लामो-लामो सास फेरे र केही जवाफ दिएनन् ।

तमासीनं ध्यायमानं राजानममितौजसम् ।
कश्मलं सहसागच्छद् भानुमन्तमिव ग्रहः ॥ ६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अति तेजस्वी राजा केही विचार गरिरहेका थिए । उक्त समयमा राहुले सूर्यलाई ग्रस्त गरेको जस्तै [illegible] मोहले ग्रस्त गर्‍यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

समाश्वास्य ततो राजा विगते कश्मले तदा ।
ततो मुहूर्तादिव तं ब्राह्मणं वाक्यमब्रवीत् ॥ ७ ॥

यसरी विचार गरेर मोहबाट छुटिसकेपछि एकछिन चूप लागेर राजा जनकले ब्राह्मणलाई भने ।

जनक उवाच

पितृपैतामहे राज्ये वश्ये जनपदे सति ।
विषयं नाधिगच्छामि विचिन्वन् पृथिवीमहम् ॥ ८ ॥

जनकले भने – मेरा बाबु-बाजेको समयदेखि नै मेरो यस मिथिला राज्यमा अधिकार थियो । तर मेरो विचारमा मैले जति खोजे पनि मेरो देश मिथिला यस पृथ्वीमा भेट्टाउन सकेको छैन ।

नाधिगच्छं यदा पृथ्व्यां मिथिला मार्गिता मया ।
नाध्यगच्छं यदा तस्यां स्वप्रजा मार्गिता मया ॥ ९ ॥

नाध्यगच्छं तदा तस्यां तदा मे कश्मलोऽभवत् ।

यो सबै पृथ्वीमा जब मैले मेरो देश भेट्टाउन सकिन तब मिथिलामै खोजें । त्यहाँ पनि केही भेट्टाउन सकिन र फेरि प्रजाहरूमा खोजें तर त्यहाँ पनि भेट्टाउन नसकेर मेरो मोह बढ्यो ।

ततो मे कश्मलस्यान्ते मतिः पुनरुपस्थिता ॥ १० ॥

तदा न विषयं मन्ये सर्वो वा विषयो मम ।
आत्मापि चायं न मम सर्वा वा पृथिवी मम ॥ ११ ॥

फेरि विचारद्वारा मोह नाश गरिसकेपछि मेरो बुद्धि आयो । त्यस वेला मेरो यो देश मेरो होइन जस्तो लाग्यो र हो जस्तो पनि । एक दृष्टिमा मेरो शरीर पनि मेरो होइन र अर्को दृष्टिले यो पृथ्वी मेरै हो जस्तो लाग्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

यथा मम तथान्येषामिति मत्ये द्विजोत्तम ।
CC-0.In Public Domain. Digitization by eGangotri
उष्यतां यावदुत्साहो भुज्यतां यावदुष्यते ॥ १२ ॥

हे द्विजोत्तम ! यसरी मेरो मनमा जे लाग्यो त्यो अरुको मनमा पनि लाग्न सक्दछ । यसकारण तपाई जहाँ इच्छा गर्नुहुन्छ त्यहाँ बस्नुहोस् र त्यसैको उपभोग गर्नुहोस् ।

ब्राह्मण उवाच

पितृपैतामहे राज्ये वश्ये जनपदे सति ।
ब्रूहि कां मतिमास्थाय ममत्वं वर्जितं त्वया ॥ १३ ॥

ब्राह्मणले भने – तपाईंको बाबु-बाजेको समयदेखि नै अधिकारमा रहेको यो मिथिला राज्यमा कुन बुद्धिले र कस्तो मोहले आफ्नो ममत्व छोड्नुभयो ?

कां वै बुद्धिं समाश्रित्य सर्वो वै विषयस्तव ।
नावैषि विषयं येन सर्वो वा विषयस्तव ॥ १४ ॥

कुन बुद्धिको सहाराले यो देश तपाईंको भयो र कुन बुद्धिले तपाईंको भएन, साथै यो सारा पृथ्वी पनि कसरी तपाईंको भयो अथवा भएन ।

जनक उवाच

अन्तवन्त इहावस्था विदिताः सर्वकर्मसु ।
नाध्यगच्छमहं तस्मान्ममेदमिति यद् भवेत् ॥ १५ ॥

जनक भने – यस संसारमा मेरो कर्मअनुसार जुन आदि र अन्तको अवस्था म प्राप्त गर्दछु त्यो मैले राम्ररी बुझेको छु । यसकारण मलाई लाग्दछ कि मेरो यो संसारमा केही छैन ।

कस्येदमिति कस्य स्वमिति वेदवचस्तथा ।
नाध्यगच्छमहं बुद्धया ममेदमिति यद् भवेत् ॥ १६ ॥

यो कसको हो ? यो कसको अधिकार हो ? यस्तो कुरा वेदमा भनिएको छ । यसकारण म आफ्नो बुद्धिले विचार गरेर मेरो वस्तु यही हो भनेर म भन्न सक्दिन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

एतां बुद्धिं समाश्रित्य ममत्वं वर्जितं मया ।
CC-0.In Public Domain. Digitization by eGangotri
शृणु बुद्धिं च यां ज्ञात्वा सर्वत्र विषयो मम ॥ १७ ॥

यस्तो बुद्धिले गर्दा मैले यो मिथिला राज्य मेरो मोहबाट हट्यो र अब जुन बुद्धिले गर्दा मलाई यो राज्य मेरो जस्तो लाग्दछ त्यो सुन्नुहोस् ।

नाहमात्मार्थमिच्छामि गन्धान् घ्राणगतानपि ।
तस्मांन्मे निर्जिता भूमिर्वशे तिष्ठति नित्यदा ॥ १८ ॥

नाकले सुगन्ध ग्रहण गरे तापनि मेरो सुखको लागि त्यसको इच्छा गर्दिन। यसको विजय मलाई प्राप्त भइसकेको छ। यसकारण मैले जितेको पृथ्वी सधैं मेरो अधीनमा रहन्छ।

नाहमात्मार्थमिच्छामि रसनास्येऽपि वर्ततः ।
आपो मे निर्जितास्तस्माद्वशे तिष्ठन्ति नित्यदा ॥ १९ ॥

जिब्रोले पाएको रसको सुख म इच्छा गर्दिन। यसवाट मलाई विजय भइसकेको छ र त्यो पानी सधैं मेरो अधीनमा रहन्छ।

नाहमात्मार्थमिच्छामि रूपं ज्योतिश्च चक्षुषः ।
तस्मान्मे निर्जितं ज्योतिर्वशे तिष्ठति नित्यदा ॥ २० ॥

आँखाले पाएको रूपको सुख म इच्छा गर्दिन। यसबाट मलाई विजय भइसकेको छ र त्यो ज्योति सधैं मेरो अधीनमा रहन्छ।

नाहमात्मार्थमिच्छामि स्पर्शांस्त्वचि गताश्च ये ।
तस्मान्मे निर्जितो वायुर्वशे तिष्ठति नित्यदा ॥ २१ ॥

छालाले पाएको स्पर्शको सुख म इच्छा गर्दिन। यस वायुबाट मलाई विजय भइसकेको छ र त्यो सधैं मेरो अधीनमा रहन्छ।

नाहमात्मार्थमिच्छामि शब्दाञ्श्रोत्रगतानपि ।
तस्मान्मे निर्जिताः शब्दा वशे तिष्ठन्ति नित्यदा ॥ २२ ॥

कानले पाएको शब्दको सुख म इच्छा गर्दिन। यसबाट मलाई विजय भइसकेको छ र त्यो शब्द सधैं मेरो अधीनमा रहन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

नाहमात्मार्थमिच्छामि मनो नित्यं मनोऽन्तरे ।
मनो मे निर्जितं तस्माद् वशे तिष्ठति नित्यदा ॥ २३ ॥

मनले पाएको मन्तव्य विषयको सुख म इच्छा गर्दिन । यसबाट मलाई विजय भइसकेको छ र त्यो मन सधैं मेरो अधीनमा रहन्छ ।

देवेभ्यश्च पितृभ्यश्च भूतेभ्योऽतिथिभिः सह ।
इत्यर्थं सर्व एवेति समारम्भा भवन्ति वै ॥ २४ ॥

मैले गरेका सबै कार्यहरू देवता, पितृ, प्राणी र अतिथिहरूको लागि हुन्छन् ।

ततः प्रहस्य जनकं ब्राह्मणः पुनरब्रवीत् ।
त्वज्जिज्ञासार्थमद्येह विद्धि मां धर्ममागतम् ॥ २५ ॥

जनकको यस कुरा सुनेर हाँस्दै उक्त ब्राह्मणले भने – तपाईंको परीक्षा लिनको लागि मैले ब्राह्मणको रूप धारण गरेको हुँ ।

त्वमस्य ब्रह्मलाभस्य दुर्वारस्यानिवर्तिनः ।
सत्त्वनेमिनिरुद्धस्य चक्रस्यैकः प्रवर्तकः ॥ २६ ॥

तपाईं यस ब्रह्मलाभको अधिकारी हुनुहुन्छ किनभने सत्त्वगुणले घेरिएको चक्रको सञ्चालक तपाईं नै हुनुहुन्छ ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
द्वात्रिंशोऽध्यायः समाप्तः ॥ ३२ ॥

सप्तदशोऽध्यायः ॥ १७ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
बत्तिसौं अध्याय समाप्त भयो ॥ ३२ ॥

सत्रौं अध्याय ॥ १७ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अठारौं अध्याय

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मण उवाच

नाहं तथा भीरु चरामि लोके
यथा त्वं मां तर्जयसे स्वबुद्धया ।
विप्रोऽस्मि मुक्तोऽस्मि वनेचरोऽस्मि
गृहस्थधर्मा व्रतवांस्तथास्मि ॥ १ ॥

नाहमस्मि यथा मां त्वं पश्यसे च शुभाशुभे ।
मया व्याप्तमिदं सर्वं यत् किञ्चिज्जगतीगतम् ॥ २ ॥

ब्राह्मणले भने – हे भीरु ! तिमी आफ्नो बुद्धिले मलाई जस्तो सम्झन्छयौ त्यस्तो म होइन । म ब्राह्मण हुँ । म जीवनमुक्त छु । म वानप्रस्थ, गृहस्थव्रतमा आस्था राख्ने हुँ । तिमी मलाई जस्तो देख्दछयौ, त्यस्तो म होइन, म त जगत्मा रहेका सबैमा नै व्याप्त छु ।

ये केचिज्जन्तवो लोके जङ्गमाः स्थावराश्च ह ।
तेषां मामन्तकं विद्धि दारूणामिव पावकम् ॥ ३ ॥

काठको विनाशकारी अग्नि जस्तै यस संसारमा स्थावर, जङ्गम प्राणी जति छन् ती सबैको विनाशकारी मृत्यु भनी मलाई सम्झनू ।

राज्यं पृथिव्यां सर्वस्यामथवापि त्रिविष्टपे ।
तथा वुद्धिरियं वेत्ति बुद्धिरेव धनं मम ॥ ४ ॥

सम्पूर्ण पृथ्वी तथा स्वर्गमा जुन राज्य छ त्यो बुद्धिले जान्दछ । त्यसकारण बुद्धि नै मेरो धन हो ।

एकः पन्था ब्राह्मणानां येन गच्छन्ति तद्विदः ।
गृहेषु वनवासेषु गुरुवासेषु भिक्षुषु ॥ ५ ॥

ब्रह्मचर्य, वानप्रस्थ, सन्न्यास आश्रममा रहेको ब्राह्मणको एउटै मात्र मार्ग छ ।

लिङ्गैर्बहुभिरव्यग्रैरेका बुद्धिरुपास्यते ।
नानालिङ्गाश्रमस्थानां येषां बुद्धिः शमात्मिका ॥ ६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

ते भावमेकमायान्ति सरितः सागरं यथा ।
CC-0. In Public Domain. Digitization by eGangotri

अनेक प्रकारको व्याकुलता भए तापनि उनले एउटै बुद्धि अपनाउँछ । अनेक प्रकारको आश्रममा रहे तापनि शान्तबुद्धिले सत् स्वरूप ब्रह्मको उपासना गर्दछ, जसरी चारैतिरवाट नदी एउटै समुद्रमा गएर मिसिन्छ ।

बुद्ध्यायं गम्यते मार्गः शरीरेण न गम्यते ।
आद्यन्तवन्ति कर्माणि शरीरं कर्मबन्धनम् ॥ ७ ॥

यो मार्ग बुद्धिले मात्र प्राप्त हुन्छ, शरीरले हुँदैन । आदि र अन्त भएको सबै कर्महरू यही शरीरको कारण हो ।

तस्मात् ते सुभगे नास्ति परलोककृतं भयम् ।
तद्भावभावनिरता ममैवात्मानमेष्यसि ॥ ८ ॥

हे सुभगे ! यसकारण परलोकको कुनै पनि भय छैन । परमात्माको भावनामा रहेर आखिर मलाई नै तिमीले पाउँदछौ ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
त्रयस्त्रिंशोऽध्यायः समाप्तः ॥ ३३ ॥

अष्टादशोऽध्यायः ॥ १८ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
तेत्तिसौं अध्याय समाप्त भयो ॥ ३३ ॥

अठारौं अध्याय ॥ १८ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

उन्नाइसौं अध्याय
CC-0.In Public Domain. Digitization by eGangotri

ब्राह्मण्युवाच

नेदमल्पात्मना शक्यं वेदितुं नाकृतात्मना ।
वहु चाल्पं च संक्षिप्तं विलुप्तं च मतं मम ॥ १ ॥

ब्राह्मणीले भनिन् – तपाईंले जुन उपदेश गर्नुभयो त्यो सानो वुद्धिले र कर्महीन वुद्धिले बुझ्न सकिंदैन, मैले त बढी, थोरै अथवा संक्षेपमा पनि बुझिन ।

उपायं तं मम ब्रूहि येनैषा लभ्यते मतिः ।
तन्मन्ये कारणं त्वत्तो यत एषा प्रवर्तते ॥ २ ॥

अव मलाई त्यो उपदेश वुझ्ने उपाय वताउनुहोस् । यो उपदेश वुझ्नको लागि मलाई वुद्धि दिनुहोस् किनभने तपाईंवाट मात्रै मैले यो ज्ञान पाउन सक्दछु ।

ब्राह्मण उवाच

अरणीं ब्राह्मणीं विद्धि गुरुरस्योत्तरारणिः ।
तपःश्रुतेऽभिमथ्नीतो ज्ञानाग्निर्जायते ततः ॥ ३ ॥

ब्राह्मणले भने – तिमी वुद्धिलाई पहिलो अरणी (आगो) र गुरुलाई दोस्रो अरणी सम्झनू । तपस्या र वेद आदिको मनन गरेपछि मात्र यो ज्ञानरूपी अग्नि उत्पन्न हुन्छ ।

ब्राह्मण्युवाच

यदिदं ब्राह्मणो लिङ्गं क्षेत्रज्ञ इति सञ्ज्ञितम् ।
ग्रहीतुं येन तच्छक्यं लक्षणं तस्य तत् क्व नु ॥ ४ ॥

ब्राह्मणीले भनिन् – क्षेत्रज्ञ नामवाट जानिएको जो व्रह्मस्वरूप छ, त्यसलाई वुझ्न त्यसको लक्षण के हो ?

ब्राह्मण उवाच

अलिङ्गो निर्गुणश्चैव कारणं नास्य लक्ष्यते ।
उपायमेव वक्ष्यामि येन गृह्येत वा न वा ॥ ५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

ब्राह्मणले भने – क्षेत्रज्ञ वास्तवमा निर्गुण छ। त्यसको कुनै कारण नै छैन। यसकारण म त्यसको उपाय मात्र भन्दछु जुन लिन पनि सकिन्छ र सकिँदैन पनि।

CC-0.In Public Domain. Digitization by eGangotri

सम्यगुपायो दृष्टश्च भ्रमरैरिव लक्ष्यते।
कर्मबुद्धिरबुद्धित्वाज्ज्ञानलिङ्गैरिवाश्रितम् ॥ ६ ॥

भमराले विभिन्न फूलहरूको गन्ध सुँघ्दै जान्छ तर वास्तविक गन्ध पाएको हुँदैन। कर्मविषयक वुद्धि वास्तविकं वुद्धि नभए तापनि वुद्धिजस्तै देखिन्छ।

इदं कार्यमिदं नेति न मोक्षेषूपदिश्यते।
पश्यतः शृण्वतो वुद्धिरात्मानो येषु जायते ॥ ७ ॥

मोक्षको साधनमा यो गर्नु हुन्छ, यो गर्नु हुँदैन भन्ने नियम हुँदैन। जुन आफ्नो वुद्धिले देख्दछ र सुन्दछ त्यही नै साधना हो।

यावन्त इह शक्येरंस्तावन्तोंऽशान् प्रकल्पयेत्।
अव्यक्तान् व्यक्तरूपांश्च शतशोऽथ सहस्रशः ॥ ८ ॥

जति कल्पना गर्न सक्दछौ त्यति नै सयौं, हजारौं व्यक्त र अव्यक्तरूपको अंशको कल्पना गर।

सर्वान्नानार्थयुक्तांश्च सर्वान् प्रत्यक्षहेतुकान्।
यतः परं न विद्येत ततोऽभ्यासे भविष्यति ॥ ९ ॥

यी सबै देखिने वस्तुहरू अर्थयुक्त छैनन्। यसभन्दा ठूलो अर्को छैन भन्ने ज्ञान त अभ्यास गर्नाले मात्र हुनेछ।

वासुदेव उवाच

ततस्तु तस्या ब्रह्मण्या मतिः क्षेत्रज्ञसंक्षये।
क्षेत्रज्ञानेन परतः क्षेत्रज्ञेभ्यः प्रवर्तते ॥ १० ॥

वासुदेवले भन्नुभयो – त्यसपछि ब्राह्मणीको वुद्धिमा क्षेत्रज्ञको जुन शङ्का थियो त्यो क्षेत्रको ज्ञानबाट क्षेत्रज्ञमा परिणत भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्जुन उवाच

क्व नु सा ब्राह्मणी कृष्ण क्व चासौ ब्राह्मणर्षभः ।
याभ्यां सिद्धिरियं प्राप्ता तावुभौ वद मेऽच्युत ॥ ११ ॥

अर्जुनले भने – ती ब्राह्मणी को थिई ? उक्त ब्राह्मणहरूमा श्रेष्ठ को थिए ? हे अच्युत ! जुन यी दुईवाट सिद्धि प्राप्त भयो। तिनीहरू को हुन् भन्नुहोस् ।

वासुदेव उवाच

मनो मे ब्राह्मणं विद्धि वुद्धिं मे विद्धि ब्राह्मणीम् ।
क्षेत्रज्ञ इति यश्चोक्तः सोऽहमेव धनञ्जय ॥ १२ ॥

वासुदेवले भन्नुभयो – आफ्नो मनलाई ब्राह्मण सम्फ र वुद्धिलाई ब्राह्मणी सम्फ । र हे धनञ्जय ! जसलाई क्षेत्रज्ञ भनिएको छ त्यो मलाई सम्फनू ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
चतुस्त्रिंशोऽध्यायः समाप्तः ॥ ३४ ॥

एकोनविंशोऽध्यायः ॥ १९ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
चौतिसौं अध्याय समाप्त भयो ॥ ३४ ॥

उन्नाइसौं अध्याय ॥ १९ ॥

–०–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

बीसौं अध्याय

अर्जुन उवाच

ब्रह्म यत्परमं ज्ञेयं तन्मे व्याख्यातुमर्हसि ।
भवतो हि प्रसादेन सूक्ष्मे मे रमते मतिः ॥ १ ॥

अर्जुनले भने – हे ब्रह्म ! तपाईंको कृपाले म सूक्ष्म विषयको श्रवणमा रमाइरहेको छु। अब जान्न योग्य विषयहरू छन् भने परब्रह्मको स्वरूपको व्याख्या गर्नुहोस् ।

वासुदेव उवाच

अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।
संवादं मोक्षसंयुक्तं शिष्यस्य गुरुणा सह ॥ २ ॥

श्रीकृष्णले भन्नुभयो – गुरु र शिष्यको मोक्षले युक्त भएको संवाद पहिले इतिहासमा भएको थियो, त्यो उदाहरणको रूपमा म तिमीलाई भन्दछु।

कश्चिद् ब्राह्मणमासीनमाचार्यं संशितव्रतम् ।
शिष्यः पप्रच्छ मेधावी किंस्विच्छ्रेयः परन्तप ॥ ३ ॥

भगवन्तं प्रपन्नोऽहं निःश्रेयसपरायणः ।
याचे त्वां शिरसा विप्र यद् ब्रूयां ब्रूहि तन्मम ॥ ४ ॥

कुनै समयमा व्रतको पालना गर्ने ब्राह्मण आ-आफ्नो आसनमा बसिरहेका थिए। त्यस वेला एक बुद्धिमान् शिष्यले उनीसँग गएर सोधे – हे परन्तप ! कल्याणको मार्ग खोज्दै तपाईंकहाँ आएको छु। तपाईंको चरणमा नतमस्तक भएर सोध्दैछु। हे गुरु ! म जे सोध्दछु त्यसको उत्तर दिनुहोस् ।

तमेवंवादिनं पार्थ शिष्यं गुरुरुवाच ह ।
सर्वं तु ते प्रवक्ष्यामि यत्र वै संशयो द्विज ॥ ५ ॥

हे अर्जुन ! शिष्यको यस्तो प्रश्न सुनेर गुरुले भन्नुभयो – हे ब्राह्मण ! तिम्रो जेमा शङ्का छ त्यो म भन्दछु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

इत्युक्तः स कुरुश्रेष्ठ गुरुणा गुरुवत्सलः ।
CC-0.In Public Domain. Digitization by eGangotri
प्राञ्जलिः परिपप्रच्छ यत्तच्छृणु महामते ॥ ६ ॥

हे कुरुश्रेष्ठ बुद्धिमान् अर्जुन ! गुरुले यति भनिसकेपछि गुरुका प्यारा उक्त शिष्यले हात जोडेर जे कुरा सोध्यो त्यो तिमीले सुन ।

शिष्य उवाच

कुतश्चाहं कुतश्चं त्वं तत्सत्यं ब्रूहि यत्परम् ।
कुतो जातानि भूतानि स्थावराणि चराणि च ॥ ७ ॥

शिष्यले भने – म कहाँबाट आएँ ? तपाईं कहाँबाट आउनुभयो ? यस संसारको स्थावर चर जीवहरू कहाँबाट उत्पन्न भए ? यसको सत्य कुरा भन्नुहोस् ।

केन जीवन्ति भूतानि तेषामायुश्च किं परम् ।
किं सत्यं किं तपो विप्र के गुणाः सद्भिरीरिताः ॥ ८ ॥

हे विप्र ! जीवहरू कसरी बाँच्दछन् ? तिनीहरूको आयु कति हुन्छ ? सत्य र तप के हो ? सज्जनहरूले कुन गुणको प्रशंसा गर्दछन् ।

के पन्थानः शिवाश्च स्युः किं सुखं किं च दुष्कृतम् ।
एतान् मे भगवन् प्रश्नान् याथातथ्येन सुव्रत ॥ ९ ॥

हे भगवन् ! हे सुव्रत ! कुन बाटोबाट हिंड्यो भने कल्याण हुन्छ ? सुख के हो ? दुःख के हो ? यी सबै प्रश्नको राम्ररी उत्तर दिनुहोस् ।

वक्तुमर्हसि विप्रर्षे यथावदिह तत्त्वतः ।
त्वदन्यः कश्चन प्रश्नानेतान् वक्तुमिहार्हति ॥ १० ॥

हे विप्रर्षे ! सबैको व्याख्या गरेर अहिले मलाई भन्नुहोस् । किनभने यी प्रश्नको उत्तर तपाईं बाहेक अरु कसले दिन सक्दछ ।

ब्रूहि धर्मविदां श्रेष्ठ परं कौतूहलं मम ।
मोक्षधर्मार्थकुशलो भवाँल्लोकेषु गीयते ॥ ११ ॥

हे श्रेष्ठ ! ममा धेरै नै कौतूहल जागिरहेको छ । मोक्षधर्मको विषयमा तपाईं कुशल हुनुहुन्छ भन्ने कुरा सबैले [illegible] ?
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

सर्वसंशयसंच्छेत्ता त्वदन्यो न च विद्यते ।
CC-0 In Public Domain. Digitization by eGangotri
संसारभीरवश्चैव मोक्षकामास्तथा वयम् ॥ १२ ॥

सबै शङ्का निवारण गर्ने तपाईंभन्दा अरु कोही छैन । हामी यस संसारदेखि डराएका छौं र मोक्ष चाहन्छौं ।

वासुदेव उवाच

तस्मै सम्प्रतिपन्नायं यथावत् परिपृच्छते ।
शिष्याय गुणयुक्ताय शान्ताय प्रियवर्तिने ॥ १३ ॥

छायाभूताय दान्ताय यतते ब्रह्मचारिणे ।
तान् प्रश्नानब्रवीत् पार्थ मेधावी स धृतव्रतः ।
गुरुः कुरुकुलश्रेष्ठ सम्यक् सर्वानरिन्दम ॥ १४ ॥

श्रीकृष्णले भन्नुभयो – हे पार्थ ! हे कुरुकुलश्रेष्ठ ! हे अरिन्दम ! गुरुको शरणमा आएका, रीतपूर्वक प्रश्न गर्ने, सबै गुणले युक्त भएको, शान्त स्वभाव भएका, गुरुका प्रिय, गुरुकै छत्र-छायामा रहने, जितेन्द्रिय, संयमी तथा ब्रह्मचारी उक्त शिष्यले गरेका ती सबै प्रश्नहरूको उत्तर विद्वान् व्रतधारी गुरुले राम्ररी यस प्रकार दिए ।

गुरुरुवाच

ब्रह्मणोक्तमिदं सर्वमृषिप्रवरसेवितम् ।
वेदविद्यां समाश्रित्य तत्त्वभूतार्थभावनम् ॥ १५ ॥

गुरुले भन्नुभयो – तिमीले गरेका सबै प्रश्नहरू वेदविद्यामा आधारित छन् । यसको उत्तर ब्रह्माजी स्वयम्ले दिनुभएको छ र यसलाई सबै विद्वान् ऋषिहरूले पालना गरेका पनि छन् । तिमीले गरेको प्रश्नमा तत्त्व भूतार्थको भावना मिसिएको छ ।

ज्ञानं त्वेव परं विद्मः सन्न्यासं तप उत्तमम् ।
यस्तु वेद निराबाधं ज्ञानतत्त्वं विनिश्चयात् ।
सर्वभूतस्थमात्मानं स सर्वगतिरिष्यते ॥ १६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

हामी ज्ञानलाई नै परब्रह्म र सन्न्यासलाई परमतप भन्दछौं र त्यो निश्चितरूपमा अपरोक्षसहितको र सबै प्राणीहरूको हृदयमा रहेको ज्ञानतत्त्वलाई जसले जान्दछ, त्यो सर्वगति मानिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

यो विद्वान् सहसंवासं विवासं चैव पश्यति।
तथैवैकत्वनानात्वे स दुःखात् परिमुच्यते ॥ १७ ॥

जो विद्वान्ले संयोग र वियोग तथा एकत्व र अनेकत्वलाई एकै साथ तत्त्वअनुसार जान्दछ त्यो दुःखबाट मुक्त हुन्छ।

यो न कामयते किञ्चिन्न किञ्चिदभिमन्यते।
इहलोकस्थ एवैष ब्रह्मभूयाय कल्पते ॥ १८ ॥

जसले कुनै वस्तुको इच्छा गर्दैन र जसको अभिमान हुँदैन त्यो पुरुष यस संसारमा रहे तापनि ब्रह्मभाव पाउँदछ।

प्रधानगुणतत्त्वज्ञः सर्वभूतविधानवित्।
निर्ममो निरहङ्कारो मुच्यते नात्र संशयः ॥ १९ ॥

मुख्य गुणलाई र सबै प्राणीहरूलाई जान्ने पुरुष मोह-ममता र अहङ्कारी हुँदैन। उसले मुक्ति पाउँदछ। यसमा शङ्का छैन।

अव्यक्तबीजप्रभवो बुद्धिस्कन्धमयो महान्।
महाहङ्कारविटप इन्द्रियाङ्कुरकोटरः ॥ २० ॥

महाभूतविशेषश्चं विशेषप्रतिशाखवान्।
सदापर्णः सदापुष्पः सदा शुभफलोदयः ॥ २१ ॥

अजीवः सर्वभूतानां ब्रह्मबीजः सनातनः।
एतज्ज्ञात्वा च तत्त्वानि ज्ञानेन परमासिना ॥ २२ ॥

छित्त्वा चामरतां प्राप्य जहाति मृत्युजन्मनी।

यो शरीर एउटा वृक्ष समान छ। अव्यक्त बीजबाट जन्मेको मूलस्कन्ध बुद्धिको रूप हो। बुद्धि हाँगाको काप हो। अहङ्कार हाँगा हो। इन्द्रियहरू आँख्ला हुन्। पञ्चमहाभूत अवान्तर हुन्। प्राणीहरूको विशेषभेद लहराहरू हुन्। यसमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

सङ्कल्परूपी पातहरू र कर्मरूपी फलहरू फल्दछन् । शुभ र अशुभ कर्महरूद्वारा
CC-0.In Public Domain. Digitization by eGangotri
हुने सुख-दुःखादि यसका फलहरू हुन् । जसले यस तत्त्वलाई बुझेर ज्ञानरूपी तलवारले यो रुखलाई काट्दछ त्यसले अमरत्व प्राप्त गर्दछ र मृत्यु र जन्मको बन्धनबाट छुटकारा पाउँदछ ।

भूतभव्यभविष्यादि धर्मकामार्थनिश्चयम् ।
सिद्धसंघपरिज्ञातं पुराकल्पं सनातनम् ॥ २३ ॥

प्रवक्ष्येऽहं महाप्राज्ञ पदमुत्तममद्य ते ।
वुद्ध्वा यदिह संसिद्ध भवन्तीह मनीषिणः ॥ २४ ॥

हे महाप्राज्ञ ! यहाँ भूत, भविष्य र वर्तमानको रूपमा धर्म, अर्थ र कामलाई लिइएको छ । यसलाई सिद्धहरूले वुझेका पनि छन् । अव म तिमीलाई सिद्ध विद्वान्हरूले यस परमपदलाई बुझेर उपदेश दिएको ज्ञानका कुरा भन्दछु ।

उपगम्यर्षयः पूर्वं जिज्ञासन्तः परस्परम् ।
प्रजापतिभरद्वाजौ गौतमो भार्गवस्तथा ॥ २५ ॥

वसिष्ठः कश्यपश्चैव विश्वामित्रोऽत्रिरेव च ।
मार्गान् सर्वान् परिक्रम्य परिश्रान्ताः स्वकर्मभिः ॥ २६ ॥

ऋषिमाङ्गिरसं वृद्धं पुरस्कृत्य तु ते द्विजाः ।
ददृशुर्ब्रह्मभवने ब्रह्माणं वीतकल्मषम् ॥ २७ ॥

तं प्रणम्य महात्मानं सुखासीनं महर्षयः ।
पप्रच्छुर्विनयोपेता नैःश्रेयसमिदं परम् ॥ २८ ॥

पहिले-पहिलेको कुरा हो, प्रजापति, भारद्वाज, गौतम, भार्गव, वसिष्ठ, कश्यप, विश्वामित्र, अत्रि आदि गरिएका ऋषिहरू आफूले गरिएका सबै प्रकारका कर्महरूबाट थाकेर ऋषि आङ्गिरसलाई अघि लगाएर ब्रह्माजीलाई भेट्न ब्रह्मलोक गए । त्यहाँ सुखपूर्वक वसिरहेका, महात्मा परमपिता ब्रह्माजीलाई विनयपूर्वक परम कल्याणको विषयमा सोधे ।

कथं कर्म क्रियात् साधु कथं मुच्येत किल्विषात् ।
के नो मार्गाः शिवाश्च स्युः किं सत्यं किं च दुष्कृतम् ॥ २९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

कर्म कसरी गर्ने [illegible] मार्ग कुन हो ? सत्य के हो र पाप के हो ?

CC-0. In Public Domain. Digitization by eGangotri

कौ चोभौ कर्मणां मार्गौ प्राप्नुयुर्दक्षिणोत्तरौ ।
प्रलयं चापवर्गं च भूतानां प्रभवाप्ययौ ॥ ३० ॥

मानिसहरूलाई उत्तरायण र दक्षिणायनमा लैजाने ती कुन-कुन मार्ग हुन् । प्रलय र मोक्ष के हो ? प्राणीहरूको जन्म र मृत्यु के हो ?

इत्युक्तः स मुनिश्रेष्ठैर्यदाह प्रपितामहः ।
तत् तेऽहं सम्प्रवक्ष्यामि शृणु शिष्य यथागमम् ॥ ३१ ॥

हे शिष्य ! ती श्रेष्ठ मुनिहरूले यसरी सोधिसकेपछि प्रपितामह ब्रह्माजीले जुन उपदेश दिनुभयो त्यो म तिमीलाई जस्ताको तस्तै भन्दछु, सुन ।

ब्रह्मोवाच

सत्याद् भूतानि जातानि स्थावराणि चराणि च ।
तपसा तानि जीवन्ति इति तद् वित्त सुव्रताः ।
स्वां योनिं समतिक्रम्य वर्तन्ते स्वेन कर्मणा ॥ ३२ ॥

हे सुव्रत ऋषिहरू ! सबै स्थावर चर अचर प्राणीहरू सत्यबाट उत्पन्न भएका हुन् । ती जीवहरू तपस्याले बाँचेका हुन् । आफूले गरेका कर्मको फलअनुसार तिनीहरू आफ्नो चक्रमा रहन्छन् ।

सत्यं हि गुणसंयुक्तं नियतं पञ्चलक्षणम् ॥ ३३ ॥

गुणले युक्त भएको सत्य नै पञ्चलक्षण हो ।

ब्रह्म सत्यं तपः सत्यं सत्यं चैव प्रजापतिः ।
सत्याद् भूतानि जातानि सत्यं भूतमयं जगत् ॥ ३४ ॥

ब्रह्म सत्य हो । तपस्या सत्य हो । प्रजापति सत्य हो । सत्यबाट संसार जन्मेको हो । यो सारा संसार सत्य हो ।

तस्मात् सत्यमया विप्रा नित्यं योगपरायणाः ।
अतीतक्रोधसन्तापा नियता धर्मसेविनः ॥ ३५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
त्यसकारण सधैं योगमा लागिरहने, क्रोध र सन्तापबाट मुक्त भएका र धर्मात्मा ब्राह्मणहरू सत्यका अनुयायी हुन्छन् ।

अन्योन्यनियतान् वैद्यान् धर्मसेतुप्रवर्तकान् ।
तानहं सम्प्रवक्ष्यामि शाश्वतांल्लोकभावनान् ॥ ३६ ॥

आफू नियममा बसेर अरुलाई पनि नियममा राख्ने, धर्मका प्रवर्तक, लोकलाई शाश्वत धर्म सिकाउनेहरूलाई म यो उपदेश दिन्छु ।

चातुर्विद्यं तथा वर्णांश्चातुराश्रमिकान् पृथक् ।
धर्ममेकं चतुष्पादं नित्यमाहुर्मनीषिणः ॥ ३७ ॥

विद्वान्हरूले भनेका छन्, वर्ण र आश्रम चार प्रकारका छन् । धर्म एउटै छ र यसका चार भेद छन् ।

पन्थानं वः प्रवक्ष्यामि शिवं क्षेमकरं द्विजाः ।
नियतं ब्रह्मभावाय गतं पूर्वं मनीषिभिः ॥ ३८ ॥

हे द्विजहरू ! पूर्व कालमा विद्वान्हरूले ब्रह्मभाव प्राप्त गर्नको लागि जुन कल्याण र मङ्गलकारी मार्ग बताएका थिए त्यो म तिमीहरूलाई भन्दछु ।

गदन्तस्तं मयाद्येह पन्थानं दुर्विदं परम् ।
निवोधत महाभागा निखिलेन परं पदम् ॥ ३९ ॥

हे महाभागहरू ! अहिले मैले भन्न खोजेको कुरा ध्यान दिएर सुन । यो अत्यन्त बुझ्न गाह्रो र पूर्णरूपमा परमपद स्वरूप छ ।

ब्रह्मचारिकमेवाहुराश्रमं प्रथमं पदम् ।
गार्हस्थ्यं तु द्वितीयं स्याद् वानप्रस्थमतः परम् ।
ततः परं तु विज्ञेयमध्यात्मं परमं पदम् ॥ ४० ॥

आश्रमहरूमा ब्रह्मचर्य पहिलो आश्रम हो । दोस्रो गार्हस्थ र तेस्रो वानप्रस्थ हो । त्यसपछि चौथो सन्न्यास आश्रम हो । यस आश्रममा आत्मज्ञानलाई मुख्य मानिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

ज्योतिराकाशमादित्यो वायुरिन्द्रः प्रजापतिः ।
CC-0 In Public Domain. Digitization by eGangotri
नोपैति यावदध्यात्मं तावदेतान् न पश्यति ॥ ४१ ॥

जबसम्म मानिसलाई आत्मज्ञान हुँदैन तबसम्म ज्योति, आकाश, सूर्य, वायु, इन्द्र, प्रजापति आदिको यथार्थ रूप देखिँदैन ।

तस्योपायं प्रवक्ष्यामि पुरस्तात् तं निबोधत ।
फलमूलानिलभुजां मुनीनां वसतां वने ॥ ४२ ॥

वानप्रस्थं द्विजातीनां त्रयाणामुपदिश्यते ।
सर्वेषामेव वर्णानां गार्हस्थ्यं तद् विधीयते ॥ ४३ ॥

सवैभन्दा पहिले आत्मज्ञानको विषयमा भन्दछु । सबै जनाले सुन । वानप्रस्थ आश्रम ब्राह्मण, क्षत्रिय र वैश्यको लागि हो । यस आश्रममा रहँदा वनमा बसी ऋषिहरूले झैं फल-फूल र वायु मात्र सेवन गर्नुपर्दछ । गाहर्स्थ आश्रम सवै वर्णको लागि हो ।

श्रद्धालक्षणमित्येवं धर्मं धीराः प्रचक्षते ।
इत्येवं देवयाना वः पन्थानः परिकीर्तिताः ।
सद्भिरध्यासिता धीरैः कर्मभिर्धर्मसेतवः ॥ ४४ ॥

विद्वान्हरूले श्रद्धालाई धर्म मानेका छन् । यसकारण तिमीहरूको मार्ग भनेको देवयान हो । धीर पुरुषहरू र धर्म प्रवर्तकहरू कर्मद्वारा धर्म मर्यादाको पालना गर्दछन् ।

एतेषां पृथगध्यास्ते यो धर्मं संशितव्रतः ।
कालात् पश्यति भूतानां सदैव प्रभवाप्ययौ ॥ ४५ ॥

जो मानिसले उत्तम व्रतको आश्रय लिएर माथि भनिएको धर्ममध्ये कुनै एउटाको पालना गर्दछ त्यसले कालक्रमअनुसार प्राणीहरूको जन्म र मृत्यु प्रत्यक्ष देख्दछ ।

अतस्तत्त्वानि वक्ष्यामि याथातथ्येन हेतुना ।
विषयस्थानि सर्वाणि वर्तमानानि भागशः ॥ ४६ ॥

अब जुन कारणले अहिले रहेका अलग-अलग तत्त्वहरूको क्रमैले छुट्टाछुट्टै वर्णन गर्दछु ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

महानात्मा तथाव्यक्तमहङ्कारस्तथैव च ।
CC-0.In Public Domain. Digitization by eGangotri
इन्द्रियाणि दशैकं च महाभूतानि पञ्च च ॥ ४७ ॥

विशेषाः पञ्चभूतानामिति सर्गः सनातनः ।
चतुर्विंशतिरेका च तत्त्वसंख्या प्रकीर्तिता ॥ ४८ ॥

महानात्मा, अव्यक्त, अहङ्कार, दस इन्द्रिय, पञ्च महाभूत, एक मन, पञ्चमहाभूतका शब्द आदि गरिएका विशेष गुणहरू गरी चौबिस तत्त्व सनातन सर्ग हुन् । त्यसमा जीवात्मा एक थप गरी पच्चिस तत्त्व सङ्ख्या भनिएको छ।

तत्त्वानामथ यो वेद सर्वेषां प्रभवाप्ययौ ।
स धीरः सर्वभूतेषु न मोहमधिगच्छति ॥ ४९ ॥

यी सबै तत्त्वहरूलाई जसले जान्दछ त्यो धीर कहिन्छ र मोहमा फस्दैन ।

तत्त्वानि यो वेदयते यथातथं
गुणांश्च सर्वानखिलांश्च देवताः ।
विधूतपाप्मा प्रविमुच्य बन्धनं
स सर्वलोकानमलान् समश्नुते ॥ ५० ॥

जसले यी सम्पूर्ण तत्त्व, गुण र देवतालाई विस्तारपूर्वक जान्दछ त्यसको पाप नाश हुन्छ र वन्धनवाट छुटेर सबै दिव्यलोकको सुखको अनुभव गर्दछ ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
पञ्चत्रिंशोऽध्यायः समाप्तः ॥ ३५ ॥

विंशोऽध्यायः ॥ २० ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
पैंतिसौं अध्याय समाप्त भयो ॥ ३५ ॥

वीसौं अध्याय ॥ २० ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

एक्काइसौं अध्याय

CC-0.In Public Domain. Digitization by eGangotri

ब्रह्मोवाच

तदव्यक्तमनुद्रिक्तं सर्वव्यापि ध्रुवं स्थिरम् ।
नवद्वारं पुरं विद्यात् त्रिगुणं पञ्चधातुकम् ॥ १ ॥

एकादशपरिक्षेपं मनोव्याकरणात्मकम् ।
वुद्धिस्वामिकमित्येतत् परमेकादशं भवेत् ॥ २ ॥

ब्रह्माजीले भन्नुभयो – जव तीनै गुणहरूको अवस्था वरावर हुन्छ त्यस वेला ती गुणहरूको नाम अव्यक्त हुन्छ । त्यो अव्यक्त सर्वव्यापी, अविनाशी र स्थिर हुन्छ । ती तीनै गुणको आपसमा वैमनस्य पैदा हुन्छ, त्यस वेला पञ्चमहाभूतको रूप लिन्छ र नवद्वाररूपी सहरको निर्माण हुन्छ । यस सहरमा मनसहित एघार इन्द्रिय हुन्छन् र यसको अभिव्यक्ति मनद्वारा हुन्छ । यो एघारौं मन दस इन्द्रियहरूमा श्रेष्ठ छ । वुद्धि यस सहरको स्वामी हो ।

त्रीणि स्रोतांसि यान्यस्मिन्नाप्यायन्ते पुनः पुनः ।
प्रनाडचस्तिस्र एवैताः प्रवर्तन्ते गुणात्मिकाः ॥ ३ ॥

यसमा तीन वटा स्रोतहरू छन् । यी तीन स्रोतहरू गुणमयी नाडीहरूद्वारा वारम्वार भरिएर वहन्छन् ।

तमो रजस्तथा सत्त्वं गुणानेतान् प्रचक्षते ।
अन्योन्यमिथुनाः सर्वे तथान्योन्यानुजीविनः ॥ ४ ॥

अन्योन्यपाश्रयाश्चापि तथान्योन्यानुवर्तिनः ।
अन्योन्यव्यतिषक्ताश्च त्रिगुणाः पञ्चधातवः ॥ ५ ॥

सत्त्व, रज र तम यिनीहरूलाई गुण भन्दछन् । यिनीहरू एक आपसमा जोडिएर रहने पनि छन्, आश्रित पनि छन्, एक आपसको सहारमा टिकेका पनि हुन्छन् र आ-आफ्नो अनुसरण पनि गर्छन् र परस्परमा मिश्रित पनि हुन्छन् । यी पाँचै महाभूत त्रिगुणात्मक हुन् ।

तमसो मिथुनं सत्त्वं सत्त्वस्य मिथुनं रजः ।
रजसश्चापि सत्त्वं स्यात् सत्त्वस्य मिथुनं तमः ॥ ६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

तमोगुणको परिपूरक सत्त्वगुण हो। सत्त्वगुणको परिपूरक रजोगुण हो। यस्तै रजोगुणको परिपूरक पनि सत्त्व नै हो र सत्त्वगुणको परिपूरक तमोगुण हो।

CC-0.In Public Domain. Digitization by eGangotri

नियम्यते तमो यत्र रजस्तत्र प्रवर्तते।
नियम्यते रजो यत्र सत्त्वं तत्र प्रवर्तते ॥ ७ ॥

जहाँ तमोगुणलाई रोकिन्छ त्यहाँ रजोगुण उत्पन्न हुन्छ। जहाँ रजोगुणलाई रोकिन्छ त्यहाँ सत्त्वगुण उत्पन्न हुन्छ।

नैशात्मकं तमो विद्यात् त्रिगुणं मोहसञ्ज्ञितम्।
अधर्मलक्षणं चैव नियतं पापकर्मसु।
तामसं रूपमेतत् तु दृश्यते चापि सङ्गतम् ॥ ८ ॥

त्रिगुणमयी तमोगुणको रूप अन्धकार हो। यसलाई मोह पनि भनिन्छ। यो गुण अधर्मी र पापीहरूमा रहन्छ। तमोगुणको यो रूप दोस्रो गुणमा मिश्रित भएको पनि देखिन्छ।

प्रकृत्यात्मकमेवाहू रजः पर्यायकारकम्।
प्रवृत्तं सर्वभूतेषु दृश्यमुत्पत्तिलक्षणम् ॥ ९ ॥

रजोगुणको पर्यायवाची प्रकृति पनि हो। सबै प्राणीहरूमा लक्षणको रूपमा यसलाई देख्न सकिन्छ।

प्रकाशं सर्वभूतेषु लाघवं श्रद्दधानता।
सात्त्विकं रूपमेवं तु लाघवं साधुसम्मितम् ॥ १० ॥

सत्त्वगुणको लक्षण प्रकाश, घमण्ड नभएको र श्रद्धा हो। यसमध्ये घमण्ड नभएको लक्षण सात्त्विकहरूद्वारा प्रशंसित छ।

एतेषां गुणतत्त्वानि वक्ष्यन्ते तत्त्वहेतुभिः।
समासव्यासयुक्तानि तत्त्वतस्तानि बोधत ॥ ११ ॥

अब म यी गुणहरूको काम विस्तारपूर्वक वर्णन गर्दछु। यसलाई ध्यान दिएर सुन।

सम्मोहोऽज्ञानमत्यागः कर्मणामविनिर्णयः।
स्वप्नः स्तम्भो भयं लोभः स्वतः सुकृतदूषणम् ॥ १२ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अस्मृतिश्चाविपाकश्च नास्तिक्यं भिन्नवृत्तिता ।
CC-0.In Public Domain. Digitization by eGangotri
निर्विशेषत्वमन्धत्वं जघन्यगुणवृत्तिता ॥ १३ ॥

अकृते कृतमानित्वमज्ञाने ज्ञानमानिता ।
अमैत्री विकृताभावो ह्यश्रद्धा मूढभावना ॥ १४ ॥

अनार्जवमसञ्ज्ञत्वं कर्म पापमचेतना ।
गुरुत्वं सन्नभावत्वमवशित्वमवाग्गतिः ॥ १५ ॥

सर्व एते गुणा वृत्तास्तामसाः सम्प्रकीर्तिताः ।
ये चान्ये विहिता भावा लोकेऽस्मिन् भावसञ्ज्ञिताः ॥१६॥

तत्र तत्र नियम्यन्ते सर्वे ते तामसा गुणाः ।

मोह, अज्ञान, अत्याग, कर्मको निर्णय गर्न नसक्नु, स्वप्न, घमण्ड, डर, लोभ, शुभ कर्ममा दोष देख्नु, बिर्सने बानी हुनु, परिणाम नसोच्नु, नास्तिकता, दुश्चरित्रता, राम्रो र नराम्रो छुट्ट्याउन नसक्नु, इन्द्रियहरूको शिथिलता, हिंसादि जघन्य अपराधमा लाग्नु, अकार्यलाई कार्य मान्नु र अज्ञानलाई ज्ञान मान्नु, शत्रुता, काममा मन नलाग्नु, अश्रद्धा, मूर्ख भावना, कुटिलता, नबुझ्नु, पाप गर्नु, चेतना नभएको, शरीर भारी हुनु, भाव-भक्ति नहुनु, इन्द्रियहरूलाई वशमा राख्न नसक्नु र नीचकर्ममा लाग्नु यी सबै गुणहरू तमोगुणका लक्षण हुन् । यसभन्दा बाहेकका अरु जति पनि निषेध गरिएका गुणहरू छन् ती सबै तमोगुण कहलिन्छन् ।

परिवादकथा नित्यं देवब्राह्मणवैदिकी ॥ १७ ॥

अत्यागश्चाभिमानश्च मोहो मन्युस्तथाक्षमा ।
मत्सरश्चैव भूतेषु तामसं वृत्तमिष्यते ॥ १८ ॥

देवता, ब्राह्मण र वेदलाई निन्दा गर्नु, दान नगर्नु, घमण्ड, मोह, क्रोध, सहनशीलता नभएको प्राणीहरूमा ईर्ष्याको भाव राख्नु यी सबै तामसगुणको व्यवहार हो ।

वृथारम्भा हि ये केचिद् वृथा दानानि यानि च ।
वृथा भक्षणमित्येतत् तामसं वृत्तमिष्यते ॥ १९ ॥

व्यर्थ कामको सुरु गर्नु, व्यर्थ दान गर्नु, व्यर्थ भोजन गर्नु यो तामसगुणको व्यवहार हो ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अतिवादोऽतितिक्षा च मात्सर्यमभिमानिता ।
CC-0.In Public Domain. Digitization by eGangotri
अश्रद्दधानता चैव तामसं वृत्तमिष्यते ॥ २० ॥

धेरै बोल्नु, क्षमा नगर्नु, स्वार्थीपन, घमण्ड, श्रद्धा नभएको यी तामसगुणको व्यवहार हो ।

एवंविधाश्च ये केचिल्लोकेऽस्मिन् पापकर्मिणः ।
मनुष्या भिन्नमर्यादास्ते सर्वे तामसाः स्मृताः ॥ २१ ॥

यसभन्दा बाहेकका अरु जति पनि निषेध गरिएका र पापकर्म गर्ने मनुष्यलाई तमोगुणी भनिन्छ ।

तेषां योनीः प्रवक्ष्यामि नियताः पापकर्मिणाम् ।
अवाङ्निरयभावा ये तिर्यङ्निरयगामिनः ॥ २२ ॥

अब म पापकर्मीहरूको अर्को योनिको विषयमा भन्दछु । त्यसमध्ये कुनै नरकमा जान्छन् त कुनै पशु-पक्षीआदिको योनिमा जन्म लिन्छन् ।

स्थावराणि च भूतानि पशवो वाहनानि च ।
क्रव्यादा दन्दशूकाश्च कृमिकीटविहङ्गमाः ॥ २३ ॥

अण्डजा जन्तवश्चैव सर्वे चापि चतुष्पदाः ।
उन्मत्ता बधिरा मूका ये चान्ये पापरोगिणः ॥ २४ ॥

मग्नास्तमसि दुर्वृत्ताः स्वकर्मकृतलक्षणाः ।
अवाक्स्रोतस इत्येते मग्नास्तमसि तामसाः ॥ २५ ॥

स्थावर, जीव, पशु, वाहन, राक्षस, सर्प, कीरा-फट्याङ्ग्रा, पक्षी, चौपाया जन्तु, पागल, बहिरो, मूर्ख, पापबाट उब्जेका रोगीहरू यी सबै तमोगुणमा मस्त भएकाहरू हुन् । आफ्नो कर्मअनुसार दुराचारी भएका यी प्राणीहरू सधै दुःखमा डुब्दछन् । यिनीहरूको चित्त सधैं दुराचारमा रहन्छ । यसकारण यिनीहरूलाई अर्वाक् स्रोता भनिन्छ र यस्तै तमोगुणमा मस्त भएकाहरूलाई तामसी भन्दछन् ।

तेषामुत्कर्षमुद्रेकं वक्ष्याम्यहमतः परम् ।
यथा ते सुकृताँल्लोकाँल्लभन्ते पुण्यकर्मिणः ॥ २६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अब म तामसी योनिमा गएका प्राणीहरूको उत्थान कसरी हुन्छ र कस्तो पुण्यकर्म गर्दा कस्तो प्रकारको उत्तम लोकमा जान्छ भन्ने वर्णन गर्दछु ।

CC-0 In Public Domain. Digitization by eGangotri

अन्यथा प्रतिपन्नास्तु विवृद्धा ये च कर्मण: ।
स्वकर्मनिरतानां च ब्राह्मणानां शुभैषिणाम् ॥ २७ ॥

संस्कारेणोर्ध्वमायान्ति यतमाना: सलोकताम् ।
स्वर्गं गच्छन्ति देवानामित्येषा वैदिकी श्रुति: ॥ २८ ॥

आफूले गरेको कर्मको फलबाट जो प्राणी उल्टो योनिमा गएको हुन्छ त्यो प्राणी आफूले पहिले गरेको कर्मको फलबाट शुभकर्म गर्ने ब्राह्मणहरूजस्तै हुन्छ । अर्थात् त्यही कुलमा जन्म लिन्छ र फेरि प्रयास गरेर माथि उठ्दछ । अनि देवता र स्वर्गलोकमा जान्छ । यो उपदेश वेदको श्रुतिहरूमा लेखिएको छ ।

अन्यथा प्रतिप्रन्नास्ते विबुद्धा: स्वेषु कर्मसु ।
पुनरावृत्तिधर्माणस्ते भवन्तीह मानुषा: ॥ २९ ॥

यसरी फेरि-फेरि जन्म लिएर आफै गरेका सत्कर्मको फलबाट ती देवयोनिमा पुगिसकेपछि मनुष्ययोनिमा जन्मन्छन् ।

पापयोनिं समापन्नाश्चाण्डाला मूकचूचुका: ।
वर्णान् पर्यायशश्चापि प्राप्तुवन्त्युत्तरोत्तरम् ॥ ३० ॥

त्यसमध्ये कोही फेरि चाण्डाल, लाटो र भकभके हुन्छन् तथा जन्मजन्मातरपछि उच्च योनिमा जन्मन्छन् ।

शूद्रयोनिमतिक्रम्य ये चान्ये तामसा गुणा: ।
स्रोतोमध्ये समागम्य वर्तन्ते तामसे गुणे ॥ ३१ ॥

कोही शूद्रयोनिभन्दा अघि बढेर तामस गुणयुक्त हुन्छन् । त्यसको धारमा परेर तमोगुणमा जान्छन् ।

अभिष्वङ्गस्तु कामेषु महामोह इति स्मृत: ।
ऋषयो मुनयो देवा मुह्यन्त्यत्र सुखेप्सव: ॥ ३२ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

यसैमा प्रवृत्त हुनलाई महामोह भनिन्छ र यस मोहमा परेर सुखको भोग गर्नेहरू ऋषि-मुनि देवताहरू पनि मोहित हुन्छन् ।

CC-0.In Public Domain. Digitization by eGangotri

तमो मोहो महामोहस्तामिस्रः क्रोधसञ्ज्ञितः ।
मरणं त्वन्धतामिस्रस्तामिस्रः क्रोध उच्यते ॥ ३३ ॥

तम, मोह, महामोह, क्रोध नाम भएको तामिस्र हो, मरण नाम भएको अन्धतामिस्र यी पाँच वटा तामसी हुन् र उसलाई क्रोध पनि भनिन्छ ।

वर्णतो गुणतश्चैव योनितश्चैव तत्त्वतः ।
सर्वमेतत्तमो विप्राः कीर्तितं वो यथाविधि ॥ ३४ ॥

हे विप्रवर ! वर्ण, गुण, योनि र तत्त्वअनुसार तमोगुणको आफूले सकेजति वर्णन गरें।

कोन्वेतद् वुध्यते साधु कोन्वेतत् साधु पश्यति ।
अतत्त्वे तत्त्वदर्शी यस्तमसस्तत्त्वलक्षणम् ॥ ३५ ॥

अतत्त्वलाई तत्त्व देख्ने कुनै पनि मनुष्यले यसलाई राम्रोसँग वुभ्न र देख्न सक्दैन । उसको यस्तो उल्टो दृष्टि नै तामस गुणको लक्षण हो ।

तमोगुणा वहुविधाः प्रकीर्तिता
यथावदुक्तं च तमः परावरम् ।
नरो हि यो वेद गुणानिमान् सदा
स तामसैः सर्वगुणैः प्रमुच्यते ॥ ३६ ॥

तमोगुणको विषयमा जति भनियो त्यसभन्दा पनि धेरै प्रकारका तमोगुणका लक्षणहरू छन् । जो मनुष्यले यी गुणहरूलाई सधैं जान्दछ त्यो मनुष्य तमोगुणवाट सधैं मुक्त रहन्छ ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
षट्त्रिंशोऽध्यायः समाप्तः ॥ ३६ ॥

एकविंशोऽध्यायः ॥ २१ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
छत्तिसौं अध्याय समाप्त भयो ॥ ३६ ॥

एक्काइसौं अध्याय ॥ २१ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

[illegible] अध्याय

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मोवाच

रजोऽहं वः प्रवक्ष्यामि याथातथ्येन सत्तमाः ।
निवोधत महाभागा गुणवृत्तं च राजसम् ॥ १ ॥

ब्रह्माजीले भन्नुभयो – हे महर्षिहरू ! अब म तिमीहरूलाई रजोगुणको स्वरूप र त्यसका गुणहरूको विषयमा भन्दछु ध्यान दिएर सुन ।

सन्तापो रूपमायासः सुखदुःखे हिमातपौ ।
ऐश्वर्यं विग्रहः सन्धिर्हेतुवादोऽरतिः क्षमा ॥ २ ॥

वलं शौर्यं मदो रोषो व्यायामकलहावपि ।
ईर्ष्येप्सा पिशुनं युद्धं ममत्वं परिपालनम् ॥ ३ ॥

वधवन्धपरिक्लेशाः क्रयो विक्रय एव च ।
निकृन्त छिन्धि भिन्धीति परमर्मावकर्तनम् ॥ ४ ॥

उग्रं दारुणमाक्रोशः परच्छिद्रानुशासनम् ।
लोकचिन्तानुचिन्ता च मत्सरः परिभावनः ॥ ५ ॥

मृषा वादो मृषा दानं विकल्पः परिभाषणम् ।
निन्दा स्तुतिः प्रशंसा च प्रस्तावः पारधर्षणम् ॥ ६ ॥

परिचर्यानुशुश्रूषा सेवा तृष्णा व्यपाश्रयः ।
व्यूहो नयः प्रमादश्च परिवादः परिग्रहः ॥ ७ ॥

सन्ताप, रूप, आयास, सुख, दुःख, जाडो, गर्मी, ऐश्वर्य, विग्रह, सन्धि, हेतुवाद, मन प्रसन्न नहुनु, क्षमा, वल, शूरता, मद, रोष, व्यायाम, झगडा, ईर्ष्या, इच्छा, चुक्ली लगाउनु, युद्ध, ममत्व, अरुलाई पालना गर्नु, वध, वन्धन, क्लेश, किन्नु, वेच्नु, छेदन, भेदन, विदारण, अरुको घाउमा नुन छर्कनु, उग्र, भयानकता, आक्रोश, खिज्याउनु, चिन्ता गर्नु, पश्चात्ताप, ईर्ष्या गर्नु, अनेक प्रकारका सांसारिक भावमा डुब्नु, असत्य वोल्नु, व्यर्थ दान गर्नु, शङ्कालु स्वभाव, वढ्ता वोल्नु, कुरा काट्नु, निन्दा, स्तुति, प्रशंसा, नयाँ कुरा ल्याउन खोज्नु, वलात्कार, सेवा, तृष्णा, अरुको आश्रयमा रहनु, समूह बनाएर बस्नु, नीति, प्रमाद, परिग्रह यी सबै रजोगुणका लक्षण हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

संस्कारा ये च लोकेषु प्रवर्तन्ते पृथक्पृथक् ।
CC-0.In Public Domain. Digitization by eGangotri
नृषु नारीषु भूतेषु द्रव्येषु शरणेषु च ॥ ८ ॥

यही संस्कार पुरुष, नारी, प्राणी, द्रव्य र गृह आदिमा फरक-फरक तरिकाले रहन्छन् ।

सन्तापोऽप्रत्ययश्चैव व्रतानि नियमाश्च ये ।
आशीर्युक्तानि कर्माणि पौर्तानि विविधानि च ॥ ९ ॥

स्वाहाकारो नमस्कारः स्वधाकारो वषट्क्रिया ।
याजनाध्यापने चोभे यजनाध्ययने अपि ॥ १० ॥

दानं प्रतिग्रहश्चैव प्रायश्चित्तानि मङ्गलम् ।

सन्ताप, अविश्वास, व्रत, नियम, शुभ कर्म, अनेक प्रकारका पौर्तहरू, स्वाहाकार, नमस्कार, स्वधाकार, वषट्कार, याजन, अध्यापन, यजन, अध्ययन, दान, प्रतिग्रह, प्रायश्चित्त, र मङ्गल पनि रजोगुणका लक्षण हुन् ।

इदं मे स्यादिदं मे स्यात्स्नेहो गुणसमुद्भवः ॥ ११ ॥

'यो म पाउं, यो म पाउँ' भन्ने विषयको आसक्तिपन पनि रजोगुणबाट नै उत्पन्न हुन्छ ।

अभिद्रोहस्तथा माया निकृतिर्मान एव च ।
स्तैन्यं हिंसा जुगुप्सा च परितापः प्रजागरः ॥ १२ ॥

दम्भो दर्पोऽथ रागश्च भक्तिः प्रीतिः प्रमोदनम् ।
द्यूतं च जनवादश्च सम्बन्धाः स्त्रीकृताश्च ये ॥ १३ ॥

नृत्यवादित्रगीतानां प्रसङ्गा ये च केचन ।
सर्व एते गुणा विप्रा राजसाः सम्प्रकीर्तिताः ॥ १४ ॥

हे विप्रगण ! द्रोह गर्नु, माया, मूर्खता, मान, चोरी, हिंसा, घृणा, परिताप, जागरण, घमण्ड, दर्प, राग, भक्ति, प्रेम, प्रमोद, द्यूत, मानिसहरूसँग झगडा गर्नु, स्त्रीहरूसँग सम्बन्ध राख्नु, नाच, गान, बाजा बजाउनुमा आसक्त हुनु यी सबै रजोगुणका लक्षण हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

भूतभव्यभविष्याणां भावानां भुवि भावना: ।
CC-0 In Public Domain. Digitization by eGangotri
त्रिवर्गनिरता नित्यं धर्मोऽर्थ: काम इत्यपि ॥ १५ ॥

कामवृत्ता: प्रमोदन्ते सर्वकामसमृद्धिभि: ।
अर्वाक्स्रोतस इत्येते मनुष्या रजसा वृता: ॥ १६ ॥

यस पृथ्वीमा भूत, भविष्य र वर्तमानको पदार्थको विषयमा चिन्ता गर्नु, धर्म, अर्थ र काम यी तीन वर्गमा निरन्तर लाग्नु, मनोमानीसँग व्यवहार गर्नु, सवै प्रकारको भोगमा रमाउनु यी सवै रजोगुणको कारणले हुन्छ र यसलाई अर्वाक्स्रोत पनि भनिन्छ ।

अस्मिँल्लोके प्रमोदन्ते जायमाना: पुन: पुन: ।
प्रेत्य भाविकमीहन्ते ऐहलौकिकमेव च ।
ददति प्रतिगृह्णन्ति तर्पयन्त्यथ जुह्वति ॥ १७ ॥

यस्ता मानिसहरू यस संसारमा वारम्वार जन्म लिएर रमाउछन्, यस लोक र परलोकमा सुख पाउनको लागि इच्छा गर्छन्, सकाम भावले दान गर्छन् तथा त्यसको प्रतिफल चाहन्छन् तथा तर्पण गर्दछन् र होम गर्दछन् ।

रजोगुणा वो वहुधानुकीर्तिता
यथावदुक्तं गुणवृत्तमेव च ।
नरोऽपि यो वेद गुणानिमान् सदा
स राजसै: सर्वगुणैर्विमुच्यते ॥ १८ ॥

रजोगुणको विषयमा जति भनियो त्यसभन्दा पनि धेरै प्रकारका रजोगुणका लक्षणहरू छन् । जो मनुष्यले यी गुणहरूलाई सधैं जान्दछ त्यो मनुष्य रजोगुणवाट सधैं मुक्त रहन्छ ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
सप्तत्रिंशोऽध्याय: समाप्त: ॥ ३७ ॥

द्वाविंशोऽध्याय: ॥ २२ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
सैंतिसौं अध्याय समाप्त भयो ॥ ३७ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
बाइसौं अध्याय ॥ २२ ॥

तेइसौं अध्याय

CC-0.In Public Domain. Digitization by eGangotri

ब्रह्मोवाच

अतः परं प्रवक्ष्यामि तृतीयं गुणमुत्तमम् ।
सर्वभूतहितं लोके सतां धर्ममनिन्दितम् ॥ १ ॥

ब्रह्माजीले भन्नुभयो – अव म तेस्रो गुणको विषयमा भन्दछु जुन उत्तम छ र सबै लोकको सधैं हितमा रहन्छ । त्यो सत्त्वगुण प्रशंसनीय छ ।

आनन्दः प्रीतिरुद्रेकः प्राकाश्यं सुखमेव च ।
अकार्पण्यमसंरम्भः सन्तोषः श्रद्दधानता ॥ २ ॥

क्षमा धृतिरहिंसा च समता सत्यमार्जवम् ।
अक्रोधश्चानसूया च शौचं दाक्ष्यं पराक्रमः ॥ ३ ॥

आनन्द, प्रसन्नता, उन्नति, प्रकाश, सुख, कृपणताको अभाव, निर्भयता, सन्तोष, श्रद्धा, क्षमा, धैर्य, अहिंसा, समता, सत्य, सरलता, अक्रोध, कसैको दोष नदेख्ने, पवित्रता, चतुरता, पराक्रम यी सत्त्वगुणका लक्षण हुन् ।

मुधा ज्ञानं मुधा वृत्तं मुधा सेवा मुधा श्रमः ।
एवं यो मुक्तधर्मः स्यात् सोऽमुत्रात्यन्तमश्नुते ॥ ४ ॥

अनेक प्रकारका सांसारिक ज्ञान, सकाम व्यवहार, सेवा, श्रम, यी व्यर्थ हुन् यस्तो सम्झेर जसले कल्याणको मार्ग अपनाउँछ त्यो परलोकमा अक्षय सुखको भागी बन्दछ ।

निर्ममो निरहङ्कारो निराशीः सर्वतः समः ।
अकामभूत इत्येव सतां धर्मः सनातनः ॥ ५ ॥

ममता, अहङ्कार, आशा यिनीहरू छोडेर सबैलाई बराबर दृष्टि राख्ने र निष्काम कर्म गर्ने पुरुषहरूको धर्मलाई सनातन धर्म भनिन्छ ।

विश्रम्भो ह्रीस्तितिक्षा च त्यागः शौचमतन्द्रिता ।
आनृशंस्यमसम्मोहो दया भूतेष्वपैशुनम् ॥ ६ ॥

हर्षस्तुष्टिर्विस्मयश्च विनयः साधुवृत्तिता ।
शान्तिकर्मणि शुद्धिश्च शुभा बुद्धिर्विमोचनम् ॥ ७ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

उपेक्षा ब्रह्मचर्यं च परित्यागश्च सर्वशः ।
CC-0 In Public Domain. Digitization by eGangotri
निर्ममत्वमनाशीष्ट्वमपरिक्षतधर्मता ॥ ८ ॥

विश्वास, लज्जा, तितिक्षा, त्याग, पवित्रता, अल्छी नहुनु, कोमलता, मोह नहुनु, दया, प्राणीहरूप्रति क्षुद्र बन्नु, हर्ष, सन्तोष, घमण्ड नहुनु, विनय, राम्रो व्यवहार, शान्तिकर्ममा शुद्ध हुनु, उत्तम बुद्धि, आसक्ति नहुनु, लोकको कर्ममा उदासीनता, ब्रह्मचर्य, सबै प्रकारको सांसारिक सुख त्याग, निर्ममता, फलको इच्छा नगर्नु, धर्मको पालना गर्नु यी सत्त्वगुणका लक्षण हुन् ।

मुधा दानं मुधा यज्ञो मुधाऽधीतं मुधा व्रतम् ।
मुधा प्रतिग्रहश्चैव मुधा धर्मो मुधा तपः ॥ ९ ॥

एवं वृत्तास्तु ये केचिल्लोकेऽस्मिन् सत्त्वसंश्रयाः ।
ब्राह्मणा ब्रह्मयोनिस्थास्ते धीराः साधुदर्शिनः ॥ १० ॥

सकाम दान, यज्ञ, अध्ययन, व्रत, परिग्रह, धर्म, तपस्या यी सबै व्यर्थ हुन् भन्ने विचार गरेर सत्यको आश्रय लिई परब्रह्म परमात्मामा मन लगाएर जो रहन्छ त्यसलाई ब्राह्मण, विद्वान् र साधु भनिन्छ ।

हित्वा सर्वाणि पापानि निःशोका ह्यथ मानवाः ।
दिव्यं प्राप्य तु ते धीराः कुर्वते वै ततस्तनूः ॥ ११ ॥

माथि भनिएका सबै लक्षणले युक्त पुरुष पापलाइं त्यागेर शोकवाट मुक्ति पाउँदछ र स्वर्गलोकमा गएर अनेक प्रकारको भोग भोग्दछ तथा दिव्य शरीर धारण गर्दछ ।

ईशित्वं च वशित्वं च लघुत्वं मनसश्च ते ।
विकुर्वते महात्मानो देवास्त्रिदिवगा इव ॥ १२ ॥

ऊर्ध्वस्रोतस इत्येते देवा वैकारिकाः स्मृताः ।

सत्त्वगुण सम्पन्न महात्माहरू स्वर्गवासी देवताहरूजस्तै ईशित्व, वशित्व र लघिमा आदि मानसिक सिद्धि तीनैलोमा पुग्न सक्ने देवताहरूले जस्तै प्राप्त गर्दछन् । तिनीहरू ऊर्ध्वस्रोता र वैकारिक देवता मानिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

विकुर्वन्तः प्रकृत्या वै दिवं प्राप्तास्ततस्ततः ॥ १३ ॥
CC-0.In Public Domain. Digitization by eGangotri
यद् यदिच्छन्ति तत् सर्वं भजन्ते विभजन्ति च ।

यसरी स्वर्ग पाइसकेपछि उनका चित्त यत्रतत्र विभाजन हुन्छ र जे-जे तिनीहरू इच्छा गर्दछन् ती-ती वस्तुहरू सजिलैसँग प्राप्त गर्दछन् ।

इत्येतत् सात्त्विकं वृत्तं कथितं वो द्विजर्षभाः ।
एतद् विज्ञाय लभते विधिवद् यद् यदिच्छति ॥ १४ ॥

हे ब्राह्मणहरू ! यस प्रकार मैले तिमीहरूलाई सात्त्विक गुणको लक्षणको विषयमा वर्णन गरें । यी लक्षणहरू जसले राम्ररी पालना गर्दछ त्यसले जे-जे इच्छा गर्दछ त्यो पाउँदछ ।

प्रकीर्तिताः सत्त्वगुणा विशेषतो
यथावदुक्तं गुणवृत्तमेव च ।
नरस्तु यो वेद गुणानिमान् सदा
गुणान् स भुङ्क्ते न गुणैः स युज्यते ॥ १५ ॥

यसरी मैले तिमीहरूलाई सत्त्वगुणको विशेष रूप र त्यसका लक्षणहरू बताएं । जो मानिसले यी गुणहरूलाई बुझेर त्यही अनुसार पालना गर्दछ त्यसले कहीं पनि बाँधिनु पर्दैन ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
अष्टत्रिंशोऽध्यायः समाप्तः ॥ ३८ ॥

त्रयोविंशोऽध्यायः ॥ २३ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
अठ्तिसौं अध्याय समाप्त भयो ॥ ३८ ॥

तेइसौं अध्याय ॥ २३ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

चौबिसौं अध्याय

CC-0.In Public Domain. Digitization by eGangotri

ब्रह्मोवाच

नव शक्या गुणा वक्तुं पृथक्त्वेनैव सर्वशः ।
अविच्छिन्नानि दृश्यन्ते रजः सत्त्वं तमस्तथा ॥ १ ॥

ब्रह्माजीले भन्नुभयो – सत्त्व, रज, तम् यी गुणहरूलाई फरक-फरक गरेर वर्णन गर्न सकिंदैन किनभने यिनीहरू एक आपसमा अविछिन्न रूपले बाँधिएका देखिन्छन् ।

अन्योन्यमथ रज्यन्ते ह्यन्योन्यं चार्थजीविनः ।
अन्योन्यमाश्रयाः सर्वे तथान्योन्यानुवर्तिनः ॥ २ ॥

यी सबै एक आपसमा बाँधिएका छन्, अनुप्राणित छन्, अन्योन्याश्रित सम्बन्धमा रहेका छन् र आपसमा अनुसरण गर्दछन् ।

यावत्सत्त्वं रजस्तावद् वर्तते नात्र संशयः ।
यावत्तमश्च सत्त्वं च रजस्तावदिहोच्यते ॥ ३ ॥

जबसम्म सत्त्वगुण रहन्छ तबसम्म रजोगुण रहन्छ, जबसम्म तमोगुण रहन्छ तबसम्म सत्त्व र रजोगुण रहन्छ । यसमा शङ्का छैन ।

संहत्य कुर्वते यात्रां सहिताः संघचारिणः ।
संघातवृत्तयो ह्येते वर्तन्ते हेत्वहेतुभिः ॥ ४ ॥

यी गुणहरू सँगै रहनुमा कुनै कारण छैन । सधैं सँगै हिंड्छन्, सँगै समूहमा रहन्छन् र शरीरमा पनि सँगै रहन्छन् ।

उद्रेकव्यतिरिक्तानां तेषामन्योन्यवर्तिनाम् ।
वक्ष्यते तद् यथा न्यूनं व्यतिरिक्तं च सर्वशः ॥ ५ ॥

यस्तो भए तापनि पुरुपको उन्नति र अवनतिको स्वभावले यी गुणहरू कसैमा कम र कसैमा बढी देखिन्छ । यो के कारणले भएको हो अब म भन्दछु ।

व्यतिरिक्तं तमो यत्र तिर्यग् भावगतं भवेत् ।
अल्पं तत्र रजो ज्ञेयं सत्त्वमल्पतरं तथा ॥ ६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

जुन तिर्यग् योनिमा तमोगुणको भाव रहन्छ त्यहाँ अलिकति रजोगुण र त्यसभन्दा कम सत्त्वगुण रहन्छ ।

CC-0.In Public Domain. Digitization by eGangotri

उद्रिक्तं च रजो यत्र मध्यस्रोतोगतं भवेत् ।
अल्पं तत्र तमो ज्ञेयं सत्त्वमल्पतरं तथा ॥ ७ ॥

मध्यस्रोत (मनुष्य योनि) मा रजोगुणको मात्रा धेरै हुन्छ, अलिकति मात्र तमोगुण हुन्छ र सत्त्वगुण सबैभन्दा कम हुन्छ ।

उद्रिक्तं च यदा सत्त्वमूर्ध्वस्रोतोगतं भवेत् ।
अल्पं तत्र तमो ज्ञेयं रजश्चाल्पतरं तथा ॥ ८ ॥

ऊर्ध्वस्रोता (देवयोनि) मा सत्त्वगुणको मात्रा धेरै हुन्छ, तमोगुण कम हुन्छ र रजोगुण सबैभन्दा कम हुन्छ ।

सत्त्वं वैकारिकी योनिरिन्द्रियाणां प्रकाशिका ।
न हि सत्त्वात् परो धर्मः कश्चिदन्यो विधीयते ॥ ९ ॥

इन्द्रियहरूबाट उत्पन्न हुने सत्त्वगुणले वैकारिक हेतुबाट इन्द्रियहरूलाई प्रकाशित गर्दछ । यही सत्त्वगुणभन्दा ठूलो गुण अरु छैन ।

ऊर्ध्वं गच्छन्ति सत्त्वस्था मध्ये तिष्ठन्ति राजसाः ।
जघन्यगुणसंयुक्ता यान्त्यधस्तामसा जनाः ॥ १० ॥

सत्त्वगुणमा रहेकाहरू ऊर्ध्व (देव) लोकमा जान्छन् । रजोगुणमा रहेकाहरू मध्य (मनुष्य) लोकमा रहन्छन् र तमोगुणमा रहेकाहरू निद्रा, आलस्य आदि भएको अधः (नरक) लोकमा जान्छन् ।

तमः शूद्रे रजः क्षत्रे ब्राह्मणे सत्त्वमुत्तमम् ।
इत्येवं त्रिषु वर्णेषु विवर्तन्ते गुणास्त्रयः ॥ ११ ॥

तमोगुण शूद्र जातिमा, रजोगुण क्षत्रिय जातिमा र सत्त्वगुण ब्राह्मण जातिमा रहन्छ । यस प्रकार यी तीन वर्णमा यी तीन गुण नै रहन्छन् ।

दूरादपि हि दृश्यन्ते सहिताः संघचारिणः ।
तमः सत्त्वं रजश्चैव पृथक्त्वे नानुशुश्रुम ॥ १२ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

टाढाबाट हेर्दा पनि यी तीन गुण अलग-अलग देखिँदैनन्। यी सत्त्व, रज र तमोगुण अलग-अलग हुन् यस्तो पनि बुझिँदैन।

CC-0.In Public Domain. Digitization by eGangotri

दृष्ट्वा त्वादित्यमुद्यन्तं कुचराणां भयं भवेत्।
अध्वगाः परितप्येयुरुष्णतो दुःखभागिनः ॥ १३ ॥

सूर्य उदाएको देखेर दुराचारीहरूलाई डर लाग्दछ र सूर्यको तातोले पोलेर दुखित हुन्छन्।

आदित्यः सत्त्वमुद्रिक्तं कुचरास्तु तथा तमः।
परितापोऽध्वगानां च रजसो गुण उच्यते ॥ १४ ॥

किनकि सूर्यमा सत्त्वगुण रहेको हुन्छ। दुराचारी मनुष्यमा तमोगुण रहेको हुन्छ। यसकारण पथिकहरूलाई हुने जुन तातोपन हो त्यसमा रजोगुण रहेको हुन्छ।

प्राकाश्यं सत्त्वमादित्यः सन्तापो रजसो गुणः।
उपप्लवस्तु विज्ञेयस्तामसस्तस्य पर्वसु ॥ १५ ॥

सूर्यमा रहेको प्रकाशमा सत्त्वगुण हुन्छ। तातोपनमा रजोगुण र तमोगुणको कारणवाट ग्रहण लाग्दछ।

एवं ज्योतिष्षु सर्वेषु निवर्तन्ते गुणास्त्रयः।
पर्यायेण च वर्तन्ते तत्र तत्र तथा तथा ॥ १६ ॥

यस प्रकार यी तीन गुणहरू प्रकाशको गुणअनुसार क्रमशः उत्पन्न हुँदै विलाएर जान्छन्।

स्थावरेषु तु भावेषु तिर्यग्भावगतं तमः।
राजसास्तु विवर्तन्ते स्नेहभावस्तु सात्त्विकः ॥ १७ ॥

स्थावर प्राणीहरूमा तमोगुण बढी हुन्छ। तिनीहरू बढ्ने कार्यलाई रजोगुण भन्दछन् र स्नेहभावलाई सत्त्वगुण भनिन्छ।

अहस्त्रिधा तु विज्ञेयं त्रिधा रात्रिर्विधीयते।
मासार्धमासवर्षाणि ऋतवः सन्धयस्तथा ॥ १८ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

गुणअनुसार दिन पनि तीन प्रकारका छन्। रात पनि तीन प्रकारका छन्। त्यस्तै महिना, पक्ष, वर्ष, ऋतु र समय पनि तीन प्रकारका छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिधा दानानि दीयन्ते त्रिधा यज्ञः प्रवर्तते ।
त्रिधा लोकास्त्रिधा देवास्त्रिधा विद्यास्त्रिधा गतिः ॥ १९ ॥

तीन प्रकारका दान गरिन्छन्, यज्ञको अनुष्ठान पनि तीन प्रकारको हुन्छ, लोक, देव, विद्या र गति पनि तीन प्रकारका छन् ।

भूतं भव्यं भविष्यं च धर्मोऽर्थः काम एव च ।
प्राणापानावुदानश्चाप्येत एव त्रयो गुणाः ॥ २० ॥

भूत, भविष्य र वर्तमानमा यी तीनै गुण हुन्छन् । धर्म, अर्थ र काम पनि तीन प्रकारका छन् र प्राण, अपान र उदान पनि तीनै प्रकारका छन् ।

पर्यायेण प्रवर्तन्ते तत्र तत्र तथा तथा ।
यत्किञ्चिदिह लोकेऽस्मिन् सर्वमेते त्रयो गुणाः ॥ २१ ॥

यस संसारमा जे-जति वस्तुहरू यत्रतत्र रहेका छन् ती सबै यही तीन वटा गुणले सम्पन्न छन् ।

त्रयो गुणाः प्रवर्तन्ते ह्यव्यक्ता नित्यमेव तु ।
सत्त्वं रजस्तमश्चैव गुणसर्गः सनातनः ॥ २२ ॥

सबै ठाउँमा यही तीन गुणको बाहुल्य रहेको हुन्छ र यो नित्य पनि छ । अव्यक्त रूपमा रहेको यो सृष्टि पनि यही सत्त्व, रज र तमको कारणले सनातन छ ।

तमो व्यक्तं शिवं धाम रजो योनिः सनातनः ।
प्रकृतिर्विकारः प्रलयः प्रधानं प्रभवाप्ययौ ॥ २३ ॥

अनुद्रिक्तमनूनं व्याप्यकम्पमचलं ध्रुवम् ।
सदसच्चैव तत् सर्वमव्यक्तं त्रिगुणं स्मृतम् ।
ज्ञेयानि नामधेयानि नरैरध्यात्मचिन्तकैः ॥ २४ ॥

तम, व्यक्त, शिव, धाम, रज, योनि, सनातन, प्रकृति, विकार, प्रलय, प्रधान, प्रभव, अप्यय, अनुद्रिक्त, अनून, अकम्प, अचल, ध्रुव, सत्, असत्, अव्यक्त यी सबै त्रिगुणी हुन् । अध्यात्म चिन्तन गर्नेहरूले यिनीहरूको नाम जान्नु पर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अव्यक्तनामानि गुणांश्च तत्त्वतो
यो वेद सर्वाणि गतीश्च केवलाः ।
CC-0. In Public Domain. Digitization by eGangotri
विमुक्तदेहः प्रविभागतत्त्ववित्
स मुच्यते सर्वगुणैर्निरामयः ॥ २५ ॥

यी अव्यक्त नाम र गुणहरूको तत्त्व जसले जानेको हुन्छ त्यो तत्त्ववेत्ता कहलिन्छ । उसमा सांसारिक गुणको प्रभाव रहँदैन । उसले शरीर छोडिसकेपछि पनि सम्पूर्ण गुणहरूको वन्धनवाट छुटकारा पाउँदछ ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
उनचत्वारिंशोऽध्यायः समाप्तः ॥ ३९ ॥

चतुर्विंशोऽध्यायः ॥ २४ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
उनचालिसौं अध्याय समाप्त भयो ॥ ३९ ॥

चौविसौं अध्याय ॥ २० ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

पच्चिसौं अध्याय

CC-0.In Public Domain. Digitization by eGangotri

ब्रह्मोवाच

अव्यक्तात् पूर्वमुत्पन्नो महानात्मा महामतिः ।
आदिर्गुणानां सर्वेषां प्रथमः सर्ग उच्यते ॥ १ ॥

ब्रह्माजीले भन्नुभयो – पहिले अव्यक्त प्रकृतिबाट महान् आत्मा महाबुद्धिको उत्पन्न भयो । यसैलाई आदितत्त्व र प्रथम सर्ग भनिन्छ ।

महानात्मा मतिर्विष्णुर्जिष्णुः शम्भुश्च वीर्यवान् ।
बुद्धिः प्रज्ञोपलब्धिश्च तथा ख्यातिर्धृतिः स्मृतिः ॥ २ ॥

पर्यायवाचकैः शब्दैर्महानात्मा विभाव्यते ।
तं जानन् ब्राह्मणो विद्वान् प्रमोहं नाधिगच्छति ॥ ३ ॥

महान् आत्मा, मति, विष्णु, इन्द्र, शम्भु, वीर, बुद्धि, प्रज्ञा, उपलब्धि, ख्याति, धृति, स्मृति यी पर्यायवाची नामबाट महान् आत्माको परिचय बुझिन्छ । यिनीहरूको तत्त्व जान्ने ब्राह्मण मोहमा फस्दैन ।

सर्वतः पाणिपादश्च सर्वतोऽक्षिशिरोमुखः ।
सर्वतः श्रुतिमाँल्लोके सर्वं व्याप्य स तिष्ठति ॥ ४ ॥

परमात्मा हात, खुट्टा, आँखा, टाउको, मुख, कान आदि सबैतिर व्यापक रूपमा रहेको हुन्छ ।

महाप्रभावः पुरुषः सर्वस्य हृदि निश्चितः ।
अणिमा लघिमा प्राप्तिरीशानो ज्योतिरव्ययः ॥ ५ ॥

सबैको हृदयमा निश्चित रूपमा रहेको परमात्माको प्रभाव अणिमा, लघिमा, प्राप्ति, सिद्धि आदिको स्वरूप हो । यो ज्योतिर्मय र अविनाशी छ ।

तत्र बुद्धिविदो लोकाः सद्भावनिरताश्च ये ।
ध्यानिनो नित्ययोगाश्च सत्यसन्धा जितेन्द्रियः ॥ ६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

ज्ञानवन्तश्च ये केचिदलब्धा जितमन्यवः ।
CC-0.In Public Domain. Digitization by eGangotri
प्रसन्नमनसो धीरा निर्ममा निरहङ्कृताः ॥ ७ ॥

विमुक्ताः सर्व एवैते महत्त्वमुपयान्त्युत ।
आत्मनो महतो वेद यः पुण्यां गतिमुत्तमाम् ॥ ८ ॥

संसारमा मानिसहरू बुद्धिमान्, सद्भाव लिएका, सांसारिक वस्तुमा नभुलेका, ध्यानी, सधैं योग गर्ने, सत्यप्रतिज्ञ, जितेन्द्रिय, ज्ञानी, लोभ नभएका, क्रोध नभएका, प्रसन्न मन भएका, धीर, ममता र अहङ्कार नभएका मुक्त भएर परमात्मालाई प्राप्त गर्दछन् । जसले महान् आत्माको महिमा जान्दछ उसले उत्तम गति पाउँदछ ।

अहङ्कारात् प्रसूतानि महाभूतानि पञ्च वै ।
पृथिवी वायुराकाशमापो ज्योतिश्च पञ्चमम् ॥ ९ ॥

पृथ्वी, जल, तेज वायु आकाश यी पाँच पञ्च महाभूत अहङ्कारबाट उत्पन्न हुन्छन् ।

तेषु भूतानि युज्यन्ते महाभूतेषु पञ्चसु ।
ते शब्दस्पर्शरूपेषु रसगन्धक्रियासु च ॥ १० ॥

पाँच महाभूत र यसबाट उत्पन्न भएका कार्यहरू शब्द, स्पर्श, रूप, रस, गन्ध यी सम्पूर्ण प्राणीमा रहेका हुन्छन् ।

महाभूतविनाशान्ते प्रलये प्रत्युपस्थिते ।
सर्वप्राणभृतां धीरा महदुत्पद्यते भयम् ॥ ११ ॥

स धीरः सर्वलोकेषु न मोहमधिगच्छति ।

हे धीर पुरुषहरू ! पञ्चमहाभूतको विनाशको समयमा प्रलय उपस्थित हुन्छ । त्यस वेला सबै प्राणीहरूलाई ठूलो भय उत्पन्न हुन्छ तर आत्मज्ञानी धीर पुरुष यस समयमा पनि मोहित हुँदैन ।

विष्णुरेवादिसर्गेषु स्वयम्भूर्भवति प्रभुः ॥ १२ ॥

सृष्टिको आदिकालमा स्वयम्भूप्रभु विष्णु नै हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

एवं हि यो वेद गुहाशयं प्रभुं

CC-0 In Public Domain. Digitization by eGangotri

परं पुराणं पुरुषं विश्वरूपम् ।

हिरण्मयं बुद्धिमतां परां गतिं

स बुद्धिमान् बुद्धिमतीत्य तिष्ठति ॥ १३ ॥

बुद्धिरूपी गुफामा रहेका विश्वरूप, हिरण्मय, पुराण पुरुष, प्रभु आदि सर्गमा स्वयम्भू भएर प्रकट हुनुभएको भगवान् विष्णुलाई जसले जानेको हुन्छ त्यो बुद्धिभन्दा पनि पर पुगेको हुन्छ ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
चत्वारिंशोऽध्यायः समाप्तः ॥ ४० ॥

पञ्चविंशोऽध्यायः ॥ २५ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
चालिसौं अध्याय समाप्त भयो ॥ ४० ॥

पच्चिसौं अध्याय ॥ २५ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

छब्बिसौं अध्याय

CC-0.In Public Domain. Digitization by eGangotri

ब्रह्मोवाच

य उत्पन्नो महान् पूर्वमहङ्कारः स उच्यते ।
अहमित्येव सम्भूतो द्वितीयः सर्गा उच्यते ॥ १ ॥

ब्रह्माजीले भन्नुभयो. – पहिले महत्तत्त्व उत्पन्न भएको थियो त्यसलाई अहङ्कार भनिन्छ र त्यो अहम्‌को रूपमा उत्पन्न भएको त्यो समयलाई द्वितीय सर्ग भनिन्छ ।

अहङ्कारश्च भूतादिर्वैकारिक इति स्मृतः ।
तेजसश्चेतना धातुः प्रजासर्गः प्रजापतिः ॥ २ ॥

यो अहङ्कार भूतादि वैकारिकको कारण हो । यसकारण वैकारिक कारणलाई तेज पनि भनिन्छ । यसको आधार चेतना हो । यसैबाट सृष्टि पनि हुने भएकोले यसलाई प्रजापति पनि भनिन्छ ।

देवानां प्रभवो देवो मनसश्च त्रिलोककृत् ।
अहमित्येव तत्सर्वमभिमन्ता स उच्यते ॥ ३ ॥

मन र इन्द्रिय स्वरूप देवताहरूको उत्पत्ति स्थान देवता हो । यसकारण देवतालाई त्रिलोकी भनिन्छ । यो सबै संसारको अहङ्कार पनि हो । यसलाई अभिमन्ता भनिन्छ ।

अध्यात्मज्ञानतृप्तानां मुनीनां भावितात्मनाम् ।
स्वाध्यायक्रतुसिद्धानामेष लोकः सनातनः ॥ ४ ॥

अध्यात्म ज्ञानमा निपुण भएका, आत्माको चिन्तनमा सधैं लागिरहेका, यज्ञमा सिद्धि प्राप्त गरेका ऋषिहरूले सनातन लोक प्राप्त गर्दछन् ।

अहङ्कारेणाहरतो गुणानिमान्
भूतादिरेवं सृजते स भूतकृत् ।
वैकारिकः सर्वमिदं विचेष्टते
स्वतेजसा रञ्जयते जगत् तथा ॥ ५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

सबै लोकको आदि स्थानमा रहेको त्यो अहङ्कारले सम्पूर्ण भूतको सृष्टि गर्दछ र त्यसैको उपभो[illegible] यही अहङ्कारको तेजले सारा संसारलाई रङ्गाउँदछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
एकचत्वारिंशोऽध्याय: समाप्त: ॥ ४१ ॥

षड्विंशोऽध्याय: ॥ २६ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
एकचालिसौं अध्याय समाप्त भयो ॥ ४१ ॥

छब्बिसौं अध्याय ॥ २६ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

सत्ताइसौं अध्याय

CC-0.In Public Domain. Digitization by eGangotri

ब्रह्मोवाच

अहङ्कारात् प्रसूतानि महाभूतानि पञ्च वै ।
पृथिवी वायुराकाशमापो ज्योतिश्च पञ्चमम् ॥ १ ॥

ब्राह्माजीले भन्नुभयो – अहङ्कारबाट पृथ्वी, जल, तेज, वायु र आकाश यी पाँच पञ्चमहाभूत उत्पन्न भए ।

तेषु भूतानि मुह्यन्ति महाभूतेषु पञ्चसु ।
शब्दस्पर्शनरूपेषु रसगन्धक्रियासु च ॥ २ ॥

यही पञ्चमहाभूतका क्रियाहरू शब्द, स्पर्श, रूप, रस र गन्धमा प्राणीहरू मोहित हुन्छन् ।

महाभूतविनाशान्ते प्रलये प्रत्युपस्थिते ।
सर्वप्राणभृतां धीरा महदभ्युद्यते भयम् ॥ ३ ॥

हे धीर पुरुषहरू ! यस महाभूतको अन्त्यमा प्रलय हुन्छ र त्यस समयमा सबै प्राणीहरू डराउँछन् ।

यद् यस्माज्जायते भूतं तत्र तत् प्रविलीयते ।
लीयन्ते प्रतिलोमानि जायन्ते चोत्तरोत्तरम् ॥ ४ ॥

जुन भूत जेबाट उत्पन्न भएको हो त्यो त्यसैमा लय हुन्छ। यसरी एक-एक अनुलोमक्रमले प्रकट भएर विलोमक्रमले लय हुँदै जान्छन् ।

ततः प्रलीने सर्वस्मिन् भूते स्थावरजङ्गमे ।
स्मृतिमन्तस्तदा धीरा न लीयन्ते कदाचन ॥ ५ ॥

यस प्रकारले सम्पूर्ण भूत स्थवार जङ्गम लीन हुँदा पनि स्मरणशक्ति भएका योगी पुरुष कहिल्यै लीन हुँदैनन् ।

शब्दः स्पर्शस्तथा रूपं रसो गन्धश्च पञ्चमः ।
क्रिया [illegible] ॥ ६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

शब्द, स्पर्श, रूप, रस र गन्ध यी पाँच र यसका कारकहरू प्रलयकालमा पनि अन्त हुँदैनन् । यी नित्य हुन्छन् । जो मोह भनी कहलिएका छन् ती सबै अनित्य हुन् र नाश हुन्छन् ।

CC-0 In Public Domain. Digitization by eGangotri

लोभप्रजनसम्भूता निर्विशेषा ह्यकिञ्चनाः ।
मांसशोणितसंघाता अन्योन्यस्योपजीविनः ॥ ७ ॥

बहिरात्मन इत्येते दीनाः कृपणजीविनः ।

लोभ र त्यसवाट उत्पन्न भएका कर्म तथा त्यस कर्मवाट उत्पन्न भएका फल वास्तवमा केही पनि होइनन् । मात्र शरीरको बाहिरी अङ्ग एक आपसमा सहारा लिएर रहेका हुन्छन् । यसकारण यसलाई दीन र कृपण भनिन्छ ।

प्राणापानावुदानश्च समानो व्यान एव च ॥ ८ ॥

अन्तरात्मनि चाप्येते नियताः पञ्च वायवाः ।
वाङ्मनोबुद्धिभिः सार्द्धमिदमष्टात्मकं जगत् ॥ ९ ॥

प्राण, अपान, उदान, समान र व्यान यी पाँच वायु शरीरभित्र नियतरूपमा रहन्छन् । त्यस्तै वाणी, मन र वुद्धि गरी आठ प्रकारका तत्त्वहरू संसारको सृष्टिका कारण हुन् ।

त्वग्घ्राणश्रोत्रचक्षूंषि रसना वाक् च संयताः ।
विशुद्धं च मनो यस्य वुद्धिश्चाव्यभिचारिणी ॥ १० ॥

अष्टौ यस्याग्नयो ह्येते न दहन्ते मनः सदा ।
स तद् ब्रह्म शुभं याति तस्माद् भूयो न विद्यते ॥ ११ ॥

छाला, नाक, कान, आँखा जिब्रो, वाणी, शुद्ध मन, अव्यभिचारी बुद्धि यी आठ वटा आगाले जसको मनलाई कहिल्यै पोल्दैनन् त्यस पुरुष सजिलै ब्रह्ममा पुग्छ । यसभन्दा ठूलो अरु छैन ।

एकादश च यान्याहुरिन्द्रियाणि विशेषतः ।
अहङ्कारात् प्रसूतानि तानि वक्ष्याम्यहं द्विजाः ॥ १२ ॥

हे ब्राह्मणहरू ! अहङ्कारवाट उत्पन्न भएका १० र मन गरी एघार इन्द्रियको विषयमा अब म भन्दछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

श्रोत्रं त्वकचक्षुषी जिह्वा नासिका चैव पञ्चमी ।
CC-0.In Public Domain. Digitization by eGangotri
पादौ पायुरुपस्थश्च हस्तौ वाग् दशमी भवेत् ॥ १३ ॥

इन्द्रियग्राम इत्येष मन एकादशं भवेत् ।
एतं ग्रामं जयेत् पूर्वं ततो व्रह्म प्रकाशते ॥ १४ ॥

कान, छाला, आँखा, जिव्रो, नाक पाँच र खुट्टा, पायु, उपस्थ, हात, वाणी गरी दस र मनले एघार यति सबैलाई इन्द्रियग्राम भनिन्छ। जसले यो इन्द्रियग्रामलाई जित्दछ त्यसले व्रह्मत्व प्राप्त गर्दछ।

वुद्धीन्द्रियाणि पञ्चाहुः पञ्च कर्मेन्द्रियाणि च ।
श्रोत्रादीन्यपि पञ्चाहुर्वुद्धियुक्तानि तत्त्वतः ॥ १५ ॥

अविशेषाणि चान्यानि कर्मयुक्तानि यानि तु ।
उभयत्र मनो ज्ञेयं वुद्धिस्तु द्वादशी भवेत् ॥ १६ ॥

कान, नाक, आँखा, छाला, जिब्रो यिनीहरूलाई ज्ञानेन्द्रिय र वाँकी हात, खुट्टा उपस्थ, पायु, वाणी यी कर्मेन्दिय हुन् । मनको सम्वन्ध यी ज्ञानेन्द्रिय र कर्मेन्द्रिय दुवैतिर रहेको हुन्छ । वुद्धिचाहिँ वाह्रौं हो ।

इत्युक्तानीन्द्रियाण्येतान्येकादश यथाक्रमम् ।
मन्यन्ते कृतमित्येवं विदित्वा तानि पण्डिताः ॥ १७ ॥

यसरी क्रमैले एघार वटा इन्द्रियको विषयमा वर्णन गरें। यसलाई राम्रोसँग वुझेर कर्म गर्नेलाई पण्डित भनिन्छ ।

अतः परं प्रवक्ष्यामि सर्वं विविधमिन्द्रियम् ।
आकाशं प्रथमं भूतं श्रोत्रमध्यात्ममुच्यते ॥ १८ ॥

अधिभूतं तथा शब्दो दिशस्तत्राधिदैवतम् ।

यी सवै इन्द्रियहरूको विषयमा क्रमैले एक-एक गरेर अव म वर्णन गर्दछु। पहिलो आकाश हो। यसको अध्यात्म कान हो, शब्द अधिभूत हो र अधिदैवत दिशाहरू हुन् ।

द्वितीयं मारुतो भूतं त्वगध्यात्मं च विश्रुता ॥ १९ ॥

स्प्रष्टव्यमधिभूतं च विद्युत् तत्राधिदैवतम् ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
दोस्रो वायु हो। यसको अध्यात्म छाला हो, स्पर्श अधिभूत हो र अधिदैवत विद्युत् हो।

तृतीयं ज्योतिरित्याहुश्चक्षुरध्यात्ममुच्यते ॥ २० ॥

CC-0.In Public Domain. Digitization by eGangotri

अधिभूतं ततो रूपं सूर्यस्तत्राधिदैवतम् ।

तेस्रो तेज हो । यसको अध्यात्म आँखा हो, रूप अधिभूत हो र अधिदैवत सूर्य हो।

चतुर्थमापो विज्ञेयं जिह्वा चाध्यात्ममुच्यते ॥ २१ ॥

अधिभूतं रसश्चात्र सोमस्तत्राधिदैवतम् ।

चौथो जल हो । यसको अध्यात्म जिब्रो हो, रस अधिभूत हो र अधिदैवत चन्द्रमा हो।

पृथिवी पञ्चमं भूतं घ्राणश्चाध्यात्ममुच्यते ॥ २२ ॥

अधिभूतं तथा गन्धो वायुस्तत्राधिदैवतम् ।
एषु पञ्चसु भूतेषु त्रिषु यश्च विधिः स्मृतः ॥ २३ ॥

पाँचौ पृथ्वी हो । यसको अध्यात्म नाक हो, गन्ध अधिभूत हो र अधिदैवत वायु हो । यी पाँच भूतहरू अध्यात्म, अधिभूत र अधिदैवत गरी तीन भागमा बाँडिएका छन् ।

अतः परं प्रवक्ष्यामि सर्वं विविधमिन्द्रियम् ।
पादावध्यात्ममित्याहुर्ब्राह्मणास्तत्त्वदर्शिनः ॥ २४ ॥

अधिभूतं तु गन्तव्यं विष्णुस्तत्राधिदैवतम् ।

अव म कर्मेन्द्रियहरूको विषयमा क्रमैले एक-एक गरेर वर्णन गर्दछु । तत्त्वदर्शी ब्राह्मणहरूले खुट्टालाई अध्यात्म मानेका छन् । यसको अधिदैवत गन्तव्य स्थान हो र अधिदैवत विष्णु हुन् ।

अवाग्गतिरपानश्च पायुरध्यात्ममुच्यते ॥ २५ ॥

अधिभूतं विसर्गश्च मित्रस्तत्राधिदैवतम् ।

अवाग्गति भएको अपानको अध्यात्म पायु हो । मलत्यांग गर्नू यसको अधिभूत हो र मित्र यसको अधिदैवत हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

प्रजनः सर्वभूतानामुपस्थोऽध्यात्ममुच्यते ॥ २६ ॥

CC-0.In Public Domain. Digitization by eGangotri

अधिभूतं तथा शुक्रं दैवतं च प्रजापतिः ।

सबै प्राणीको प्रजनन क्रियामा संलग्न उपस्थलाई अध्यात्म भनिन्छ । यसको अधिभूत शुक्र हो र अधिदैवत ब्रह्मा हो ।

हस्तावध्यात्ममित्याहुरध्यात्मविदुषो जनाः ॥ २७ ॥

अधिभूतं च कर्माणि शक्रस्तत्राधिदैवतम् ।

अध्यात्म जान्ने विद्वान्हहरूले हातलाई अध्यात्म मानेका छन् । यसको अधिभूत कर्म हो र अधिदैवत इन्द्र हो ।

वैश्वदेवी ततः पूर्वा वागध्यात्ममिहोच्यते ॥ २८ ॥

वक्तव्यमधिभूतं च वह्निस्तत्राधिदैवतम् ।

विश्वकी देवी वाणी अध्यात्म हो । यसको अधिभूत बोली हो र अधिदैवत आगो हो ।

अध्यात्मं मन इत्याहुः पञ्चभूतात्मचारकम् ॥ २९ ॥

अधिभूतं च सङ्कल्पश्चन्द्रमाश्चाधिदैवतम् ।

पञ्चमहाभूतलाई सञ्चालन गर्ने मन अध्यात्म हो । यसको अधिभूत सङ्कल्प हो र अधिदैवत चन्द्रमा हो ।

अहङ्कारस्तथाध्यात्मं सर्वसंसारकारकम् ॥ ३० ॥

अभिमानोऽधिभूतं च रुद्रस्तत्राधिदैवतम् ।

सम्पूर्ण संसारका कारक अहङ्कार अध्यात्म हो । यसको अधिभूत अभिमान हो र अधिदैवत रुद्र हो ।

अध्यात्मं बुद्धिरित्याहुः षडिन्द्रियविचारिणी ॥ ३१ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अधिभूतं च मन्तव्यं ब्रह्मा तत्राधिदैवतम् ।

CC-0 In Public Domain. Digitization by eGangotri

पाँच इन्द्रिय र छैठौं मनलाई बुझ्ने बुद्धि अध्यात्म हो। यसको अधिभूत मन्तव्य हो र अधिदैवत ब्रह्मा हो।

त्रीणि स्थानानि भूतानां चतुर्थं नोपपद्यते ॥ ३२ ॥

स्थलमापस्तथाऽऽकाशं जन्म चापि चतुर्विधम् ।
अण्डजोद्भिज्जसंस्वेदजरायुजमथापि च ॥ ३३ ॥

चतुर्धा जन्म इत्येतद् भूतग्रामस्य लक्ष्यते ।

प्राणीहरू बस्नको लागि तीन स्थान उपयुक्त छन्। ती जल, स्थल र आकाश हुन्। यसभन्दा बाहेक चौथो स्थान छैन। प्राणीहरूको जन्म अण्डज, उद्भिज, स्वेदज र जरायुज गरी चार प्रकारवाट हुन्छ।

अपराण्यथ भूतानि खेचराणि तथैव च ॥ ३४ ॥

अण्डजानि विजानीयात् सर्वांश्चैव सरीसृपान् ।

आकाशमा उड्ने चराहरू र सर्प आदि गरिएका प्राणीहरूलाई अण्डज भनिन्छ।

स्वेदजाः कृमयः प्रोक्ता जन्तवश्च यथाक्रमम् ॥ ३५ ॥

जन्म द्वितीयमित्येतज्जघन्यतरमुच्यते ।

पसिनावाट उत्पन्न हुने जुम्रा आदि गरिएका जन्तुहरूलाई स्वेदज भनिन्छ। माथि भनिएका प्राणीभन्दा यी कीराहरू कम डरलाग्दा हुन्छन्।

भित्त्वा तु पृथिवीं यानि जायन्ते कालपर्ययात् ॥ ३६ ॥

उद्भिज्जानि च तान्याहुर्भूतानि द्विजसत्तमाः ।

हे व्राह्मणहरू ! पृथ्वी फोरेर उत्पन्न भएका बोट, बिरुवा आदि प्राणीहरूलाई उद्भिज भनिन्छ।

द्विपादबहुपादानि तिर्यग्गतिमतीनि च ॥ ३७ ॥

जरायुजानि भूतानि विकृतान्यपि सत्तमाः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

दुई खुट्टा, धेरै [illegible] युज हुन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

द्विविधा खलु विज्ञेया ब्रह्मयोनिः सनातनी ॥ ३८ ॥

तपः कर्म च यत्पुण्यमित्येष विदुषां नयः ।

तपस्या र पुण्यकर्म गरी ब्रह्मयोनि सनातनीका कारण दुई प्रकारका छन् भनी विद्वान्हरूले भनेका छन् ।

विविधं कर्म विज्ञेयमिज्या दानं च तन्मखे ॥ ३९ ॥

जातस्याध्ययनं पुण्यमिति वृद्धानुशासनम् ।

कर्म धेरै प्रकारका छन् । ती मध्ये पूजा, दान, यज्ञ आदि । जुन जातमा जन्मेको हो त्यही अनुसार अध्ययन गर्नु पुण्य कर्म हो भनी वृद्धहरूले भनेका छन् ।

एतद् यो वेत्ति विधिवद् युक्तः स स्याद् द्विजर्षभाः ॥ ४० ॥

विमुक्तः सर्वपापेभ्य इति चैव निबोधत ।

हे ब्राह्मणहरू ! यी माथि भनिएका विषयहरू विधिपूर्वक जसले जान्दछ त्यो सबै पापबाट मुक्त हुन्छ । यो तिमीहरूले बुझ ।

यथावदध्यात्मविधिरेष वः कीर्तितो मया ॥ ४१ ॥

ज्ञानमस्य हि धर्मज्ञाः प्राप्तं ज्ञानवतामिह ।

हे धर्म जान्नेहरू ! यस प्रकारले मैले तिमीहरूलाई अध्यात्मविधिको राम्रोसँग वर्णन गरें । यस विषयमा ज्ञानी पुरुषहरूको राम्रो ज्ञान हुन्छ ।

इन्द्रियाणीन्द्रियार्थाश्च महाभूतानि पञ्च च ।
सर्वाण्येतानि सन्धाय मनसा सम्प्रधारयेत् ॥ ४२ ॥

इन्द्रिय, त्यसका क्रियाहरू र पञ्चमहाभूत यी सबैलाई एकै ठाउँमा राखेर मनले राम्रोसँग धारण गर्नुपर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

क्षीणे मनसि सर्वस्मिन् न जन्मसुखमिष्यते ।
CC-0.In Public Domain. Digitization by eGangotri
ज्ञानसम्पन्नसत्त्वानां तत् सुखं विदुषां मतम् ॥ ४३ ॥

सबै वस्तु र मन पनि क्षीण भइसकेपछि जन्म सुखको इच्छा हुँदैन । जो ज्ञानसम्पन्न हुन्छ त्यही विद्वान्लाई सुखको अनुभव हुन्छ ।

अतः परं प्रवक्ष्यामि सूक्ष्मभावकरीं शिवाम् ।
निवृत्तिं सर्वभूतेषु मृदुना दारुणेन च ॥ ४४ ॥

अब म सबै प्राणीहरूमा रहेको कोमल र कठोर भावले रहेको मनको सूक्ष्म तत्त्व जो कल्याणकारी छ त्यस विषयमा भन्दछु ।

गुणागुणमनासङ्गमेकचर्यमनन्तरम् ।
एतद् ब्रह्ममयं वृत्तमाहुरेकपदं सुखम् ॥ ४५ ॥

जहाँ गुण भएर पनि त्यसको अभाव देखिन्छ । जो एकान्तमा बसेको हुन्छ । जसमा कुनै भेद-भावको दृष्टि हुँदैन । त्यही नै ब्रह्मत्वमा प्राप्त हुन्छ र त्यसैलाई एक मात्र सुख मिल्दछ ।

विद्वान् कूर्म इवाङ्गानि कामान् संहृत्य सर्वशः ।
विरजाः सर्वतो मुक्तो यो नरः स सुखी सदा ॥ ४६ ॥

चारैतिरबाट आफ्नो अङ्ग कछुवाले ढाकेजस्तै विद्वान्हरूले पनि सबै कामनाहरू छोपी रजोगुणबाट टाढा रहन्छ । त्यही नै सबै बन्धनबाट मुक्त भई सधैं सुखी रहन्छ ।

कामानात्मनि संयम्य क्षीणतृष्णः समाहितः ।
सर्वभूतसुहृन्मित्रो ब्रह्मभूयाय कल्पते ॥ ४७ ॥

कामनाहरूलाई आफैमा भित्र राखेर तृष्णाले रहित भएर सबै प्राणीहरूलाई मित्रजस्तै ठानेर जो रहन्छ त्यसले ब्रह्मत्व प्राप्त गर्दछ ।

इन्द्रियाणां निरोधेन सर्वेषां विषयैषिणाम् ।
मुनेर्जनपदत्यागादध्यात्माग्निः समिध्यते ॥ ४८ ॥

विषयको इच्छा गर्ने सबै इन्द्रियहरूलाई आफ्नो वशमा राखी मानिसहरूदेखि टाढा रहने मुनिको अध्यात्मरूपी आगोको ज्वाला बढी प्रकाशित हुन्छ ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

यथाग्निरिन्धनैरिद्धो महाज्योतिः प्रकाशते ।
CC-0.In Public Domain. Digitization by eGangotri
तथेन्द्रियनिरोधेन महानात्मा प्रकाशते ॥ ४९ ॥

जसरी इन्धन राख्दा आगोको ज्वाला वढी उज्यालो हुन्छ त्यस्तै इन्द्रियलाई वशमा राख्दा परमात्माको प्रकाश पनि उज्यालो हुन्छ ।

यदा पश्यति भूतानि प्रसन्नात्माऽऽत्मनो हृदि ।
स्वयंज्योतिस्तदा सूक्ष्मात् सूक्ष्मं प्राप्नोत्यनुत्तमम् ॥ ५० ॥

जुन वेला योगी खुसी भएर सम्पूर्ण प्राणीलाई आफ्नो हृदयमा रहेको देख्दछ त्यस वेला उसले स्वयं ज्योतिरूप भएर सूक्ष्मभन्दा पनि सूक्ष्म उत्तम परमात्मालाई पाउँदछ ।

अग्नी रूपं पयः स्रोतो वायुः स्पर्शनमेव च ।
मही पङ्कधरं घोरमाकाशश्रवणं तथा ॥ ५१ ॥

रोगशोकसमाविष्टं पञ्चस्रोतः समावृतम् ।
पञ्चभूतसमायुक्तं नवद्वारं द्विदैवतम् ॥ ५२ ॥

रजस्वलमथादृश्यं त्रिगुणं च त्रिधातुकम् ।
संसर्गाभिरतं मूढं शरीरमिति धारणा ॥ ५३ ॥

अग्निको रूप, पानीको धार, वायुको स्पर्श, हिलो भएको पृथ्वी, आकाश कान, रोग तथा शोकले युक्त, पाँच स्रोत, पञ्चमहाभूत, नवद्वार, दुई दैवत, रजोगुण, अदृश्य, तीन गुण, तीन धातुहरूले युक्त, मूर्खत्व शरीर हो। यस्तो धारणा वुझ्नुपर्छ ।

दुश्चरं सर्वलोकेऽस्मिन् सत्त्वं प्रति समाश्रितम् ।
एतदेव हि लोकेऽस्मिन् कालचक्रं प्रवर्तते ॥ ५४ ॥

यस लोकमा रहनु दुःखद छ, जो सत्त्वमा आश्रित छ त्यसैलाई कालचक्र भनिन्छ ।

एतन्महार्णवं घोरमगाधं मोहसञ्ज्ञितम् ।
विक्षिपेत् सङ्क्षिपेच्चैव बोधयेत् सामरं जगत् ॥ ५५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

यस कालचक्रलाई घोर, अगाध र मोह नामले चिनिन्छ। यसले संसारलाई विक्षेप, सङ्क्षेप र विस्तार गर्दछ।

CC-0.In Public Domain. Digitization by eGangotri

कामं क्रोधं भयं लोभमभिद्रोहमथानृतम्।
इन्द्रियाणां निरोधेन सदा त्यजति दुस्त्यजान्॥ ५६॥

इन्द्रियलाई वशमा राख्नुले काम, क्रोध, भय, लोभ, द्रोह, असत्य आदि अवगुणलाई सधैं त्याग्दछ।

यस्यैते निर्जिता लोके त्रिगुणाः पञ्चधातवः।
व्योम्नि तस्य परं स्थानमानन्त्यमथ लभ्यते॥ ५७॥

पञ्चभौतिक शरीरको तीन गुणले युक्त अभिमान जसले छोड्दछ त्यसले हृदयरूपी आकाशमा परब्रह्म उत्तम पद र मोक्ष प्राप्त गर्दछ।

पञ्चेन्द्रियमहाकूलां मनोवेगमहोदकाम्।
नदीं मोहह्रदां तीर्त्वा कामक्रोधावुभौ जयेत्॥ ५८॥

स सर्वदोपनिर्मुक्तस्ततः पश्यति तत्परम्।

पाँच इन्द्रियरूपी ठूलो कुलो, मनोवेगरूपी समुद्र, मोहरूपी पोखरी तरेर जसले काम-क्रोध जित्दछ त्यो सबै दोषहरूबाट मुक्त भएर परमात्माको दर्शन पाउँदछ।

मनो मनसि सन्धाय पश्यन्नात्मानमात्मनि॥ ५९॥

सर्ववित् सर्वभूतेषु विन्दत्यात्मानमात्मनि।

मनलाई हृदयभित्रै राखेर आत्माको दर्शन जसले गर्दछ त्यही सम्पूर्ण प्राणीमा श्रेष्ठ हुन्छ र त्यसैले परमात्मालाई जान्दछ।

एकधा बहुधा चैव विकुर्वाणस्ततस्ततः॥ ६०॥
ध्रुवं पश्यति रूपाणि दीपाद् दीपशतं यथा।

एउटा बत्तीले सयौं बत्ती बाल्न सकिन्छ। त्यसरी नै परमात्मा पनि अनेक रूपमा जतातत्तै रहेको हुन्छ। यसकारण ज्ञानी पुरुष सबै रूपलाई एकै ठाउँबाट उत्पन्न भएको देख्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

स वै विष्णुश्च मित्रश्च वरुणोऽग्निः प्रजापतिः ॥ ६१ ॥
CC-0 In Public Domain. Digitization by eGangotri
स हि धाता विधाता च स प्रभुः सर्वतोमुखः ।
हृदयं सर्वभूतानां महानात्मा प्रकाशते ॥ ६२ ॥

त्यो परमात्मा विष्णु, सूर्य, वरुण, अग्नि, ब्रह्मा, धाता, विधाता, प्रभु, सर्वव्यापी, सबै प्राणीको हृदयमा आत्माको रूपमा विराजमान छन् ।

तं विप्रसंघाश्च सुरासुराश्च
यक्षाः पिशाचाः पितरो वयांसि ।
रक्षोगणा भूतगणाश्च सर्वे
महर्षयश्चैव सदा स्तुवन्ति ॥ ६३ ॥

ब्राह्मणगण, देवतागण, असुरवृत्त, यक्षसमूह, पिशाचगण, पितृहरू, पक्षीहरू, राक्षसगण, भूतगण तथा सम्पूर्ण ऋषिहरूले सधैं यी परमात्मालाई स्तुति गर्दछन् ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
द्विचत्वारिंशोऽध्यायः समाप्तः ॥ ४२ ॥

सप्तविंशोऽध्यायः ॥ २७ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
बयालिसौं अध्याय समाप्त भयो ॥ ४२ ॥

सत्ताइसौं अध्याय ॥ २७ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अट्ठाइसौं अध्याय

CC-0.In Public Domain. Digitization by eGangotri

ब्रह्मोवाच

मनुष्याणां तु राजन्यः क्षत्रियो मध्यमो गुणः ।
कुञ्जरो वाहनानां च सिंहश्चारण्यवासिनाम् ॥ १ ॥

अविः पशूनां सर्वेषामहिस्तु विलवासिनाम् ।
गवां गोवृषभश्चैव स्त्रीणां पुरुष एव च ॥ २ ॥

ब्रह्माजीले भन्नुभयो – मनुष्यहरूका राजा मध्यम (रजो) गुणले युक्त भएको क्षत्रिय हो । वाहनहरूमध्ये हात्ती, जङ्गलमा बस्नेहरूमा सिंह, पशुहरूमा भेँडा, प्वालमा वस्नेहरूमा सर्प, गाईहरूमा साँढे र स्त्रीहरूमा पुरुष नै हुन् ।

न्यग्रोधो जम्बुवृक्षश्च पिप्पलः शाल्मलिस्तथा ।
शिंशपा मेषशृङ्गश्च तथा कीचकवेणवः ॥ ३ ॥

एते द्रुमाणां राजानो लोकेऽस्मिन् नात्र संशयः ।

वटवृक्ष, जामुनको रुख, पिपलको रुख, सिमलको रुख, सिसौको रुख, मेषशृङ्ग (यसको जरा औषधीमा काम लाग्छ), बाँस यी रुखहरू रुखहरूका राजा हुन्, यसमा शङ्का छैन ।

हिमवान् पारियात्रश्च सह्यो विन्ध्यस्त्रिकूटवान् ॥ ४ ॥

श्वेतो नीलश्च भासश्च कोष्ठवांश्चैव पर्वतः ।
गुरुस्कन्धो महेन्द्रश्च माल्यवान् पर्वतस्तथा ॥ ५ ॥

एते पर्वतराजानो गणानां मारुतस्तथा ।
सूर्यो ग्रहाणामधिपो नक्षत्राणां च चन्द्रमाः ॥ ६ ॥

हिमवान्, पारियात्र, सह्य, विन्ध्य, त्रिकूट, श्वेत, नील, भास, कोष्ठवान्, पर्वत, गुरुस्कन्ध, महेन्द्र, माल्यवान् पर्वत यी सबै पर्वतहरू पर्वतराज हुन् । गणहरूका मारुत, ग्रहहरूका सूर्य र नक्षत्रका चन्द्रमा अधिपति हुन् ।

यमः पितृणामधिपः सरितामथ सागरः ।
अम्भसां वरुणो राजा मरुतामिन्द्र उच्यते ॥ ७ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

पितृहरूका यम, नदीहरूका सागर, पानीका वरुण, हावाका इन्द्र राजा हुन् ।

CC-0 In Public Domain. Digitization by eGangotri

अर्कोऽधिपतिरुष्णानां ज्योतिषामिन्दुरुच्यते ।
अग्निर्भूतपतिर्नित्यं ब्राह्मणानां बृहस्पतिः ॥ ८ ॥

तातोहरूका अधिपति सूर्य हुन् । ताराहरूका अधिपति चन्द्रमा हुन् । भूतहरूका मालिक अग्नि हुन् । ब्राह्मणहरूका पति बृहस्पति हुन् ।

ओषधीनां पतिः सोमो विष्णुर्वलवतां वरः ।
त्वष्टाधिराजो रूपाणां पशूनामीश्वरः शिवः ॥ ९ ॥

औषधीका मालिक सोम, बलवान्हरूमा श्रेष्ठ विष्णु, रूपका अधिपति सूर्य र पशुहरूका ईश्वर शिव हुन् ।

दीक्षितानां तथा यज्ञो दैवानां मघवा तथा ।
दिशामुदीची विप्राणां सोमो राजा प्रतापवान् ॥ १० ॥

दीक्षितहरूको यज्ञ, देवताहरूको इन्द्र, दिशाहरूमा उत्तर, ब्राह्मणहरूमा प्रतापी सोम राजा हुन् ।

कुवेरः सर्वरत्नानां देवतानां पुरन्दरः ।
एष भूताधिपः सर्गः प्रजानां च प्रजापतिः ॥ ११ ॥

सबै रत्नहरूका अधिपति कुबेर, देवताहरूका स्वामी इन्द्र, प्रजाहरूका अधिपति ब्रह्माजी हुन् । यो प्राणीहरूको अधिपतिहरूको सर्ग हो ।

सर्वेषामेव भूतानामहं ब्रह्ममयो महान् ।
भूतं परतरं मत्तो विष्णोर्वापि न विद्यते ॥ १२ ॥

सबै प्राणीहरूमध्ये म नै ठूलो ब्रह्म हुँ । म अथवा विष्णुभन्दा ठूला अरु कोही छैनन् ।

राजाधिराजः सर्वेषां विष्णुर्ब्रह्ममयो महान् ।
ईश्वरत्वं विजानीध्वं कर्तारमकृतं हरिम् ॥ १३ ॥

ब्रह्ममय विष्णु नै सबैका राजा हुन् । उनैलाई ईश्वर जान्नू र हरि नै कर्ता हुन् तर उनको कर्ता कोही छैनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

नरकिन्नरयक्षाणां गन्धर्वोरगरक्षसाम् ।
देवदानवनागानां सर्वेषामीश्वरो हि सः ॥ १४ ॥

CC-0.In Public Domain. Digitization by eGangotri

उनै विष्णु मानिस, किन्नर, यक्ष, गन्धर्व, सर्प, राक्षस, देवता, दानव तथा नागहरूका ईश्वर हुन् ।

भगदेवानुयातानां सर्वासां वामलोचना ।
माहेश्वरी महादेवी प्रोच्यते पार्वती हि सा ॥ १५ ॥

उमां देवीं विजानीध्वं नारीणामुत्तमां शुभाम् ।
रतीनां वसुमत्यस्तु स्त्रीणामप्सरसस्तथा ॥ १६ ॥

कामी पुरुषहरूको पछि लाग्ने राम्रा आँखा भएका स्त्रीहरू प्रधान हुन् । माहेश्वरी, महादेवी, पार्वती आदि गरिएका नारीहरूमा उमादेवीलाई उत्तम र शुभ मान्नू । कामवासनाले युक्त भएका स्त्रीहरूमा गहना लगाएका अप्सराहरू उत्तम हुन् ।

धर्मकामाश्च राजानो ब्राह्मणाः धर्मसेतवः ।
तस्माद् राजा द्विजातीनां प्रयतेत स्म रक्षणे ॥ १७ ॥

राजा धर्मपालक हुन् र ब्राह्मणहरू धर्मका सेतु । यसकारण राजाले ब्राह्मणहरूको रक्षा गर्नमा कोसिस गर्नू ।

राज्ञां हि विपये येषामवसीदन्ति साधवः ।
हीनास्ते स्वगुणैः सर्वैः प्रेत्य चोन्मार्गगामिनः ॥ १८ ॥

जुन राजाको शासनमा श्रेष्ठ पुरुषहरूलाई कष्ट हुन्छ, त्यो राजा राजामा हुनपर्ने गुणबाट टाढा रहन्छ । त्यसकारण त्यो राजा मरिसकेपछि नीच गतिमा जान्छ ।

राज्ञां हि विषये येषां साधवः परिरक्षिताः ।
तेऽस्मिँल्लोके प्रमोदन्ते सुखं प्रेत्य च भुञ्जते ॥ १९ ॥

प्राप्नुवन्ति महात्मान इति वित्त द्विजर्पभाः ।

हे द्विजवर ! जुन राज्यमा श्रेष्ठ पुरुषहरूको रक्षा हुन्छ, त्यस राज्यका राजाले यस लोकमा आनन्द प्राप्त गर्दछ र परलोकमा पनि अक्षय सुख प्राप्त गर्दछ । यस्तो तिमीहरूले बुझ्नू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अत ऊर्ध्वं प्रवक्ष्यामि नियतं धर्मलक्षणम् ॥ २० ॥

CC-0. In Public Domain. Digitization by eGangotri

अहिंसा परमो धर्मो हिंसा चाधर्मलक्षणा ।
प्रकाशलक्षणा देवा मनुष्याः कर्मलक्षणाः ॥ २१ ॥

अब म नियत धर्मको विषयमा भन्नेछु। अहिंसा ठूलो धर्म हो र हिंसा अधर्मको लक्षण हो। अरुलाई बुझाउने देवताहरूको र कर्म गर्नु मनुष्यहरूको लक्षण हो।

शब्दलक्षणमाकाशं वायुस्तु स्पर्शलक्षणः ।
ज्योतिषां लक्षणं रूपमापश्च रसलक्षणाः ॥ २२ ॥

आकाशको लक्षण शब्द हो। वायुको लक्षण स्पर्श, तेजको लक्षण रूप, पानीको लक्षण रस हो।

धारिणी सर्वभूतानां पृथिवी गन्धलक्षणा ।
स्वरव्यञ्जनसंस्कारा भारती शब्दलक्षणा ॥ २३ ॥

सबै प्राणीलाई धारण गर्ने पृथ्वीको लक्षण गन्ध, स्वर र व्यञ्जनको संस्कारबाट उत्पन्न वाणीको लक्षण शब्द हो।

मनसो लक्षणं चिन्ता चिन्तोक्ता बुद्धिलक्षणा ।
मनसा चिन्तितानर्थान् बुद्धया चेह व्यवस्यति ॥ २४ ॥

बुद्धिर्हि व्यवसायेन लक्ष्यते नात्र संशयः ।

मनको लक्षण चिन्ता हो। चिन्ताबाट उत्पन्न भएको बुद्धिको लक्षण हो। मनले चिन्तन गरेको बुद्धिले निश्चय गर्दछ। निश्चयबाट नै बुद्धि आउँदछ, यसमा शङ्का छैन।

लक्षणं मनसो ध्यानमव्यक्तं साधुलक्षणम् ॥ २५ ॥

प्रवृत्तिलक्षणो योगो ज्ञानं सन्न्यासलक्षणम् ।
तस्माज्ज्ञानं पुरस्कृत्य सन्न्यसेदिह बुद्धिमान् ॥ २६ ॥

मनको लक्षण ध्यान हो। साधुको लक्षण अव्यक्त हो। योगको लक्षण प्रवृत्ति हो सन्न्यासको लक्षण ज्ञान हो। त्यसकारण बुद्धिमान् मानिसले ज्ञान लिएर सन्न्यास ग्रहण गर्नुपर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

सन्न्यासी ज्ञानसंयुक्तः प्राप्नोति परमां गतिम् । CC-0.In Public Domain. Digitization by eGangotri
अतीतो द्वन्द्वमभ्येति तमोमृत्युजरातिगः ॥ २७ ॥

ज्ञानयुक्त सन्न्यासीले मृत्यु र बूढोपन नाघेर सबै प्रकारको द्वन्द्वबाट पार पाउँदछ र परमगति प्राप्त गर्दछ ।

धर्मलक्षणसंयुक्तमुक्तं वो विधिवन्मया ।
गुणानां ग्रहणं सम्यग् वक्ष्याम्यहमतः परम् ॥ २८ ॥

लक्षणसहितको धर्मको वर्णन मैले गरें । अब कुन इन्द्रियले कुन गुण ग्रहण गर्दछ त्यो भन्दैछु ।

पार्थिवो यस्तु गन्धो वै घ्राणेन हि स गृह्यते ।
घ्राणस्थश्च तथा वायुर्गन्धज्ञाने विधीयते ॥ २९ ॥

पृथ्वीमा रहेको गन्ध गुण नाकले लिन्छ र नाकको वायुको सहायताले त्यो गन्ध नाकसम्म पुग्दछ ।

अपां धातू रसो नित्यं जिह्वया स तु गृह्यते ।
जिह्वास्थश्च तथा सोमो रसज्ञाने विधीयते ॥ ३० ॥

पानीमा रहेको रस गुण जिब्रोले लिन्छ र चन्द्रमाको सहायताले त्यो रस जिब्रोसम्म पुग्दछ ।

ज्योतिषश्च गुणो रूपं चक्षुषा तच्च गृह्यते ।
चक्षुःस्थश्च सदाऽऽदित्यो रूपज्ञाने विधीयते ॥ ३१ ॥

तेजमा रहेको रूप गुण आँखाले लिन्छ र सूर्यको सहायताले त्यो रूप आँखासम्म पुग्दछ ।

वायव्यस्तु सदा स्पर्शस्त्वचा प्रज्ञायते च सः ।
त्वक्स्थश्चैव सदा वायुः स्पर्शने स विधीयते ॥ ३२ ॥

वायुमा रहेको स्पर्श गुण छालाले लिन्छ र वायुदेवको सहायताले त्यो स्पर्श छालासम्म पुग्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आकाशस्य गुणो ह्येष श्रोत्रेण च स गृह्यते ।
श्रोत्रस्थाश्च दिशः सर्वाः शब्दज्ञाने प्रकीर्तिताः ॥ ३३ ॥

आकाशमा रहेको शब्द गुण कानले लिन्छ र दिशाहरूको सहायताले त्यो शब्द कानसम्म पुग्दछ ।

मनसश्च गुणश्चिन्ता प्रज्ञया स तु गृह्यते ।
हृदिस्थश्चेतनो धातुर्मनोज्ञाने विधीयते ॥ ३४ ॥

मनको गुण चिन्तन हो । बुद्धिद्वारा यो लिइन्छ । हृदयमा रहेको चैतन्यले नै यस चिन्तनकार्यमा सहायता गर्दछ ।

बुद्धिरध्यवसायेन ज्ञानेन च महांस्तथा ।
निश्चित्य ग्रहणाद् व्यक्तमव्यक्तं नात्र संशयः ॥ ३५ ॥

निश्चयद्वारा बुद्धि र ज्ञानद्वारा महत्तत्त्व प्राप्त हुन्छ । यसैलाई व्यक्त भनिन्छ । वास्तवमा इन्द्रियभन्दा वाहिर बुद्धि रहनुको कारणले अव्यक्त पनि भनिन्छ । यसमा शङ्का छैन ।

अलिङ्गग्रहणो नित्यः क्षेत्रज्ञो निर्गुणात्मकः ।
तस्मादलिङ्गः क्षेत्रज्ञः केवलं ज्ञानलक्षणः ॥ ३६ ॥

नित्य क्षेत्रज्ञ आत्मालाई बुझाउने कुनै साधन छैन । किनभने त्यो निर्गुण छ । त्यसकारण क्षेत्रज्ञ पनि अलिङ्ग छ । ज्ञान नै यसको लक्षण हो ।

अव्यक्तं क्षेत्रमुद्दिष्टं गुणानां प्रभवाप्ययम् ।
सदा पश्याम्यहं लीनो विजानामि शृणोमि च ॥ ३७ ॥

गुणको उत्पत्ति र नाश हुनुको कारण अव्यक्त प्रकृतिलाई क्षेत्र भनिन्छ । त्यसैमा लीन भएर म जान्दछु र सुन्दछु ।

पुरुषस्तद् विजानीते तस्मात् क्षेत्रज्ञ उच्यते ।
गुणवृत्तं तथा वृत्तं क्षेत्रज्ञः परिपश्यति ॥ ३८ ॥

आदिमध्यावसानान्तं सृज्यमानमचेतनम् ।
न गुणा विदुरात्मानं सृज्यमानाः पुनः पुनः ॥ ३९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

आत्माले क्षेत्र जान्दछ। त्यसकारण उसलाई क्षेत्रज्ञ पनि भनिन्छ। आदि, मध्य र अन्त्य भएको उत्पत्तिशील प्राणीहरूको अचेतन गुण र त्यसको क्रिया उक्त आत्माले बुझ्दछ। तर बारम्वार उत्पन्न भइरहने गुण आत्माले जान्दैन।

न सत्यं विन्दते कश्चित् क्षेत्रज्ञस्त्वेव विन्दति।
गुणानां गुणभूतानां यत् परं परमं महत् ॥ ४० ॥

गुणको काममा लागिपरेकाहरू उक्त परम महान् क्षेत्रज्ञलाई जान्दैनन्। तर क्षेत्रज्ञले सवैलाई जानेको हुन्छ।

तस्माद् गुणांश्च सत्त्वं च परित्यज्येह धर्मवित्।
क्षीणदोषो गुणातीतः क्षेत्रज्ञं प्रविशत्यथ ॥ ४१ ॥

यसकारण यस संसारमा दोष नभएकाहरू धर्मवेत्ता उक्त पुरुष तत्त्वलाई छोडेर क्षेत्रज्ञको स्वरूप परमात्मामा प्रवेश गर्दछन्।

निर्द्वन्द्वो निर्नमस्कारो निःस्वाहाकार एव च।
अचलश्चानिकेतश्च क्षेत्रज्ञः स परो विभुः ॥ ४२ ॥

सुख र द्वन्द्ववाट नभएको, कसैलाई नमस्कार नगर्ने, स्वाहाकार यज्ञादि नगर्ने, अचल र वस्ने ठाउं नभएको क्षेत्रज्ञ नै परमात्मा हुन्।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
त्रिचत्वारिंशोऽध्यायः समाप्तः ॥ ४३ ॥

अष्टाविंशोऽध्यायः ॥ २८ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
त्रिचालिसौं अध्याय समाप्त भयो ॥ ४३ ॥

अट्ठाइसौं अध्याय ॥ २८ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उनन्तिसौं अध्याय

ब्रह्मोवाच

यदादिमध्यपर्यन्तं ग्रहणोपायमेव च ।
नामलक्षणसंयुक्तं सर्वं वक्ष्यामि तत्त्वतः ॥ १ ॥

ब्रह्माजीले भन्नुभयो – अब म सबै पदार्थको आदि, मध्य तथा अन्त्य र त्यसको लक्षण अनि ग्रहणको उपाय विस्तार पूर्वक भन्दछु ।

अहः पूर्वं ततो रात्रिर्मासाः शुक्लादयः स्मृताः ।
श्रवणादीनि ऋक्षाणि ऋतवः शिशिरादयः ॥ २ ॥

सबैभन्दा पहिले दिन आउँछ। त्यसपछि रात, अनि महिना, अनि, शुक्ल आदि गरिएका पक्षहरू, अनि श्रवण आदि नक्षत्रहरू, अनि शिशिर आदि ऋतुहरू आउँछन् ।

भूमिरादिस्तु गन्धानां रसानामाप एव च ।
रूपाणां ज्योतिरादित्यः स्पर्शानां वायुरुच्यते ॥ ३ ॥

शब्दस्यादिस्तथाऽऽकाशमेष भूतकृतो गुणः ।

गन्धको आदि कारण भूमि हो । रसको पानी, रूपको ज्योति, स्पर्शको वायु, शब्दको आकाश हो । यी सबै गन्धादि पञ्चभूतबाट उत्पन्न हुन्छन् ।

अतः परं प्रवक्ष्यामि भूतानामादिमुत्तमम् ॥ ४ ॥

आदित्यो ज्योतिपामादिरग्निर्भूतादिरुच्यते ।
सावित्री सर्वविद्यानां देवतानां प्रजापतिः ॥ ५ ॥

अब म भूतहरूको उत्तम आदिको वर्णन गर्दछु। ज्योतिको आदि रूप सूर्य हो। अग्नि भूतहरूको आदि हो । सबै विद्याहरूको आदि सावित्री हुन् । देवताहरूका आदि प्रजापति हुन् ।

ओंकारः सर्ववेदानां वचसां प्राण एव च ।
यदस्मिन् नियतं लोके सर्वं सावित्रिरुच्यते ॥ ६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
सबै वेदहरूको आदि ॐकार हो। वाणीहरूको आदि प्राण हो। यस संसारमा मानिसहरूले जे उच्चारण गर्दछ त्यसलाई सावित्री भनिन्छ।

गायत्री च्छन्दसामादिः प्रजानां सर्ग उच्यते।
गावश्चतुष्पदामादिर्मनुष्याणां द्विजातयः ॥ ७ ॥

छन्दहरूको आदि गायत्री हो। प्रजाहरूको आदि प्रारम्भकाल हो। चार खुट्टे जनावरहरूको आदि गाई हो। मनुष्यहरूको आदि ब्राह्मण हो।

श्येनः पतत्रिणामादिर्यज्ञानां हुतमुत्तमम्।
सरीसृपाणां सर्वेषां ज्येष्ठः सर्पो द्विजोत्तमाः ॥ ८ ॥

हे ब्राह्मणहरू! पक्षीहरूमा उत्तम बाज हो। यज्ञहरूमा उत्तम आहुति हो। सबै घिस्रेर हिँड्ने प्राणीहरूमा उत्तम सर्प हो।

कृतमादिर्युगानां च सर्वेषां नात्र संशयः।
हिरण्यं सर्वरत्नानामोषधीनां यवास्तथा ॥ ९ ॥

युगहरूको आदि सत्ययुग हो। यसमा शङ्का छैन। सबै रत्नहरूमा श्रेष्ठ सुन हो। औषधीहरूमा श्रेष्ठ जौ हो।

सर्वेषां भक्ष्यभोज्यानामन्नं परममुच्यते।
द्रवाणां चैव सर्वेषां पेयानामाप उत्तमाः ॥ १० ॥

सबै खाइने वस्तुहरूमा अन्न श्रेष्ठ हो। बग्ने र पिउने वस्तुहरूमा पानी सर्वश्रेष्ठ हो।

स्थावराणां तु भूतानां सर्वेषामविशेषतः।
ब्रह्मक्षेत्रं सदा पुण्यं प्लक्षः प्रथमतः स्मृतः ॥ ११ ॥

जमिनमा वस्ने सबै प्राणीहरूमा विशेष गरी ब्रह्मक्षेत्र नाम भएकोमा श्रेष्ठ वृक्ष हो र उत्तम पनि हो।

अहं प्रजापतीनां च सर्वेषां नात्र संशयः।
मम विष्णुरचिन्त्यात्मा स्वयम्भूरिति स स्मृतः ॥ १२ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
सबै प्रजापतिहरूका श्रेष्ठ म हुँ। यसमा शङ्का छैन। मेरो अचिन्त्यआत्मा विष्णु हुन् र त्यसलाई स्वयम्भू पनि भनिन्छ।

पर्वतानां महामेरुः सर्वेपामग्रजः स्मृतः।
दिशां च प्रदिशां चोर्ध्वं दिक्पूर्वा प्रथमा तथा ॥ १३ ॥

सबै पर्वतहरूका अग्रज महामेरु मानिन्छ। दिशा र प्रदिशाहरूमा पूर्व दिशा पहिलो हो।

तथा त्रिपथगा गङ्गा नदीनामग्रजा स्मृता।
तथा सरोदपानानां सर्वेषां सागरोऽग्रजः ॥ १४ ॥

नदीहरूका आदि त्रिपथगा गङ्गा हुन्। पोखरीहरूमा सवैभन्दा पहिले सागरको उत्पत्ति भएको हो।

देवदानवभूतानां पिशाचोरगरक्षसाम्।
नरकिन्नरयक्षाणां सर्वेषामीश्वरः प्रभुः ॥ १५ ॥

देवता, दानव, प्राणी, पिशाच, सर्प, राक्षस, मानिस, किन्नर, यक्ष यी सबैको स्वामी ईश्वर हुन्।

आदिर्विश्वस्य जगतो विष्णुर्ब्रह्ममयो महान्।
भूतं परतरं यस्मात् त्रैलोक्ये नेह विद्यते ॥ १६ ॥

सम्पूर्ण संसारको आदि ब्रह्मस्वरूप विष्णु हुन्। यस तीनै लोकमा उनीभन्दा ठूला अरु कोही छैनन्।

आश्रमाणां च सर्वेषां गार्हस्थ्यं नात्र संशयः।
लोकानामादिरव्यक्तं सर्वस्यान्तस्तदेव च ॥ १७ ॥

सबै आश्रमहरूमा श्रेष्ठ गृहस्थाश्रम हो। यसमा शङ्का छैन। सबै लोकका आदि र अन्त अव्यक्त रूप प्रकृति हुन्।

अहान्यस्तमयान्तानि उदयान्ता च शर्वरी।
सुखस्यान्तं सदा दुःखं दुःखस्यान्तं सदा सुखम् ॥ १८ ॥

दिनको अन्त सूर्यास्त हो भने रात्रिको अन्त सूर्योदय हो। सुखको अन्त दुःख हो र दुःखको अन्त सदा सुख हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सर्वे क्षयान्ता निचयाः पतनान्ताः समुच्छ्रयाः ।
संयोगाश्च वियोगान्ता मरणान्तं च जीवितम् ॥ १९ ॥

सबै सङ्ग्रहका अन्त विनाश हो । उत्थानको अन्त पतन हो । संयोगको अन्त वियोग हो भने जीवनको अन्त मृत्यु हो ।

सर्वं कृतं विनाशान्तं जातस्य मरणं ध्रुवम् ।
अशाश्वतं हि लोकेऽस्मिन् सदा स्थावरजङ्गमम् ॥ २० ॥

जुन-जुन वस्तुको निर्माण भएको छ त्यस वस्तुको विनाश अवश्य हुन्छ । जसले जन्म लिएको छ त्यसको मृत्यु पनि अवश्य हुन्छ । यस लोकमा चाहे त्यो स्थावर होस् या त जङ्गम त्यो केही पनि सधैं रहँदैन ।

इष्टं दत्तं तपोऽधीतं व्रतानि नियमाश्च ये ।
सर्वमेतद् विनाशान्तं ज्ञानस्यान्तो न विद्यते ॥ २१ ॥

जति पनि यज्ञ, दान, तप, अध्ययन, व्रत तथा नियमहरू छन् ती सबैको निश्चय नै विनाश हुन्छ । तर ज्ञानको नाश हुँदैन ।

तस्माज्ज्ञानेन शुद्धेन प्रशान्तात्मा जितेन्द्रियः ।
निर्ममो निरहङ्कारो मुच्यते सर्वपाप्मभिः ॥ २२ ॥

त्यसकारण शुद्ध ज्ञानले जसको चित्त शान्त भएको छ र जसको इन्द्रिय वशमा छ तथा जसको ममता र अहङ्कार छैन त्यो नै सबै पापबाट मुक्त हुन्छ ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
चतुश्चत्वारिंशोऽध्यायः समाप्तः ॥ ४४ ॥

एकोनत्रिंशोऽध्यायः ॥ २९ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
चौवालिसौं अध्याय समाप्त भयो ॥ ४४ ॥

उनन्तिसौं अध्याय ॥ २९ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

तीसौं अध्याय

ब्रह्मोवाच

बुद्धिसारं मनःस्तम्भमिन्द्रियग्रामबन्धनम् ।
महाभूतपरिस्कन्धं निवेशपरिवेशनम् ॥ १ ॥

जराशोकसमाविष्टं व्याधिव्यसनसम्भवम् ।
देशकालविचारीदं श्रमव्यायामनिःस्वनम् ॥ २ ॥

अहोरात्रपरिक्षेपं शीतोष्णपरिमण्डलम् ।
सुखदुःखान्तसंश्लेषं क्षुत्पिपासावकीलकम् ॥ ३ ॥

छायातपविलेखं च निमेषोन्मेषविह्वलम् ।
घोरमोहजलाकीर्णं वर्तमानमचेतनम् ॥ ४ ॥

मासार्धमासगणितं विषमं लोकसञ्चरम् ।
तमोनियमपङ्कं च रजोवेगप्रवर्तकम् ॥ ५ ॥

महाहङ्कारदीप्तं च गुणसञ्जातवर्तनम् ।
अरतिग्रहणानीकं शोकसंहारवर्तनम् ॥ ६ ॥

क्रियाकारणसंयुक्तं रागविस्तारमायतम् ।
लोभेप्सापरिविक्षोभं विचित्राज्ञानसम्भवम् ॥ ७ ॥

भयमोहपरीवारं भूतसम्मोहकारकम् ।
आनन्दप्रीतिचारं च कामक्रोधपरिग्रहम् ॥ ८ ॥

महदादिविशेषान्तमसक्तं प्रभवाव्ययम् ।
मनोजवं मनःकान्तं कालचक्रं प्रवर्तते ॥ ९ ॥

ब्रह्माजीले भन्नुभयो – मनको जस्तो वेग भएको कालचक्र सधैं चलिरहन्छ । यो महत्तत्त्वदेखि लिएर स्थूल भूतसम्म चौबिस तत्त्वले बनेको हुन्छ । यसको गति कहीं पनि रोकिदैन । यो संसारबन्धनको अनिवार्य कारण हो । बूढोपन र शोकले यसलाई घेरेको छ । रोग र शोकको उत्पत्तिको स्थान पनि यही हो । देश, कालअनुसार यो परिचालन भइरहन्छ । यस कालचक्रको बुद्धि सार हो, मन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
खम्बा र इन्द्रियहरू वन्धन हुन्। पञ्चमहाभूत यसको शाखा हो। अज्ञान यसको आवरण हो। श्रम तथा व्यायाम यसको शब्द हो। यस चक्रलाई दिन र रातले चलाउँछ। तातो र चिसो यसको घेरा हो। सुख र दुःख यसको सन्धि हो। भोक र प्यास यसको कीला हो। उज्यालो र छाया यसको वनावट हो। आँखा खोल्नु र चिम्लनु यसको व्याकुलता हो। घोर महारूप जलरूपी आँसुले यो भिजेको हुन्छ। यो सधैं गति भएको तर अचेतन हुन्छ। महिना र पक्षले यसको आयु गन्दछ। यो एकै ठाउँमा रहँदैन र माथि, तल तथा बीचको लोकमा घुमिरहन्छ। तमोगुण प्रधान भएकोले यसको पापकर्ममा ज्यादा गति रहन्छ र रजोगुणको वेगले गर्दा अनेक कार्यमा प्रवृत्त भइरहन्छ। यो अहङ्कारी छ। तीन गुणअनुसार यसको गति हुन्छ। मानसिक चिन्ता यस चक्रको वन्धनपट्टी हो। यो सधैं शोक र मृत्युको वशमा रहन्छ र क्रिया र कारणले युक्त हुन्छ। आसक्ति नै यसको विस्तारपन हो। यस चक्रलाई तल झार्न र माथि उठाउनको लागि लोभ र तृष्णाहरू कारण हुन्। अद्भुत अज्ञान यसको उत्पत्तिको कारण हो। भय र मोहले यो घेरिएको छ। यसले नै प्राणीहरूलाई मोहमा राख्ने, आनन्द दिने, प्रेम गर्ने र काम तथा क्रोधको सङ्ग्रह गर्दछ।

एतद् द्वन्द्वसमायुक्तं कालचक्रमचेतनम्।
विसृजेत् संक्षिपेच्चापि वोधयेत् सामरं जगत् ॥ १० ॥

यो कालचक्र अचेतन द्वन्द्वको र सम्पूर्ण जगत्को सृष्टिको तथा संहारको कारण हो। तत्त्वज्ञान प्राप्तिको पनि यही कारण हो।

कालचक्रप्रवृत्तिं च निवृत्तिं चैव तत्त्वतः।
यस्तु वेद नरो नित्यं न स भूतेषु मुह्यति ॥ ११ ॥

यो कालचक्रको प्रवृत्ति र निवृत्ति जसले बुझ्दछ त्यो कहिल्यै पनि सांसारिक मोहमा फस्दैन।

विमुक्तः सर्वसंस्कारैः सर्वद्वन्द्वविवर्जितः।
विमुक्तः सर्वपापेभ्यः प्राप्नोति परमां गतिम् ॥ १२ ॥

सबै संस्कारहरूवाट मुक्त हुन्छ। सबै द्वन्द्वहरूबाट छुटकारा पाउँछ र सबै पापहरूवाट मुक्त भएर परमपदमा प्राप्त हुन्छ।

गृहस्थो ब्रह्मचारी च वानप्रस्थोऽथ भिक्षुकः।
चत्वार आश्रमाः प्रोक्ताः सर्वे गार्हस्थ्यमूलकाः ॥ १३ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ र सन्न्यास यी चार आश्रम शास्त्रमा भनिएको छ तर गार्हस्थ्य आश्रम नै सवै आश्रमको मूल हो ।

य: कश्चिदिह लोकेऽस्मिन्नागम: परिकीर्तित: ।
तस्यान्तगमनं श्रेय: कीर्तिरिषा सनातनी ॥ १४ ॥

गृहस्थाश्रममा बस्नेहरूको लागि यस संसारमा कुनै पनि शास्त्र निषेध गरिएको छैन । यसकारण यसैवाट सनातन कीर्ति प्राप्त हुन्छ ।

संस्कारै: संस्कृत: पूर्वं यथावच्चरितव्रत: ।
जातौ गुणविशिष्टायां समावर्तेत तत्त्ववित् ॥ १५ ॥

सवैभन्दा पहिले सवै प्रकारको संस्कारवाट युक्त भएर वेदमा भनिएको विधिअनुसार अध्ययन गरी ब्रह्मचर्यको पालना गर्नुपर्दछ । त्यसपछि तत्त्ववेत्ताको सल्लाहअनुसार उत्तम कुलमा विवाह गर्नुपर्दछ ।

स्वदारनिरतो नित्यं शिष्टाचारो जितेन्द्रिय: ।
पञ्चभिश्च महायज्ञै: श्रद्दधानो यजेदिह ॥ १६ ॥

आफ्नो स्त्रीलाई प्रेम गर्नु, सधैं राम्रो आचरण गर्नु, जितेन्द्रिय हुनु गृहस्थजीवनको लागि आवश्यक छ । यही आश्रममा वसेर पाँच महायज्ञ गरी देवताहरूलाई पूजा गर्नुपर्दछ ।

देवतातिथिशिष्टाशी निरतो वेदकर्मसु ।
इज्याप्रदानयुक्तश्च यथाशक्ति यथासुखम् ॥ १७ ॥

आफ्नो गच्छे अनुसार देवता, अतिथि तथा ब्राह्मणहरूलाई भोजन गराउनु, यसवाट वचेको आफूले आहार गर्नु, वेदले भनेअनुसार कर्म गर्नु र प्रसन्नताका साथ यज्ञ-दान गर्नु गृहस्थाश्रमको धर्म हो ।

न पाणिपादचपलो न नेत्रचपलो मुनि: ।
न च वागङ्गचपल इति शिष्टस्य गोचर: ॥ १८ ॥

हात, खुट्टा, आँखा, वाणी तथा शरीरवाट चञ्चलताको कारणले हुने अनुचित कार्य छोड्नु नै सत्पुरुषको शिष्टता हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नित्यं यज्ञोपवीती स्याच्छुक्लवासाः शुचिव्रतः ।
नियतो यमदानाभ्यां सदा शिष्टैश्च संविशेत् ॥ १९ ॥

सधैं जनै धारण गर्नु, सेतो र पवित्र वस्त्र लगाउनु, उत्तम व्रतको पालना गर्नु, चोखो भएर रहनु, सत्य र अहिंसा जस्ता नियमको पालना गर्नु, यथाशक्ति दान गर्नु र सधैं अनुशासित व्यक्तिहरूसँग रहनु गृहस्थाश्रमको धर्म हो ।

जितशिश्नोदरो मैत्रः शिष्टाचारसमन्वितः ।
वैणवीं धारयेद् यष्टिं सोदकं च कमण्डलुम् ॥ २० ॥

शिष्टाचारले युक्त भई जिब्रो र उपस्थलाई नियन्त्रणमा राखी सबैसित मित्रताको व्यवहार गर्नु । बाँसको लट्ठी र पानीले भरिएको कमण्डलु सधैं साथमा राख्नु ।

त्रीणि धारयते नित्यं कमण्डलुमतन्द्रितः ।
एकमाचमनार्थाय एकं वै पादधावनम् ।
एकं शौचविधानार्थमित्येतत् त्रितयं तथा ॥

अल्छी नमानीकन सधैं कमण्डलु धारण गर्नु । आचमन, खुट्टा धुन र शौचसम्पादन यी तीन शुद्धताको लागि कमण्डलु धारण गर्नु ।

अधीत्याध्यापनं कुर्यात् तथा यजनयाजने ।
दानं प्रतिग्रहं वापि षड्गुणां वृत्तिमाचरेत् ॥ २१ ॥

अध्ययन र अध्यापन, यज्ञ गर्नु र गराउनु, दान गर्नु र दान लिनु यी छ वृत्ति ब्राह्मणले लिनुपर्दछ ।

त्रीणि कर्माणि जानीत ब्राह्मणानां तु जीविका ।
याजनाध्यापने चोभे शुद्धाच्चापि प्रतिग्रहः ॥ २२ ॥

जीविका चलाउनको लागि ब्राह्मणले तीन काम लिनुपर्दछ । ती हुन् – यज्ञ गराउनु, पढाउनु र शुद्ध व्यक्तिबाट दान लिनु ।

अथ शेषाणि चान्यानि त्रीणि कर्माणि यानि तु ।
दानमध्ययनं यज्ञो धर्मयुक्तानि तानि तु ॥ २३ ॥

बाँकी दान, अध्ययन र यज्ञ गर्नु यी तीन कर्म धर्मोपार्जनको लागि हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

तेष्वप्रमादं कुर्वीत त्रिषु कर्मसु धर्मवित् ।
CC-0.In Public Domain. Digitization by eGangotri
दान्तो मैत्रः क्षमायुक्तः सर्वभूतसमो मुनिः ॥ २४ ॥
सर्वमेतद् यथाशक्ति विप्रो निर्वर्तयञ्शुचिः ।
एवं युक्तो जयेत् स्वर्गं गृहस्थः संशितव्रतः ॥ २५ ॥

धर्म जान्ने ब्राह्मणले कहिल्यै पनि यी कर्म गर्दा असावधानी हुनुहुँदैन । गृहस्थ ब्राह्मणले सावधानी पूर्वक इन्द्रियलाई जितेर, सबैलाई मित्रवत् व्यवहार गरेर, क्षमायुक्त भएर, सबैप्रति समान भाव राखेर, मननशील भएर, उत्तम व्रतको पालना गरेर र पवित्रताका साथ रहेर आफ्नो शक्तिअनुसार धर्मको पालना गऱ्यो भने स्वर्ग प्राप्त हुन्छ ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
पञ्चचत्वारिंशोऽध्यायः समाप्तः ॥ ४५ ॥

त्रिंशोऽध्यायः ॥ ३० ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
पैंतालिसौं अध्याय समाप्त भयो ॥ ४५ ॥

तीसौं अध्याय ॥ ३० ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मण उवाच

एवमेतेन मार्गेण पूर्वोक्तेन यथाविधि ।
अधीतवान् यथाशक्ति तथैव ब्रह्मचर्यवान् ॥ १ ॥

स्वधर्मनिरतो विद्वान् सर्वेन्द्रिययतो मुनिः ।
गुरोः प्रियहिते युक्तः सत्यधर्मपरः शुचिः ॥ २ ॥

ब्रह्माजीले भन्नुभयो – यसप्रकार पूर्वोक्त विधिअनुसार गृहस्थ धर्मको पालना गर्नुपर्दछ । यथाशक्ति अध्ययन गरी ब्रह्मचर्य व्रतको पालन गर्नुपर्दछ । यस्ता पुरुषले आफ्नो धर्ममा तत्पर रही विद्वान्, सम्पूर्ण इन्द्रियलाई वशमा राख्ने, मुनिको व्रत पालन गर्ने, गुरुलाई खुसी पार्ने तथा कल्याण गर्ने, सत्य बोल्ने र सत्य धर्ममा रही पवित्र रहनुपर्दछ ।

गुरुणा समनुज्ञातो भुञ्जीतान्नमकुत्सयन् ।
हविष्यभैक्ष्यभुक् चापि स्थानासनविहारवान् ॥ ३ ॥

गुरुको आज्ञा लिएर भोजन गर्नुपर्दछ । भोजनको वेलामा अन्नको निन्दा गर्नुहुँदैन । भिक्षावाट प्राप्त अन्नलाई नै हविष्य र भोज्य मान्नुपर्दछ । एकै स्थानमा रहनुपर्दछ, एकै आसनमा वस्नुपर्दछ र समयमा भ्रमण गर्नुपर्दछ ।

द्विकालमग्निं जुह्वानः शुचिर्भूत्वा समाहितः ।
धारयीत सदा दण्डं बैल्वं पालाशमेव वा ॥ ४ ॥

पवित्र र एकाग्र चित्त भएर दुवै काल (बिहान र साँझ) हवन गर्नुपर्दछ । सधैं बेल र पलांशको रुखको लट्ठी लिनुपर्दछ ।

क्षौमं कार्पासिकं चापि मृगाजिनमथापि वा ।
सर्वं काषायरक्तं वा वासो वापि द्विजस्य ह ॥ ५ ॥

सूती वस्त्र अथवा मृगचर्मको वस्त्र लगाउनुपर्दछ । ब्राह्मणको लागि गेरु रङको वस्त्र हुनुपर्दछ ।

मेखला च भवेन्मौञ्जी जटी नित्योदकस्तथा ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
यज्ञोपवीती स्वाध्यायी अलुब्धो नियतव्रतः ॥ ६ ॥

CC-0 In Public Domain. Digitization by eGangotri
मुन्जको मेखला लगाउनुपर्दछ । जटा धारण गर्नुपर्दछ । स्वाध्यायमा लाग्नुपर्दछ । लोभी हुनुहुँदैन । नियमपूर्वक व्रतको पालना गर्नुपर्दछ ।

पूताभिश्च तथैवाद्भिः सदा दैवततर्पणम् ।
भावेन नियतः कुर्वन् ब्रह्मचारी प्रशस्यते ॥ ७ ॥

पवित्र पानीले सधैं देवताहरूलाई तर्पण गर्नुपर्दछ । यस्ता ब्रह्मचारी प्रशंसा गर्न योग्य हुन्छ ।

एवं युक्तो जयेल्लोकान् वानप्रस्थो जितेन्द्रियः ।
न संसरित जातीषु परमं स्थानमाश्रितः ॥ ८ ॥

यसप्रकारले नियमपूर्वक कर्म गर्ने, जितेन्द्रिय, वानप्रस्थी पुरुषले उत्तम लोक पाउँदछ र फेरि संसारमा जन्मनु पर्दैन ।

संस्कृतः सर्वसंस्कारैस्तथैव ब्रह्मचर्यवान् ।
ग्रामान्निष्क्रम्य चारण्ये मुनिः प्रव्रजितो वसेत् ॥ ९ ॥

यस्ता वानप्रस्थी मुनिले सवै प्रकारको संस्कारबाट शुद्ध भएर ब्रह्मचर्यको पालना गरी गाउँभन्दा वाहिर गएर बस्नुपर्दछ ।

चर्मवल्कलसंवासी सायं प्रातरुपस्पृशेत् ।
अरण्यगोचरो नित्यं न ग्रामं प्रविशेत् पुनः ॥ १० ॥

छाला अथवा रुखको बोक्राको वस्त्र लगाउनुपर्दछ। साँझ-विहान स्नान गर्नुपर्दछ । सधैं वनमा वस्नुपर्दछ र गाउँमा फेरि प्रवेश गर्नुहुँदैन ।

अर्चयन्नतिथीन् काले दद्याच्चापि प्रतिश्रयम् ।
फलपत्रावरैर्मूलैः श्यामाकेन च वर्तयन् ॥ ११ ॥

अतिथिलाई पूजा गर्दै समयमा आश्रय दिनुपर्दछ । जङ्गलमा पाइने फल-फूल, पत्र आदि खाएर बाँच्नुपर्दछ ।

प्रवृत्तमुदकं वायुं सर्वं वानेयमाश्रयेत् ।
प्राश्नीयादानुपूर्व्येण यथादीक्षमतन्द्रितः ॥ १२ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

वगेको पानी, हावा, आदि सबै वनको मात्र खानुपर्दछ र सावधान भई माथि भनिएको व्रतको अक्षरशः पालना गर्नुपर्दछ।

CC-0 In Public Domain. Digitization by eGangotri

समूलफलभिक्षाभिरर्चेददतिथिमागतम् ।
यद् भक्ष्यं स्यात्ततो दद्यात् भिक्षां नित्यमतन्द्रितः ॥ १३ ॥

यदि कुनै अतिथि आए भने फल-फूलले स्वागत गर्नुपर्दछ। कहिल्यै अल्छी मान्नुहुँदैन। आफूसँग भएको भोजन अतिथिलाई दिएर मात्र आफूले भोजन गर्नुपर्दछ।

देवतातिथिपूर्वं च सदा प्राश्नीत वाग्यतः ।
अस्पर्धितमनाश्चैव लघ्वाशी देवताश्रयः ॥ १४ ॥

सबैभन्दा पहिले देवता र अतिथिलाई भोजन गराउनुपर्दछ। त्यसपछि आफूले भोजन गर्नुपर्दछ। मनमा कुनै प्रतिस्पर्धा नराखी हल्का भोजन गर्नुपर्दछ र देवताको आश्रय लिनुपर्दछ।

दान्तो मैत्रः क्षमायुक्तः केशाञ्श्मश्रु च धारयन् ।
जुह्वन् स्वाध्यायशीलश्च सत्यधर्मपरायणः ॥ १५ ॥

इन्द्रियहरूलाई वशमा राख्नुपर्दछ। सबैलाई मित्रवत् व्यवहार गर्नुपर्दछ। क्षमाशील हुनुपर्दछ। दाढी, जुङ्गा र कपाल पाल्नुपर्दछ। स्वाध्यायशील भएर सत्यधर्ममा रहनुपर्दछ।

शुचिदेहः सदा दक्षो वननित्यः समाहितः ।
एवं युक्तो जयेत् स्वर्गं वानप्रस्थो जितेन्द्रियः ॥ १६ ॥

शरीर पवित्र राख्नुपर्दछ। सधैं कुशल रहनुपर्दछ। वनमा सधैं बस्नुपर्दछ। यसप्रकार वानप्रस्थीले जितेन्द्रिय भएर स्वर्ग प्राप्त गर्दछ।

गृहस्थो ब्रह्मचारी च वानप्रस्थोऽथ वा पुनः ।
य इच्छेन्मोक्षमास्थातुमुत्तमां वृत्तिमाश्रयेत् ॥ १७ ॥

गृहस्थ, ब्रह्मचारी अथवा वानप्रस्थ जो सुकै भए तापनि मोक्ष पाउनको लागि उत्तम वृत्ति लिनुपर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अभयं सर्वभूतेभ्यो दत्त्वा नैष्कर्म्यमाचरेत् ।
CC-0. In Public Domain. Digitization by eGangotri
सर्वभूतसुखो मैत्रः सर्वेन्द्रिययतो मुनिः ॥ १८ ॥

सम्पूर्ण प्राणीलाई अभय दान गरेर कर्मत्याग गरी सबैलाई सुख र मित्रवत् व्यवहार गरेर इन्द्रियलाई संयम गर्नु नै मुनिहरूको कर्म हो ।

अयाचितमसंक्लृप्तमुपपन्नं यदृच्छया ।
कृत्वा प्राह्णे चरेद् भैक्ष्यं विधूमे भुक्तवज्जने ॥ १९ ॥

वृत्ते शरावसम्पाते भैक्ष्यं लिप्सेत मोक्षवित् ।

नमागिकन आएको जो भिक्षा छ त्यसैबाट जीवन निर्वाह गर्नुपर्दछ । बिहानको नित्यकर्म सकिएपछि घर-घरमा जब भान्छाबाट धुँवा निक्लन छोड्छ र भाँडा-कुडा माझिसकेपछि मात्र मोक्षधर्म जान्ने योगीले भिक्षा माग्नुपर्दछ ।

लाभेन च न हृष्येत नालाभे विमना भवेत् ।
न चातिभिक्षां भिक्षेत केवलं प्राणयात्रिकः ॥ २० ॥

भिक्षा लाभ हुँदा हर्ष र नपाउँदा दुःखी हुनुहुँदैन । धेरै भिक्षा पनि लिनुहुँदैन । प्राणयात्राको लागि जति भिक्षा चाहिने हो त्यति मात्र भिक्षा लिनुपर्दछ ।

यात्रार्थी कालमाकाङ्क्षंश्चरेद् भैक्ष्यं समाहितः ।
लाभं साधारणं नेच्छेन्न भुञ्जीताभिपूजितः ॥ २१ ॥

जीवन निर्वाहको लागि भिक्षा माग्नुपर्दछ । उचित समयसम्म मात्र भिक्षा माग्नुपर्दछ । साधारण कुराको पनि लाभ नचाहनू र धेरै सम्मान भएको ठाउँमा भोजन नगर्नू ।

अभिपूजितलाभाद्धि विजुगुप्सेत भिक्षुकः ।
भुक्तान्यन्नानि तिक्तानि कषायकटुकानि च ॥ २२ ॥

सन्न्यासीले मान-प्रतिष्ठालाई घृणा गर्नुपर्दछ । तितो, टर्रो र पिरो भोजन गर्नुहुँदैन ।

नास्वादयीत भुञ्जानो रसांश्च मधुरांस्तथा ।
यात्रामात्रं च भुञ्जीत केवलं प्राणधारणम् ॥ २३ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

भोजन गर्दा मीठो रस पिउनुहुँदैन । प्राणधारणको लागि मात्र उपयोगी भोजन गर्नुपर्दछ । CC-0.In Public Domain. Digitization by eGangotri

असंरोधेन भूतानां वृत्तिं लिप्सेत मोक्षवित् ।
न चान्यमन्नं लिप्सेत भिक्षमाणः कथञ्चन ॥ २४ ॥

मोक्ष जान्नेहरूले अरु प्राणीलाई हानि नहुने गरी भिक्षा लिनुपर्दछ र दिएको भिक्षाबाट असन्तुष्ट भई अर्को भिक्षा माग्नु हुँदैन ।

न सन्निकाशयेद् धर्मं विविक्ते चारजाश्चरेत् ।
शून्यागारमरण्यं वा वृक्षमूलं नदीं तथा ॥ २५ ॥

प्रतिश्रयार्थं सेवेत पार्वतीं वा पुनर्गुहाम् ।
ग्रामैकरात्रिको ग्रीष्मे वर्षास्वेकत्र वा वसेत् ॥ २६ ॥

आफ्नो धर्मको प्रदर्शन गर्नुहुँदैन । रजोगुणले सहित भएर निर्जनस्थानमा भ्रमण गर्नुपर्दछ । शून्य घर, वन, रुखको फेद, नदीको किनारा अथवा पर्वतको गुफामा सुत्नुपर्दछ । गर्मी महिनामा एक रात मात्र गाउँमा बस्नुपर्दछ र वर्षा महिनामा एकै स्थानमा बस्नुपर्दछ ।

अध्वा सूर्येण निर्दिष्टः कीटवच्च चरेन्महीम् ।
दयार्थं चैव भूतानां समीक्ष्य पृथिवीं चरेत् ॥ २७ ॥

सञ्चयांश्च न कुर्वीत स्नेहवासं च वर्जयेत् ।

किराहरूजस्तै सूर्य रहुन्जेल मात्र पृथ्वीमा यात्रा गर्नुपर्दछ । यात्राको समयमा जमिनमा रहेका जीवहरूलाई दया र माया गरेर पाइला चाल्नुपर्दछ । कुनै प्रकारको सङ्ग्रह नगरी कतै पनि स्नेहले बस्नुहुँदैन ।

पूताभिरद्भिर्नित्यं वै कार्यं कुर्वीत मोक्षवित् ॥ २८ ॥

उपस्पृशेदुद्धृताभिरद्भिश्च पुरुषः सदा ।

सधैं पवित्र जलले कर्म गर्नु मोक्षधर्मका ज्ञाताको कार्य हो र भरखरै निकालिएको पानीले स्नान गर्नुपर्दछ ।

अहिंसा ब्रह्मचर्यं च सत्यमार्जवमेव च ॥ २९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अक्रोधश्चानसूया च दमो नित्यमपैशुनम् ।
अष्टस्वेतेषु युक्तः स्याद् व्रतेपु नियतेन्द्रियः ॥ ३० ॥

अहिंसा, ब्रह्मचर्य, सत्य, सरलता, अक्रोध, दोषदृष्टिको त्याग, इन्द्रियसंयम र अरुको भनाइ खानु यी आठ व्रत सधैं पालना गर्नुका साथै इन्द्रिय वशमा राख्नुपर्दछ ।

अपापमशठं वृत्तमजिह्मं नित्यमाचरेत् ।
जोषयेत सदा भोज्यं ग्रासमागतमस्पृहः ॥ ३१ ॥

पाप, मूर्खता र कुटिलताबाट सधैं टाढा रहनुपर्दछ । जो भोज्य वस्तु आपसेआप प्राप्त हुन्छ त्यो मात्र लिनुपर्दछ र बढी इच्छा गर्नुहुँदैन ।

यात्रामात्रं च भुञ्जीत केवलं प्राणयात्रिकम् ।
धर्मलव्धमथाश्नीयान्न काममनुवर्तयेत् ॥ ३२ ॥

प्राणयात्राको लागि जति अन्न चाहिन्छ त्यति मात्र लिनुपर्दछ । धर्मले जुन प्राप्त हुन्छ त्यो अन्न मात्र खानुपर्दछ । जे पायो त्यही अन्न खानुहुँदैन ।

ग्रासादाच्छादनादन्यन्न गृह्णीयात् कथञ्चन ।
यावदाहारयेत् तावत् प्रतिगृह्णीत नाधिकम् ॥ ३३ ॥

खानको लागि जति अन्न चाहिन्छ र शरीर ढाक्नको लागि जति वस्त्र चाहिन्छ त्यति मात्र सङ्ग्रह गर्नुपर्दछ । भोजनको लागि जति भिक्षा चाहिन्छ त्यति मात्र लिनुपर्दछ । बढी लिनुहुँदैन ।

परेभ्यो न प्रतिग्राह्यं न च देयं कदाचन ।
दैन्यभावाच्च भूतानां संविभज्य सदा बुधः ॥ ३४ ॥

अरुको लागि कहिल्यै पनि भिक्षा माग्नुहुँदैन र अरुलाई दिनु पनि हुँदैन । कुनै प्राणीलाई दयाको दृष्टिले केही पनि दिनुहुँदैन ।

नाददीत परस्वानि न गृह्णीयादयाचितः ।
न किञ्चिद्विषयं भुक्त्वा स्पृहयेत्तस्य वै पुनः ॥ ३५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

अरुलाई केही दिनुहुँदैन । कुनै वस्तु नमागीकन लिनुहुँदैन । कुनै राम्रो वस्तु उपभोग गरिसकेपछि फर्काउनुपर्दछ ।

मृदमापस्तथान्नानि पत्रपुष्पफलानि च ।
असंवृतानि गृह्णीयात् प्रवृत्तानि च कार्यवान् ॥ ३६ ॥

माटो, पानी, अन्न, पात, फूल, फल यी काम लाग्ने वस्तु हुन् । यी वस्तुहरू यदि काममा आउँछ भने लिए हुन्छ ।

न शिल्पजीविकां जीवेद्धिरण्यं नोत कामयेत् ।
न द्वेष्टा नोपदेष्टा च भवेच्च निरुपस्कृतः ॥ ३७ ॥

आफूले जानेको शीपबाट जीविका चलाउनुहुँदैन । सुनको इच्छा गर्नुहुँदैन । कसैलाई द्वेष गर्नुहुँदैन । उपदेशक बन्नुहुँदैन । सङ्ग्रहरहित हुनुपर्दछ ।

श्रद्धापूतानि भुञ्जीत निमित्तानि च वर्जयेत् ।
सुधावृत्तिरसक्तश्च सर्वभूतैरसंविदम् ॥ ३८ ॥

श्रद्धाले दिइएको अन्न मात्र भोजन गर्नुपर्दछ । मनमा कुनै कारण राख्नुहुँदैन । सबैसित अमृतजस्तै मीठो वचन बोल्नुपर्दछ । प्राणीहरूमा सम्बन्ध बढाउनुहुँदैन ।

आशीर्युक्तानि सर्वाणि हिंसायुक्तानि यानि च ।
लोकसङ्ग्रहधर्मं च नैव कुर्यान्न कारयेत् ॥ ३९ ॥

हिंसाले युक्त भएका जति पनि कर्महरू छन् ती आशीर्वादले सहित भए तापनि लोक सङ्ग्रह धर्म गर्न र गराउनुहुँदैन ।

सर्वभावानतिक्रम्य लघुमात्रः परिव्रजेत् ।
समः सर्वेषु भूतेषु स्थावरेषु चरेषु च ॥ ४० ॥

सबै प्रकारको इच्छा छोडेर थोरैमा सन्तोष मान्नुपर्दछ । स्थावर र जङ्गम सबै प्राणीमा समान भाव राख्नुपर्दछ ।

परं नोद्वेजयेत् काचिन्न च कस्यचिदुद्विजेत् ।
विश्वास्यः सर्वभूतानामग्र्यो मोक्षविदुच्यते ॥ ४१ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri
कसैप्रति आफू उत्सुक हुनुहुँदैन र अरुलाई पनि आफूप्रति उत्सुक गराउनुहुँदैन। सबै प्राणीको विश्वासको पात्र बन्ने पुरुषलाई नै सबैभन्दा श्रेष्ठ र मोक्षधर्मको ज्ञाता भनिन्छ।

अनागतं च न ध्यायेन्नातीतमनुचिन्तयेत्।
वर्तमानमुपेक्षेत कालाकाङ्क्षी समाहितः॥ ४२॥

बितेको कुरामा ध्यान दिनुहुँदैन। भविष्यको विपयमा पनि चिन्ता गर्नुहुँदैन। वर्तमानको कुरामा पर्खनुपर्दछ। समयको प्रतीक्षा गरेर चित्तसंयममा लागिरहनुपर्दछ।

न चक्षुषा न मनसा न वाचा दूषयेत् क्वचित्।
न प्रत्यक्षं परोक्षं वा किञ्चिद् दुष्टं समाचरेत्॥ ४३॥

आँखा, मन र वचनले कसैलाई पनि दोषदृष्टिले हेर्नुहुँदैन। प्रत्यक्ष र परोक्ष रूपमा पनि कसैलाई नराम्रो गर्नुहुँदैन।

इन्द्रियाण्युपसंहृत्य कूर्मोऽङ्गानीव सर्वशः।
क्षीणेन्द्रियमनोवुद्धिर्निरीहः सर्वतत्त्ववित्॥ ४४॥

जसरी कछुवाले आफ्नो शरीर ढाक्दछ त्यसरी नै इन्द्रियहरूलाई विषयबाट हटाउनुपर्दछ। इन्द्रिय, मन र बुद्धिलाई दुर्बल पारेर सम्पूर्ण तत्त्वको ज्ञान बढाउनुपर्दछ।

निर्द्वन्द्वो निर्नमस्कारो निःस्वाहाकार एव च।
निर्ममो निरहङ्कारो निर्योगक्षेम आत्मवान्॥ ४५॥

द्वन्द्वमा फस्नुहुँदैन। कसैको अगाडि शिर झुकाउनुहुँदैन। कुनै पनि कार्यमा अग्निहोत्रजस्तै संलग्न हुनुहुँदैन। ममता, अहङ्कार छोड्नुपर्दछ र योगको चिन्ता गर्नुहुँदैन। मनलाई जित्नुपर्दछ।

निराशीर्निर्गुणः शान्तो निरासक्तो निराश्रयः।
आत्मसङ्गी च तत्त्वज्ञो मुच्यते नात्र संशयः॥ ४६॥

निष्काम, निर्गुण, शान्त, अनासक्त, निराश्रय, आत्मपरायण र तत्त्वको ज्ञाता नै मुक्त हुन्छ। यसमा शङ्का छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अपादपाणिपृष्ठं तदशिरस्कमनूदरम् ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रहीणगुणकर्माणं केवलं विमलं स्थिरम् ॥ ४७ ॥

अगन्धमरसस्पर्शमरूपाशब्दमेव च ।
अनुगम्यमनासक्तममांसमपि चैव यत् ॥ ४८ ॥

निश्चिन्तमव्ययं दिव्यं कूटस्थमपि सर्वदा ।
सर्वभूतस्थमात्मानं ये पश्यन्ति न ते मृताः ॥ ४९ ॥

आत्मालाई खुट्टा, हात, पिठ्युँ, टाउको, पेट आदि अङ्ग नभएको, गुण र कर्म नभएको, निर्मल, स्थिर, गन्ध, रस, स्पर्श, रूप, शब्द नभएको, ज्ञेय, अनासक्त, हाड र मासु नभएको, चिन्ता नभएको, अविनाशी, दिव्य र सम्पूर्ण प्राणीमा रहेको मान्ने पुरुषको कहिल्यै पनि मृत्यु हुँदैन ।

न तत्र क्रमते बुद्धिर्नेन्द्रियाणि न देवताः ।
वेदा यज्ञाश्च लोकाश्च न तपो न व्रतानि च ॥ ५० ॥

यत्र ज्ञानवतां प्राप्तिरलिङ्गग्रहणा स्मृता ।
तस्मादलिङ्गधर्मज्ञो धर्मतत्त्वमुपाचरेत् ॥ ५१ ॥

जुन आत्मालाई बुद्धि, इन्द्रिय र देवताहरूले वुझ्न सक्दैन । ज्ञानीहरूको जहाँ गति हुन्छ त्यहाँ वेद, यज्ञ, लोक, तप, व्रतहरूको प्रवेश हुँदैन । यस आत्मालाइं वाह्य इन्द्रियले ग्रहण गर्नसक्दैन । यसकारण वाहिरी इन्द्रियले आत्मालाई नहेरी यथार्थरूपमा धर्मतत्त्ववाट हेर्नुपर्दछ ।

गूढधर्माश्रितो विद्वान् विज्ञानचरितं चरेत् ।
अमूढो मूढरूपेण चरेद् धर्ममदूषयन् ॥ ५२ ॥

गुह्यधर्ममा रहेको विद्वान्ले सधैं विज्ञानअनुसार चल्नुपर्दछ । मूर्खजस्तै व्यवहार गर्नुहुँदैन र आफ्नो कर्मले धर्मलाई विगार्न हुँदैन ।

तथैनमवमन्येरन् परे सततमेव हि ।
यथावृत्तश्चरेच्छान्तः सतां धर्मानकुत्सयन् ॥ ५३ ॥

य एवं वृत्तसम्पन्नः स मुनिः श्रेष्ठ उच्यते ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
जुन असल काम गर्नाले समाजका मानिसहरू अनादर गर्दछन् त्यो काम बिस्तारै शान्तपूर्वक गर्नुपर्दछ। सत्पुरुषको धर्मको निन्दा गर्नुहुँदैन। जसले यस्तो व्यवहार गर्दछ त्यो श्रेष्ठ मुनि कहलिन्छ।

इन्द्रियाणीन्द्रियार्थाश्च महाभूतानि पञ्च च ॥ ५४ ॥

मनो बुद्धिरहङ्कारमव्यक्तं पुरुषं तथा।
एतत् सर्वं प्रसङ्ख्याय यथावत् तत्त्वनिश्चयात् ॥ ५५ ॥

ततः स्वर्गमवाप्नोति विमुक्तः सर्वबन्धनैः।

इन्द्रिय, त्यसका विषयहरू, पञ्चमहाभूत, मन, बुद्धि, अहङ्कार, प्रकृति, पुरुष यी सबै जसले विचार गरेर तत्त्व निश्चय गर्दछ त्यसले सबै बन्धनबाट मुक्त भएर स्वर्ग प्राप्त गर्दछ।

एतावदन्तवेलायां परिसङ्ख्याय तत्त्ववित् ॥ ५६ ॥

ध्यायेदेकान्तमास्थाय मुच्यतेऽथ निराश्रयः।
निर्मुक्तः सर्वसङ्गेभ्यो वायुराकाशगो यथा ॥ ५७ ॥

क्षीणकोशो निरातङ्कस्तथेदं प्राप्नुयात् परम् ॥ ५८ ॥

जो तत्त्ववेत्ता अन्तिम समयमा यी माथि भनिएका तत्त्वहरूको ज्ञान लिएर एकान्तमा वसी परमात्माको ध्यान गर्दछ त्यसले आकाशमा वहने वायुजस्तै सबै आसक्तिलाई छोडेर निर्भय र निराश्रय भई परमात्मा प्राप्त गर्दछ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
षड्चत्वारिंशोऽध्यायः समाप्तः ॥ ४६ ॥

एकत्रिंशो 'ाय: ॥ ३१ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
छयालिसौं अध्याय समाप्त भयो ॥ ४६ ॥

एकतिसौं अध्याय ॥ ३१ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मोवाच

सन्न्यासं तप इत्याहुर्वृद्धा निश्चितवादिनः ।
ब्राह्मणा ब्रह्मयोनिस्था ज्ञानं ब्रह्म परं विदुः ॥ १ ॥

ब्रह्माजीले भन्नुभयो – खास कुरा गर्ने तथा वेदमा भनिएको जस्तै परमात्माको रूप देख्ने ब्राह्मणहरूले सन्न्यासलाई नै तपस्या भनेका छन् र ज्ञानलाई नै परब्रह्मको स्वरूप मानेका छन् ।

अतिदूरात्मकं ब्रह्म वेदविद्याव्यपाश्रयम् ।
निर्द्वन्द्वं निर्गुणं नित्यमचिन्त्यगुणमुत्तमम् ॥ २ ॥

ज्ञानेन तपसा चैव धीराः पश्यन्ति तत् परम् ।

यो ब्रह्म अत्यन्त टाढा छ तथा निर्द्वन्द्व, निर्गुण, नित्य, अचिन्त्य गुण भएको र सर्वश्रेष्ठ छ । ज्ञानीहरू ज्ञान र तपस्याद्वारा उक्त परमात्मालाई हेर्दछन् ।

निर्णिक्तमनसः पूता व्युत्क्रान्तरजसोऽमलाः ॥ ३ ॥

तपसा क्षेममध्वानं गच्छन्ति परमेश्वरम् ।
सन्न्यासनिरता नित्यं ये च ब्रह्मविदो जनाः ॥ ४ ॥

मनमा कालो नभएको, परम पवित्र, रजोगुण त्यागेको, अन्तस्करण सफा भएको, सन्न्यासी र ब्रह्म जान्ने पुरुषहरू परमेश्वरलाई प्राप्त गर्छन् ।

तपः प्रदीप इत्याहुराचारो धर्मसाधकः ।
ज्ञानं वै परमं विद्यात् सन्न्यासं तप उत्तमम् ॥ ५ ॥

तपस्या बत्ती हो, आचार धर्मका साधक हुन्, ज्ञान परब्रह्म हुन् र सन्न्यास उत्तम तप हो भनी ज्ञानी पुरुषहरू भन्दछन् ।

यस्तु वेद निराधारं ज्ञानं तत्त्वविनिश्चयात् ।
सर्वभूतस्थमात्मानं स सर्वगतिरिष्यते ॥ ६ ॥

तत्त्वको निश्चितरूप ज्ञान, निराधार, सम्पूर्ण प्राणीहरूमा रहने आत्मालाई जसले जान्दछ त्यो सर्वव्यापक होइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

यो विद्वान् सहवासं च विवासं चैव पश्यति ।
तथैवैकत्वनानात्वे स दुःखात् प्रतिमुच्यते ॥ ७ ॥

संयोगलाई वियोगको रूपमा देख्ने, अनेकतामा एकता देख्ने विद्वान् दुःखबाट मुक्त हुन्छ ।

यो न कामयते किञ्चिन्न किञ्चिदवमन्यते ।
इहलोकस्थ एवैष ब्रह्मभूयाय कल्पते ॥ ८ ॥

कुनै वस्तुको कामना नगर्ने, कसैलाई अवहेलना नगर्ने जो छ त्यो यस लोकमा बसेर पनि ब्रह्म हुनुमा समर्थ हुन्छ ।

प्रधानगुणतत्त्वज्ञः सर्वभूतप्रधानवित् ।
निर्ममो निरहङ्कारो मुच्यते नात्र संशयः ॥ ९ ॥

मुख्य गुणको तत्त्व जान्ने, सबै भूतमा प्रधान मान्ने र ममता तथा अहङ्कार नभएको ज्ञानी मुक्त हुनुमा शङ्का छैन ।

निर्द्वन्द्वो निर्नमस्कारो निःस्वधाकार एव च ।
निर्गुणं नित्यमद्वन्द्वं प्रशमेनैव गच्छति ॥ १० ॥

द्वन्द्व नभएको, नमस्कार नगर्ने, स्वधाकार (श्राद्ध आदि पितृकार्य) नगर्ने सन्न्यासी हुन्छ । त्यसले शान्तिद्वारा निर्गुण, द्वन्द्व नभएको नित्यत्व प्राप्त गर्दछ ।

हित्वा गुणमयं सर्वं कर्म जन्तुः शुभाशुभम् ।
उभे सत्यानृते हित्वा मुच्यते नात्र संशयः ॥ ११ ॥

शुभ-अशुभ सबै गुणमय कर्म र सत्य-असत्य यी दुवै त्याग गरेर सन्न्यासी मुक्त हुन्छ । यसमा शङ्का छैन ।

अव्यक्तयोनिप्रभवो बुद्धिस्कन्धमयो महान् ।
महाहङ्कारविटप इन्द्रियाङ्कुरकोटरः ॥ १२ ॥

महाभूतविशालश्च विशेषयति शाखिनः ।
सदापत्रः सदापुष्पः शुभाशुभफलोदयः ॥ १३ ॥

आजीव्यः सर्वभूतानां ब्रह्मवृक्षः सनातनः ।
एनं छित्त्वा च भित्त्वा च तत्त्वज्ञानासिना बुधः ॥ १४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हित्वा सङ्गमयान् पाशान् मृत्युजन्मजरोदयान् ।
निर्ममो निरहङ्कारो मुच्यते नात्र संशयः ॥ १५ ॥

यो शरीर रुखजस्तै छ । अज्ञान यसको जरा हो । बुद्धि काण्ड हो । अहङ्कार हाँगा हुन् । इन्द्रियहरू अङ्कुर र आँख्ला हुन् । पञ्चमहाभूत विशालता हो र यसैले रुखलाई सुन्दरता प्रदान गर्दछ । सङ्कल्प पात हो । कर्म फल हो । शुभ-अशुभ कर्मबाट उत्पन्न हुने सुख-दुःखादि फल हुन् । यसप्रकार ब्रह्मरूपी बीँजबाट उत्पन्न भएको यो रुख फैलिएर रहने देहरूपी रुख हो । ज्ञानी पुरुषले यस रुखलाई तत्त्वज्ञानको अस्त्रले काटेर र भाँचेर मृत्यु, जन्म र बूढोपनको चक्करमा फसाउने बन्धनलाई तोडेर ममता र अहङ्काररहित हुन्छ त्यसले मुक्ति पाउँदछ । यसमा शङ्का छैन ।

द्वाविमौ पक्षिणौ नित्यौ सङ्क्षेपौ चाप्यचेतनौ ।
एताभ्यां तु परो योऽन्यश्चेतनावान् स उच्यते ॥ १६ ॥

क्रियाशील भएर पनि अचेतन अवस्थामा रहनु र ज्ञानसम्पन्न हुनु यी दुई पक्षी यस रुखमा रहन्छन् ।

अचेतनः सत्त्वसङ्ख्याविमुक्तः
सत्त्वात् परं चेतयतेऽन्तरात्मा ।
स क्षेत्रवित् सर्वसङ्ख्यातबुद्धि-
र्गुणातिगो मुच्यते सर्वपापैः ॥ १७ ॥

सङ्ख्या नभएको सत्त्व अर्थात् प्रकृति अचेतन हो । यसबाट अलग रहेको जीवात्मा ज्ञानसम्पन्न छ । त्यसैले नै क्षेत्र जानिन्छ र गुणातीत भएर सबै पापबाट छुटकारा पाउँदछ ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
सप्तचत्वारिंशोऽध्यायः समाप्तः ॥ ४७ ॥

द्वात्रिंशोऽध्यायः ॥ ३२ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
सत्चालिसौं अध्याय समाप्त भयो ॥ ४७ ॥

बत्तिसौं अध्याय ॥ ३२ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

–o–

CC-0.In Public Domain. Digitization by eGangotri

ब्रह्मोवाच

केचिद् ब्रह्ममयं वृक्षं केचिद् ब्रह्मवनं महत् ।
केचित्तु ब्रह्म चाव्यक्तं केचित् परमनामयम् ।
मन्यन्ते सर्वमप्येतदव्यक्तप्रभवाव्ययंम् ॥ १ ॥

ब्रह्माजीले भन्नुभयो – यस अव्यक्त, अविनाशी वृक्षलाई कोही ब्रह्मस्वरूप मान्दछन् त कोही ब्रह्मवान् मान्दछन् । कोही अव्यक्त ब्रह्म पनि मान्दछन् र कोही परम अनामय ।

उच्छ्‌वासमात्रमपि चेद् योऽन्तकाले समो भवेत् ।
आत्मानमुपसङ्गम्य सोऽमृतत्वाय कल्पते ॥ २ ॥

जो अन्तकालमा आत्मालाई ध्यान गरेर सास फेर्नुमा जति समय लाग्दछ त्यति नै समय समभावमा रहन्छ । त्यही मनुष्य अमृतत्व प्राप्त गर्ने अधिकारी बन्दछ ।

निमेषमात्रमपि चेत् संयम्यात्मानमात्मनि ।
गच्छत्यात्मप्रसादेन विदुषां प्राप्तिमव्ययाम् ॥ ३ ॥

जो एक क्षण मात्र आफ्नो मनले आत्मालाई एकाग्र चित्तले मनन गर्छ, त्यसले भित्री मनदेखि प्रसन्न भएर विद्वान्हरूले पाउने अक्षय गति प्राप्त गर्दछ ।

प्राणायामैरथ प्राणान् संयम्य स पुनः पुनः ।
दशद्वादशभिर्वापि चतुर्विंशात् परं ततः ॥ ४ ॥

दस अथवा बाह्र प्राणायामबाट बारम्बार प्राण संयम गर्ने पुरुषले चौबिसौं तत्त्वभन्दा परको पच्चिसौं तत्त्व मानिएको परमात्मा प्राप्त गर्दछ ।

एवं पूर्वं प्रसन्नात्मा लभते यद् यदिच्छति ।
अव्यक्तात् सत्त्वमुद्रिक्तममृतत्वाय कल्पते ॥ ५ ॥

सत्त्वात् परतरं नान्यत् प्रशंसन्तीह तद्विदः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

यसरी पहिले CC-0.In Public Domain. Digitization by eGangotri अन्तःकरण शुद्ध बनाइसकेपछि जे-जे वस्तुको चाहना हुन्छ त्यसले त्यहीं-त्यही वस्तु प्राप्त गर्दछ। अनि अव्यक्तहरूमा उत्कृष्ट मानिएको सत्स्वरूप आत्मा अमर हुन्छ। यही संत्स्वरूप आत्माको महत्त्व जान्ने विद्वान् सत्त्वभन्दा अरु कुनै वस्तुको प्रशंसा गर्दैन।

अनुमानाद् विजानीमः पुरुषं सत्त्वसंश्रयम् ।
न शक्यमन्यथा गन्तुं पुरुषं द्विजसत्तमाः ॥ ६ ॥

हे ब्राह्मणहरू ! अन्तर्यामी परमात्मा आत्मामा भएको हामी अनुमान प्रमाणद्वारा जान्न सक्दछौं। यस तत्त्वलाई नबुझिकन परम पुरुषलाई पाउन असम्भव छ।

क्षमा धृतिरहिंसा च समता सत्यमार्जवम् ।
ज्ञानं त्यागोऽथ सन्न्यासः सात्त्विकं वृत्तमिष्यते ॥ ७ ॥

क्षमा, धैय, अहिंसा, समता, ज्ञान, त्याग र सन्न्यास यिनीहरूलाई सात्त्विक व्यवहार भनिएको छ।

एतेनैवानुमानेन मन्यन्ते वै मनीषिणः ।
सत्त्वं च पुरुषश्चैव तत्र नास्ति विचारणा ॥ ८ ॥

विद्वान् पुरुषहरू यही अनुमानले उक्त सत्स्वरूप आत्मालाई मनन गर्दछन्। यसमा अरु विचारणीय कुरा छैन।

आहुरेके च विद्वांसो ये ज्ञानपरिनिष्ठिताः ।
क्षेत्रज्ञसत्त्वयोरैक्यमित्येतन्नोपपद्यते ॥ ९ ॥

ज्ञानमा डुबेका जति विद्वान्हरू छन् तिनीहरूले क्षेत्रज्ञ र सत्त्व एउटै होइनन् भनेका छन्।

पृथग्भूतं ततः सत्त्वमित्येतदविचारितम् ।
पृथग्भावश्च विज्ञेयः सहजश्चापि तत्त्वतः ॥ १० ॥

क्षेत्रज्ञभन्दा सत्त्व फरक छ किनकि यो सत्त्व विचारबाट आउँदैन। यी एकै स्थानमा रहे तापनि अलग-अलग छ। यस्तो बुझ्नु आवश्यक छ।

तथैवैकत्वनानात्वमिष्यते विदुषां नयः ।
मशकोदुम्बरे चैक्यं पृथक्त्वमपि दृश्यते ॥ ११ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
यसप्रकार अरु विद्वान्हरूले पनि यी दुईमा एकत्व र पृथक् पृथक् मानेका छन् । मशक (कुष्ठ रोग) र उदुम्बर (कुष्ठ रोग उत्पादन गर्ने जीवाणु) मा एकता र पृथक्ता देखिए जस्तै हो ।

मत्स्यो यथान्य: स्यादप्सु सम्प्रंयोगस्तथा तयो: ।
सम्बन्धस्तोयबिन्दूनां पर्णे कोकनदस्य च ॥ १२ ॥

जसरी माछा अलग वस्तु हो तापनि पानी र माछामा संयोग देखिन्छ र पानीको थोपामा कमलको पातको सम्बन्ध देखाइन्छ ।

गुरुरुवाच

इत्युक्तवन्तस्ते विप्रास्तदा लोकपितामहम् ।
पुन: संशयमापन्ना: पप्रच्छुर्मुनिसत्तमा: ॥ १३ ॥

गुरुले भन्नुभयो – यसरी ब्रह्माजीले भनिसकेपछि शङ्कामा डुबेका ती ब्राह्मणहरूले फेरि सोध्नथाले ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
अष्टाचत्वारिंशोऽध्याय: समाप्त: ॥ ४८ ॥

त्रयस्त्रिंशोऽध्याय: ॥ ३३ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
अट्चालिसौं अध्याय समाप्त भयो ॥ ४८ ॥

तेतिसौं अध्याय ॥ ३३ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषय ऊचुः

को वा स्विदिह धर्माणामनुष्ठेयतमो मतः ।
व्याहतामिव पश्यामो धर्मस्य विविधां गतिम् ॥ १ ॥

ऋषिहरूले भने – यस संसारमा सबै धर्ममा कुन धर्म अनुष्ठान गर्नु सर्वोत्तम मानिएको छ । धर्म धेरै प्रकारका देखेका छौं, हामीलाई भन्नुहोस् ।

ऊर्ध्वं देहाद् वदन्त्येकेनैतदस्तीति चापरे ।
केचित् संशयितं सर्वं निःसंशयमथापरे ॥ २ ॥

शरीर छोडिसकेपछि धर्मको फल पाउँदछ भनेर कसैले भनेका छन् । कोही धर्म संशयभन्दा अलग छ र कोही संशय सहित छ ।

अनित्यं नित्यमित्येके नास्त्यस्तीत्यपि चापरे ।
एकरूपं द्विधेत्येके व्यामिश्रमिति चापरे ॥ ३ ॥

कोही धर्म नित्य छ भन्छन् त कोही अनित्य भन्छन् । धर्म भनेको छँदै छैन र कोही एक रूपको छ कोही दुई रूपको छ, कोही मिश्रित छ भन्दछन् ।

मन्यन्ते ब्राह्मणा एव ब्रह्मज्ञास्तत्त्वदर्शिनः ।
एकमेके पृथक् चान्ये बहुत्वमिति चापरे ॥ ४ ॥

ब्रह्म जान्नेहरू र तत्त्व जान्ने ब्राह्मणहरूले ब्रह्म एउटै मात्र छ भनेका छन् भने कोही जीव र ईश्वर अलग-अलग मान्दछन् र एक आपसमा सत्ता भिन्न भएर धेरै प्रकारका छन् भनेर भनेका छन् ।

देशकालावुभौ केचिन्नैतदस्तीति चापरे ।
जटाजिनधराश्चान्ये मुण्डाः केचिदसंवृताः ॥ ५ ॥

कोही देश र कालको सत्ता मान्दछन् कोही यिनीहरूका सत्ता छैन भन्छन् । कोही जटा र मृगचर्म धारण गर्दछन् कोही दिगम्बर भएर मुण्डन गर्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अस्नानं के[illegible]रे जना: ।
मन्यन्ते व्राह्मणा देवा व्रह्मज्ञास्तत्त्वदर्शिन: ॥ ६ ॥

कोही स्नान गर्न रुचाउँदैनन् व्रह्म जान्नेहरू र तत्त्व जान्ने व्राह्मणहरू स्नानभन्दा श्रेष्ठ अरु केही छैन भन्छन् ।

आहारं केचिदिच्छन्ति केचिच्चानशने रता: ।
कर्म केचित् प्रशंसन्ति प्रशान्तिं चापरे जना: ॥ ७ ॥

कोही आहार गर्न मन पराउँछन् कोही आहार गर्न हुँदैन भन्छन् । कोही कर्म गर्नमा प्रशंसा गर्दछन् कोही परमशान्तिको प्रशंसा गर्दछन् ।

केचिन्मोक्षं प्रशंसन्ति केचिद् भोगान् पृथग्विधान् ।
धनानि केचिदिच्छन्ति निर्धनत्वमथापरे ।
उपास्यसाधनं त्वेके नैतदस्तीति चापरे ॥ ८ ॥

कोही मोक्षको प्रशंसा गर्दछन् कोही अनेक प्रकारको भोगको प्रशंसा गर्दछन् । कोही धन इच्छा गर्दछन् कोही निर्धन नै ठूलो मान्दछन् । कोही उपास्यदेव (इष्टदेव) को उपासना गर्दछन् । कोही यस्तो गर्नुहुँदैन भन्छन् ।

अहिंसानिरताश्चान्ये केचिद्धिंसापरायणा: ।
पुण्येन यशसा चान्ये नैतदस्तीति चापरे ॥ ९ ॥

कोही अहिंसा मान्ने छन् भने कोही हिंसामा लागेका छन् । कोही पुण्य र कीर्ति चाहन्छन् भने कोही यी कुनै छैनन् भन्छन् ।

सद्भावनिरताश्चान्ये केचित् संशयिते स्थिता: ।
दु:खादन्ये सुखादन्ये ध्यानमित्यपरे जना: ॥ १० ॥

कोही सद्भावमा रमाउँछन् कोही संशयमा रहेका हुन्छन् । कोही दु:ख गरेर ध्यानमा वस्छन् कोही सुखका साथ ध्यान गर्दछन् ।

यज्ञमित्यपरे विप्रा: प्रदानमिति चापरे ।
तपस्त्वन्ये प्रशंसन्ति स्वाध्यायमपरे जना: ॥ ११ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

कोही व्राह्मण यज्ञलाई श्रेष्ठ मान्दछन् कोही दानमा रुचि राख्दछन्। कोही तपस्यालाई प्रशंसा गर्दछन् कोही स्वाध्यायमा रहन्छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानं सन्न्यासमित्येके स्वभावं भूतचिन्तकाः ।
सर्वमेके प्रशंसन्ति न सर्वमिति चापरे ॥ १२ ॥

कोही ज्ञानलाई नै सन्न्यास मान्दछन् कोही भौतिक चिन्तनलाई प्रशंसा गर्दछन्। कोही सवैलाई प्रशंसा गर्दछन् कोही एउटैलाई प्रशंसा गर्दछन्।

एवं व्युत्थापिते धर्मे वहुधा विप्रवोधिते ।
निश्चयं नाधिगच्छामः सम्मूढाः सुरसत्तम ॥ १३ ॥

हे श्रेष्ठ देव ! यसप्रकार धर्मको धेरै प्रकारले व्याख्या गरिएको हुनाले हामीमा शङ्का वढेको छ। यसकारण कुनै निश्चयमा पुग्न सकेका छैनौं।

इदं श्रेय इदं श्रेय इत्येवं व्युत्थितो जनः ।
यो हि यस्मिन् रतो धर्मे स तं पूजयते सदा ॥ १४ ॥

कोही यो राम्रो कोही यो कल्याणकारी भन्छन्। यस्ता कुराहरू सुनेर मनुष्यहरू द्विविधामा परेका छन्। जो जुन धर्ममा रहेका छन् उनले त्यही धर्म श्रेष्ठ भनेका छन्।

तेन नोऽविहिता प्रज्ञा मनश्च वहुलीकृतम् ।
एतदाख्यातमिच्छामः श्रेयः किमिति सत्तम ॥ १५ ॥

यसकारण हाम्रो वुद्धि विचलित भएको छ मन पनि धेरै इच्छाहरूबाट चञ्चल भएको छ। हे गुरु ! वास्तविक कल्याणकारी मार्ग कुन हो हामीलाई जान्ने इच्छा छ।

अतः परं तु यद् गुह्यं तद् भवान् वक्तुमर्हति ।
सत्त्वक्षेत्रज्ञयोश्चापि सम्बन्धः केन हेतुना ॥ १६ ॥

यसकारण जुन परम गुह्य तत्त्व हो त्यो हामीलाई वताउनुहोस्। वुद्धि र क्षेत्रज्ञमा सम्वन्ध के कारणले हुन्छ।

एवमुक्तः स तैर्विप्रैर्भगवाँल्लोकभावनः ।
तेभ्यः शशंस धर्मात्मा याथातथ्येन वुद्धिमान् ॥ १७ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ती ब्राह्मणहरूको यस्तो प्रश्न सुनेर संसारका सृष्टि गर्ने ब्रह्माजीले यसको उत्तर यथार्थरूपमा यसप्रकार दिनुभयो ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
एकोनपञ्चाशत्तमोऽध्यायः समाप्तः ॥ ४९ ॥

चतुस्त्रिंशोऽध्यायः ॥ ३४ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
उनन्चासौं अध्याय समाप्त भयो ॥ ४९ ॥

चौँतिसौं अध्याय ॥ ३४ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

पैंतिसौं अध्याय

CC-0.In Public Domain. Digitization by eGangotri

ब्रह्मोवाच

हन्त वः सम्प्रवक्ष्यामि यन्मां पृच्छथ सत्तमाः ।
गुरुणा शिष्यमासाद्य यदुक्तं तन्निबोधत ॥ १ ॥

ब्रह्माजीले भन्नुभयो – हे ब्राह्मणहरू ! तिमीहरूले जे सोध्यौ म त्यसको जवाफ दिन्छु । गुरुले योग्य शिष्यलाई उपदेश दिएको भन्दछु ।

समस्तमिह तच्छ्रुत्वा सम्यगेवावधार्यताम् ।
अहिंसा सर्वभूतानामेतत् कृत्यतमं मतम् ॥ २ ॥

एतत् पदमनुद्विग्नं वरिष्ठं धर्मलक्षणम् ।

मैले भनेको कुरा राम्ररी सुनेर त्यसलाई धारण गर्नुहोस् । सवै प्राणीहरूको अहिंसा नै सवैभन्दा ठूलो कर्तव्य हो । यही उद्वेगरहित सर्वश्रेष्ठ धर्मको लक्षण हो ।

ज्ञानं निःश्रेय इत्याहुर्वृद्धा निश्चितदर्शिनः ॥ ३ ॥

तस्माज्ज्ञानेन शुद्धेन मुच्यते सर्वकिल्विषैः ।

ज्ञान नै ठूलो कल्याणको साधन हो भनी निश्चितदर्शी वृद्धहरूले भनेका छन् । यसकारण शुद्ध ज्ञानले मनुष्य सवै पापवाट मुक्त हुन्छ ।

हिंसापराश्च ये केचिद् ये च नास्तिकवृत्तयः ।
लोभमोहसमायुक्तास्ते वै निरयगामिनः ॥ ४ ॥

जो मनुष्य हिंसा गर्दछ, नास्तिकप्रवृत्तिको छ, लोभ र मोहमा फसेको छ त्यस्ता मनुष्यहरू सोझै नरकमा जान्छन् ।

आशीर्युक्तानि कर्माणि कुर्वते ये त्वतन्द्रिताः ।
तेऽस्मिंल्लोके प्रमोदन्ते जायमानाः पुनः पुनः ॥ ५ ॥

सावधान भएर गर्नहुने काम मात्र जसले गर्दछ त्यो यस संसारमा वारम्वार जन्म लिएर सुखी हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कुर्वते ये तु कर्माणि श्रद्दधाना विपश्चितः ।
अनाशीर्योगसंयुक्तास्ते धीराः साधुदर्शिनः ॥ ६ ॥

श्रद्धाका साथ कर्तव्यको अनुष्ठान गर्ने विद्वान् त्यसको फलमा आसक्त हुँदैनन् र त्यस्ता धीर र उत्तम विद्वान्हरू साधुदर्शी हुन्छन् ।

अतः परं प्रवक्ष्यामि सत्त्वक्षेत्रज्ञयोर्यथा ।
संयोगो विप्रयोगश्च तन्निबोधत सत्तमाः ॥ ७ ॥

हे महर्षिगण ! सत्त्व र क्षेत्रज्ञको एक आपसमा संयोग र वियोग कसरी हुन्छ त्यो म भन्दैछु ध्यान दिएर सुन ।

विषयो विषयित्वं च सम्वन्धोऽयमिहोच्यते ।
विषयी पुरुषो नित्यं सत्त्वं च विषयः स्मृतः ॥ ८ ॥

यहाँ यी दुईमा विषय र विषयीभाव सम्वन्ध भनिन्छ । यसमा पुरुष भने सधैं विषयी र विषय सत्त्व मानिन्छ ।

व्याख्यातं पूर्वकल्पेन मशकोदुम्वरं यथा ।
भुज्यमानं न जानीतो नित्यं सत्त्वमचेतनम् ।
यस्त्वेवं तं विजानीते यो भुङ्क्ते यश्च भुज्यते ॥ ९ ॥

मशक र उदुम्वरको विषयमा पहिले नै भनिसकियो । भोगेर जानिने अचेतन सत्त्व नित्य स्वरूप क्षेत्रज्ञले जान्दैन तर जसले भोग्दछ त्यो आत्मा हो र जे भोगिन्छ त्यो सत्त्व हो भनेर क्षेत्रज्ञले जान्दछ ।

नित्यं द्वन्द्वसमायुक्तं सत्त्वमाहुर्मनीषिणः ।
निर्द्वन्द्वो निष्कलो नित्यः क्षेत्रज्ञो निर्गुणात्मकः ॥ १० ॥

विद्वान्हरू सत्त्वलाई द्वन्द्वयुक्त मान्दछन् र क्षेत्रज्ञहरू निर्द्वन्द्व, निष्कल, नित्य र निर्गुण मान्दछन् ।

समं संज्ञानुगश्चैव स सर्वत्र व्यवस्थितः ।
उपभुङ्क्ते सदा सत्त्वमपः पुष्करपर्णवत् ॥ ११ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

क्षेत्रज्ञ समभावले सर्वैतिर रहेर ज्ञानको अनुसरण गर्दछ। जस्तो कि कमलको पात निर्लिप्त रहेर जल धारण गर्दछ त्यस्तै क्षेत्रज्ञ सधैं सत्त्वको उपभोग गर्दछ।

CC-0 In Public Domain. Digitization by eGangotri

सर्वैरपि गुणैर्विद्वान् व्यतिषक्तो न लिप्यते ।
जलविन्दुर्यथा लोलः पद्मिनीपत्रसंस्थितः ॥ १२ ॥

एवमेवाप्यसंयुक्तः पुरुषः स्यान्न संशयः ।

जसरी कमलको पातमा रहेको जलले चञ्चलताको कारणले कमलको पात भिजाउन सक्दैन त्यसरी नै सबै गुणहरूमा सम्वन्ध राखेर पनि विद्वान् पुरुष कहीं पनि लिप्त हुँदैन। यसकारण क्षेत्रज्ञ पुरुष वास्तविक असङ्ग छ। यसमा शङ्का छैन।

द्रव्यमात्रमभूत् सत्त्वं पुरुषस्येति निश्चयः ॥ १३ ॥

यथा द्रव्यं च कर्ता च संयोगोऽप्यनयोस्तथा ।

पुरुषले भोग्न योग्य वस्तुको नाम सत्त्व हो। जसरी द्रव्य र कर्तामा सम्वन्ध छ त्यस्तै यी दुवैको सम्वन्ध छ।

यथा प्रदीपमादाय कश्चित् तमसि गच्छति ।
तथा सत्त्वप्रदीपेन गच्छन्ति परमैषिणः ॥ १४ ॥

कुनै मनुष्य वत्ती लिएर अँध्यारोमा गएजस्तै परमतत्त्वलाई जान्न चाहने व्यक्ति सत्त्वरूप वत्ती लिएर साधनमार्गमा हिंड्दछ।

यावद् द्रव्यं गुणस्तावत् प्रदीपः सम्प्रकाशते ।
क्षीणे द्रव्ये गुणे ज्योतिरन्तर्धानाय गच्छति ॥ १५ ॥

जवसम्म वत्तीमा द्रव्य र गुण रहिरहन्छ तवसम्म वत्ती वलिरहन्छ। जव त्यसमा द्रव्य र गुण सकिन्छ वत्ती आफै निभ्दछ।

व्यक्तः सत्त्वगुणस्त्वेवं पुरुषोऽव्यक्त इष्यते ।
एतद् विप्रा विजानीत हन्त भूयो ब्रवीमि वः ॥ १६ ॥

सत्त्वगुण व्यक्त हो र पुरुष अव्यक्त मानिन्छ। यस तत्त्वलाई तिमीहरूले बुझ। हे ब्राह्मणहरू ! अब म तिमीहरूलाई यसभन्दा अगाडिको कुरा भन्दछु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

सहस्रेणापि दुर्मेधा न बुद्धिमधिगच्छति ।
CC-0.In Public Domain. Digitization by eGangotri
चतुर्थेनाप्यथांशेन बुद्धिमान् सुखमेधते ॥ १७ ॥

जसको बुद्धि छैन त्यसले हजार उपाय गरे तापनि ज्ञान हुँदैन । जो बुद्धिमान् छ त्यसले एक चौथाइ मेहनत गरे तापनि ज्ञान पाउँछ र सुख पाउँछ ।

एवं धर्मस्य विज्ञेयं संसाधनमुपायतः ।
उपायज्ञो हि मेधावी सुखमत्यन्तमश्नुते ॥ १८ ॥

यसप्रकार विचार गरेर कुनै उपायले ज्ञान लिनुपर्दछ । किनकि उपाय जान्ने बुद्धिमान् पुरुप अत्यन्त सुखको अनुभव गर्दछ ।

यथाध्वानमपाथेयः प्रपन्नो मनुजः क्वचित् ।
क्लेशेन याति महता विनश्येदन्तरापि च ॥ १९ ॥

बाटो खर्चको प्रवन्ध नमिलाइकन यात्रा गऱ्यो भने त्यसले बाटोमा धेरै दुःख पाउँछ । त्यो मर्न पनि सक्दछ ।

तथा कर्मसु विज्ञेयं फलं भवति वा न वा ।
पुरुपस्यात्मनिःश्रेयः शुभाशुभनिदर्शनम् ॥ २० ॥

त्यस्तै कर्ममा लागेपछि फल पाइन्छ वा पाइँदैन । पुरुषले आफ्नो कल्याणको मार्ग पहिले गरेको शुभ-अशुभ संस्कारबाट पाउँदछ ।

यथा च दीर्घमध्वानं पद्भ्यामेव प्रपद्यते ।
अदृष्टपूर्वं सहसा तत्त्वदर्शनवर्जितः ॥ २१ ॥

पहिले नदेखेको कुनै बाटोबाट हिँड्दा गन्तव्य स्थानमा पुग्न सक्दैन त्यस्तै तत्त्वज्ञान नभएका अज्ञानी पुरुषको पनि यही गति हुन्छ ।

तमेव व यथाध्वानं रथेनेहाशुगामिना ।
गच्छत्यश्वप्रयुक्तेन तथा बुद्धिमतां गतिः ॥ २२ ॥

ऊर्ध्वं पर्वतमारुह्य नान्ववेक्षेत भूतलम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

तर त्यही बाटोमा घोडा भएको रथमा चढी यात्रा गर्दा छिटै नै उसले गन्तव्यमा पुग्दछ र अग्लो पहाड चढेर फेरि तल हुँदैन। त्यसै गरी ज्ञानी पुरुषको पनि यही गति हुन्छ।

CC-0.In Public Domain. Digitization by eGangotri

रथेन.रथिनं पश्य क्लिश्यमानमचेतनम् ॥ २३ ॥

यावद् रथपथस्तावद् रथेन स तु गच्छति।
क्षीणे रथपदे विद्वान् रथमुत्सृज्य गच्छति ॥ २४ ॥

जबर्जस्ति रथबाट गएको पुरुष पनि अग्लो पर्वत चढिसकेपछि दु:ख पाउँछ। तर बुद्धिमान् पुरुष जहाँसम्म रथ जान्छ त्यहाँसम्म रथमा जान्छ र रथको बाटो नभएपछि रथ छोडेर हिँडेर यात्रा गर्दछ।

एवं गच्छति मेधावी तत्त्वयोगविधानवित्।
परिज्ञाय गुणज्ञश्च उत्तरादुत्तरोत्तरम् ॥ २५ ॥

यसप्रकार तत्त्व जान्ने र योग जान्ने बुद्धिमान् गुणी पुरुष राम्रोसंग बुझेर मात्र अगाडि बढ्दछ।

यथार्णवं महाघोरमप्लव: सम्प्रगाहते।
बाहुभ्यामेव सम्मोहाद् वधं वाञ्छत्यसंशयम् ॥ २६ ॥

जसरी कोही पुरुष मोहमा परेर ठूलो समुद्र तर्दा पनि डुङ्गामा जान्छ अनि मेरा दुई हात त छँदैछन् नि भनी ढुक्क भएर समुद्र पार गर्दछ भने त्यसले मृत्युलाई अँगाल्दछ।

नावा चापि यथा प्राज्ञो विभागज्ञ: स्वरित्रया।
अश्रान्त: सलिले गच्छेच्छीघ्रं सन्तरते ह्रदम् ॥ २७ ॥

तीर्णो गच्छेत् परं पारं नावमुत्सृज्य निर्ममः।
व्याख्यातं पूर्वकल्पेन यथा रथपदातिनो: ॥ २८ ॥

पानीको यात्रामा जाने विद्वान् पुरुष डुङ्गा चढेर छिटै नै समुद्र तर्दछ र पार गरिसकेपछि डुङ्गाको माया छोडेर अघि बढ्दछ। रथ र पैदल हिँड्नेको उदाहरण माथि दिइसकेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

स्नेहात् सम्मोहमापन्नो नावि दाशो यथा तथा ।
CC-0.In Public Domain. Digitization by eGangotri
ममत्वेनाभिभूतः संस्तत्रैव परिवर्तते ॥ २९ ॥

डुङ्गालाई माया गरेर वस्ने मानिस त्यही मायामा भुलेर त्यसै ठाउँमा वसिरहन्छ । त्यो अघि वढ्न सक्दैन ।

नावं न शक्यमारुह्य स्थले विपरिवर्तितुम् ।
तथैव रथमारुह्य नाप्सु चर्या विधीयते ॥ ३० ॥

एवं कर्म कृतं चित्रं विषयस्थं पृथक् पृथक् ।
यथा कर्म कृतं लोके तथैतानुपपद्यते ॥ ३१ ॥

डुङ्गामा चढेर स्थलको यात्रा गर्न सकिँदैन र रथमा चढेर पानीको यात्रा गर्न सकिँदैन । त्यस्तै कर्मको पनि अलग-अलग स्थान रहेको हुन्छ । जसले जुन कर्म गर्दछ त्यसले त्यसैको फल पाउँदछ ।

यन्नैव गन्धिनो रस्यं न रूपस्पर्शशब्दवत् ।
मन्यन्ते मुनयो बुद्धया तत् प्रधानं प्रचक्षते ॥ ३२ ॥

जो गन्ध, रस, रूप, स्पर्श र शव्दवाट अलग छैन र मुनिहरू वुद्धिले जसको मनन गर्दछन् त्यही 'प्रधान' हो ।

तत्र प्रधानमव्यक्तमव्यक्तस्य गुणो महान् ।
महत्प्रधानभूतस्य गुणोऽहङ्कार एव च ॥ ३३ ॥

त्यो प्रधानको अर्को नाम अव्यक्त हो । अव्यक्तको कार्य महत्तत्त्व हो र प्रकृतिवाट उत्पन्न महत्तत्त्वको कार्य अहङ्कार हो ।

अहङ्कारात् तु सम्भूतो महाभूतकृतो गुणः ।
पृथक्त्वेन हि भूतानां विषया वै गुणाः स्मृताः ॥ ३४ ॥

अहङ्कारवाट पञ्चमहाभूतको उत्पन्न गर्ने गुणको उत्पत्ति भएको हो । यी पञ्चमहाभूतको कार्य रूप, रस आदि विषय हुन् । ती अलग-अलग गुणको नामवाट प्रसिद्ध छन् ।

वीजधर्मं तथाव्यक्तं प्रसवात्मकमेव च ।
वीजधर्मा महानात्मा प्रसवश्चेति नः श्रुतम् ॥ ३५ ॥
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अव्यक्त प्रकृति कारण र कार्यरूप दुवै हुन् । यस्तै प्रकार महत्तत्त्वको पनि कारण र कार्यरूप दुवै हामीले मानेका छौं ।

CC-0.In Public Domain. Digitization by eGangotri

वीजधर्मस्त्वहङ्कारः प्रसवश्च पुनः पुनः ।
वीजप्रसवधर्माणि महाभूतानि पञ्च वै ॥ ३६ ॥

अहङ्कार कारणरूप भए तापनि वारम्वार परिवर्तन भइरहन्छ । पञ्चमहाभूतमा पनि कारण र कार्य दुवै धर्म छ । यसकारण यसलाई बीजधर्म पनि भनिन्छ ।

वीजधर्मिण इत्याहुः प्रसवं च प्रकुर्वते ।
विशेषाः पञ्चभूतानां तेषां चित्तं विशेषणम् ॥ ३७ ॥

पञ्चमहाभूतको विशेप कार्य शब्द आदि विपय हुन् । ती विषयका उत्पादक चित्त हो ।

तत्रैकगुणमाकाशं द्विगुणो वायुरुच्यते ।
त्रिगुणं ज्योतिरित्याहुरापश्चापि चतुर्गुणाः ॥ ३८ ॥

पञ्चमहाभूतमा आकाशको एउटै गुण छ । वायुको दुई, तेजको तीन गुण, जलको चार गुण छ ।

पृथ्वी पञ्चगुणा ज्ञेया चरस्थावरसंकुला ।
सर्वभूतकरी देवी शुभाशुभनिदर्शिनी ॥ ३९ ॥

पृथ्वीका पाँच गुण छन् । त्यो देवी स्थावर र जङ्गम प्राणीमा रहेको हुन्छ । सवै प्राणीलाई जन्म दिने र शुभ-अशुभ दुवैलाई निर्देशन गर्दछ ।

शब्दः स्पर्शस्तथा रूपं रसो गन्धश्च पञ्चमः ।
एते पञ्च गुणा भूमेर्विज्ञेया द्विजसत्तमाः ॥ ४० ॥

हे व्राह्मणहरू ! शब्द, स्पर्श, रूप, रस, गन्ध यी पाँच पृथ्वीको गुण हो ।

पार्थिवश्च सदा गन्धो गन्धश्च वहुधा स्मृतः ।
तस्य गन्धस्य वक्ष्यामि विस्तरेण वहून् गुणान् ॥ ४१ ॥

यी पाँच गुणहरूमध्ये गन्ध विशेष छ । गन्ध अनेक प्रकारको छ । त्यही गन्धको विषयमा विस्तारपूर्वक भन्दछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

इष्टश्चानिष्टगन्धश्च मधुरोऽम्लः कटुस्तथा ।
CC-0.In Public Domain. Digitization by eGangotri
निर्हारी संहतः स्निग्धो रूक्षो विशद एव च ॥ ४२ ॥

एवं दशविधो ज्ञेयः पार्थिवो गन्ध इत्युत ।

इष्ट, अनिष्ट, मीठो, अमिलो, टर्रो, निर्हारी, मिश्रित, स्निग्ध, रुक्ष र विशद यी पार्थिव गन्धका दस नाम हुन् ।

शब्दः स्पर्शस्तथा रूपं द्रवश्चापां गुणाः स्मृताः ॥ ४३ ॥

रसज्ञानं तु वक्ष्यामि रसस्तु वहुधा स्मृतः ।

शब्द, स्पर्श, रूप र रस यी जलका गुण हुन् । रस धेरै प्रकारका छन् । अब त्यही रसको विषयमा भन्दछु ।

मधुरोऽम्लः कटुस्तिक्तः कषायो लवणस्तथा ॥ ४४ ॥

एवं षड्विधविस्तारो रसो वारिमयः स्मृतः ।

गुलियो, अमिलो, टर्रो, तितो, पिरो र नुनिलो गरी ६ प्रकारका रस छन् ।

शब्दः स्पर्शस्तथा रूपं त्रिगुणं ज्योतिरुच्यते ॥ ४५ ॥

ज्योतिषश्च गुणो रूपं रूपं च बहुधा स्मृतम् ।

शब्द, स्पर्श र रूप यी तीन तेजका गुण हुन् । यीमध्ये रूप तेजको विशेष गुण हो । त्यो रूप धेरै प्रकारका छन् ।

शुक्लं कृष्णं तथा रक्तं नीलं पीतारुणं तथा ॥ ४६ ॥

ह्रस्वं दीर्घं कृशं स्थूलं चतुरस्रं तु वृत्तवत् ।
एवं द्वादशविस्तारं तेजसो रूपमुच्यते ॥ ४७ ॥

विज्ञेयं ब्राह्मणैर्वृद्धैर्धर्मज्ञैः सत्यवादिभिः ।

सेतो, कालो, रातो, नीलो, पहेँलो, गुलाबी, छोटो, लामो, ठूलो, मोटो, चारकुने र गोलो गरी १२ प्रकारका तेजका रूप छन् । यो सत्यवादी, ब्राह्मण, वृद्ध र धर्मज्ञहरूले भनेका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

शब्दस्पर्शौ च विज्ञेयौ द्विगुणो वायुरुच्यते ॥ ४८ ॥

CC-0.In Public Domain. Digitization by eGangotri

वायोश्चापि गुणः स्पर्शः स्पर्शश्च बहुधा स्मृतः ।

वायुका शब्द र स्पर्श दुई गुण छन् । वायुको विशेष गुण स्पर्श हो । त्यो धेरै प्रकारको छ ।

रूक्षः शीतस्तथैवोष्णः स्निग्धो विशद एव च ॥ ४९ ॥

कठिनश्चिक्कणः श्लक्ष्णः पिच्छिलो दारुणो मृदुः ।
एवं द्वादशविस्तारो वायव्यो गुण उच्यते ॥ ५० ॥

विधिवद् ब्राह्मणैः सिद्धैर्धर्मज्ञैस्तत्त्वदर्शिभिः ॥ ५१ ॥

रुखो, चिसो, तातो, स्निग्ध, विशद, कठिन, चिल्लो, हलुका, पिच्छिल, कडा र नरम गरी १२ प्रकारका वायुका रूप हुन् । यो सत्यवादी, ब्राह्मण, वृद्ध र धर्मज्ञहरूले भनेका हुन् ।

तत्रैकगुणमाकाशं शब्द इत्येव च स्मृतः ।
तस्य शब्दस्य वक्ष्यामि विस्तरेण बहून् गुणान् ॥ ५२ ॥

एउटै मात्र शब्द गुण भएको आकाश हो । त्यो शब्द धेरै प्रकारको छ । अब म त्यसको विस्तारपूर्वक भन्दछु ।

षडजर्षभः स गान्धारो मध्यमः पञ्चमस्तथा ।
अतः परं तु विज्ञेयो निषादो धैवतस्तथा ।
इष्टश्चानिष्टशब्दश्च संहतः प्रविभागवान् ॥ ५३ ॥

एवं दशविधो ज्ञेयः शब्द आकाशसम्भवः ।

षड्ज, ऋषभ, गान्धार, मध्यम, पञ्चम, निषाद, धैवत, (सा, रे, ग, म, प, ध, नि) इष्ट, अनिष्ट र संहत गरी १० प्रकारका आकाशका शब्द छन् ।

आकाशमुत्तमं भूतमहङ्कारस्ततः परः॥ ५४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
अहङ्कारात् परा वुद्धिर्वुद्धेरात्मा ततः परः ।
तस्मात् तु परमव्यक्तमव्यक्तात् पुरुषः परः ॥ ५५ ॥

सबै भूतहरूमा श्रेष्ठ आकाश हो । आकाशभन्दा श्रेष्ठ अहङ्कार, अहङ्कारभन्दा श्रेष्ठ वुद्धि, वुद्धिभन्दा श्रेष्ठ आत्मा, आत्माभन्दा श्रेष्ठ अव्यक्त प्रकृति, प्रकृतिभन्दा श्रेष्ठ पुरुष हो ।

परापरज्ञो भूतानां विधिज्ञः सर्वकर्मणाम् ।
सर्वभूतात्मभूतात्मा गच्छत्यात्मानमव्ययम् ॥ ५६ ॥

जसले सम्पूर्ण भूतहरूको श्रेष्ठता जान्दछ, सबै कर्मको विधि जान्दछ र सबै प्राणीलाई आत्मभावले हेर्दछ त्यसले परमात्मालाई पाउँदछ ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
पञ्चाशत्तमोऽध्यायः समाप्तः ॥ ५० ॥

पञ्चत्रिंशोऽध्यायः ॥ ३५ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
पचासौं अध्याय समाप्त भयो ॥ ५० ॥

पैंतिसौं अध्याय ॥ ३५ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

छत्तिसौं अध्याय

ब्रह्मोवाच

भूतानामथ पञ्चानां यथैषामीश्वरं मनः ।
नियमे च विसर्गे च भूतात्मा मन एव च ॥ १ ॥

ब्रह्माजीले भन्नुभयो – यी पञ्चमहाभूतका ईश्वर मन हुन् । त्यसै गरी स्थितकालमा मन नै भूतको आत्मा हो ।

अधिष्ठाता मनो नित्यं भूतानां महतां तथा ।
बुद्धिरैश्वर्यमाचष्टे क्षेत्रज्ञश्च स उच्यते ॥ २ ॥

ती पञ्चमहाभूतका आधार पनि मन हुन् । बुद्धिले जुन ऐश्वर्यको प्रदर्शन गर्दछ त्यहीं क्षेत्रज्ञ हो ।

इन्द्रियाणि मनो युङ्क्ते सदश्वानिव सारथिः ।
इन्द्रियाणि मनो बुद्धिः क्षेत्रज्ञे युज्यते सदा ॥ ३ ॥

जसरी सारथिले घोडालाई आफ्नो वशमा राख्दछ त्यस्तै मनले पनि इन्द्रियहरूलाई वशमा राख्दछ । इन्द्रिय, मन र बुद्धि यी सधैं क्षेत्रज्ञसँगै रहेका हुन्छन् ।

महदश्वसमायुक्तं बुद्धिसंयमनं रथम् ।
समारुह्य स भूतात्मा समन्तात् परिधावति ॥ ४ ॥

इन्द्रियरूपी घोडा जुटेको, बुद्धिरूपी सारथिद्वारा नियन्त्रण गरिएको शरीररूपी रथमा चढेर भूतात्मा चारैतिर दौडन्छ ।

इन्द्रियग्रामसंयुक्तो मनःसारथिरेव च ।
बुद्धिसंयमनो नित्यं महान् ब्रह्ममयो रथः ॥ ५ ॥

ब्रह्ममय रथ सधैं महान् हुन्छ । त्यसमा इन्द्रिय घोडा, मन सारथि र बुद्धि फुर्तिलोपन हो ।

एवं यो वेत्ति विद्वान् वै सदा ब्रह्ममयं रथम् ।
स धीरः सर्वभूतेषु न मोहमधिगच्छति ॥ ६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यसप्रकारले यस व्रह्ममय रथ जुन विद्वान्ले जान्दछ त्यो धीर हो र मोहमा फस्दैन ।

अव्यक्तादि विशेषान्तं सहस्थावरजङ्गमम् ।
सूर्यचन्द्रप्रभालोकं ग्रहनक्षत्रमण्डितम् ॥ ७ ॥

नदीपर्वतजालैश्च सर्वतः परिभूषितम् ।
विविधाभिस्तथा चाद्भिः सततं समलङ्कृतम् ॥ ८ ॥

आजीवं सर्वभूतानां सर्वप्राणभृतां गतिः ।
एतद् व्रह्मवनं नित्यं तस्मिंश्चरति क्षेत्रवित् ॥ ९ ॥

यो संसार एउटा व्रह्मवन हो । अव्यक्त प्रकृति यसको आदि हो । पञ्चमहाभूत, दस इन्द्रिय र एक मन गरी सोह्र विशेषसम्म यो फैलिएको छ । यसमा स्थावर र जङ्गम प्राणीहरू छन् । सूर्य र चन्द्रमा यही आदिको प्रकाशले प्रकाशित छन् । ग्रह र नक्षत्रले यो सिँगारिएको छ । नदी र पर्वतले विभूषित छ । अनेक प्रकारको जलले सधैं शोभायमान छ । यही नै सम्पूर्ण भूतको जीवन र सम्पूर्ण प्राणीको गति हो । यस व्रह्मवनमा क्षेत्रज्ञ घुम्दछ ।

लोकेऽस्मिन् यानि सत्त्वानि त्रसानि स्थावराणि च ।
तान्येवाग्रे प्रलीयन्ते पश्चाद् भूतकृता गुणाः ।
गुणेभ्यः पञ्चभूतानि एष भूतसमुच्छ्रयः ॥ १० ॥

यस संसारमा जति पनि स्थावर जङ्गम प्राणीहरू छन् ती सबै पहिले प्रकृतिमा विलीन हुन्छन् । त्यसपछि भूतको कार्यमा लीन हुन्छन् । त्यस कार्यरूप भूत गुणपछि पञ्चभूत लीन हुन्छन् । यसप्रकार यो भूतसमुदाय प्रकृतिमा लीन हुन्छ ।

देवा मनुष्या गन्धर्वाः पिशाचासुरराक्षसाः ।
सर्वे स्वभावतः सृष्टा न क्रियाभ्यो न कारणात् ॥ ११ ॥

देवता, मनुष्य, गन्धर्व, पिशाच, असुर, राक्षसहरू यी सबै यिनीहरूको स्वभावले रचिएका हुन् । कुनै कारण वा क्रियाले यिनीहरूको रचना भएको होइन ।

एते विश्वसृजो विप्रा जायन्तीह पुनः पुनः ।
तेभ्यः प्रसूतास्तेष्वेव महाभूतेषु पञ्चसु ।
प्रलीयन्ते यथाकालमूर्मयः सागरे यथा ॥ १२ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

विश्व सृष्टि गर्ने मरीचि आदि गरिएका ब्राह्मणहरू समुद्रको छालजस्तै बारम्बार पञ्चमहाभूतबाट उत्पन्न हुन्छन् र उत्पन्न भएका ती सबै फेरि समयानुसार त्यसैमा लीन हुन्छन् ।

CC-0.In Public Domain. Digitization by eGangotri

विश्वसृग्भ्यस्तु भूतेभ्यो महाभूतास्तु सर्वशः ।
भूतेभ्यश्चापि पञ्चभ्यो मुक्तो गच्छेत् परां गतिम् ॥ १३ ॥

यो विश्व सृष्टि गर्ने सबै महाभूतहरूभन्दा श्रेष्ठ छ र जो यसबाट छुट्दछ त्यसले परम गति प्राप्त गर्दछ ।

प्रजापतिरिदं सर्वं मनसैवासृजत् प्रभुः ।
तथैव देवानृषयस्तपसा प्रतिपेदिरे ॥ १४ ॥

प्रजापति ब्रह्माजीले आफ्नो मनबाट यो संसार सृष्टि गरेका हुन् र ऋषिहरू तपस्याको बलले देवत्वमा प्राप्त भएका हुन् ।

तपसश्चानुपूर्व्येण फलमूलाशिनस्तथा ।
त्रैलोक्यं तपसा सिद्धाः पश्यन्तीह समाहिताः ॥ १५ ॥

फल-मूल मात्रै खाएर बाँच्ने सिद्धहरूले तपस्याको प्रभावले चित्तलाई एकाग्र गरेर त्रैलोक्यका कुराहरू देख्दछन् ।

औषधान्यगदादीनि नानाविद्याश्च सर्वशः ।
तपसैव प्रसिद्ध्यन्ति तपोमूलं हि साधनम् ॥ १६ ॥

निरोगी हुने औषधी र अनेक प्रकारका विद्याहरू तपस्याबाट नै सिद्ध हुन्छन् । सबै साधनको मूल तपस्या नै हो ।

यद्दुरापं दुराम्नायं दुराधर्षं दुरन्वयम् ।
तत् सर्वं तपसा साध्यं तपो हि दुरतिक्रमम् ॥ १७ ॥

जसलाई पाउनु, अभ्यास गर्नु, दबाउनु, र सङ्गतिमा लगाउनु अत्यन्त कठिन काम हो । यी सबै तपस्याबाट साध्य हुन्छन् किनकि तपस्याको प्रभाव नाघ्न सकिँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सुरापो ब्रह्महा स्तेयी भ्रूणहा गुरुतल्पगः ।
तपसैव सुतप्तेन मुच्यते किल्बिषात् ततः ॥ १८ ॥

जाँड-रक्सी खाने, ब्रह्महत्या गर्ने, चोर, गर्भ नष्ट गर्ने र गुरुको स्त्रीको ओछ्यानमा सुत्ने महापापी हो। तिनीहरू तपस्या गरेर नै यस पापबाट छुट्कारा पाउँदछन् ।

मनुष्याः पितरो देवाः पशवो मृगपक्षिणः ।
यानि चान्यानि भूतानि त्रसानि स्थावराणि च ॥ १९ ॥

तपः परायणा नित्यं सिद्धयन्ते तपसा सदा ।
तथैव तपसा देवा महामाया दिवं गताः ॥ २० ॥

मनुष्य, पितृ, देवता, पशु, मृग, पंक्षी र अन्य जति पनि स्थावर र जङ्गम प्राणहरू छन् ती सबैले नित्य तपस्यामा लागेर नै सिद्धि प्राप्त गरेका हुन् । तपस्याको बलले नै छल-कपटीहरू स्वर्गमा बस्दछन् ।

आशीर्युक्तानि कर्माणि कुर्वते ये त्वतन्द्रिताः ।
अहङ्कारसमायुक्तास्ते सकाशे प्रजापतेः ॥ २१ ॥

अल्छीपन छोडी अहङ्कारले युक्त भएर सकाम कार्यमा लाग्ने मनुष्य प्रजापति ब्रह्माजीको लोकमा जान्छ ।

ध्यानयोगेन शुद्धेन निर्ममा निरहङ्कृताः ।
आप्नुवन्ति महात्मानो महान्तं लोकमुत्तमम् ॥ २२ ॥

अहंता र ममता नभएको महात्मा शुद्ध ध्यानयोगद्वारा उत्तम लोकमा जान्छ ।

ध्यानयोगमुपागम्य प्रसन्नमतयः सदा ।
सुखोपचयमव्यक्तं प्रविशन्त्यात्मवित्तमाः ॥ २३ ॥

ध्यानयोग गरी सधैं प्रसन्न रहने पुरुष सुखको खानी भएको अव्यक्त परमात्मामा प्रवेश गर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ध्यानयोगादुपागम्य निर्ममा निरहङ्कृताः ।
अव्यक्तं प्रविशन्तीह महतां लोकमुत्तमम् ॥ २४ ॥

ध्यानयोगवाट हटिसकेपछि पनि जो ममता र अहङ्कारलाई त्याग गर्दछ त्यो अव्यक्तरूप महान् लोकमा प्रवेश गर्दछ ।

अव्यक्तादेव सम्भूतः समसञ्ज्ञां गतः पुनः ।
तमोरजोभ्यां निर्मुक्तः सत्त्वमास्थाय केवलम् ॥ २५ ॥

फेरि समतामा पुगेर अव्यक्तमा नै प्रकट हुन्छ र सत्त्वको आश्रय लिएर तमोगुण र रजोगुणको वन्धनवाट छुट्कारा पाउँदछ ।

निर्मुक्तः सर्वपापेभ्यः सर्वं सृजति निष्कलम् ।
क्षेत्रज्ञ इति तं विद्याद् यस्तं वेद स वेदवित् ॥ २६ ॥

सवै पापवाट मुक्त भएर सवै सृष्टि गर्ने उक्त अखण्ड आत्मालाई क्षेत्रज्ञ भनिन्छ । उक्त ज्ञान प्राप्त गर्ने मनुष्य नै वेद जान्ने हुन्छ ।

चित्तं चित्तादुपागम्य मुनिरासीत संयतः ।
यच्चित्तं तन्मयो वश्यं गुह्यमेतत् सनातनम् ॥ २७ ॥

चिन्तनद्वारा चेतना पाएर मन र इन्द्रियलाई एकाग्र गरेर परमात्मामा ध्यान गर्नु किनकि जसको चित्त जेमा रहेको छ त्यसले त्यही पाउँदछ । यही नै सनातन र गुह्य रहस्य हो ।

अव्यक्तादिविशेषान्तमविद्यालक्षणं स्मृतम् ।
निवोधत तथा हीदं गुणैर्लक्षणमित्युत ॥ २८ ॥

अव्यक्तदेखि त्यसको विशेषसम्म सवै अविद्याका लक्षण हुन् । यही गुणको विस्तार हो यस्तो वुझ्नु पर्दछ ।

द्व्यक्षरस्तु भवेन्मृत्युस्त्र्यक्षरं व्रह्म शाश्वतम् ।
ममेति च भवेन्मृत्युर्न.ममेति च शाश्वतम् ॥ २९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

दुई अक्षरको पद 'मम' (यो मेरो हो), यो मृत्युको रूप हो र तीन अक्षरको पद 'न मम' (यो मेरो होइन), यो सनातन ब्रह्म हो ।

कर्म केचित् प्रशंसन्ति मन्दवुद्धिरता नराः ।
ये तु वृद्धा महात्मानो न प्रशंसन्ति कर्म ते ॥ ३० ॥

थोरै बुद्धि भएका मानिसहरू कर्मलाई प्रशंसा गर्दछन् । त्यही कर्मलाई महात्मा वृद्धहरू प्रशंसा गर्दैनन् ।

कर्मणा जायते जन्तुर्मूर्तिमान् षोडशात्मकः ।
पुरुषं ग्रसतेऽविद्या तद् ग्राह्यममृताशिनाम् ॥ ३१ ॥

सकाम कर्म गरिसकेपछि जीवले सोह्र विकारवाट वनेको स्थूल शरीर धारण गरी जन्म लिनुपर्दछ र सधैं अविद्याले ग्रसित गर्दछ । कर्मठ पुरुष देवताको पनि उपभोगको विषय वन्दछ ।

तस्मात् कर्मसु निःस्नेहा ये केचित् पारदर्शिनः ।
विद्यामयोऽयं पुरुषो न तु कर्ममयः स्मृतः ॥ ३२ ॥

त्यसकारण पारदर्शी विद्वान् कर्ममा आसक्त हुँदैन । किनकि यो आत्मा ज्ञानमय छ कर्ममय छैन ।

य एवममृतं नित्यमग्राह्यं शश्वदक्षरम् ।
वश्यात्मानमसंश्लिष्टं यो वेद न मृतो भवेत् ॥ ३३ ॥

यसप्रकार जसले चेतन आत्मालाई अमृतस्वरूप, इन्द्रियभन्दा अलग, सनातन, अक्षर, जितात्मा र असङ्ग सम्झन्छ, त्यसले मर्नु पर्दैन ।

अपूर्वमकृतं नित्यं य एनमविचारिणम् ।
य एवं विन्देदात्मानमग्राह्यममृताशनम् ।
अग्राह्योऽमृतो भवति स एभिः कारणैर्ध्रुवः ॥ ३४ ॥

जसको दृष्टिमा आत्मा अपूर्व, अकृत, नित्य, अचल, अग्राह्य र अमृताशी छ, त्यसले ती गुण चिन्तन गर्नाले स्वयं अग्राह्य, निश्चल र अमृतस्वरूप हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आयोज्य सर्वसंस्कारान् संयम्यात्मानमात्मनि ।
स तद् ब्रह्म शुभं वेत्ति यस्माद् भूयो न विद्यते ॥ ३५ ॥

जसले चित्तलाई शुद्ध गर्ने र सम्पूर्ण संस्कारलाई सम्पादन गर्ने मनलाई आत्मामा ध्यान लगाउँदछ, उसैले ती कल्याणमय ब्रह्म प्राप्त गर्दछ । यसभन्दा ठूलो अरु केही छैन ।

प्रसादे चैव सत्त्वस्य प्रसादं समवाप्नुयात् ।
लक्षणं हि प्रसादस्य यथा स्यात् स्वप्नदर्शनम् ॥ ३६ ॥

अन्तस्करण स्वच्छ भएपछि प्रसन्नता प्राप्त हुन्छ । सपनावाट जागेको मनुष्यको लागि स्वप्नशान्त भएजस्तै हो । त्यस्तै चित्तशुद्धिको लक्षण हो ।

गतिरेषा तु मुक्तानां ये ज्ञानपरिनिष्ठिताः ।
प्रवृत्तयश्च याः सर्वाः पश्यन्ति परिणामजाः ॥ ३७ ॥

ज्ञाननिष्ठ महात्माहरूको यही गति हो । किनभने तिनीहरू त्यसैलाई सबै शुभ-अशुभको फल दिने देख्दछन् ।

एषा गतिर्विरक्तानामेष धर्मः सनातनः ।
एषा ज्ञानवतां प्राप्तिरेतद् वृत्तमनिन्दितम् ॥ ३८ ॥

यही विरक्ति पुरुषहरूको गति हो, यही सनातन धर्म हो, ज्ञानीहरू पुग्नुपर्ने स्थान यही हो र अनिन्दित सदाचार पनि यही हो ।

समेन सर्वभूतेषु निःस्पृहेण निराशिषा ।
शक्या गतिरियं गन्तुं सर्वत्र समदर्शिना ॥ ३९ ॥

सम्पूर्ण प्राणीमा समान दृष्टि राख्ने, लोभ र कामना नभएको, सबैतिर समान दृष्टि भएको ज्ञानी पुरुषले परम गति प्राप्त गर्दछ ।

एतद् वः सर्वमाख्यातं मया विप्रर्षिसत्तमाः ।
एवमाचरत क्षिप्रं ततः सिद्धिमवाप्स्यथ ॥ ४० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हे ब्रह्मर्षिहरू ! [illegible] तिमीहरूलाई विस्तारपूर्वक बताएँ । यही अनुसार आचरण गर, यसबाट तिमीहरूलाई चाँडै नै परम सिद्धि प्राप्त हुनेछ ।

गुरुरुवाच

इत्युक्तास्ते तु मुनयो गुरुणा ब्रह्मणा तथा ।
कृतवन्तो महात्मानस्ततो लोकमवाप्नुवन् ॥ ४१ ॥

गुरुले भन्नुभयो – ब्रह्माजीले यसरी उपदेश दिइसकेपछि ती महात्माहरूले त्यही उपदेशअनुसार आचरण गरे । यसबाट तिनीहरूलाई उत्तम लोक प्राप्त भयो ।

त्वमप्येतन्महाभाग मयोक्तं ब्रह्मणो वचः ।
सम्यगाचर शुद्धात्मंस्ततः सिद्धिमवाप्स्यसि ॥ ४२ ॥

हे महाभाग ! तिम्रो चित्त शुद्ध छ यसकारण तिमी पनि मैले भनेका ती ब्रह्माजीको उपदेशलाई पालन गर । यसबाट तिमीलाई पनि सिद्धि प्राप्त हुनेछ ।

वासुदेव उवाच

इत्युक्तः स तदा शिष्यो गुरुणा धर्ममुत्तमम् ।
चकार सर्वं कौन्तेय ततो मोक्षमवाप्तवान् ॥ ४३ ॥

श्रीकृष्णले भन्नुभयो – हे अर्जुन ! गुरुको यस्तो वचन सुनेर ती शिष्यले पनि त्यही अनुसारको धर्मको पालन गरे र यस संसार-बन्धनबाट मुक्त भए ।

कृतकृत्यश्च स तदा शिष्यः कुरुकुलोद्वह ।
तत् पदं समनुप्राप्तो यत्र गत्वा न शोचति ॥ ४४ ॥

हे कुरुकुलमा श्रेष्ठ अर्जुन ! त्यही समयमा ती शिष्यले कृतकृत्य भएर ब्रह्मपद प्राप्त गऱ्यो र जहाँ गएर उनले शोक गर्नु परेन ।

अर्जुन उवाच

को न्वसौ ब्राह्मणः कृष्ण कश्च शिष्यो जनार्दन ।
श्रोतव्यं चेन्मयैतद् वै तत्त्वमाचक्ष्व मे विभो ॥ ४५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

अर्जुनले भने – हे [illegible] थिए ? हे प्रभु ! यदि मैले सुन्न योग्य छ भने सबै भन्नुहोस् ।

वासुदेव उवाच

अहं गुरुर्महाबाहो मनः शिष्यं च विद्धि मे ।
त्वत्प्रीत्या गुह्यमेतच्च कथितं ते धनञ्जय ॥ ४६ ॥

श्रीकृष्णले भन्नुभयो – हे अर्जुन ! म नै गुरु हुँ र मेरो मन नै शिष्यं हो । तिम्रो प्रेमले मैले तिमीलाई यो गोप्य कुराको वर्णन गरेको हुँ ।

मयि चेदस्ति ते प्रीतिर्नित्यं कुरुकुलोद्वह ।
अध्यात्ममेतच्छ्रुत्वा त्वं सम्यगाचर सुव्रत ॥ ४७ ॥

हे कुरुकुलमा श्रेष्ठ अर्जुन ! यदि तिम्रो ममा प्रेम छ भने यस अध्यात्म ज्ञान सुनेर तिमी पनि यसको पालना गर ।

ततस्त्वं सम्यगाचीर्णे धर्मेऽस्मिन्नरिकर्षण ।
सर्वपापविनिर्मुक्तो मोक्षं प्राप्स्यसि केवलम् ॥ ४८ ॥

हे अर्जुन ! यस धर्मलाई पूर्णरूपले पालना गर्‍यौ भने तिमीले सबै पापबाट छुटकारा पाउँदछौ र मोक्ष प्राप्त गर्नेछौ ।

पूर्वमप्येतदेवोक्तं युद्धकाल उपस्थिते ।
मया तव महाबाहो तस्मादत्र मनः कुरु ॥ ४९ ॥

हे अर्जुन ! पहिले युद्धको समयमा पनि मैले यही उपदेश तिमीलाई दिएको थिएँ । यसकारण तिमी यसैमा मन लगाऊ ।

मया तु भरतश्रेष्ठ चिरदृष्टः पिता प्रभुः ।
तमहं द्रष्टुमिच्छामि सम्मते तव फाल्गुन ॥ ५० ॥

हे भरतश्रेष्ठ अर्जुन ! अब म मेरा पिताजीको दर्शन गर्न चाहन्छु । उनलाई नभेटेको धेरै समय भयो । हे अर्जुन ! यदि तिम्रो यसमा सम्मति छ भने म उनको दर्शन गर्न द्वारका जान्छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

वैशम्पायन उवाच

CC-0.In Public Domain. Digitization by eGangotri

इत्युक्तवचनं कृष्णं प्रत्युवाच धनञ्जयः ।
गच्छावो नगरं कृष्ण गजसाह्वयमद्य वै ॥ ५१ ॥

समेत्य तत्र राजानं धर्मात्मानं युधिष्ठरम् ।
समनुज्ञाप्य राजानं स्वां पुरीं यातुमर्हसि ॥ ५२ ॥

वैशम्पायनले भने – भगवान् श्रीकृष्णको यस्तो कुरा सुनेर अर्जुनले भने – अब हामी पनि हस्तिनापुर जान्छौं । त्यहाँ धर्मात्मा युधिष्ठिरसँग भेट्छौं र उनको आज्ञा लिएर तपाईं आफ्नो पुरमा जानुहोस् ।

इति श्रीमहाभारते आश्वमेधिके पर्वणि अनुगीतापर्वणि
एकपञ्चाशत्तमोऽध्यायः समाप्तः ॥ ५१ ॥

षट्त्रिंशोऽध्यायः ॥ ३६ ॥

महाभारतको अश्वमेध पर्वमा अनुगीतापर्वमा
एकाउन्नौं अध्याय समाप्त भयो ॥ ५१ ॥

छत्तिसौं अध्याय ॥ ३६ ॥

–o–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

"The Total Solutions Company"
CC-0.In Public Domain. Digitization by eGangotri
invent
Premium Business Partner & Authorized Service Provider

SERVION
Business Alliance Partner

APC
Legnedary Reliability
Authorised Distributor & Service Provider

3COM
Authorised Reseller

CISCO SYSTEMS
Authorised Reseller

Infosys®
Business Alliance Partner

BOXLIGHT®
Presenting a Better Way
Authorised Reseller

CAS TRADING HOUSE PVT. LTD.
Putalisadak, Kathmandu, Nepal
Phone: 977-1-2, 4430858, 4430859, Fax:977-1-4430641
E-mail:sales@cth.ccsl.com.np
Web:www.castradinghouse.com
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal